मस्यौदा प्रतिवेदन

# आवधिक विकास योजना

(आ.व.२०८१/८२ - २०८५/८६)

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत

गण्डकी प्रदेश

# पैयूँ गाउँपालिकाको आवधिक योजना

## Periodic Plan of Paiyun Rural Municipality

आर्थिक सहयोगः

**प्रदेश प्रशिक्षण प्रतिष्ठान**

**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम,**

**पोखरा, गण्डकी प्रदेश**

प्राविधिक सहजीकरण

प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट कन्सल्टेन्ट प्रा.लि.

बूढानीलकण्ठ, काठमाण्डौ

# विषयसूची


परिच्छेद एक- परिचय ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ आवधिक योजना तर्जुमाको उद्देश्य ........ ३

१.३ आवधिक योजना तर्जुमा प्रक्रिया ........ ३

परिच्छेद २ः गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा ........ ७

२.१ गाउँपालिकाको परिचय ........ ७

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ........ ७

२.१.२ जनसांख्यिक अवस्था ........ ९

२.१.३ गाउँपालिकाको भू-उपयोग स्थिति ........ १०

२.२ आर्थिक विकास अवस्था ........ १२

२.२.१ कृषि तथा खाद्य सुरक्षा ........ १३

२.२.२ पर्यटन तथा संस्कृति ........ १५

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ........ १६

२.२.४ आम्दानी र रोजगारी ........ १७

२.२.५ वित्तीय संस्था ........ १८

२.३ सामाजिक विकासको अवस्था ........ १८

२.३.१ स्वास्थ्य तथा पोषण ........ १८

२.३.२ शैक्षिक विकास ........ १९

२.३.३ खानेपानी तथा सरसफाइ ........ २०

२.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ २१

२.३.५ युवा, खेलकुद तथा कला ........ २२

२.४ पूर्वाधार तथा सहरी विकासको अवस्था ........ २३

२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ २३

२.४.२ सडक, पुल तथा यातायात ........ २४

२.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा ........ २५

२.४.४ सूचना, सञ्चार तथा प्रविधि ........ २६

२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था ........ २८

२.५.१ वन तथा जैविक विविधता ........ २८

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ २९

२.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन ........ ३०

२.५.४ महामारी तथा विपद् व्यवस्थापन ........ ३२

२.६ सुशासन तथा संस्थागत व्यवस्था ........ ३४

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ........ ३४

२.६.२ सङ्गठनात्मक विकास ........ ३५

२.६.३ स्रोत परिचालन ........ ३६

२.६.४ योजना व्यवस्थापन ........ ३६

परिच्छेद-तीनः सोच तथा विकासको अवधारणा ........ ३७

३.१ पृष्ठभूमि ........ ३७
३.२ प्रमुख समस्या तथा चुनौती ........ ३८
३.३ प्रमुख सम्भावना तथा अवसर ........ ४०
३.४ सोच, लक्ष्य तथा उद्देश्य ........ ४१
३.५ निर्देशक सिद्धान्त ........ ४२
३.६ परिमाणात्मक लक्ष्य ........ ४४
३.७ रणनीति तथा प्राथमिकता ........ ४५
३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट ........ ५१
३.९ गाउँ गौरवका आयोजनाहरू ........ ५३
परिच्छेद — चारः आर्थिक विकास ........ ५४
४.१ कृषि तथा पशुपन्छी ........ ५४
४.१.१ पृष्ठभूमि ........ ५४
४.१.२ समस्या तथा चुनौती ........ ५६
४.१.३ सम्भावना तथा अवसर ........ ५७
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ५८
४.१.५ कार्यक्रम तथा आयोजना ........ ६१
४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६३
४.२ सिँचाइ ........ ६६
४.२.१ पृष्ठभूमि ........ ६६
४.२.२ समस्या तथा चुनौती ........ ६६
४.२.३ सम्भावना तथा अवसर ........ ६७
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ६७
४.२.५ कार्यक्रम तथा आयोजना ........ ७०
४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७०
४.२.७ अनुमान तथा जोखिम पक्ष ........ ७१
४.३ पर्यटन, संस्कृति तथा सम्पदा ........ ७२
४.३.१ पृष्ठभूमि ........ ७२
४.३.२ समस्या तथा चुनौती ........ ७२
४.३.३ सम्भावना तथा अवसर ........ ७३
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७३
४.३.५ कार्यक्रम तथा आयोजना ........ ७८
४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७९
४.३.७ अनुमान तथा जोखिम पक्ष ........ ८०
४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ........ ८१
४.४.१ पृष्ठभूमि ........ ८१
४.४.२ समस्या तथा चुनौती ........ ८१
४.४.३ सम्भावना तथा अवसर ........ ८२
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ८२

४.४.५ कार्यक्रम तथा आयोजना ........ ८५
४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८६
४.४.७ अनुमान तथा जोखिम पक्ष ........ ८७
४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ........ ८८
४.५.१ पृष्ठभूमि ........ ८८
४.५.२ समस्या तथा चुनौती ........ ८८
४.५.३ सम्भावना तथा अवसर ........ ८८
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ८९
४.५.५ कार्यक्रम तथा आयोजना ........ ९२
४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९२
४.५.७ अनुमान तथा जोखिम पक्ष ........ ९४
परिच्छेद — पाँचः सामाजिक विकास ........ ९५
५.१ स्वास्थ्य तथा पोषण ........ ९५
५.१.१ पृष्ठभूमि ........ ९५
५.१.२ समस्या तथा चुनौती ........ ९६
५.१.३ सम्भावना तथा अवसर ........ ९७
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ९७
५.१.५ कार्यक्रम तथा आयोजना ........ १०१
५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १०२
५.१.७ अनुमान तथा जोखिम पक्ष ........ १०४
५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन ........ १०६
५.२.१ पृष्ठभूमि ........ १०६
५.२.२ समस्या तथा चुनौती ........ १०७
५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १०८
५.२.५ कार्यक्रम तथा आयोजना ........ ११३
५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ११६
५.२.७ अनुमान तथा जोखिम पक्ष ........ ११६
५.३ खानेपानी तथा सरसफाइ ........ ११८
५.३.१ पृष्ठभूमि ........ ११८
५.३.२ समस्या तथा चुनौती ........ ११८
५.३.३ सम्भावना तथा अवसर ........ ११९
५.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ११९
५.३.५ कार्यक्रम तथा आयोजना ........ १२१
५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १२२
५.३.७ अनुमान तथा जोखिम पक्ष ........ १२२
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ १२४
५.४.१ पृष्ठभूमि ........ १२४
५.४.२ समस्या तथा चुनौती ........ १२५

५.४.३ सम्भावना तथा अवसर.......... १२५
५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......... १२६
५.४.५ कार्यक्रम तथा आयोजना.......... १३०
५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......... १३१
५.४.७ अनुमान तथा जोखिम पक्ष.......... १३३
५.५ युवा तथा खेलकुद.......... १३४
५.५.१ पृष्ठभूमि.......... १३४
५.५.२ समस्या तथा चुनौती.......... १३४
५.५.३ सम्भावना तथा अवसर.......... १३५
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......... १३५
५.५.५ कार्यक्रम तथा आयोजना.......... १३८
५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......... १३८
५.५.७ अनुमान तथा जोखिम पक्ष.......... १४०
परिच्छेद — छः पूर्वाधार विकास.......... १४१
६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण.......... १४१
६.१.१ पृष्ठभूमि.......... १४१
६.१.२ समस्या तथा चुनौती.......... १४२
६.१.३ सम्भावना तथा अवसर.......... १४३
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......... १४३
६.१.५ कार्यक्रम तथा आयोजना.......... १४५
६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......... १४६
६.१.७ अनुमान तथा जोखिम पक्ष.......... १४७
६.२ सडक, पुल तथा यातायात.......... १४८
६.२.१ पृष्ठभूमि.......... १४८
६.२.२ समस्या तथा चुनौती.......... १४८
६.२.३ सम्भावना तथा अवसर.......... १४९
६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......... १४९
६.२.५ कार्यक्रम तथा आयोजना.......... १५२
६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......... १५३
६.२.७ अनुमान तथा जोखिम पक्ष.......... १५४
६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा.......... १५६
६.३.१ पृष्ठभूमि.......... १५६
६.३.२ समस्या तथा चुनौती.......... १५६
६.३.३ सम्भावना तथा अवसर.......... १५६
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.......... १५७
६.३.५ कार्यक्रम तथा आयोजना.......... १५९
६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका.......... १५९
६.३.७ अनुमान तथा जोखिम पक्ष.......... १६०

६.४ सूचना, सञ्चार तथा प्रविधि ........ १६१
६.४.१ पृष्ठभूमि ........ १६१
६.४.२ समस्या तथा चुनौती ........ १६१
६.४.३ सम्भावना तथा अवसर ........ १६२
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६२
६.४.५ कार्यक्रम तथा आयोजना ........ १६५
६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६५
६.४.७ अनुमान तथा जोखिम पक्ष ........ १६६
परिच्छेद — सातः वन, वातावरण तथा विपद व्यवस्थापन विकास ........ १६८
७.१ वन तथा जैविक विविधता ........ १६८
७.१.१ पृष्ठभूमि ........ १६८
७.१.२ समस्या तथा चुनौती ........ १६९
७.१.३ सम्भावना तथा अवसर ........ १७०
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १७०
७.१.५ कार्यक्रम तथा आयोजना ........ १७३
७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७३
७.१.७ अनुमान तथा जोखिम पक्ष ........ १७४
७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ १७६
७.२.१ पृष्ठभूमि ........ १७६
७.२.२ समस्या तथा चुनौती ........ १७६
७.२.३ सम्भावना तथा अवसर ........ १७७
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १७७
७.२.५ कार्यक्रम तथा आयोजना ........ १७९
७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७९
७.२.७ अनुमान तथा जोखिम पक्ष ........ १८०
७.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन ........ १८१
७.३.१ पृष्ठभूमि ........ १८१
७.३.२ समस्या तथा चुनौती ........ १८१
७.३.३ सम्भावना तथा अवसर ........ १८२
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १८२
७.३.५ कार्यक्रम तथा आयोजना ........ १८५
७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १८६
७.३.७ अनुमान तथा जोखिम पक्ष ........ १८७
७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता ........ १८८
७.४.१ पृष्ठभूमि ........ १८८
७.४.२ समस्या तथा चुनौती ........ १८८
७.४.३ सम्भावना तथा अवसर ........ १८९
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना ........ १८९

७.४.५ कार्यक्रम तथा आयोजना ........ १९२
७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १९३
७.४.७ अनुमान तथा जोखिम पक्ष ........ १९४
परिच्छेद — आठः सुशासन तथा संस्थागत विकास ........ १९५
८.१.१ पृष्ठभूमीः (स्थानीय) ........ १९६
८.१.२ समस्या तथा चुनौती ........ १९७
८.१.२ सम्भावना तथा अवसर ........ १९८
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १९८
८.१.५ कार्यक्रम तथा आयोजना ........ २०३
८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २०४
८.१.७ अनुमान तथा जोखिम पक्ष ........ २०६
परिच्छेद - नौः कार्यान्वयन व्यवस्था ........ २०८
९.१ पृष्ठभूमि ........ २०८
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ........ २०८
९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट ........ २०८
९.४ स्रोत अनुमान तथा प्रक्षेपण ........ २१०
९.४.१ राजस्व परिचालनको अवस्था ........ २११
९.४.२ खर्च अवस्थाको विश्लेषण ........ २११
९.४.३ अपुग स्रोत व्यवस्थापन ........ २१२
९.५ स्रोत परिचालन रणनीति ........ २१२
९.६ आवधिक योजना कार्यान्वयन ........ २१४
९.६.१ योजना कार्यान्वयन ........ २१४
९.६.२ कार्यान्वयन प्रक्रिया ........ २१५
९.७ अनुगमन तथा मूल्याङ्कन योजना ........ २१६
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ........ २१७
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ........ २१७
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........ २१८

## तालिकासूची

तालिका १: वडाको भौगोलिक अवस्थिति ........ ८
तालिका २: जनसङ्ख्याको वडागत वितरणको अवस्था ........ ९
तालिका ३: गाउँपालिका उमेर समूह अनुसारको जनसङ्ख्या विवरण ........ ९
तालिका ४: पैयूँ गाउँपालिकाको भू-उपयोग स्थिति ........ १०
तालिका ५: पैयूँ गाउँपालिकाको भू-उपयोगको वडागत स्थिति ........ ११
तालिका ६: पैयूँ गाउँपालिकाको कृषिमा सम्लग्न परिवारको विवरण ........ १३
तालिका ७: पैयूँ गाउँपालिकाको कृषियोग्य जमिनको विवरण ........ १३
तालिका ८: पैयूँ गाउँपालिकाको परिवारको औसत जमिन तथा सिँचित जमिनको विवरण ........ १४
तालिका ९: पैयूँ गाउँपालिकाको पशुपालनमा सम्लग्न परिवारको विवरण ........ १४

तालिका १०: देश बाहिर रहेको जनसङ्ख्याको विवरण ........ १७
तालिका ११: १० वर्ष माथिको जनसङ्ख्यामा आर्थिक क्रियाकलापमा सक्रीयताको अवस्था ........ १७
तालिका १२: ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था ........ १९
तालिका १३: प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति ........ २५
तालिका १४: खाना पकाउने इन्धनको प्रकार ........ २६
तालिका १५: सञ्चारका उपकरणको उपलब्धता ........ २७
तालिका १६: पैयूँ गाउँपालिकाका निर्देशक सिद्धान्तहरू ........ ४२
तालिका १७: अपेक्षित परिमाणात्मक उपलब्धि ........ ४४
तालिका १८: पैयूँ गाउँपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू ........ ४५
तालिका १९: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू ........ ५१
तालिका २०: गाउँपालिकाको आय अनुमान (रू. हजारमा) ........ ५१
तालिका २१: गाउँ गौरवका आयोजनाहरू ........ ५३
तालिका २२: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू ........ ५८
तालिका २३: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना ........ ६१
तालिका २४: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ६२
तालिका २५: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६३
तालिका २६: सिँचाइका रणनीति तथा कार्यनीतिहरू ........ ६७
तालिका २७: सिँचाइका कार्यक्रम तथा आयोजना ........ ७०
तालिका २८: सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ७०
तालिका २९: सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७०
तालिका ३०: पर्यटनका रणनीति तथा कार्यनीतिहरू ........ ७४
तालिका ३१: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना ........ ७८
तालिका ३२: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ७८
तालिका ३३: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७९
तालिका ३४: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति ........ ८३
तालिका ३५: उद्योग, व्यापार, व्यावसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना ........ ८५
तालिका ३६: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ८५
तालिका ३७: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८६
तालिका ३८: श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति ........ ८९
तालिका ३९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना ........ ९२
तालिका ४०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ९२
तालिका ४१: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९२
तालिका ४२: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू ........ ९७
तालिका ४३: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना ........ १०१
तालिका ४४: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १०२
तालिका ४५: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १०२
तालिका ४६: शिक्षाका रणनीति तथा कार्यनीतिहरू ........ १०८
तालिका ४७: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजना ........ ११३

तालिका ४८: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................ ११३
तालिका ४९: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ................................ ११६
तालिका ५०: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू ................................ ११९
तालिका ५१: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना ................................ १२१
तालिका ५२: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिक रण ................................ १२१
तालिका ५३: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका ................................ १२२
तालिका ५४: महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू. १२६
तालिका ५५: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना ................................ १३०
तालिका ५६: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................ १३१
तालिका ५७: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका ................................ १३१
तालिका ५८: युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू ................................ १३६
तालिका ५९: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना ................................ १३८
तालिका ६०: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................ १३८
तालिका ६१: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका ................................ १३८
तालिका ६२: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू ................................ १४३
तालिका ६३: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना ................................ १४५
तालिका ६४: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................ १४६
तालिका ६५: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका ................................ १४६
तालिका ६६: यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू ................................ १५०
तालिका ६७: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना ................................ १५२
तालिका ६८: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................ १५३
तालिका ६९: सडक, पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका ................................ १५३
तालिका ७०: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू ................................ १५७
तालिका ७१: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना ................................ १५९
तालिका ७२: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................ १५९
तालिका ७३: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका ................................ १५९
तालिका ७४: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू ................................ १६२
तालिका ७५: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना ................................ १६५
तालिका ७६: सञ्चार तथा सूचना प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................ १६५
तालिका ७७: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका ................................ १६५
तालिका ७८: वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू ................................ १७०
तालिका ७९: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना ................................ १७३
तालिका ८०: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................ १७३
तालिका ८१: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका ................................ १७३
तालिका ८२: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ................................ १७७
तालिका ८३: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना ................................ १७९
तालिका ८४: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ................................ १७९
तालिका ८५: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ................................ १७९

तालिका ८६: फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ १८३
तालिका ८७: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजना ........ १८५
तालिका ८८: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १८५
तालिका ८९: वातावरण तथा फोहोर मैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १८६
तालिका ९०: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू ........ १८९
तालिका ९१: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना.... १९२
तालिका ९२: विपद् जोखिम न्यून करण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १९२
तालिका ९३: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १९३
तालिका ९४: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू ........ १९९
तालिका ९५: संस्थागत विकासका कार्यक्रम तथा आयोजना ........ २०३
तालिका ९६: संस्थागत विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ २०३
तालिका ९७: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ २०४
तालिका ९८: विषय क्षेत्र अनुसार अनुमानित बजेट ........ २०९
तालिका ९९: राजस्व परिचालनको अवस्था ........ २११
तालिका १००: खर्च बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा) ........ २११
तालिका १०१: अपुग स्रोत व्यवस्थापन ........ २१२
तालिका १०२: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा ........ २१६
तालिका १०३: अनुगमन तथा मूल्याङ्कन खाका ........ २१८

## चित्रसूची

चित्र १: पैयूँ गाउँपालिकाको प्रशासनिक नक्सा ........ ८
चित्र २: पैयूँ गाउँपालिकाको भू-उपयोग नक्सा ........ ११
चित्र ३: १० वर्ष माथिको जनसङ्ख्यामा आर्थिक क्रियाकलापमा प्राय सक्रीय जनसङ्ख्याको रोजगारी अवस्था ........ १२
चित्र ४: पैयूँ गाउँपालिकाका महत्त्वपूर्ण स्थानहरू तथा बस्तीको जिआइएस नक्सा ........ १५
चित्र ५: पैयूँमा खानेपानीको स्थिति ........ २०
चित्र ६: पैयूँमा शौचालय प्रयोगको स्थिति ........ २१
चित्र ७: महिलाको सम्पत्ति माथि स्वामित्वको अवस्था ........ २२
चित्र ८: जमिनको भिरालोपनाका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा ........ २३
चित्र ९: सडक विस्तारका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा ........ २४
चित्र १०: जमिनको मोहोडाका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा ........ २८
चित्र ११: जङ्गलले ओगटेको क्षेत्रफलका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा ........ २९
चित्र १२: नदी, खोला तथा पानीको सतहले ओगटेको क्षेत्रफलका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा ... ३०
चित्र १३: भौगोलिक उचाइका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा ........ ३१

# परिच्छेद एक- परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले आत्मसाथ गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्ने तथा नेपाल सरकारले १६औं योजनाको अवधारणा पत्रमा लिइएको **"सुशासन सामाजिक न्याय र समृद्धि"** को सोचलाई साकार पार्ने जिम्मेवारी तीनै तहका सरकारहरूमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका स्थानीय सरकारका काम, कर्तव्य र अधिकारहरू पुरा गर्न, सोह्रौं योजनाले लिएको लक्ष्य प्राप्त गर्न, सङ्घीय सरकारद्वारा जारी दिगो विकासका लक्ष्यहरू र ती लक्ष्यका परिमाणात्मक लक्ष्यहरू सहित सूचकहरू पुरा गर्ने दायित्व पनि संविधानतः तीनै तहका सरकारहरूमा निहित छ । सार्वजनिक वित्त व्यवस्था प्रभावकारी बनाउनका लागि केन्द्र सरकार र प्रदेश सरकारद्वारा तयार गरिएका आवधिक योजनाहरूका लक्ष्यसँग तादाम्यता हुने गरी सबै स्थानीय सरकारहरूले आवधिक योजना तयार गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापनले मात्र आम्दानीका स्रोतहरूको महत्त्व उपयोग गर्ने, वितरण प्रणालीमा प्रभावकारीता ल्याउने, प्रभावकारी रूपमा खर्च गर्न सक्ने क्षमता बढोत्तरी गर्ने र वित्तीय जोखिमहरूको पूर्वानुमान गरी जोखिमहरूबाट सिर्जना हुन सक्ने नकारात्मक प्रभावहरूको न्यूनीकरण गर्ने जस्ता काममा सहयोग पुऱ्याउँछ ।

राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा हरेक स्थानीय तहले विकासका क्रियाकलापहरू अघि बढाउनु पूर्व वार्षिक तथा आवधिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तह, प्रदेश र केन्द्रले तयार गर्ने योजनामा एकरूपता आउने गरी योजना निर्माण गर्न स्थानीय तहले आवधिक योजना तर्जुमा गर्न सहज होस् भन्ने उद्देश्यले सबै स्थानीय तहको एउटै खाकामा योजना आउने गरी व्यवस्था गरिएको हो । यस दिग्दर्शनमा स्थानीय तहले योजना तयार गर्दा आबद्ध गर्नुपर्ने विषय बस्तुलाई स्पष्ट रूपमा समावेश गरिएको छ । नेपाल सरकारको सोह्रौं योजना (२०८१/०८२-२०८५/०८६) को मस्यौदा तयार भएको र गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमाको कार्य प्रारम्भ भइसकेको छ । स्थानीय सरकारहरूले सङ्घीय सरकार र प्रदेश सरकारद्वारा तयार गरिएका दस्तावेजहरूलाई आधार मानेर आ-आफ्नो आवधिक योजना तयार गर्नुपर्ने आवश्यकता महसुस गरेका छन् । यसै सन्दर्भमा यस गाउँपालिका ले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक सहयोगमा आगामी पाँच वर्षे पञ्च वर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा गर्न लागेको हो ।

समग्रमा पालिका को आवधिक योजना भनेको पालिका को आगामी पाँच वर्षको विकासको मार्ग चित्र हो । यसमा विकासका प्राथमिकता, आकलित बजेट तथा आम्दानीका सम्भाव्य स्रोतहरू समेतको किटान गरिएको हुन्छ । आवधिक योजनाले निर्धारित समयभित्र गाउँ पालिका को समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास लगायतका क्षेत्रहरूमा लक्ष्य तथा उद्देश्य निर्धारण गर्दछ । तोकिएको अवधिभित्र परिणाम हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकता पहिचान एवम् विकासमूलक गतिविधि सञ्चालनको लागि आवश्यक लागत सहितको स्पष्ट मार्ग चित्र बनाउन सहरीकरण गर्दछ । कुनै पनि ठाउँको आवधिक योजनाले उक्त ठाउँको हालको अवस्था र प्राप्त भएको र हुन सक्ने स्रोत र साधनलाई समेत मध्यनजर गरी तयार गरेको हुन्छ । योजना आफैंमा केही महत्त्वकांक्षी हुने भए ता पनि

आवधिक योजना निर्माण गर्दा **SMART** अर्थात् (**Specific Measurable, Attainable, Realistic and Time bound**) को सिद्धान्तलाई अनुसरण गर्न सकेको खण्डमा परिणाममूखी योजना निर्माण गर्न सहज हुन सक्छ ।

यस योजना पालिका को समग्र विकासको रणनीति योजना सहितको मार्ग चित्र (**Strategic and Indicative Planning Framework)** हो जसले पालिका लाई मध्यकालीन ,वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न र प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी स्रोत विनियोजन एवम् स्रोत परिचालन गर्ने आधार दस्तावेजको रूपमा काम गर्ने अपेक्षा गरिएको छ । योजना तर्जुमा गर्ने सिलसिलामा सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम वस्ति, वडा हुँदै गाउँसभा तथा कार्यालयमा कार्यरत कर्मचारी, क्रियाशिल राजनैतिक दलका प्रमुख वा प्रतिनिधिहरू तथा अन्य स्थानीय सरोकारवाला पक्षको सहभागिता सुनिश्चित गरिएको थियो ।

## योजना तयारीको कानुनी आधार

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने अठोट सहित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति तथा कार्यक्रमले स्थानीय तहको विकासको गतिलाई मार्गदर्शन गर्दछ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ (१) मा भनिएको छ- "स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीति गत विषय, क्षेत्र गत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने छ" । स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा सङ्घीय सरकार, प्रदेश सरकारको सोच, उद्देश्य, लक्ष्य, नीति तथा कार्यक्रम र समय सीमासँग समायोजन हुने गरी सुशासन, वातावरण, बाल मैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकूलन, विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरूका अतिरिक्त स्थानीय स्रोत साधन र जन अपेक्षालाई आधार बनाउने गरिन्छ । गाउँ पालिका को यस आवधिक विकास योजना तर्जुमा गर्दा निम्नगानुसारका दस्तावेजहरूको आधार लिइएको छः

१. नेपालको संविधान,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
३. नेपाल सरकारको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१),
४. नेपाल सरकारको सोह्रौं योजनाको आधार पत्र २०८०,
५. गण्डकी प्रदेशको आवधिक योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१)
६. गण्डकी प्रदेशको आगामी पञ्च वर्षीय योजनाको आधार पत्र २०८०
७. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८,
८. दिगो विकासका लक्ष्य,
९. विकासका अन्तर सम्बन्धित विषय
१०. स्थानीय सरकारद्वारा तर्जुमा गरिएका ऐन कानुन तथा अन्य दस्तावेजहरू,
११. स्थानीयस्तरमा क्रियाशिल राजनैतिक दलका घोषणापत्र, नीति तथा कार्यक्रमहरू,
१२. स्थानीय तहको आन्तरिक राजस्वको अवस्था,
१३. सङ्घीय सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने बजेट सिलिङ,

१४. नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका सन्धि, सम्झौता र प्रतिबद्धताहरू,

१५. स्थानीय स्तरमा उपलब्ध हुने स्रोत साधन, विकासको अवस्था, स्थानीय जनताको अपेक्षा आदि,

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

गाउँ पालिका क्षेत्रको समष्टि गत आर्थिक तथा सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र उपलब्धि हासिल गर्न उपयुक्त सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित क्रियाकलापहरू सहितको मार्ग चित्र नै आवधिक योजना हो । स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि स्थानीय सरकारले तय गरेका लक्ष्य प्राप्ति तर्फ विकासको गतिलाई मार्गदर्शन गर्ने कार्य गर्दछ । पालिका को नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैर-सरकारी, सहकारी समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई गोलबद्ध गरी एकीकृत तथा समष्टि गत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै यस पञ्चवर्षीय योजना (आवधिक विकास योजना आ.व.२०८०/०८१-२०८४/०८५) तर्जुमाको प्रमुख उद्देश्य हुनेछ । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन्-

- स्थानीय तहले दीर्घकालीन सोच तयार गरी सोही सोच पुरा गर्न रणनीति तथा कार्यनीतिका आधारमा अल्पकालीन, मध्यम कालीन तथा दीर्घकालीन योजनाहरू सहभागिता मूलक पद्धतिका आधारमा छनोट गर्न,
- छनोट गरिएका योजनाहरू कार्यान्वयन गर्न आवश्यक पर्ने लागतको प्रक्षेपण र स्रोत विश्लेषण गरी स्रोत सहभागिताको आकलन गर्न,
- विकासमूलक गतिविधिहरू एकीकृत तरिकाले पालिका को नेतृत्वमा एक द्वार प्रणाली अनुसार सञ्चालन गर्न,
- प्राथमिकता प्राप्त योजना र क्रियाकलापहरूमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्न,

## १.३ आवधिक योजना तर्जुमा प्रक्रिया

पैयूँ गाउँ पालिका को आयोजना तथा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक सहयोगमा तर्जुमा गर्ने निर्णय गरे पश्चात् आर्थिक वर्ष २०८०/०८१ को दोस्रो चौ मासिकबाट परामर्शदाताको छनोटको लागि सार्वजनिक खरिद ऐनको प्रक्रिया प्रारम्भ भएको हो । राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको लागि जारी गरिएको आवधिक योजना तर्जुमा दिग्दर्शन, २०७८ मा भएको व्यवस्था अनुसार सम्पूर्ण आवधिक योजना तर्जुमाको कार्य सम्पादन गर्ने गरी गाउँ पालिका र परामर्शदाता बीच भएको सम्झौता-पत्रमा उल्लिखित सर्तहरूको आधारमा आवधिक योजनाका प्रक्रियाहरूलाई अगाडि बढाइएको हो । योजनालाई बढी सहभागिता मूलक, यथार्थ परक, कार्यान्वयन योग्य र सर्व स्वीकार्य गराउन देहायका प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छ-

### क. अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी

प्रस्ताव स्वीकृत भई कार्य सम्झौता भएपछि पालिका का जनप्रतिनिधिहरू, कार्यरत कर्मचारी (वडा सचिव र वडाका कर्मचारीहरू) लगायत स्थानीय सरोकारवालाहरू सहभागी प्रारम्भिक गोष्ठी २०८० साल फागुन २२ गतेदेखि ३० गतेसम्म ९ दिन सञ्चालन गरिएको थियो । उल्लिखित समयमा पालिका स्तरीय प्रारम्भिक गोष्ठीका

अतिरिक्त गाउँ कार्यपालिकाको कार्यालयका शाखाहरू र वडा स्तरीय गोष्ठीका अतिरिक्त Bottom up Approach (तलबाट माथि) का आधारमा वस्ति-वस्तिबाट प्राप्त योजनाहरूलाई वडा स्तरीय भेलाबाट सङ्कलन गर्ने कार्य गरिएको थियो ।गोष्ठीमा आवधिक योजनालाई व्यापक जनसहभागिताका आधारमा जन अपेक्षा तथा स्थानीय वास्तविकता अनुसार तोकिएको समयभित्र प्रचलित कानुन तथा आवधिक योजना तर्जुमा दिग्दर्शन पहिलो संशोधन २०७८ को २.४.१ मा भएको व्यवस्था अनुसार योजना तर्जुमाको समग्र प्रक्रियालाई सहयोग, निर्देशन र समन्वय गर्न गाउँ पालिका का अध्यक्ष तोरण मल्ल ठकुरीको अध्यक्षतामा एक आवधिक योजना तर्जुमा निर्देशक समिति गठन गरिएको थियो । दिग्दर्शन २०७८ को २.४.३ अनुसार आवधिक योजना तर्जुमा सम्बन्धी कार्यशाला व्यवस्थापन, सञ्चालन र सहजि करण तथा योजना तर्जुमा कार्यशालाको छलफल, निष्कर्ष तथा उपलब्धिहरूलाई अभिलेखीकरण गरी आवधिक योजनाको दस्तावेज लिपिबद्ध गर्न प्रमुख प्रशासकीय अधिकृत श्री राजीव रिमालको संयोजकत्वमा एक संयोजन तथा सहजीकरण समिति गठन गरिएको थियो । आवधिक योजनाका विभिन्न प्रक्रियाहरू पुरा गरी चरण बद्ध रूपमा तयारी, विश्लेषण, योजना तर्जुमा र स्वीकृति गरी चार चरणमा १५ कार्यहरू पुरा गर्ने प्रयोजनमा मार्गदर्शन गर्नका लागि देहाय बमोजिमको एक आवधिक योजना तर्जुमा कार्यतालिका तथा जिम्मेवारी कार्यतालिका गोष्ठीबाट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय भएको थियो । पालिका स्तरीय गोष्ठीमा आगामी पाँच वर्षे आवधिक योजनाको लागि बजेटको आकार निर्धारण गर्नु का साथै विषयगत क्षेत्र अनुसार रकम विनियोजन गर्ने कार्य पनि गरिएको थियो ।

**तालिका नं १ आवधिक योजना तर्जुमाको लागि स्वीकृत कार्य योजनाको विवरण**

| तर्जुमा गतिविधि | संलग्नता | समयावधि |
|---|---|---|
| आवधिक योजना तर्जुमा तयारी बैठक | कार्यपालिका सदस्य, प्र.प्र.अ., आवश्यक अन्य सरोकारवालाहरू | २०८० फागुन अन्तिम हप्ता |
| स्थानीय तहको अद्य वधिक वस्तुस्थिति विवरण तयारीका लागि तथ्याङ्क र सूचना सङ्कलन, | विषय क्षेत्र समितिका सदस्य, शाखा प्रमुख र स्थानीय विकास साझेदार | २०८० फागुन अन्तिम हप्ता देखि चैत्र २० गतेसम्म |
| स्थानीय तहको वस्तुस्थिति विवरण विश्लेषण लेखन | शाखा प्रमुख र विज्ञ | २०८० चैत्र २० देखि चैत ३० गतेसम्म |
| विषय क्षेत्र गत समिति निर्माण र कार्य प्रारम्भ | कार्यपालिका | २०८१ वैशाख १० गते सम्म |
| आ-आफ्नो विषयगत क्षेत्रको क्षेत्र गत अद्यावधिक योजना तर्जुमा गर्ने | सम्बन्धित सदस्यहरू | २०८१ वैशाख २५ गतेसम्म |
| **मस्यौदा प्रतिवेदन लेखन** | विज्ञ समूह | २०८१ वैशाख २५ गतेबाट |
| प्रारम्भिक प्रतिवेदन पेस गर्ने | कार्यालयमा पेस गर्ने | २०८१ जेठ १० |
| सुझाव सहित मस्यौदा प्रतिवेदन तयारी तथा पेस | विज्ञ समूह | २०८१ जेठ २० गतेभित्र |
| अन्तिम प्रतिवेदन पेस | विज्ञहरू | २०८१ जेठ मसान्त |
| आवधिक योजनाको प्रतिवेदन स्वीकृति | गाउँ कार्यपालिका | २०८१ असार ५ गतेभित्र |
| योजना दस्तावेज छपाई र प्रकाशन | गाउँ कार्यपालिका | २०८१ असार मसान्तभित्र |
| योजना कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन | गाउँ कार्यपालिका | २०८१ साउन १५ बाट |

## ख. वडगत योजना तर्जुमा गोष्ठी सञ्चालन

वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरू, विद्यालयका प्र.अ. लगायतका शिक्षक कर्मचारीहरू, स्थानीय बुद्धिजीवीहरू, उद्योगी तथा व्यवसायीहरू लगायत गैर-सरकारी सङ्घ/संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा वडा कार्यालयमा २ सहजी करण टोली मार्फत १/१ दिने योजना तर्जुमा गोष्ठी देहायको स्थान र मिति र समयमा देहायको कार्य योजना अनुसार सञ्चालन गरिएको थियो ।

**तालिका नं २ वडा स्तरीय योजना सङ्कलन भेलाको कार्य योजना**

| क्रस | वडा नं. | सहज कर्ता टिमको नेतृत्व | मिति | समय | सहजकर्ताको सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | वडा नं. १ टकलाक | लिलाधर सुवेदी | २०८०/११/२४ | १०.०० | ९८५७६२३८५२ |
| २ | वडा नं.२ त्रिवेणी | लिलाधर सुवेदी | २०८०/११/२८ | १०.०० | ९८५७६२३८५२ |
| ३ | वडा नं. ३ बेउलीवास | पुरुषोत्तम खतिवडा | २०८०/११/२८ | १०.०० | ९८५१२७८१०१ |
| ४ | वडा नं. ४ हुवास | लिलाधर सुवेदी | २०८०/११/२७ | १०.०० | ९८५७६२३८५२ |
| ५ | वडा नं. ५ हुवास | पुरुषोत्तम खतिवडा | २०८०/११/२७ | १०.०० | ९८५१२७८१०१ |
| ६ | वडा नं. ६ सरौंखोला | लिलाधर सुवेदी | २०८०/११/२६ | १०.०० | ९८५७६२३८५२ |
| ७ | वडा नं. ७ भोर्ले | पुरुषोत्तम खतिवडा | २०८०/११/२६ | १०.०० | ९८५१२७८१०१ |

वडा कार्यालयमा वडा अध्यक्षको अध्यक्षता, राजनैतिक दलको सक्रिय सहभागिता, स्थानीयवासीको व्यापक उपस्थितिमा वस्ति तथा वडाका योजनाहरू सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको थियो । वडा स्तरीय गोष्ठीमा स्थानीय सरोकारवालाहरू ४१ जना देखि ८७ जना सम्मको सहभागिता रहेको थियो

## ग. तथ्याङ्क प्रमाणीकरण

पैयूँ गाउँपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरूलाई विषयगत समितिहरूमा छलफल गरी योजनामा संलग्न गरिएका प्रमुख सूचकहरू समेत निर्धारण गरिएको थियो ।

## घ. दीर्घकालीन सोचको निर्क्योल

पालिकाको दोस्रो आवधिक योजनाको दीर्घकालीन सोच निर्क्योल गर्न मिति ...................मा आयोजना गरिएको गोष्ठीमा सबै सरोकारवालाहरूलाई ५ समूहमा विभाजन गरी स्नोवल विधिको माध्यमद्वारा सहभागीहरूको सक्रिय सहभागितामा छलफल अघि बढाइएको थियो । गोष्ठीमा सर्वसम्मतरुपमा .............................................सोच पारित गरी सोही सोचका आधारमा पाँच वर्षे आवधिक योजनाका लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिएको छ ।

## ङ. अवसर, समस्या तथा चुनौतीहरूको पहिचान

पैयूँ गाउँपालिका को आवधिक योजना तर्जुमा पूर्व पैयूँ गाउँपालिका का विद्यमान समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान गर्न हरेक विषयगत क्षेत्रहरू जस्तै आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकासको छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएको छ ।

## च. क्षेत्र गत उद्देश्य, रणनीति कार्यनीति तथा प्राथमिकता निर्धारण

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा हरेक विषयगत क्षेत्रहरू जस्तै आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकासका उपक्षेत्रहरूको छुट्टाछुट्टै क्षेत्र गत उद्देश्य, रणनीति, कार्यनीति सहित प्राथमिकता निर्धारण गर्ने कार्य भएको छ । यसका साथै सबै विषयगत उपक्षेत्रहरूको नतिजा सूचक पनि निर्धारण गरिएको छ

### छ. मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषण

माथि उल्लिखित चरणहरू पुरा गरी विज्ञ समूहले गाउँपालिकाबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक सुधार तथा सुझावका लागि गाउँ कार्यपालिकाको कार्यालयमा प्रेषण गर्ने कार्य भएको हो । पालिकाबाट प्राप्त सुझावलाई संलग्न गरी तोकिएको समयावधि भित्र अन्तिम प्रतिवेदन गाउँपालिकाको कार्यालयमा प्रेषण गरिनेछ ।

# परिच्छेद २ः गाउँपालिकाको विकासको विद्यमान स्थिति र उपलब्धिको समीक्षा

## २.१ गाउँपालिकाको परिचय

गण्डकी प्रदेश अन्तर्गतको पर्वत जिल्लामा नेपाल सरकारको मिति २०७३ साल फागुन ३० गतेको निर्णयअनुसार जिल्लाका साबिकमा कायम रहेका ४७ वटा गा.वि.स. र एउटा नगरपालिकालाई समायोजन गरी गठन भएका सातवटा स्थानीय तहहरू मध्ये पैयूँ गाउँपालिका एक हो । साबिकमा कायम रहेका बेउलीबास, टकलाक, त्रिवेणी, हुवास (दुईवटा वडा कायम), सरौंखोला र भोर्ले सहित छ वटा गा.वि.स. हरूलाई समावेश गरी सातवटा वडा रहेको पैयूँ गाउँपालिका गठन गरिएको छ ।

वर्तमान पर्वत जिल्लाको महाशिला गाउँपालिका—१ अन्तर्गत (साबिकको होश्राङ्दी गा.वि.स.—१) मा पर्ने कालीगण्डकीको बायाँ किनार पर्वतको दक्षिणी भेगमा उत्तरबाट दक्षिणतर्फ फैलिएको र गोल्याङको डाँडाको काखमा अवस्थित ऐतिहासिक तथा पुरातात्विक महत्त्व बोकेको पैयूँकोटका नामबाट यस गाउँपालिकाको नाम **पैयूँ** रहन गएको देखिन्छ ।


पैयूँकोटको नाम र मध्यकालमा पैयूँ राज्यका नामबाट शासित पर्वतको दक्षिणी पूर्वी क्षेत्रलाई अहिलेपनि पैयूँक्षेत्र भनेर चिनिन्छ । चौबीसी राज्य अन्तर्गत पैयूँ राज्यको सबैजसो भाग अहिले पर्वत जिल्लामा समावेश गरिएको छ । पैयूँकोट कसरी नाम रहन गयो भन्ने बारेमा विभिन्न प्रकारका जनश्रुतिहरू रहेको पाइन्छ । पैयूँ भन्ने रुखको बाक्लो घारी वा जङ्गल भएको स्थानमा कोटघर निर्माण गरिएकोले यस ठाउँलाई पैयूँकोट भनिएको हो भन्ने जनश्रुति यहाँ रहेको छ । हाल पैयूँकोट रहेको ठूलो चौरमा घोडालाई पैयाँ कुदाएर तालिम गर्नसक्ने फराकिलो ठाउँमा कोट दरबार भएकोले यसलाई पैयूँकोट भन्न थालिएको हो भन्ने भनाई पनि प्रचलित छ ।

पैयुँ राज्य १६ औं शताब्दीदेखि १९ औं शताब्दी (वि.सं. १५०२ — १८४२) सम्म अस्तित्वमा रहेको थियो । पैयुँ राज्यका प्रथम राजा राम सिंह सेन थिए भने अन्तिम राजा नायब अकवरसिंह सेन थिए । तत्कालीन समयमा पूर्वमा भिरकोट, पश्चिममा कालीगण्डकी र पाल्पा राज्य, उत्तरमा पर्वत राज्य र दक्षिणमा पाल्पा, गुल्मी, खाँची र अर्घा राज्यको चौकिल्लाभित्र पैयुँ राज्य रहेको थियो । लिच्छवि शासनको पतनपश्चात् मगरात प्रदेशमा मगरहरूको बाहुल्य भएका कारण पैयुँ राज्य मगरहरूको बलढेङ्गी राज्यअन्तर्गत समाहित भएको थियो । पाल्पाली राजा मुकुन्द सेन प्रथमले गुल्मी, अर्घा र खाँचीको मद्दतले मगरहरूको बलढेङ्गी राज्यलाई परास्त गरेपछि पैयुँ क्षेत्रमा आले, राना, चितौरे र थापा मगरहरूको संयुक्त मुख्यौली शासन चलेको थियो ।

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

पैयुँ गाउँपालिका २८०००'१९" देखि २८००८'०८" उत्तरी अक्षांश र ८३०३८'१३" देखि ८३०४२'४९" पूर्वी देशान्तरसम्म यो जिल्ला अवस्थित छ । यस गाउँपालिकाको पूर्वी सिमानामा स्याङ्जा जिल्लाको भू—भाग, पश्चिममा विहादी र महाशिला गाउँपालिका, उत्तरी भागमा महाशिला गाउँपालिका र दक्षिणमा स्याङ्जा जिल्लाको भू—भाग पर्दछ । यस गाउँपालिकाको कुल क्षेत्रफल ४२.६५ वर्ग किलोमीटर रहेको छ भने समुद्र सतहबाट ५६० मिटर उचाइदेखि १८२० मिटरसम्मको उचाइमा यो गाउँपालिका फैलिएर रहेको छ (पैयूँ गाउँपालिकाको पार्श्वचित्र, २०७५)।

प्राकृतिक तथा भौगोलिक सुन्दरताले विभूषित यस पैयुँ गाउँपालिका मल्लकालमा पैयुँ राज्य अन्तर्गतको एक भू—भाग थियो । तत्कालीन पैयुँराज्यको शीतकालीन राजधानी रहेको फूलबारी दरबार रहेको स्थान, नायब साहेबको मन्दिर, छतिवनको रुख, नेकर्गा, चिन्नेखर्क जस्ता प्रसिद्ध ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाहरूले यो क्षेत्र धनी रहेको हुँदा पर्यटकीय तथा आर्थिक विकासको प्रबल सम्भावना बोकेको गाउँपालिकाका रूपमा यो रहेको छ । नेपालको एकिकरणपश्चात् यो क्षेत्र स्याङजाको नुवाकोट गौंडा अन्तर्गत रहेको थियो । वि. सं. २०१८ सालमा राजा महेन्द्रद्वारा जिल्ला विभाजन हुँदा यो क्षेत्र वर्तमान पर्वत जिल्लामा समावेश गरिएको थियो ।




चित्र १: पैयूँ गाउँपालिकाको प्रशासनिक नक्सा

**तालिका १: वडाको भौगोलिक अवस्थिति**

| वडा | समावेश साबिक गाविस | साबिकका वडा | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|---|
| १ | टकलाक | १—९ सबै | ४.५३ | १०.६२ |
| २ | त्रिवेणी | १—९ सबै | ९.७३ | २२.८१ |
| ३ | बेउलीवास | १—९ सबै | ५.९३ | १३.९१ |
| ४ | हुवास | १,२,३,७ र ८ | ४.३१ | १०.११ |
| ५ | हुवास | ४,५,६ र ९ | ४.६२ | १०.८४ |
| ६ | सरौंखोला | १—९ सबै | ५.८९ | १३.८२ |
| ७ | भोर्ले | १—९ सबै | ७.६२ | १७.८७ |
| जम्मा | | | ४२.६५ | १००.०० |

क्षेत्रफलका आधारमा गाउँपालिकाको सबै भन्दा ठूलो वडा नं. २ को क्षेत्रफल ९.७३ वर्ग कि.मि. छ भने सबै भन्दा सानो वडा नं. ४ को क्षेत्रफल ४.३१ वर्ग कि.मि. रहेको छ ।

### २.१.२ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ बमोजिम गाउँपालिकाको कूल जनसङ्ख्या १२,७२५ जना रहेको छ जसमध्ये महिला जनसङ्ख्या ६,७९६ (५३.४१ प्रतिशत) र पुरुष जनसङ्ख्या ५,९२९ (४६.५९ प्रतिशत) रहेको छ । त्यसैगरी गाउँपालिकामा कूल घर परिवारहरू ३,२६८ रहेको छन् । पैयूँ गाउँपालिकाको जनघनत्व २९९ मानिस प्रति वर्ग किलोमिटर छ भने लैङ्गिक अनुपात ८७.२४ पुरुष प्रति १०० महिला रहेको छ । गाउँपालिकाको औसत घरधूरी आकार ३.८९ छ । गाउँपालिकाका सबै वडामध्ये सबभन्दा बढी (३४२८) जनसङ्ख्या वडा नं. ८ मा रहेको छ भने, वडा नं. १ मा सबैभन्दा कम (११२०) जनसङ्ख्या छ । यस गाउँपालिकाको कूल जनसङ्ख्याको २.९ प्रतिशतमा अपाङ्गता रहेकोमा पुरुष ३.३ प्रतिशत र महिला २.५ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

**तालिका २: जनसङ्ख्याको वडागत वितरणको अवस्था**

| वडा नम्बर | घरधूरी | जम्मा | पुरुष | महिला | औसत परिवार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | २८७ | ११२० | ५१५ | ६०५ | ३.९० | ८४.६७ |
| २ | ३९५ | १६२२ | ७९५ | ८२७ | ४.११ | ८३.७२ |
| ३ | ५२३ | २०८१ | ९४१ | ११४० | ३.९८ | ८४.०४ |
| ४ | ९०५ | ३४२८ | १६२५ | १८०३ | ३.७९ | ८२.८२ |
| ५ | ३५६ | १३५९ | ६२६ | ७३३ | ३.८२ | ९२.८४ |
| ६ | ३८९ | १५४४ | ७१३ | ८३१ | ३.९७ | ९०.६६ |
| ७ | ४१३ | १५७१ | ७१४ | ८५७ | ३.८० | ८३.८१ |
| **जम्मा** | **३२६८** | **१२७२५** | **५९२९** | **६७९६** | **३.८९** | **८७.२४** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

गाउँपालिकामा आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या) कुल जनसङ्ख्याको ५९.६१ प्रतिशत छ । यो उमेर समूहलाई गाउँपालिकाले विशेष योजनाकासाथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी गाउँपालिका विकासमा ठूलो फड्को मार्न सकिने अवसर रहेको छ । उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई वैज्ञानिक, र प्रभावकारी बनाउन सकिन्छ । गाउँपालिकाको समृद्धिका प्रमुख क्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसँग सम्बन्धित विषयमा विश्व विद्यालयस्तरको शैक्षिक संस्थाको विकास गरी जनसांख्यिक लाभ लिन सकिन्छ ।

**तालिका ३: गाउँपालिका उमेर समूह अनुसारको जनसङ्ख्या विवरण**

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ००-०४ | ५३२ | ४६९ | १००१ | ७.८७ |
| ०५-०९ | ५८३ | ५२७ | १११० | ८.७२ |
| १०-१४ | ५९८ | ५३४ | ११३२ | ८.९० |

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १५-१९ | ६१२ | ६१३ | १२२५ | ९.६३ |
| २०-२४ | ४६७ | ६५० | १११७ | ८.७८ |
| २५-२९ | ४३२ | ५६८ | १००० | ७.८६ |
| ३०-३४ | ३८८ | ५०० | ८८८ | ६.९८ |
| ३५-३९ | २९२ | ४३४ | ७२६ | ५.७१ |
| ४०-४४ | ३०३ | ३८९ | ६९२ | ५.४४ |
| ४५-४९ | २५२ | ३६० | ६१२ | ४.८१ |
| ५०-५४ | ३१५ | ३७८ | ६९३ | ५.४५ |
| ५५-५९ | २७७ | ३५६ | ६३३ | ४.९७ |
| ६०-६४ | २६६ | ३२६ | ५९२ | ४.६५ |
| ६५-६९ | २१३ | २५८ | ४७१ | ३.७० |
| ७०-७४ | १७९ | १९५ | ३७४ | २.९४ |
| ७५-७९ | १०३ | ११८ | २२१ | १.७४ |
| ८०-८४ | ७९ | ७१ | १५० | १.१८ |
| ८५-८९ | २७ | २९ | ५६ | ०.४४ |
| ९०-९४ | ८ | १३ | २१ | ०.१७ |
| ९५+ | ३ | ८ | ११ | ०.०९ |
| **जम्मा** | **५९२९** | **६७९६** | **१२७२५** | **१००.००** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

## २.१.३ गाउँपालिकाको भू-उपयोग स्थिति


गाउँपालिकाको भू-उपयोग स्थितिको तथ्याङ्कलाई आधार मान्ने हो भने यहाँको कूल ४२.६५ वर्ग कि.मि. क्षेत्रफल मध्ये सबैभन्दा बढी कृषि योग्य जमिनले ७५.०३ प्रतिशत भाग ओगटेको छ भने वन/जङ्गल क्षेत्रले १५.७१ प्रतिशत जमिन ओगटेको देखिन्छ । त्यसैगरी १.१४ प्रतिशत आवासीय क्षेत्र, १.८७ प्रतिशत जमिन सार्वजनिक क्षेत्र र २.०९ प्रतिशत भू-भाग नदी नाला तथा ताल तलैया लगायतका क्षेत्रले ओगटेको छ । गाउँपालिकामा व्यापारिक क्षेत्र ०.०१ प्रतिशत रहेकोमा अन्य क्षेत्र ४.१४ प्रतिशत रहेको छ ।

**तालिका ४: पैयूँ गाउँपालिकाको भू-उपयोग स्थिति**

| क्र.स | जमिनको प्रकार | क्षेत्रफल ( वर्ग कि. मि.) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती योग्य | ३२.०० | ७५.०३ |
| २ | व्यापारिक क्षेत्र | ०.०१ | ०.०१ |
| ३ | जङ्गल | ६.७० | १५.७१ |
| ४ | नदी, खोला नाला तथा ताल तलैया क्षेत्र | ०.८९ | २.०९ |
| ५ | औद्योगिक क्षेत्र | ०.०० | ०.०० |
| ६ | अन्य क्षेत्र | १.७७ | ४.१४ |
| ७ | सार्वजनिक जमिन | ०.८० | १.८७ |
| ८ | आवासीय क्षेत्र | ०.४९ | १.१४ |
| | **जम्मा** | **४२.६५** | **१००.००** |

*स्रोतः पैयूँ गाउँपालिकाको भू उपयोग योजना, २०८०*

पहाडी जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरूपका हिसाबले भीर, पाखा तथा समथर जमिन गरी विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ । यस क्षेत्रमा विभिन्न स्थानमा गरी करिब ३० प्रतिशत समथर भूभाग रहेको छ । राष्ट्रिय नीतिहरू तथा भू—उपयोग ऐन २०७६ बमोजिम तथा गाउँपालिका आन्तरिक आवश्यकतालाई मध्यनजर गर्दै भूमि तथा भूमिमा हुने सम्पूर्ण गतिविधिको व्यवस्थित र वैज्ञानिक उपयोग सुनिश्चितताको लागि गाउँपालिका तयार पारेको भू—उपयोग योजना कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यक छ।




चित्र २: पैयूँ गाउँपालिकाको भू-उपयोग नक्सा

पहाडी जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरूपका हिसाबले भीर, पाखा तथा समथर जमिन गरी विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ । यस क्षेत्रमा विभिन्न स्थानमा गरी करिब ४० प्रतिशत समथर भूभाग रहेको छ । राष्ट्रिय नीतिहरू तथा भू—उपयोग ऐन २०७६ बमोजिम तथा गाउँपालिका आन्तरिक आवश्यकतालाई मध्यनजर गर्दै भूमि तथा भूमिमा हुने सम्पूर्ण गतिविधिको व्यवस्थित र वैज्ञानिक उपयोग सुनिश्चितताको लागि गाउँपालिका तयार पारेको भू—उपयोग योजना कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यक छ।

**तालिका ५: पैयूँ गाउँपालिकाको भू-उपयोगको वडागत स्थिति**

| **जमिनको प्रकार** | **वडा नं.** | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| खेती योग्य | ३.६७ | ६.९७ | ४.७२ | २.९८ | ३.७६ | ४.७७ | ५.१२ |
| व्यापारिक क्षेत्र | ०.०० | ०.०० | ०.०० | ०.०१ | ०.०० | ०.०० | ०.०० |


| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जङ्गल | ०.६८ | २.३१ | ०.६३ | ०.२० | ०.६६ | ०.३९ | १.८४ |
| नदी, खोला नाला तथा ताल तलैया क्षेत्र | ०.११ | ०.२२ | ०.०७ | ०.१० | ०.०८ | ०.०८ | ०.२४ |
| औद्योगिक क्षेत्र | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| अन्य क्षेत्र | ०.०० | ०.०० | ०.३२ | ०.७७ | ०.०० | ०.४६ | ०.२१ |
| सार्वजनिक जमिन | ०.०५ | ०.१४ | ०.१२ | ०.१४ | ०.०६ | ०.१४ | ०.१५ |
| आवासीय क्षेत्र | ०.०३ | ०.०९ | ०.०७ | ०.१२ | ०.०६ | ०.०५ | ०.०६ |
| **जम्मा** | ४.५३ | ९.७३ | ५.९३ | ४.३१ | ४.६२ | ५.८९ | ७.६२ |

*स्रोतः पैयूँ गाउँपालिकाको भू उपयोग योजना, २०८०*

## २.२ आर्थिक विकास अवस्था

पैयूँ गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय महत्त्वको क्षेत्र भएकोले गाउँपालिकाको अर्थतन्त्र मुख्यतः पर्यटन, होटल, रेस्टुरेन्ट, होमस्टे, घरेलु उद्योग, व्यापार-व्यवसाय, नोकरी, कृषि, वन, पशुपालन, शिक्षा र स्वास्थ्य सेवा लगायतका क्षेत्रमा भएको देखिन्छ । उपयुक्त हावापानी, भू—बनोटका कारण अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा सम्लग्न रहेका छन् । गाउँपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भइरहेका कारण गाउँपालिकाको पूर्वाधार विकासमा थप सहज भएको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय साथै गाउँपालिकामा रहेका केही साना तथा पुरातन घरेलु उद्योग व्यवसायहरू आर्थिक क्रियाकलापका महत्त्वपूर्ण आधारका रूपमा रहेका छन् । वैदेशिक रोजगारी पनि गाउँपालिकाको आयस्रोतको एक पक्ष रहेको देखिन्छ ।

पैयूँ गाउँपालिकामा १० वर्ष माथिको जनसङ्ख्यामा आर्थिक क्रियाकलापमा सक्रीयताको अवस्था विश्लेषण गर्दा आर्थिक क्रियाकलापमा सक्रीय मध्ये ४५.३ प्रतिशत प्राय सक्रीय रहने गरेकोमा २२.९ प्रतिशत प्राय निस्क्रीय रहने तथा २६ प्रतिशत आर्थिक क्रियाकलापमा निस्क्रीय रहने गरेको देखिन्छ ।




चित्र ३: १० वर्ष माथिको जनसङ्ख्यामा आर्थिक क्रियाकलापमा प्राय सक्रीय जनसङ्ख्याको रोजगारी अवस्था

गाउँपालिकाका स्वैच्छिक बाहेक ७.८ प्रतिशतको हाराहारीमा पूर्ण वा आंसिक बेरोजगारहरू छन् । पछिल्लो समय उद्यमी व्यवसायीहरूको पलायनले आउने दिनहरूमा गैह्र कृषि क्षेत्रका उद्यम व्यवसायहरू अपेक्षाकृत नबढ्ने हुन कि भन्ने भय पनि उत्तिकै छ । यीनै पृष्ठभूमिमा, रोजगारीको अवसरहरू सिर्जना गर्दै विपन्न परिवारहरूको आय स्तर उकासी समग्र गाउँलाई नै आर्थिक रूपमा सबल बनाउन कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण एक भरपर्दो विकल्प हुन सक्छ । करिब ५२ प्रतिशत कृषक परिवारलाई आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले वर्षभरि खान नपुग्ने अवस्था रहेको छ (राष्ट्रिय कृषि गणना २०७८)।

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

कूल क्षेत्रफलको ७५.०३ प्रतिशत कृषियोग्य जमिन रहेको पैयूँ व्यावसायिक कृषि तर्फ बिस्तारै अघि बढ्दैछ । पारिवारिक प्रयोजनका लागि धेर थोर सबै प्रकारका बालीहरू खेती गर्ने गरे पनि तुलनात्मक लाभ बढी भएका बालीहरू छनौट गरी व्यावसायिक उत्पादनलाई बढवा दिँदै गएको पाइन्छ । पकेट क्षेत्र निर्धारण गरी आलु, सुन्तला, कागती, कफी लगायत तरकारी तथा फलफूल तथा अन्नबालीहरूमा कोदो, गहुँ, मकै र धानको व्यावसायिक उत्पादन हुनु यसैको उदाहरण हो । तरकारी र फलफूल त्यस मध्येका प्रमुख बालीहरू हुन्, जुन गाउँपालिकाका सबै वार्डहरूमा व्यावसायिक रूपमा खेती गरिँदै आएका छन् । त्यस बाहेक कफीको व्यावसायिक खेती पनि सुरुवात गरिएको छ । किसानहरू समूह तथा सहकारीहरूमा आबद्ध छन्। हाल गाउँपालिका क्षेत्र भित्र २२ वटा कृषि सहकारी संस्था र १२० वटा व्यावसायिक कृषि तथा पशुपालन फर्महरू रहेका छन् । करिब ५१३ को हाराहारीमा टनेल रहेका छन् । पैयूँ गाउँपालिका भित्र २ वटा कृषि उपज सङ्कलन केन्द्र र २ वटा चिस्यान केन्द्रहरू रहेका छन् भने ३४० जना कृषि तालिम प्राप्त जनशक्ति रहेका छन्।

**तालिका ६: पैयूँ गाउँपालिकाको कृषिमा सम्लग्न परिवारको विवरण**

| कृषक परिवारको जम्मा संख्या | कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर.) | एक प्रकारको स्वामित्व | | | | | | एकभन्दा बढी प्रकारको स्वामित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | परिवारको हकको जग्गामात्र कमाउने | | अरूको हकको जग्गामात्र कमाउने | | अन्य प्रकारको उपभोग अन्तर्गत | | | |
| | | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
| २५६१ | ११३२.४ | १५७६ | ७१८.५ | ३३ | १२.५ | ० | | ९५१ | ४०१.४ |

स्रोतः राष्ट्रिय कृषिगणना, २०७८

पैयूँ गाउँपालिकामा परिवारको हकको जग्गामात्र कमाउने १५७६ परिवारले ७१८.५ हेक्टर जमिनमा खेती गर्ने गरेको देखिन्छ भने अरूको हकको जग्गा कमाउने ३३ परिवारले १२.५ हेक्टर जमिनमा खेती गर्ने गरेको देखिन्छ ।

**तालिका ७: पैयूँ गाउँपालिकाको कृषियोग्य जमिनको विवरण**

| कृषक परिवारको जम्मा संख्या | कृषक परिवारले चलन गरेको जग्गाको | जम्मा खेतीयोग्य जग्गा | अस्थायी बाली लागेको जग्गा | अन्य खेतीयोग्य जग्गा | स्थायी बाली लागेको जग्गा | स्थायी चौरचरन, निजि बनबनेलो, पोखरी तथा अन्य जग्गा |
|---|---|---|---|---|---|---|

| | जम्मा क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५६१ | ११३२.४ | २५६१ | ६२६.३ | २५६१ | ५८३.० | ६४१ | ४३.३ | २१३२ | ३६६.१ | २५६१ | १४०.० |

स्रोतः राष्ट्रिय कृषिगणना, २०७८

पैयूँ गाउँपालिकामा कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल ११३२.४ हेक्टर रहेकोमा ६३६.३ हेक्टर जम्मा खेतीयोग्य जग्गा रहेको र कूल खेतीयोग्य जमिन मध्ये ३६६.१ हेक्टर स्थायी बाली लागेको जग्गा रहेको देखिन्छ ।

**तालिका ८: पैयूँ गाउँपालिकाको परिवारको औसत जमिन तथा सिँचित जमिनको विवरण**

| कृषक परिवारको जम्मा संख्या | कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | जम्मा कित्ता संख्या | औषत कित्ता संख्या | सिंचित क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|
| २५६१ | ११३२.४ | १२७३४ | ५.० | ३९३.२ |

स्रोतः राष्ट्रिय कृषिगणना, २०७८

पैयूँ गाउँपालिकामा कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल ११३२.४ हेक्टर मध्ये ३३९.२ हेक्टर खेतीयोग्य जग्गा सिँचित रहेको देखिन्छ ।

**तालिका ९: पैयूँ गाउँपालिकाको पशुपालनमा सम्लग्न परिवारको विवरण**

| कृषक परिवारको जम्मा संख्या | पाल्तु चौपाया | | | | | | | | | | पाल्तु पन्छी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या | गाई/गोरु | | राँगा/भैंसी | | बाखा/च्याङ्ग्रा | | सुगुँर/बंगुर | | कुखुरा | | अन्य पन्छी | |
| | | कृषक परिवार संख्या | गाई/गोरु संख्या | कृषक परिवार संख्या | राँगा/भैंसी संख्या | कृषक परिवार संख्या | बाखा/च्याङ्ग्रा संख्या | कृषक परिवार संख्या | सुगुँर/बंगुर संख्या | कृषक परिवार संख्या | कुखुरा संख्या | कृषक परिवार संख्या | अन्य पन्छी संख्या |
| २५६१ | २३१५ | ४७७ | ९८८ | २०६७ | ३९४९ | १६०५ | ७२८४ | १२३ | ३७७ | ९७२ | २२१५६ | ३८ | ४०० |

स्रोतः राष्ट्रिय कृषिगणना, २०७८

गाउँपालिकाको कृषि शाखाबाट प्राप्त तथ्याङ्क अनुसार यहाँको कूल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा ३२ प्रतिशत रहेको छ । करिब ३६० हेक्टर जमिनमा प्रमुख खाद्यान्न (धान, मकै, गहुँ) बालीको खेती हुने गरेको छ (राष्ट्रिय कृषि गणना २०७८) भने सो बालीको उत्पादकत्व ३.१ मे. टन प्रति हेक्टर रहेको छ । त्यसैगरी दलहनको उत्पादकत्व ०.२ मे. टन प्रति हेक्टर, तेलहनको उत्पादकत्व १०.६ मे. टन प्रति हेक्टर र आलु बालीको उत्पादकत्व १०.५८ मे. टन प्रति हेक्टर रहेको छ । यसका


अतिरिक्त मासुको उत्पादकत्व २२० मे.टन र वर्षमा करिब ११ लाख ६८ हजार लिटर दुग्ध उत्पादन र बिक्री भइरहेको छ भने (पार्श्वचित्र तथा कृषि शाखा, २०८०)।

गाउँपालिका भित्रको कृषि तथा पशुपालनले अनुकूल भौगोलिक अवस्थिति र बढ्दो स्थानीय तथा बाह्य खास गरेर नजिकको दमौली तथा पोखरा लगायतको बजारले सिर्जना गरेको अवसरहरूलाई पर्याप्त उपयोग गर्न सकिएको छैन । समग्र कृषि र पशुपालन क्षेत्रको उत्पादनशीलता र व्यावसायिकता नबढाई यो सम्भव पनि हुँदैन ।

सिँचाइको अभाव, बजार व्यवस्थापनमा समस्या, उन्नत कृषि आपूर्ति, प्रविधि तथा औजारहरूको सहज उपलब्धता नहुनु, लागत अनुरूपको प्रतिफल नहुनु, उन्नत प्रविधि सम्बन्धी ज्ञान कम हुनु, पूर्वाधारहरूको अपर्याप्तता (जस्तै सङ्कलन केन्द्र, कोल्ड स्टोर, पक्की सडक आदी), दक्ष प्राविधिक जनशक्तिको अपर्याप्तता र कामदारहरू कम पाइनु केही प्रमुख तथा साझा समस्याहरू हुन् । पशुपालन तर्फ माथिका अतिरिक्त घाँस तथा चरण क्षेत्र व्यवस्थित नहुनु, उन्नत जातका पशुहरूको अभाव एवं महङ्गो हुनु तथा प्राविधिक सहयोग कम हुनु आदी केही प्रमुख समस्याहरू हुन् । यीनै समस्याहरूको दिगो समाधान नै कृषि तथा पशुपालनलाई अझ बढी उत्पादनशील र व्यावसायिक बनाउने सहि उपाय हो ।

## २.२.२ पर्यटन तथा संस्कृति

पैयूँ गाउँपालिकामा पौराणिक, ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेका विभिन्न पर्यटकीय स्थलहरू रहेका छन्।




चित्र ४: पैयूँ गाउँपालिकाका महत्त्वपूर्ण स्थानहरू तथा बस्तीको जिआइएस नक्सा

यहाँका विभिन्न ऐतिहासिक तथा धार्मिकस्थलहरू, स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरू आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षण केन्द्रका रूपमा रहेका छन् । पर्यटकहरूको सुविधाका चिया खाजाका लागि ३० वटा होटलहरू सूचीकृत भएता पनि स्तरीय होटल भने छैनन् । अधिकांश होटलहरू बजार क्षेत्रमा रहेका छन् । गाउँपालिकामा ७ वटा होमस्टेहरू सञ्चालनमा रहेका छन् ।

पैयूँ गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । मगर जातिको बाहुल्य रहेको गाउँपालिका जनसाङ्ख्यिक समिश्रणको आधारमा बहुजातीय, बहुधार्मिक समावेशी गाउँपालिका हो । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने समुदायहरूको पनि बसोबास रहेको छ । सबै जातजाती र सम्प्रदायका आ—आफ्नै खाले धर्म, संस्कृति, परम्परा र चालचलनहरू छन्। जसमा बडादसैं, तिहार, रामनवमी, महाशिवरात्रि, हरितालिका, श्रीपञ्चमी, कृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैतेदशैं, साउने संक्रान्ती, माघे संक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी—हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन, कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा (सरायें नाच) स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, बुद्ध जयन्ती, विभिन्न ल्होसार पर्वहरू, अंग्रेजी नयाँ वर्ष, असार १५ आदि चाडपर्वहरू रहेका छन् ।

## २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

पैयूँ गाउँपालिकामा उद्योग व्यापार तथा व्यवसाय मुख्यतः बजार क्षेत्रको व्यापार तथा कृषिमा आधारित रहेको छ । कृषि योग्य जमिनको उपलब्धता, कृषि तथा वनजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जाति गत सीप, कौशल, पर्यटकीय महत्त्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले गाउँपालिकामा कृषि तथा स्थानीय परम्परा र सीपमा आधारित उद्योगहरूको विकासको राम्रो सम्भावना रहेको छ । ह्याचरी, दूग्धजन्य तथा कृषिजन्य र बनपैदावरमा आधारित साना उद्योगहरू पनि सञ्चालनमा रहेका छन् । कफी, मह, बेसार, अदुवा, भटमासजस्ता कृषिजन्य घरेलु उत्पादनहरूको पनि क्रमशः व्यावसायिक उत्पादन हुँदै जान थालेको छ । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागि सकेका छैनन्। तथापी, स्थानीय केही मझौला, साना तथा घरेलु उद्योग भने सञ्चालित छन् । यसले गाउँपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराउँदै गएको छ । यीनै उद्योग व्यवसायहरू यस गाउँपालिकाको स्थानीय आर्थिक विकासका मेरुदण्डको रूपमा रहेका छन् ।





यस गाउँपालिकामा रहेका प्रमुख व्यापारिक केन्द्रहरूमा वडा नं. १ टकलाकको घैयाखेत, वडा नं २ त्रिवेणीको त्रिवेणी अर्थुन, वडा नं. ३ बेउलीवासको मैदान, वडा नं. ४ हुवासको हातेमालोचोक, हुवास बजार, मर्दीखोला, वडा नं. ५ चिसापानीको चिसापानी, देउराली, वडा नं. ६ सरौंखोलाको जैविरे,सरौंखोला र वडा नं. ७ भोर्लेको भोर्ले बजार लगायतका प्रमुख बजारहरू रहेका छन् ।

यस्ता बजारहरूबाट विशेषगरी खाद्यान्न, खुद्रा, भाँडा, हार्डवयरका सामग्री, कपडा, स्टेशनरी तथा मासु लगायतका वस्तुहरूको कारोबार हुने गरेको छ । हाल उद्योग व्यापार र व्यवसायीहरू पोखरा, बुटवल तथा तराईका अन्य जिल्लाहरू क्रमशः पलायन हुँदै गएकाले पैयूँको व्यापार व्यवसाय घट्दै गएको देखिन्छ । पैयूँ गाउँपालिकाको वडा नं. ४ र ५ मा तुलनात्मक रूपमा बढी व्यापार व्यवसायहरू केन्द्रित छन् । गाउँपालिकामा दर्ता भएका उद्योगहरू बजार क्षेत्रका वडाहरूमा बढी केन्द्रित छन् । गाउँपालिका क्षेत्रमा ४७६ वटा व्यवसाय दर्ता भएका छन् ।

## २.२.४ आम्दानी र रोजगारी

सुन्तला, आलु, तरकारी र मासु तथा दुधजन्य उत्पादनमा पैयूँ गाउँपालिकाले ख्याति कमाएको छ । परम्परागत प्रविधिमा आवश्यक सुधार गरी प्राप्त स्थानीय पहिचानमूलक उत्पादनको स्तर सुधार र व्यवसायीकरण मार्फत गाउँपालिकाले समुन्नति हासिल गर्नमा योगदान दिन सक्ने स्तरमा पुऱ्याउनु आवश्यक छ । स्थानीय उत्पादन वृद्धि र सबै किसिमका स्थानीय उत्पादनमा पैयूँको पहिचान झल्कने गरी ब्राण्डीङ गरी पहिचानमूलक उत्पादनका आधारमा समृद्धि हासिल गर्न गाउँपालिका प्रयासरत रहेको छ ।

**तालिका १०: देश बाहिर रहेको जनसङ्ख्याको विवरण**

| जम्मा घरपरिवार | कम्ती एक सदस्य घर बाहिर रहेको परिवार | देश बाहिर रहेको जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| ३२६८ | १३३५ | १७९७ | १६६२ | १३५ |

पैयूँ गाउँपालिकाको १० वर्ष माथिको कूल जनसङ्ख्या मध्ये **६८.२ प्रतिशत** आर्थिक क्रियाकलापमा सक्रिय जनसङ्ख्या रहेकोमा **२६ प्रतिशत** जनसङ्ख्या आर्थिक क्रियाकलापमा निष्क्रिय रहेको देखिन्छ ।

उपलब्ध तथ्याङ्क अनुसार गाउँपालिकाको **१४.१२ प्रतिशत** जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न छ । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस गाउँपालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । गाउँपालिकामा काम गर्न योग्य १० वर्ष माथिको कूल जनसङ्ख्याको आर्थिक रूपले सक्रिय मध्ये पनि ७.८ प्रतिशत बेरोजगार रहेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८)।

**तालिका ११: १० वर्ष माथिको जनसङ्ख्यामा आर्थिक क्रियाकलापमा सक्रीयताको अवस्था**

| लिङ्ग | १० वर्ष माथिको जनसङ्ख्या | आर्थिक क्रियाकलापमा सक्रीय | | | | | | | आर्थिक क्रियाकलापमा निस्क्रीय | % | उल्लेख नभएको | प्र% |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राय सक्रीय | | | | | प्राय निस्क्रीय | % | | | | |
| | | % | रोजगार | % | बेरोजगार | % | | | | | | |
| पुरुष | ४८१४ | ४५.३ | २२६१ | २१.३ | २२० | २.० | ९६८ | ९.१ | १२७६ | १२.० | ८९ | ०.८ |
| महिला | ५८०० | ५४.६ | २५५० | २४.० | १८९ | १.७ | १४७१ | १३.८ | १४८७ | १४.० | १०३ | ०.९ |
| **जम्मा** | **१०६१४** | **१००** | **४८११** | **४५.३** | **४०९** | **३.८** | **२४३९** | **२२.९** | **२७६३** | **२६.०** | **१९२** | **१.८** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

गाउँपालिका क्षेत्र भित्र वार्षिक रूपमा विप्रेषणबाट करिब रु. ८० करोड हाराहारीमा भित्रिने गरेको छ । विप्रेषण आम्दानी गर्ने परिवारको वार्षिक औसत आम्दानी रु ३ लाख रहेको छ । हालको बेरोजगारीको सङ्ख्या घटाई वार्षिक रूपमा पर्यटन, कृषि, पशुपालन, व्यापार व्यवसाय उद्योगबाट आम्दानीको वृद्धि गर्नु आवश्यक देखिन्छ । साथै विप्रेषणबाट प्राप्त आम्दानीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न गाउँपालिकासँग स्पष्ट नीतिको आवश्यकता छ ।

## २.२.५ वित्तीय संस्था

गाउँपालिका क्षेत्रमा २ वाणिज्य बैंक, १ विकास बैकका, .. लघुवित्त संस्थाहरू र १६ वटा सहकारी संस्थाले गाउँमा वित्तीय कारोबारमा सहजता थपेका छन् । गाउँपालिकाबासीहरूको बैकमा पहुँच हेर्दा आर्थिक रूपमा सक्रिय जनसङ्ख्या (१५—६४ उमेर समूह) को करिब ७० प्रतिशतको बैकमा खाता रहेको देखिन्छ ।

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा सहकारी संस्थाको भूमिका महत्त्वपूर्ण रहेको छ । स्थानीय स्तरको बचतलाई गाउँपालिकाका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा नै लगानी गरी स्थानीय आर्थिक विकासमा सहकारीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । सहकारी संस्थाहरूले गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ स्थापना भएका यी सहकारी संस्थाहरूले बचत तथा ऋण, कृषि पशुपालन तथा दुग्ध बहूद्देश्यीय आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी गर्ने गरेका छन् ।

ऋण प्रवाह, धितो मूल्याङ्कन जस्ता विषयहरूमा बैङ्कहरूको आफ्नै विविध प्रावधानबाट ग्रामीण वडाबासीहरू ऋण सुविधाबाट लाभान्वित हुन सकिरहेका छैनन् । गाउँपालिकास्तरको धितोबाट आवश्यकता अनुसार बैङ्कबाट ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि सहकारीहरूमा छैन । यसर्थ पर्याप्त पूँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणबाट पनि सीपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । सहकारी संस्थाहरूमा सदस्यको हैसियतबाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको छैन ।

## २.३ सामाजिक विकासको अवस्था

## २.३.१ स्वास्थ्य तथा पोषण

गाउँपालिकाको स्वास्थ्य सेवाका लागि १० सैयाको एउटा आधारभूत अस्पताल, ६ वटा हेल्थपोष्ट, ३ वटा वर्थिङ सेन्टर, ३ वटा स्वास्थ्य एकाइ  रहेका छन् भने  ५५ महिला स्वास्थ्य स्वयंसेविका मार्फत स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ । गाउँपालिकामा कूल ४८ जना मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता कार्यरत गाउँपालिकामा संस्थागत सुत्केरी सेवाको दायरा ४० प्रतिशत पुगेको तथ्याङ्कले देखाउँछ । गर्भावस्थाको परीक्षण दर १०० प्रतिशत रहेको यस गाउँपालिकामा ५ वर्ष मुनिको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा), शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा), नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) शून्य रहेको तथा पूर्ण खोपको पहुँच १०० प्रतिशत तथा शत प्रतिशत बालबालिकालाई भिटामिन ए खुवाउने व्यवस्था मिलाइएको देखिन्छ ।

गाउँपालिकाले स्वास्थ्य सेवा सुधार तथा सबै गाउँपालिकाबासी माझ स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रम आफ्नो वार्षिक नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्दै आएको छ

। केन्द्रले दिएको स्थानीय अधिकार अनुरूप स्वास्थ्य सम्बन्धी ऐन "स्वास्थ्य तथा सरसफाइ सेवा ऐन" निर्माण भइसकेको भए पनि उक्त ऐन कार्यान्वयनका लागि केही निर्देशिका, कार्यविधिहरू निर्माण हुन भने बाँकी रहेको छ ।

वडाहरूमा हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूमा आवश्यक भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण, सामाग्री, जनशक्तिको अभाव रहेको छ । बिरामीको चाप अनुसार विशेषज्ञ डाक्टर, चिकित्सक तथा स्वास्थ्य कर्मीहरू नभएको तथा जाँच परीक्षण प्रक्रियालाई अपेक्षित रूपमा छिटो गराउन सकिएको छैन । गाउँपालिकामा पछिल्लो समय देखा परेका ५ प्रमुख रोगहरू Falls/injuries/Fractures, Gastritis, Hypertension, Backache, URIT रहेका छन् । साथै, दीर्घ रोगहरूमा रक्तचाप, मधुमेह, बाथ/हाडजोर्नी दुखे, मधुमेह, मुटु रोग सम्बन्धी रोगहरू रहेका छन् ।

## २.३.२ शैक्षिक विकास

गाउँपालिकाको युवा साक्षरता ९९.५ प्रतिशत रहेको छ भने ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरता दर ८१.२ प्रतिशत रहेकोमा पुरुषको साक्षरता ८८.४ प्रतिशत र महिलाको ७५.१ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

**तालिका १२: ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था**

| ५ वर्ष माथिको जनसङ्ख्याको साक्षरताको अवस्था | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| पढ्न र लेख्न सक्ने | ८१.२ | ८८.४ | ७५.१ |
| पढ्न मात्र सक्ने | ०.५ | ०.६ | ०.५ |
| पढ्न र लेख्न दुबै नसक्ने | १७.९ | १०.७ | २४.१ |

पैयूँ गाउँपालिकामा २७ वटा सामुदायिक विद्यालय र ५ वटा संस्थागत विद्यालय रहेका छ । गाउँपालिका प्राविधिक धारमा सञ्चालन विद्यालय रहेको छैन । गाउँपालिका भित्रका २७ वटा सामुदायिक विद्यालयमा प्रति कक्षा कोठा ४० जना विद्यार्थीको आधारमा सबै सामुदायिक विद्यालयमा क्षमता भन्दा कम बालबालिका अध्ययन गरिरहेका छन् ।

गाउँपालिकाले सामुदायिक विद्यालयमा बालबालिकाको पहुँच वृद्धि र टिकाउका लागि दिवा खाजा कार्यक्रम सुरुवात गरेको छ साथै भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने नीति लिएको छ । अंग्रेजी भाषाको सुधार गर्नका लागि अंग्रेजी माध्यमबाट पठनपाठन सुरुवात गर्ने नीति लिएको छ ।


सबै बालबालिकाहरूको विद्यालयमा पहुँच र गुणस्तर सुधारका लागि प्रयास भएतापनि बालबालिकाको सिकाई उपलब्धि वृद्धि, शिक्षकको सीप र क्षमता कक्षा कोठामा पुऱ्याउने, पाठ्यक्रमका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, शिक्षकको नियमित उपस्थिति, कक्षा समय सम्म शिक्षकलाई कक्षा कोठामा टिकाउने, पठनपाठनका सम्बन्धमा अभिभावक सचेतना बढाउने, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन र शिक्षकहरूलाई क्षमता विकास गरी पारदर्शी र जबाफदेही बनाइ विद्यालय सुशासनको प्रत्याभूति दिने कार्यका

लागि केही प्रयास नभएका होइनन् पनि समस्याहरू पूर्ण रूपमा समाधान हुन सकेको छैन त्यसैले माथिका सम्पूर्ण समस्या/चुनौतीको सामना गर्नका लागि योजनाबद्ध प्रयासको आवश्यकता देखिन्छ।

गाउँपालिकामा आधारभूत तहमा अध्ययन गर्ने कुनै पनि बालबालिकाहरू विद्यालय बाहिर रहेको तथ्याङ्क छैन । सामुदायिक विद्यालयको गुणस्तर संस्थागत विद्यालयको तुलनामा कमजोर रहेको छ । गाउँपालिकाले शिक्षा ऐन निर्माण गरेको छ तर सामुदायिक विद्यालयमा बालबालिका आकर्षित गर्ने ठोस नीति, नियम र कार्यविधि निर्माण हुन सकेको छैन त्यसैले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित र गुणस्तर सुधार, अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयन गर्नका लागि आवश्यक शिक्षा नियमावली, निर्देशिका र कार्यविधि निर्माण गरी आवश्यक कानुनी प्रक्रिया पुरा गर्नु पर्ने देखिन्छ ।


## २.३.३ खानेपानी तथा सरसफाइ

गाउँपालिकामा रहेका कुल घरपरिवारहरू मध्ये ९८.४ प्रतिशत घरपरिवारको आधारभूत खानेपानीमा पहुँच रहेको तथ्याङ्कले देखाउँछ भने निजी तथा सामुदायिक धारा पाइपलाइनबाट वितरित खानेपानी उपभोग गर्ने घरधूरी सङ्ख्या पनि ९५.४ प्रतिशत रहेको छ ।




चित्र ५: पैयूँमा खानेपानीको स्थिति

राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्कले करिब ९९ प्रतिशत परिवारले शौचालय प्रयोग गरेको देखिन्छ जसमध्ये गाउँपालिकामा रहेका कुल घरपरिवार १७ प्रतिशत परिवारहरूले फ्लस सहितको सेप्टि ट्याङ्क भएको चर्पीको प्रयोग गरेका छन् भने ७७.८ प्रतिशत परिवारले कच्ची शौचालय प्रयोग गर्ने गरेका छन् । गाउँपालिकाका धेरैजसो भिडभाड हुने क्षेत्रमा सार्वजनिक शौचालयको आवश्यकता महसुस भइरहेको, पर्यटकीय क्षेत्रहरूमा सार्वजनिक सरसफाइको गुणस्तर वृद्धि गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यो समस्या समाधानका लागि पनि गाउँपालिकाले कदम चाल्नुपर्ने अवस्था छ ।राजमार्ग क्षेत्रमा सार्वजनिक शौचालय निर्माण र व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ । मानवजन्य फोहोरको वैज्ञानिक विसर्जन वा व्यवस्थापन तथा भौगोलिक अवस्था तथा बस्तीको सघनताका आधारमा ढल व्यवस्थापन र सरसफाइ क्षेत्रमा समेत गाउँपालिकाको प्राथमिकता रहेको छ ।




चित्र ६: पैयूँमा शौचालय प्रयोगको स्थिति

गाउँपालिकाको फोहर व्यवस्थापनको लागि सरसफाइ केन्द्र सञ्चालनमा आएको छ । गाउँपालिका कुहिने र नकुहिने फोहोर बेग्लाबेग्लै रूपमा सङ्कलन र व्यवस्थापनको अभ्यास रहेको छ । गाउँपालिका बजार क्षेत्रका घरधूरीमा मात्र फोहरहरू घरमै सङ्कलन गर्ने व्यवस्था रहेको छ भने ग्रामीण वडाहरूमा फोहर सङ्कलन गर्ने व्यवस्था नभएको अवस्था छ । घरधूरी स्तरमा फोहोर छुटाएर राख्नका लागि बाल्टी उपलब्ध गराइएको छ । गाउँपालिका बजार क्षेत्रका वडाहरूमा प्लास्टिक झोला मुक्त बनाउने प्रयास पनि भएको छ ।

## २.३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

विभिन्न हिसाबले गाउँपालिका सम्पन्न रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि रहेका छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई पालिकास्तरीय योजनाले समेट्दै लैजानु पर्छ ।

गाउँपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, स्थानीय स्वास्थ्य संस्थाहरूमा सुत्केरी जाँचको व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । गाउँपालिकामा ०—१४ वर्ष उमेर समूहका करिब २४.१० प्रतिशत बालबालिकाहरू रहेका छन् भने १५—२४ उमेर समूहका १८.६३ प्रतिशत किशोर किशोरी रहेका छन् भने ७० वर्ष माथि उमेर समूहका करिब ५.३९ प्रतिशत जनसङ्ख्या रहेको छ । त्यस्तै करिब २.९ प्रतिशत व्यक्तिमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ (राष्ट्रिय जनगणना, २०७८) । गाउँपालिका सम्पत्ति माथिको स्वामित्व भएका महिला करिब २५ प्रतिशत रहेकामा १०.६ प्रतिशतको जमिनको मात्रै स्वामित्व भएको, घरको स्वामित्व मात्रै भएको १.८ प्रतिशत र घर र जमिन दुवैको स्वामित्व भएको ९.५ प्रतिशत रहेको देखिन्छ ।



चित्र ७: महिलाको सम्पत्ति माथि स्वामित्वको अवस्था

गाउँपालिका स्तरमा बाल संरक्षण समिति गठन भइ क्रियाशिल छन् भने एउटा किशोरी समूह क्रियाशिल रहेको छ । जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने तथा जेष्ठनागरिकहरूको लागि सम्मान लगायतका कार्यक्रमहरू नियमितरूपमा हुने गरेका छन् । त्यसैगरी गाउँपालिका ५० वटा भन्दा बढी आमा समूह र ४ वटा महिला सहकारी सञ्चालनमा रहेका छन् ।

## २.३.५ युवा, खेलकुद तथा कला

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न गाउँपालिकास्तरमा खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी स्वास्थ्यका लागि खेलकुद अभियानलाई व्यवहारमा उतार्न जरुरी छ । यस गाउँपालिकाको कूल जनसङ्ख्याको ३८.९५ प्रतिशत जनसङ्ख्या (१५–३९ वर्ष उमेर समूह) युवा जनसङ्ख्या रहेको छ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसङ्ख्याको करिब १४.१२ प्रतिशत जनसङ्ख्या रोजगारीका लागि विदेशीएको देखिन्छ । युवा क्लब गठन गरी गाउँपालिका स्तरीय सञ्जाल निर्माण भएको छ र हाल ७ वटा युवा क्लब तथा सञ्जालहरू सक्रियरूपमा क्रियाशिल रहेका छन् । गाउँपालिकामा एउटा कवर्डहल, विद्यालय स्तरका १० वटा खेल मैदान रहेका छन् भने सक्रिय व्यावसायिक खेलाडी मध्ये राष्ट्रिय स्तरका २ र प्रदेश स्तरका ७ गरी ९ जना खेलाडीहरू रहेका छन् । गाउँपालिकामा विद्यालय स्तरमा अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम र पालिका स्तरीय खेलकुद प्रतियोगिता आयोजना हुने गरेको छ ।

यस गाउँपालिका बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् ।गाउँपालिकाका क्षेत्रमा मुख्य गरेर दसैं, तिहार, माघी, ल्होसार जस्ता पर्वहरू मनाउने गरिन्छ । विशेष गरी मगर, मुस्लिम, तामाङ, तथा गुरुङ समुदायले आफ्ना परम्परागत पर्वहरू मनाउने गर्छन् । सबै जातिहरूले आफ्नो संस्कृति


अनुरूपका चाडपर्व निकै महत्त्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । विभिन्न जातजातिहरूको छुट्टै संस्कृतिहरू हुँदाहुँदै पनि एकअर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो ।

## २.४ पूर्वाधार तथा सहरी विकासको अवस्था

गाउँपालिका ग्रामीण क्षेत्रको भौतिक पूर्वाधार विकास शुरुवाती अवस्थामा नै छ । व्यवस्थित भू—उपयोग योजना सहित योजनाबद्ध रूपमा विकास नभएकाले मिश्रित भू-उपयोगको व्यवस्थापकीय समस्या तथा चुनौती यस गाउँपालिकाले सामना गरिरहेको छ । गाउँपालिकाले हालै भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयनको चरणमा रहेकाले पूर्वाधार विकास भइसकेका क्षेत्रलाई क्रमशः वैज्ञानिक भू-उपयोगमा आधारित बनाउँदै लाने र नयाँ विकास हुने पूर्वाधारलाई सकारात्मक भू-उपयोगमा आधारित बनाउने लक्ष्य राखिएको छ । यसका आधारमा सहरी मापदण्ड अनुकूल पर्याप्त र गुणस्तरीय भौतिक पूर्वाधार, सम्बन्धित सेवाको भरपर्दो व्यवस्थापन र पहुँच सुनिश्चित गरी पैयूँलाई सुव्यवस्थित पूर्वाधारयुक्त गाउँपालिका बनाउने सपना देखिएको छ ।

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

परम्परागत रूपमा, न्यूनतम योजनाको आधारमा वस्ति एवं मानव गतिविधि विकास र बिस्तार भएको (organic settlement) र पहाडी भिरालो भूभागमा पर्ने हुँदा गाउँपालिका विकास पद्धति पनि परम्परागत छ । कतिपय वडाको हकमा मुख्य भूभाग बनले ओगटेको तथा कृषि प्रयोजनमा भोग चलन भइ आएको छ । ग्रामीण वस्तिहरू छरिए रहेका छन् ।





चित्र ८: जमिनको भिरालोपनाका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा

हालको बसोबास र अन्य भू—उपयोगको अवस्था विश्लेषण गर्दा जनसङ्ख्या, व्यावसायिक तथा प्रशासनिक क्षेत्र, ऐतिहासिक क्षेत्र, मूल वस्ति क्षेत्र आदिको आधारमा वडा न. ४ र ५ यस गाउँपालिका बजार केन्द्रित सहरी वडा हो । ग्रामीण बसोबास, कृषि तथा पशुपालन, बन क्षेत्र, अन्य प्राकृतिक स्रोत, र केही खानी/खनिज उत्खनन जस्ता गतिविधिले गर्दा गाउँपालिका कतिपय वडाहरू कृषि तथा प्राकृतिक स्रोत केन्द्रको रूपमा रहेका छन् ।


गाउँपालिका कुल क्षेत्रफलको करिब १.१४ प्रतिशत जमिन आवासीय क्षेत्रले ओगटेको छ भने सार्वजनिक क्षेत्रमा करिब १.८७ प्रतिशत भूमि रहेको देखिन्छ । गाउँपालिकाका करिब २२.४ प्रतिशत घरहरू पक्की संरचनाका छन् भने गाउँपालिका भरी मापदण्ड बमोजिम निर्माण भएको भवन करिब २५ प्रतिशत रहेको छ । गाउँपालिका भित्र करिब ४० वटा सामुदायिक भवनहरू रहेका छन् ।

गाउँपालिकाले प्राथमिकताको आधारमा सान्दर्भिक ऐन कानुन निर्माणको लागि सङ्घ तथा प्रदेशसँग समन्वय, मौजुदा ऐन, कानुन, मापदण्डलाई स्थानीय परिवेश सुहाउँदो गरी परिमार्जन/संशोधन, तथा आवश्यक ऐन कानुन निर्माण गर्ने योजना तय गरेको छ । पहाडी गाउँपालिका भएकोले, भौगोलिक जटिलतालाई र त्यसले निम्ताउन सक्ने प्रकोप तथा जोखिमलाई ध्यानमा राख्दै भवन निर्माण सम्बन्धी कानुन तथा मापदण्ड पनि स्थानीय परिवेशसँग मिल्दो बनाउन आवश्यक छ ।

## २.४.२ सडक, पुल तथा यातायात




चित्र ९: सडक विस्तारका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा



जिल्ला सदरमुकाम कुश्मा बजारबाट यो क्षेत्र टाढा भएता पनि सडक यातायातको पहुँचका हिसाबले गाउँपालिका सुगम मानिन्छ । गाउँपालिकाको केन्द्र रहेको हुवास बजारदेखि सबै अर्थात ७ वटै वडामा सडक सञ्जालको पहुँच विस्तार भएको छ । गाउँपालिकाको बाहिरी सम्बन्धलाई हेर्दा मध्य पहाडी राजमार्गसँग जोडिएको लोक मार्ग (शालिग्राम मार्ग) गाउँपालिकाको नजिक भएर गएको छ ।

हुवासबाट स्याङजाको वालिङ हुँदै पोखरा तथा तानसेन बुटवल (सिद्धार्थ राजमार्ग) सँग सिधा सम्बन्ध जोडिएकोले यस गाउँपालिको सडकसँगको पहुँच राम्रो मानिन्छ । हुवासबाट स्याङजाको वालिङसम्मको ग्रामीण सडकको स्तर उन्नति गर्न आवश्यक देखिएको छ भने हुवास बजारबाट रानीपानी बर्राचौर हुँदै जिल्ला सदर मुकाम कुश्मा तथा पोखरा जाने सडकको स्तर उन्नतिको कार्य पनि भइरहेको छ । त्यसैगरी गण्डकी प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा हुवास बजारबाट महाशिला गाउँपालिकाको लुँखु बजार हुँदै फलेवास जाने ग्रामीण सडकको स्तर उन्नतिको कार्य पनि हाल भइरहेको छ ।



गाउँपालिका पूर्वाधार शाखाको तथ्याङ्क अनुसार यस गाउँपालिका अन्तर्गतका सडकहरू मध्ये पक्की सडक १० कि.मी., ग्राभेल ५ कि.मी. र ११० कि.मी. कच्ची सडक रहेको छ । त्यसैगरी, ५ कि.मी. नयाँ ट्र्याक खोलिएको सडक सहित कूल १३० कि.मि. सडक सञ्जालमा जोडिएको छ ।

हालसम्म गाउँपालिका १५ कि.मी. सडक नाली निर्माण भएको छ । सडक पूर्वाधार विकास सँगै यसको गुणस्तरीय तथा दिगो व्यवस्थापन गाउँपालिका प्रमुख आवश्यकता को रूपमा रहेको छ ।

## २.४.३ विद्युत तथा वैकल्पिक ऊर्जा

गाउँपालिकाको घरधुरीहरूमा उज्यालोको प्रमुख स्रोत (९९.३३ प्रतिशत) विद्युत नै हो । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार ०.३१ प्रतिशत घर परिवारको सौर्य ऊर्जामा पहुँच रहेको देखिन्छ ।

**तालिका १३ः प्रकाशका लागि ऊर्जाको प्रयोगको स्थिति**

| वडा नं. | जम्मा | प्रकाशका लागि ऊर्जाको प्रयोग | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत | सौर्य ऊर्जा | मट्टीतेल | जैविक ग्यास | अन्य |
| १ | २८७ | २८७ | ० | ० | ० | ० |
| २ | ३९५ | ३९२ | ० | २ | ० | १ |
| ३ | ५२३ | ५२२ | ० | ० | १ | ० |

| वडा नं. | जम्मा | प्रकाशका लागि ऊर्जाको प्रयोग | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्युत | सौर्य ऊर्जा | मट्टीतेल | जैविक ग्यास | अन्य |
| ४ | ९०५ | ८९८ | ६ | १ | ० | ० |
| ५ | ३५६ | ३५१ | ० | ० | ० | ५ |
| ६ | ३८९ | ३८७ | ० | २ | ० | ० |
| ७ | ४१३ | ४०९ | ४ | ० | ० | ० |
| **जम्मा** | ३२६८ | ३२४६ | १० | ५ | १ | ६ |
| **प्रतिशत** | १००.०० | ९९.३३ | ०.३१ | ०.१५ | ०.०३ | ०.१८ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकाको कुल घरधूरी मध्ये करिब ७९ प्रतिशत घरधुरीले दाउरालाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गरिरहेका छन् भने २१.२७ प्रतिशत घर परिवारले एलपि ग्याँस प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैगरी ०.१२ प्रतिशतले विद्युतलाई खाना पकाउने इन्धनका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) ।

**तालिका १४: खाना पकाउने इन्धनको प्रकार**

| वडा नं. | जम्मा | खाना पकाउने इन्धनको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दाउरा | एलपि ग्याँस | विद्युत | गुइंठा | जैविक ग्याँस | मट्टीतेल | अन्य |
| १ | २८७ | २८२ | ४ | ० | ० | १ | ० | ० |
| २ | ३९५ | २४२ | १४६ | १ | ० | ६ | ० | ० |
| ३ | ५२३ | ४९३ | २९ | ० | ० | १ | ० | ० |
| ४ | ९०५ | ४४७ | ४५५ | २ | ० | १ | ० | ० |
| ५ | ३५६ | ३३९ | १६ | १ | ० | ० | ० | ० |
| ६ | ३८९ | ३७५ | १४ | ० | ० | ० | ० | ० |
| ७ | ४१३ | ३८१ | ३१ | ० | ० | ० | १ | ० |
| **जम्मा** | ३२६८ | २५५९ | ६९५ | ४ | ० | ९ | १ | ० |
| **प्रतिशत** | १०० | ७८.३० | २१.२७ | ०.१२ | ०.०० | ०.२८ | ०.०३ | ०.०० |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिका क्षेत्रका विभिन्न स्थानमा घर छेवैमा, सडकको सेटव्याक भित्र लगायत अव्यवस्थित रूपमा रहेका विद्युत पोल हटाउन बाँकी रहेको छ भने उपयुक्त उचाइ र मापदण्डका पोलको पर्याप्त व्यवस्थापन हुन पनि बाँकी रहेको छ । कतिपय स्थानमा विद्युतीय जोखिम विपद्को कारक समेत हुनसक्ने अवस्था महसुस गरिएको छ । गाउँपालिका बजार क्षेत्रमा विधुतिय तारहरू भूमिगत गर्नुपर्ने अत्यन्तै आवश्यक देखिन्छ ।

## २.४.४ सूचना, सञ्चार तथा प्रविधि

विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिँदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता महसुस गरी एकीकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट

कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

**तालिका १५: सञ्चारका उपकरणको उपलब्धता**

| वडा नं. | जम्मा | कुनै सञ्चारका उपकरण नभएको | कम्तीमा एउटा सञ्चारका उपकरण भएको | सञ्चारका उपकरणको प्रकार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | रेडियो | टेलिभिजन | ल्याण्डलाइन फोन | साधारण मोबाइल | स्मार्ट मोबाइल | कम्प्युटर | इन्टरनेट |
| १ | २८७ | ७ | २८० | ५४ | १३० | ० | २१९ | २१४ | ५ | २० |
| २ | ३९५ | ४ | ३९१ | १६० | २६२ | ५ | ३७९ | ३६५ | ४६ | ८२ |
| ३ | ५२३ | ७ | ५१६ | १२७ | २३९ | २ | ४४० | ४१४ | २५ | ११४ |
| ४ | ९०५ | ८ | ८९७ | १२० | ५६३ | ३४ | ७०६ | ७८९ | १३४ | ३२५ |
| ५ | ३५६ | ६ | ३५० | ७४ | १५६ | ६ | ३१२ | २२६ | ७ | ५ |
| ६ | ३८९ | १६ | ३७३ | ७४ | २३६ | १ | ३५१ | ३०७ | ११ | २३ |
| ७ | ४१३ | ५ | ४०८ | १३६ | २२२ | ० | ३९१ | ३४७ | १४ | १६ |
| **जम्मा** | ३२६८ | ५३ | ३२१५ | ७४५ | १८०८ | ४८ | २७९८ | २६६२ | २४२ | ५८५ |
| **प्रतिशत** | १००.०० | १.६२ | ९८.३८ | २२.८० | ५५.३२ | १.४७ | ८५.६२ | ८१.४६ | ७.४१ | १७.९० |


*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

पैयूँ गाउँपालिकामा ९८.३८ प्रतिशत परिवारले कुनै न कुनै किसिमको सञ्चार उपकरणहरू प्रयोग गरिरहेको अवस्था छ । वडाहरूमा ल्याण्डलाइन, मोवााइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । १७.९० प्रतिशत घरधुरीले इन्टरनेट सेवा प्रयोग गरिरहेका छन् (राष्ट्रिय जनगणना, २०७८) । गाउँपालिका एउटा एफ एम रेडियो तथा केही अनलाइनले सूचनाको सेवा प्रवाह गरिरहेका छन्। गाउँपालिकाको एक सार्वजनिक स्थलमा फ्री वाईफाई सेवा उपलब्ध भएको छ । अझ पनि करिब १.६२ प्रतिशत घर परिवारमा कुनै पनि सञ्चारका उपकरण नभएको अवस्था भने जटिल गरिबीको असर हुन सक्छ । सञ्चारको सेवाका लागि ताररहित प्रणाली प्रवर्धन गर्ने गरी सञ्चारको सेवा गाउँपालिका भित्रको सबै घर तथा व्यवसायसम्म पुऱ्याउने र यसको लागि चाहिने एन्टेना, पोल, तार तथा अन्य उपकरण स्थापनामा सहजीकरण समेत गर्ने तथा सञ्चार क्षेत्रलाई थप पहुँचयोग्य र जनमैत्री बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता


गाउँपालिकाको कुल क्षेत्रफलको १५.७१ प्रतिशत जमिन रुख बिरुवाले ढाकेको हरियाली वन क्षेत्र रहेको छ । यस गाउँपालिकामा समशीतोष्ण देखि शीतोष्ण क्षेत्रमा पाइने वन्यजन्तु तथा वनस्पतिहरू रहेका छन् । गाउँपालिकामा जम्मा ३० वटा सामुदायिक वनहरू उपभोक्तालाई हस्तान्तरण गरिएको छ । जैविक विविधताका हिसाबले अर्धोष्ण, समसितोष्ण, सितोष्ण हावापानीमा पाइने जीव तथा वनस्पतिहरूमा बाघ, भालु, बाँदर, ढेडु, स्याँल, लोखर्के, सर्प, दुम्सी, कालिज आदि मुख्य रूपमा रहेका छन् । वन क्षेत्रमा पाइने रिट्ठा, टिमुर, सतावरी, बोझो, कुरिलो, दालचिनी, तेजपात, गुराँस, चिउरी, सजिवन, लहरेगुर्जो, अमला, रुदिलो, तितेपाती आदि जडीबुटीहरू यस क्षेत्रमा उपलब्ध छन् ।  वनमा आधारित ७ वटा फर्निचर उद्योग छन् ।




चित्र १०: जमिनको मोहोडाका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा

कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएको हुँदा साना घरेलु उद्योगधन्दाको साथै जडीबुटी प्रशोधनसम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । तसर्थ यी वस्तुहरूको संरक्षण, उत्पादन तथा निकासी एवं व्यावसायिक खेती विकास सम्बन्धी कुनै पनि नीति नभएकाले सोको स्पष्ट नीति एवं कार्यविधि निर्माण आवश्यक छ । साथै जडीबुटीको उचित संरक्षण, व्यवस्थापन, खेती विकास र प्रशोधन एवं जडीबुटीको

सङ्कलन, ओसार—पसार तथा निकासीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउँदै रोजगारमुखी बनाउनु आवश्यक छ ।





चित्र ११: जङ्गलले ओगटेको क्षेत्रफलका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा

## २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

पैयूँ गाउँपालिका भू-उपयोगको अवस्था हेर्दा २.०९ प्रतिशत खोला तथा नदी नाला र ताल तलैया क्षेत्र रहेको देखिन्छ । आवासीय प्रयोजनका लागि करिब १.१४ प्रतिशत जमिन प्रयोग भएको छ भने सांस्कृतिक तथा पूरातात्विक क्षेत्रले ४.१४ हेक्टर क्षेत्र ओगटेको छ । कूल क्षेत्रफल मध्ये वन/जङ्गलले १५.७१ प्रतिशत ओगटेको छ । गाउँपालिकामा सबैभन्दा बढी क्षेत्र कृषियोग्य जमिनले ७५.०३ प्रतिशत क्षेत्र ओगटेको छ ।

पैयूँ गाउँपालिकाको बीच भाग हुँदै सेदीखोला बगेको छ भने बीचाबीचमा ठाडा खोलाहरू जस्तै शिवपुरी खोला, मर्दिखोला, भ्रमखोला, चिन्नेखोला, क्वार्दीखोला, धुवाखोला, गेडीखोला, मारुती, गहिराखोला आदि खोलाहरूका अतिरिक्त अन्य ठाडा खोलाहरू समेत रहेका छन् । यी खोलाहरूमा वर्षाको समयमा बाढी पहिरो आदिका कारण भू-क्षय हुन गई माटो सहित धमिलो पानी बग्ने गर्दछ । यी लगायत अन्य साना तथा वर्षामा मात्र बग्ने खोला खोल्सीहरू यहाँ धेरै छन् । यी सबै ठूला तथा साना खोला/खोल्सीहरूमा सङ्लो पानी बगाउन सके मात्र गाउँपालिका को भू-संरक्षण सम्बन्धी लक्ष्य पुरा भएको मानिन्छ । त्यसैगरी यहाँ विभिन्न स्थानहरूमा महत्त्वपूर्ण

पानीका मूलहरू सहित पोखरीहरू रहेका छन् तिनीहरूले गाउँपालिकाको लागि पानी जलाधारको रूपमा काम गर्दछन् । पैयूँ गाउँपालिकाभित्र रहेका पानीका स्रोतहरू धेरै जङ्गल तथा पाखा पखेरा भित्र रहेका छन् ।




चित्र १२: नदी, खोला तथा पानीको सतहले ओगटेको क्षेत्रफलका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा


यसरी प्राकृतिक सम्पदा एवं जैविक विविधताले सुसज्जित भएतापनि संरक्षणको अभावमा यी बहुमूल्य सम्पदाहरू मासिने क्रम बढ्दो छ । पोखरीहरूको सदुपयोग नभएको, मुहानहरू सुक्दै गएको जस्ता समस्याहरू देखा पर्दै आएको छ । साथै वृक्षारोपणको अभावमा भू-क्षय जस्ता प्रकोपले वनजङ्गलमा पनि क्षति भइरहेको छ । तसर्थ प्राकृतिक सम्पदाहरू प्रशस्त रहेतापनि यसको संरक्षणको अभावले गर्दा प्राकृतिक स्रोतहरू नाश हुँदै गइरहेको छ । तसर्थ प्राकृतिक स्रोतहरू जस्तै वनजङ्गल, जैविक विविधता तथा जलाधारहरूको दिगो व्यवस्थापन मार्फत आय र रोजगारी वृद्धि गरी गाउँपालिका समृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उद्देश्य एवं नीतिहरू विकास गरिनेछ ।

### २.५.३ वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

गाउँपालिका हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभए तापनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रवर्द्धन गर्ने, सौर्य ऊर्जालाई बढवा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामीण वडाहरूमा विधुतिय चुलो र बायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरूको सुरुवात भएको छ । गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको

प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । गाउँपालिका जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको प्रचलन यथावत् छ । यो सङ्ख्या कुल घरपरिवारको करिब ५४ प्रतिशत छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । पानीका स्रोत सुक्दै गएका छन् । वातावरणको प्रभावहरू क्रमशः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।



चित्र १३: भौगोलिक उचाइका आधारमा पैयूँ गाउँपालिकाको जिआइएस नक्सा

गाउँपालिकामा दिगो ल्याण्डफिल साइड को व्यवस्थापन हुन नसक्दा फोहरमैला व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोगहरूमा वृद्धि हुनुका साथै कुपोषण, तनाव, जस्ता समस्याहरू देखा पर्न थालेका छन् । खेती फसलमा कमी आएको छ । वातावरणीय प्रदूषणका प्रभावहरू क्रमशः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् । गाउँपालिका बजार क्षेत्रमा ट्याक्टर मार्फत फोहरहरू सङ्कलन गरी व्यवस्थापन हुने गरेको छ । बजार क्षेत्रमा फोहर सङ्कलनका लागि डस्टविनहरूको प्रयोग भएको छ । ग्रामीण क्षेत्रमा फोहरको आयतन घटाउनका लागि फोहरहरू जलाउने प्रवृत्ति हाल पनि

यथावत् नै रहेको छ । राजमार्ग क्षेत्र तथा फोहरहरू खोल्सा लगायत सार्वजनिक स्थलहरूमा समेत फाल्ने गरेकाले फोहरमैला तथा सरसफाइ गाउँपालिका लागि समस्याको रूपमा देखिँदै गएको छ ।

फोहरमैला व्यवस्थापन सम्बन्धी गाउँपालिकाद्वारा समय समयमा निर्देशनहरू एवं सूचनाहरू प्रवाह भएतापनि फोहरहरूको उचित व्यवस्थापन प्रक्रिया नभएको अवस्था रहेको छ । फोहोरहरूका कारण प्रदूषण भई वातावरण लगायत जनस्वास्थ्यमा समेत प्रतिकूल असर पर्दछ । सहरीकरण बढेसँगै ध्वनि प्रदूषणको समस्या सिर्जना हुन्छ । विशेषतः राजमार्ग, क्रसर उद्योग, कलकारखाना, बजार क्षेत्र नजिक यसको असर बढी देखिन्छ । यस क्षेत्रमा पुराना सवारी साधन, ट्याक्टरबाट निस्कने ध्वनि तथा प्रेशर हर्नका कारण ध्वनि प्रदूषण बढको पाइन्छ । पुराना सवारी साधन, कच्ची सडक, मोटरबाटाको धूलो, कलकारखाना जस्ता साधनको प्रयोगले धूलोहरू बढेको छ । साथै गाउँपालिका आंशिक रूपमा वायु प्रदूषणको समस्या समेत देखिन्छ । तसर्थ वायु प्रदूषण नियन्त्रणका लागि गाउँपालिकामा निर्देशिकासँगै अनुगमनको आवश्यकता रहेको छ ।

## २.५.४ महामारी तथा विपद् व्यवस्थापन

विपद् व्यवस्थापनका लागि गाउँपालिकाले स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गरेको छ भने यस सम्बन्धी क्रियाकलापहरू गर्न गाउँपालिका अध्यक्षको अध्यक्षतामा विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको छ । गाउँपालिका विपद् व्यवस्थापन कोषको स्थापना र वार्षिकरुपमा कोषको लागि रकम विनियोजन हुने गर्ने गरेको छ । गाउँपालिका आपत्कालिन सेवाका लागि महत्त्वपूर्ण मानिएको वारुण यन्त्र र यसको सञ्चालनका लागि जनशक्तिको आधारभूत व्यवस्थापन भएको छैन । गाउँपालिका द्वारा सञ्चालित २ वटा एम्बुलेन्स मार्फत सेवा प्रवाह भइरहेको भएपनि कतिपय स्थानमा बर्खाको समयमा यातायातको कारणले एम्बुलेन्स सेवा समेत सहज रूपमा उपलब्ध हुन कठिन रहेको छ । आपत्कालिन आश्रय स्थलको रूपमा प्रयोग गर्नको लागि गाउँपालिका खुला स्थान, सामुदायिक भवन र केही पार्कहरू रहेका छन् ।

वि.सं. २०७२ सालको भूकम्पबाट आंशिक रूपमा प्रभावित तनहुँ जिल्लामा अवस्थित यस पैयूँ गाउँपालिका भूकम्प, पहिरो, आगलागी, विद्युतीय खतरा, सडक दुर्घटना, चट्याङ, असिना पानी, महामारी, जङ्गली जनावरको आतङ्क जस्ता विपदहरूबाट जोखिममा रहेको छ । धनजनको क्षतिको हिसाबले ठूलो विपद्को सामना गर्नु नपरेको भएपनि वर्षेनी विभिन्न स्तरका पहिरो र भू—क्षयको प्रभाव भने गाउँपालिका देखिने गरेको छ । पैयूँ गाउँपालिकाभित्र रहेका बजार क्षेत्रहरू जस्तै हुवास बजार, अर्थुन बजार, सरौंखोला, भोर्ले आदि बजारहरू सेदीखोलाका किनारमा अवस्थित छन् । यी वस्तिहरू लगायत यहाँका धेरै वस्तिहरू भिराला र ठाडा खोलाहरूको चेपुवामा पर्दै आएका छन् । पालिकाका संवेदनशील क्षेत्रहरू विशेष गरी पहिरो र नदी कटानका कारण जोखिममा छन् भने भूकम्प र डढेलो यहाँका थप चुनौतीहरू हुन् । यहाँ वर्षेनी मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ । विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका स्थानीय तथा समुदायस्तरका ज्ञान, सीप र सम्यन्त्रको कमी रहेको छ । प्रमुख वस्तिहरूमा सामुदायिक आश्रय स्थलहरू रहेका छैनन् । यस क्षेत्रमा जलवायु परिवर्तनज्यू जोखिम उच्च भएता पनि जलवायु परिवर्तन अनुकूल कृषि बाली तथा प्रणालीको विकास र विस्तार हुन सकेको छैन।

प्रकोप एवं जलवायु परिवर्तन, विपद् व्यवस्थापन कोष, विपद् प्रतिकार्य टोली, आपत्कालिन योजना, आपत्कालिन नम्बरहरू लगायत विपद्का विविध पक्षहरूबारे वडाबासीहरूमा जानकारीको कमी रहेको छ । युवाहरूमा लागू

पदार्थ सेवन एवं मादक पदार्थ सेवनको समस्या पनि बढ्दो नै रहेको छ । गाउँपालिकामा कच्ची घरहरू जोखिममा छन् भने, अव्यवस्थित विद्युतीय नाङ्गो तारहरूले गर्दा पनि बस्तीहरूमा जोखिम बढिरहेको छ यसका साथै बजार क्षेत्रमा सडक दुर्घटना पनि अत्यन्त बढ्दै गइरहेको छ ।

गाउँपालिकामा पर्याप्त रूपमा खेतीयोग्य जमिन रहेको साथै कृषि एवं पशुपालनको संभावना प्रचुर मात्रामा रहेका छन् । तर जङ्गल नजिक बस्ती एवं खेत भएका कारण किसानहरूले बाँदर, चितुवा जस्ता जङ्गली जनावर आतङ्कको समस्या भोग्नु परेको छ । जङ्गली आतङ्कले गाउँपालिकाका प्रायजसो सबै वडाका बासिन्दाहरूलाई असर गरेको छ र सबै वडाहरूमा यो एउटा प्रमुख समस्याको रूपमा स्थापित भएको छ । तसर्थ जङ्गली आतङ्कले जनजीवनमा नै असर गरेको साथै कृषि उत्पादनमा ह्रास ल्याएको कारणले जङ्गल एवं जङ्गली जनावरको सुरक्षा सँगै उपयुक्त उपायहरूको खोजी गर्नु नितान्त आवश्यक भएको छ ।

## २.६ सुशासन तथा संस्थागत व्यवस्था

### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

पैयूँ गाउँपालिकाले पहिलो र दोस्रो जननिर्वाचित पदाधिकारीको करिब सात वर्षको कार्यकालमा स्थानीय नीति, ऐन तथा सुशासनको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको छ । हालसम्म गाउँपालिकाद्वारा स्वीकृत नीति तथा कानुनको सङ्ख्या ८७ पुगेको छ जसमा ऐन, नीति, नियम, आचारसंहिता, निर्देशिका र कार्यविधि तथा मापदण्ड तयार भइ कार्यान्वयनको अभ्यासमा रहेका छन् । गाउँपालिका सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न गाउँ  कार्यपालिकामा १० वटा विभिन्न नीतिगत विषयगत समिति तथा संयन्त्रहरू रहेका छन् ।

सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, विषय योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्द्धन को लागि सार्वजनिक सुनुवाइ गर्ने, आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने, योजनाहरूको सार्वजनिक परीक्षण गर्ने, टोल तथा बस्ती स्तरबाट योजना छनौट, ई—हाजिरीको व्यवस्था, विद्युतीय सूचना प्रणालीको विस्तार जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन् ।



गाउँपालिका शासकीय अभ्यासलाई पारदर्शी र सहभागीतामूलक बनाउन विभिन्न प्रयास गरिरहेको छ । उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजना कार्यान्वयन कार्यविधि २०७४, गाउँपालिकाका पदाधिकारीहरूको आचार संहिता २०७४ तथा सङ्घीय सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयन जस्ता कानुनी औजार मार्फत गाउँपालिकाको विकास र सेवा प्रवाहको विधिलाई पारदर्शी र जबाफदेही र सहभागिता मूलक बनाउने प्रयास गरेको छ । पारदर्शी, जबाफदेही, उत्तरदायी र सहभागीतामूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवा सहितको सदाचारयुक्त शासन प्रणालीलाई संस्थागत गर्न गाउँपालिका प्रयासरत छ । तथापि सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मासाथ गरी गाउँपालिका र गाउँपालिकाबासी बीचको परस्पर विश्वास कायम हुने गरी गाउँपालिकाबासीलाई सुशासन र जनउत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता गाउँपालिकाले महसुस गरेको छ ।

सेवा प्रवाहको विधि र प्रक्रियालाई छिटो र सहज बनाउन आधुनिक प्रक्रियामा आधारित विद्युतीय शासन प्रणालीको विकास र विस्तार गर्दै नागरिकका तहसम्म सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने र आम नागरिकमा सुशासनयुक्त स्थानीय शासनको अनुभूति गराउने गरी पैयूँलाई सुशासनयुक्त गाउँपालिका पहिचान दिलाउने लक्ष्यका साथ नीतिहरू तय गरिएको छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउँदै लगिएको छ

। उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि योजना सफ्टवेयर सञ्चालनको तयारीमा रहेको छ । सुशासनका प्रवर्धनका लागि नागरिक वडा पत्र, सूचना पाटी, गुनासो पेटिका, सि.सि. क्यामेरा जडान लगायत रहेका छन् । प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई क्षमता विकास तालिम र अध्ययन अवलोकन भ्रमणको व्यवस्था गरिएको छ । सबै सूचनाहरू गाउँपालिका वेबसाइटमा प्रकाशन र अद्यावधिक गर्ने गरिएको छ । सुशासनकालागि सङ्घीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, गाउँपालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ ।

## २.६.२ सङ्गठनात्मक विकास

गाउँ सभा पैयूँ गाउँपालिकाको सर्वोच्च निकायको रूपमा रहेको छ जसप्रति गाउँ कार्यपालिका उत्तरदायी हुने गर्दछ । गाउँसभा अन्तर्गत लेखा समिति, विधायन समिति तथा सुशासन समितिको व्यवस्था गरिएको छ । यसैगरी गाउँ कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत गाउँपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् । नेपाल सरकार, प्रदेश सरकार र सहयोगी निकायहरूको सहयोग र सहजीकरणमा सङ्घीय शासन प्रणाली, कानुन निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा सम्बन्धमा पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्यहरू गरिएको छ ।

गाउँपालिका कार्यपालिकाको प्रमुखको रूपमा गाउँपालिका अध्यक्ष र उपप्रमुखको रूपमा गाउँपालिका उपाध्यक्ष (निर्वाचित पदाधिकारी) रहने व्यवस्था गरिएको छ । यसैगरी उपाध्यक्षले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहि आएको छ । कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत गाउँपालिका अध्यक्ष प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले गाउँ सभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज गाउँ सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा सामान्य प्रशासन शाखा, पूर्वाधार शाखा, स्वास्थ्य तथा सामाजिक विकास शाखा, योजना बजेट तथा सूचना प्रविधि शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, आर्थिक विकास शाखा, आर्थिक प्रशासन शाखा लगायतका शाखा र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

नेपाल सरकारबाट सिफारिस सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी लागू गरी प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरू गठन भई क्रियाशिल रहेका छन् । गाउँ कार्यपालिका कार्यालयमा शाखा, उपशाखा, एकाइ/सेवा केन्द्रहरू स्थापना भई सुचारु रहेका छन् । पैयूँ गाउँपालिकाको गाउँ कार्यपालिकाको प्रशासकीय नयाँ भवन छाङमा र ७ वटै वडा कार्यालयहरू आफ्नै भवनमा सञ्चालनमा रहेका छन् । पैयूँ गाउँपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी गाउँ कार्यपालिकाका लागि नयाँ दरबन्दी सिफारिस भएपनि पूर्ण कार्यान्वयनमा भने आउन सकेको देखिँदैन । कर्मचारीले गाउँपालिका कामलाई चुस्त दुरुस्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको पाइन्छ ।

### २.६.३ स्रोत परिचालन

श्रोत परिचालनका लागि वार्षिक रूपमा आर्थिक ऐन तथा विनियोजन ऐन, व्यवसाय दर्ता, वर्गीकरण र नवीकरण, सम्पत्ति कर व्यवस्थापन कार्यविधि निर्माण भई कार्यान्वयन भइरहेका छन् । गत आ. व. मा गाउँपालिकाले सङ्घ सरकारबाट वार्षिक रु. ३० करोड ९४ लाख ८४ हजार तथा प्रदेश सरकारबाट वार्षिक रु. १ करोड ९२ लाख ५१ हजार भन्दा बढी अनुदान रकम प्राप्त गरी लगानी गर्न सफल भएको छ । गाउँपालिकाले कुल बजेट मध्ये ४० प्रतिशत पुँजीगत र ६० प्रतिशत चालूमा खर्च गरेको देखिन्छ ।

गाउँपालिका नेपाल सरकार प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारबाट बाँडफाँट भई आउने राजस्व र अन्तर सरकारी वित्त हस्तान्तरणको रकम प्राप्त गर्न समन्वय र पैरवी गरी सार्वजनिक स्रोत परिचालन गर्न ध्यान दिएको छ । गाउँपालिकाले आ.व. ०७९/८० मा आन्तरिक आयबाट रु. ६९ लाख ९३ हजार, सङ्घ सरकार र प्रदेश सरकार गरी राजस्व बाँडफाँटबाट रु. ४ करोड ५४ लाख ७८ हजार स्रोत परिचालन गरेको छ । यस गाउँपालिका कुल बजेटमा आन्तरिक स्रोतको योगदान ११.५ प्रतिशतको हाराहारीमा रहेको छ ।

### २.६.४ योजना व्यवस्थापन

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्य नीतिसहितको योजना आवश्यक पर्दछ त्यसैले यस गाउँपालिकाले पनि नेपालको सोह्रौं योजना तथा गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (तर्जुमा चरणमा रहेको) का आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति हुने गरी आफ्नो दोस्रो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र गाउँपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ ।

राज्य पुनर्संरचना मार्फत पैयूँ गाउँपालिका स्थापना भएसँगै यस गाउँपालिकाले प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यवस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको छ । उपाध्यक्षको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा गाउँ सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ ।

योजना व्यवस्थापनको क्षेत्रमा यस गाउँपालिकाले विभिन्न योजना तर्जुमा, कार्यान्वयन तथा योजना अनुशासन कायम गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको देखिन्छ । पहिलो आवधिक विकास योजना, आवधिक पर्यटन विकास योजना, राजस्व सुधार कार्ययोजना तर्जुमाका साथै महत्त्वपूर्ण आयोजनाको डि.पि.आर. तयार भई कार्यान्वयनमा रहेका छन् । सहभागीतामूलक योजना तर्जुमाको अभ्यास गरी गाउँ सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेबसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । सङ्घीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विकास कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन भइ रहेका छन् । स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्थाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सो अनुसार प्रक्रिया तथा नियम पालना र अनुगमनको अभ्यास समेत भइरहेको देखिन्छ ।

# परिच्छेद-तीनः सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राज्य पुन संरचना गर्दा तीन तहका सरकारहरूले निभाउनु पर्ने जिम्मेवारी र अधिकारहरूलाई सूचीकृत गर्दै शासकीय संरचनाको व्यवस्था गरिएको हो । संविधानको अनुसूची ५ मा सङ्घका एकल अधिकारहरू, अनुसूची ६ मा प्रदेशका एकल अधिकारहरू, अनुसूची ७ मा सङ्घ र प्रदेशका साझा अधिकारहरू, अनुसूची ८ मा स्थानीय तहका एकल अधिकारहरू र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकारहरू स्पष्ट रूपमा खुलाइएको छ ।

मुलुकको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, मानवीय लगायतका समग्र क्षेत्रहरूमा विकासका लागि उपलब्ध सीमित साधन र स्रोतबाट अधिकतम प्रतिफल प्राप्त गर्न अख्तियार प्राप्त निकायबाट तर्जुमा र स्वीकृत गरी योजना दस्तावेजको रूपमा भविष्यका लागि कार्यान्वयनमा लैजाने अभ्यास नेपालमा धेरै पुरानो भने होइन । नेपालमा योजनावद्ध विकासको शुरूवात वि.सं.२०१३ सालदेखि भएको हो । विगतमा केन्द्रिय योजना मात्र बन्ने गरेकोमा सङ्घीय शासन व्यवस्थाको सुरूवात पछि प्रदेश र स्थानीय सरकारहरूले आवधिक योजना तर्जुमा गर्ने गरेका हुन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यमकालीन, रणनीतिगत, आवधिक, वार्षिक, विषय क्षेत्रगत, विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । सङ्घीय संविधानको क्रियाशीलता, राज्यको पुनसंरचना र तीनै तहको निर्वाचन पश्चात तत्कालीन स्थानीय निकायहरू स्थानीय तहको सरकारको रूपमा क्रियाशील भएका छन् । संविधानतः तीनै तहका सरकारहरू एकल अधिकार क्षेत्रको हकमा स्वायत्त रूपमा बिधायिकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन भने साझा अधिकार क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशील हुनु पर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानद्वारा प्रदत्त एकल तथा साझा अधिकारक्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी बित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग ऐन २०७४ जस्ता कानुनहरूले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएको छ भने अर्कातिर गाउँपालिका तथा नगरपालिकाहरूलाई स्थानीयस्तरको विकासका लागि आफ्नो एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्न निर्देशित गरेको छ ।

योजनाबद्ध विकास सन्तुलित, दिगो र समन्यायिक विकासको आधार हो । आवधिक योजनाले विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्न मार्ग प्रशस्त गर्नेछ । पैयूँ गाउँपालिकाको आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेश बीचमा अन्तर सम्बन्ध कायम गरी नागरिकको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्न सहायता गर्ने छ । यो योजना विकास र समृद्धिको रूपरेखा मात्र नभएर गाउँपालिका क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृति बीचको तालमेलको रूपरेखा पनि हुनेछ । राष्ट्रिय एवं प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा गाउँपालिका विकासका सरोकारवालाहरूको साझा प्रतिबद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्त्वपूर्ण हुनेछ ।

योजना तयार गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादाम्यता हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्ने कार्यमा जोड दिइएको छ । आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान गर्दछ । त्यस्तै स्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाका समेत तयार गर्दछ । मध्यमकालीन खर्च संरचना तथा वार्षिक योजना तर्जुमाको मूल आधारका रूपमा रहेको आवधिक योजनाले योजना अनुशासन कायम राख्न समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्नेछ । पैयूँ गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचका साथै तत्काल कार्यान्वयन गर्न सकिने गरी कार्यक्रम तर्जुमा गर्ने प्रयास गरिएको छ । दीर्घकालीन सोचलाई गाउँपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत लिन सकिन्छ । दीर्घकालीन सोचले गाउँपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा पैयूँ गाउँपालिकाको दीर्घकालीन सोच तयार पारिएको छ । सोहि सोचका साथ लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तयार गरिएका छन् । यस आवधिक योजना तर्जुमा गर्दा स्थानीय भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्य मान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषणका आधारमा गरिएको छ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

<u>समस्याहरू</u>

१. योजना कार्यान्वयनको सन्दर्भमा योजना तर्जुमा प्रक्रियाबाट आएका योजनाहरू भन्दा राजनैतिक भागबन्डामा आएका योजनाहरूले प्राथमिकता पाउनु ।
२. स्थानीय सरकारमा योजना तर्जुमा सहित आवधिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्ति र दृढ इच्छा शक्तिको अभाव ।
३. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्कोतर्फ स–साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु ।
४. नेपालमा पहिलो पटक २०५५ सालमा तर्जुमा भइ लागू भएको स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले विकास योजनाको प्रारूप तथा प्रक्रिया तलदेखि माथि (Bottom of Approach) सहित जनता केन्द्रित विकासमा जोड दिँदै आएको भए ता पनि हालसम्म पनि तीनै तहका सरकारले पुरै आत्मसाथ गर्न नसकेको अवस्था ।
५. स्थानीय तहमा आवधिक योजनालाई हुबहु कार्यान्वयन गर्न राजनैतिक इच्छा शक्ति अभि प्रेरित हुन नसकेको अवस्था ।
६. योजना तर्जुमा प्रक्रियामा स्थानीय सरकार अन्तर्गत गठित विषयगत समितिको भूमिका सशक्त हुन नसक्नू ।

७. योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु ।
८. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणमा ठोस कार्यक्रम कार्यान्वयनमा समस्या ।
९. गाउँपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा गाउँपालिका बाह्य स्रोतमा निर्भर रहनु पर्ने अवस्था ।
१०. पैयूँको कृषि र पर्यटन क्षेत्रको विकास र विस्तारका लागि वृहत्तर क्षेत्रगत योजना तयार हुन सकेको छैन।
११. उत्पादन भएका वस्तुहरूको बजार र मूल्य निर्धारणको समस्या देखिएको छ ।
१२. शिक्षा र स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको समाधान नै विकासको ठुलो समस्याको रूपमा देखिएको छ ।
१३. विपद् व्यवस्थापन र वातावरणीय संरक्षण जस्ता सवालहरूलाई समस्याको रूपमा हेरिनु ।
१४. विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिएको छ ।
१५. एक वडा एक नमुना (पहिचान) का कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन ।
१६. विकासका पूर्वाधारहरूको समान वितरण हुन सकेको अवस्था छैन ।

**<u>चुनौतीहरू</u>**

पैयूँ गाउँपालिकामा सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावना सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको स्थानीय स्तरमा (वस्ति स्तरमा) योजना तर्जुमा प्रक्रिया पछ्याउँदै आर्थिक स्रोतको व्यवस्था गरी सुशासन र दिगो किसिमको भौतिक पूर्वाधारको निर्माण सँगै मानव संसाधन विकासमा वृद्धि गर्नु रहेको छ ।

१. गाउँपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत तथा साधन र आर्थिक स्रोतहरू समान रूपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्ने ।
२. नेपालको संविधान तथा प्रचलित कानुन अनुसार समता मूलक तथा समावेशी विकासका गतिविधिहरूमा जोड दिने ।
३. जन केन्द्रित विकासका योजनाहरू पहिचान सहित कार्यान्वयनमा आउने कार्य ।
४. ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइ सर्ने प्रवृत्तिलाई व्यवस्थापन गर्ने ।
५. स्थानीय सरकारहरू राजनैतिक भागबन्डामा भन्दा योजना तर्जुमाको प्रक्रियामा बढी केन्द्रित हुने ।
६. स्थानीय सरकारको राजस्व सङ्कलनमा तीव्रता ल्याइ जन अपेक्षा तथा जन चाहना अनुसारका कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
७. गाउँ पालिका मा रहेको धेरै कृषि योग्य भूमिमा पर्याप्त सिँचाइ सहित आधुनिक करण, प्रविधि युक्त र यान्त्रिकीकरण गर्ने
८. गाउँपालिकाका सबै वडाहरूमा निर्माण भएको ग्रामीण सडकको स्तर उन्नति गर्ने ।

९. पर्यटकीय विकासको सम्भावना बोकेका पदयात्रा, पहाडी फाँटहरू र गुफा लगायतका ऐतिहासिक क्षेत्रमा पर्यटन विकासका पूर्वाधारहरूको विस्तार गर्ने ।
१०. गाउँपालिकाका विभिन्न वडाहरूमा व्यावसायिक रूपमा उत्पादन हुँदै आएको सुन्तला लगायतका फलफूल तथा तरकारीहरूको उचित रूपमा बजार व्यवस्थापन गर्ने ।
११. गाउँपालिकामा रहेका सामुदायिक वन क्षेत्रमा वर्षेनी लाग्ने डढेलोका कारण ठूलो वन क्षेत्र, चरिचरन क्षेत्र, महत्त्वपूर्ण जडीबुटी, वन्यजन्तु लोपोन्मुख हुने अवस्थाको अन्त्य गर्ने ।
१२. स्थानीय स्रोत, साधन, जडीबुटी आदिको उचित प्रयोग व्यवस्थापन र संरक्षण गर्ने ।
१३. ऐतिहासिक तथा धार्मिक सम्पदा स्थलहरूको संरक्षण र संवर्द्धन गर्ने ।
१४. घट्दो जन्म दर तथा बढ्दो बसाँइसराइलाई नियन्त्रण गरी गाउँपालिकाको जनसङ्ख्या वृद्धि दरलाई यथावत राख्ने।
१५. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्ने ।
१६. सबै गाउँबासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने ।
१७. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्ने ।

### ३.३ प्रमुख सम्भावना तथा अवसर

आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर गाउँपालिकालाई प्राप्त भएको छ । यस गाउँपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छः

१. गाउँ पालिका भित्र सबै क्षेत्र, वर्ग, लिङ्ग, जात जाती सहितको समावेशी स्थानीय जनप्रतिनिधिहरूको नेतृत्व हुनु ।
२. स्थानीय सरकारमा कर्मचारी दरबन्दी अनुसारको पद पूर्तिको व्यवस्था हुनु ।
३. नेपालको संविधानले जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय सरकारको व्यवस्था गर्नु ।
४. विकासको मूल धारबाट पछि परेका वर्गहरू पनि विकासका गतिविधिहरूमा सचेत र सक्रिय हुँदै आउनु ।
५. भोर्ले देखि सेदी बेणी बजारसम्म बगेको तथा सबै वडाहरू छोएको सेदी खोलामा दायाँ बायाँ तटबन्ध सहित चेक ड्याम तयार गरी खोलाको दुवै साइटमा वृक्षारोपण सहित पैदल मार्ग निर्माण गरी खोलामा बहु उपयोगी प्रयोजन (स्टिमर, खोलाजन्य पदार्थको उत्खनन, माछा मार्ने कार्य सहित पर्यटक आकर्षण गर्ने कार्यक्रमहरू) का कार्यक्रमहरू सञ्चालन गर्न सकिने
६. खानेपानी तथा सिँचाइको लागि मर्दीखोलालाई उपयोग गर्न सकिने ।
७. गाउँपालिका को केन्द्र रहेको हुवास बजार पर्वत जिल्लाको जिल्ला सदरमुकाम कुश्मा बजार पछिको दोस्रो ठूलो बजार भएका ले यहाँ उत्पादित कृषि तथा गैर कृषि उपजलाई बजारसँग जोड्न सकिने ।

८. कृषि जन्य तथा पशु जन्य उत्पादनलाई व्यावसायिकरण, यान्त्रिकरण, बजारीकरण सहित उच्च प्रविधिको प्रयोग गर्न सकिने प्रशस्त खाली जमिन रहेको ।

९. यहाँ दिनानुदिन बढ्दै र फैलिदैं गएको सामुदायिक वनलाई कृषि वनको रूपमा विकास गर्न सकिने सम्भावना रहेको ।

१०. नगदे वालिहरू अम्रिसो, अलैंची, दूध, सुन्तला, कागती, कफी, लगायतका बस्तुहरूको उत्पादनको लागि उपयुक्त ठाउँहरू रहेका ।

११. गाउँपालिकाको सबै भुभागमा आलु  खेती तथा किवी खेतीलाई व्यवसायी करण गर्न सकिने बलियो सम्भावना रहेको ।

१२. वडाभित्र रहेका धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्त्व बोकेका स्थानहरू जस्तै  बाघखोर गुफा, ट्यालटुङ पिकनिक स्थल, मित बराजु मन्दिर, नायवसाहेव मन्दिर (दरबार) शब्द चिन्तन तथा शिव मन्दिर र योगा आश्रम आदिको स्तर उन्नति योजना बनाई कार्यान्वयन गर्न सकिने ।

१३. यहाँको उत्पादनको लागि नजिकका बजारहरू जस्तै स्याङजाको वालिङ बजार, गल्याङ बजार पर्वतको सेदीबेनी बजारसँग समन्वय गर्न सकिन्छ ।

१४. प्राकृतिक तथा अन्य आर्थिक स्रोतहरूको परिचालनबाट पैयूँबासीको जीवनस्तरमा सुधार ल्याउन सकिने अवस्था रहेको छ ।

१५. गाउँपालिकाका सबै वडाहरूमा सडक सञ्जाल, सञ्चार तथा विद्युतीकरण जस्ता विकासका आधारभूत पूर्वाधारहरूको थप स्तर उन्नति गरी  बजार उन्मुख वस्तिहरूमा वृद्धि गर्ने सम्भावना रहेको छ ।

१६. पशुपालन व्यवसायको माध्यमबाट वडा नं. १ टकलाकको खर्क, सिंगारकोट, वडा नं. २ नेकर्गा, माथिल्लो भर्मा, तल्लो भर्मा, वडा नं. ३ उपल्लो दुक्ताङ, तल्लो दुक्ताङ, वडा नं. ४ गल्छिना, गाडखोला,दाङसेडाँडा, विस्तारेडाँडा, वडा नं. ५ काउले, चिसापानी, वडा नं ६ काहुँ, हाडीखर्क, मगरगाउँ, मुसुरवारी, सिल्ले, वडा नं. ७ दाङसिङ,खानडाँडा, गुरुङ गाउँ, इकाङ, आदि स्थानहरू बाख्रा पालन तथा किवी खेतीको लागि उपयुक्त मानिन्छन् । त्यसैगरी गाउँपालिकाको तल्लो भाग तथा बजार उन्मुख क्षेत्र जस्तै घैयाखेत, त्रिवेणी, अर्थुङ, मैदान, हातेमालोचोक, हुवास, मर्दीखोला, चिसापानी, देउराली, जैविरे, सरौंखोला, भोर्ले आदि ठाउँहरूमा कुखुरा फर्म, बंगुर फर्महरू सञ्चालन गर्न सकिने सम्भाव्य ठाउँहरू हुन् । धान खेतीको लागि सरौंखोला, छत्तिसे, चिलुवा, बखारे आदि प्रमुख स्थानहरू हुन् । यहाँको स्थानीयवासीमा देखिएको उत्साह अनि विकास तथा समृद्धि प्रतिको चाहनालाई संस्थागत गर्दै स्रोत र साधनको उचित परिचालन मार्फत योजना गत रूपमा अघि बढ्न सकेमा यहाँको विकासको गति तीव्र बन्न सक्ने देखिन्छ ।

## ३.४ सोच, लक्ष्य तथा उद्देश्य

दिगो विकास लक्ष्य, सङ्घीय सरकारको १६औं योजनाको लक्ष्य, गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजनाले किटान गरेका लक्ष्य उद्देश्यहरू संग तादम्यता कायम गरी पैयूँ गाउँपालिकाको पञ्चवर्षिय आवधिक विकास योजना तयार गरिएको छ । गाउँपालिकाको नेतृत्व, राजनीतिक दलहरूको सुझाव, विषयगत शाखा तथा विकासका स्थानीय स्तरका सरोकारवालाहरूको सहभागितामा पैयूँ गाउँपालिकाको करिब २५ वर्षसम्मको समग्र विकास प्रक्रियालाई मार्गदर्शन प्रदान गर्ने उद्धेश्यको साथ दीर्घकालीन सोच तयार गरिएको छ ।

**दीर्घकालीन सोच**

"........................................... "

**लक्ष्य**

सामाजिक, आर्थिक, भौतिक र पर्यटन क्षेत्रको विकास गरी प्रविधि मैत्री एवं सुशासन युक्त समृद्ध पैयूँ निर्माणको आधार तयार गर्ने ।

**उद्देश्य**

१. दिगो र सुरक्षित वस्ति निर्माणका साथै यातायात, सञ्चार र सूचना प्रविधिको सेवालाई सहज, भरपर्दो, सर्व सुलभ र गुण स्तरीय बनाउनु,

२. गुण स्तरीय स्वास्थ्य र शिक्षा मार्फत समावेशी, सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील नागरिक उत्पादन गर्नु,

३. कृषिको आधुनिकीकरण, व्यावसायिकरण तथा प्रतिस्पर्धात्मक क्षमताको माध्यमद्वारा स्थानीय आय आर्जन र रोजगारीमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्नु,

४. गाउँपालिकाको सुशासन तथा संस्थागत विकासको लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गरी सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउँदै सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु,

५. हरियाली प्रवर्द्धन सहित सफा, स्वच्छ वातावरण मैत्री विपद् व्यवस्थापन सहितको गाउँपालिका निर्माण गर्ने ।

## ३.५ निर्देशक सिद्धान्त

गाउँपालिकाको उल्लेखित दीर्घकालीन सोचलाई साकार पार्न बदलिदो राजनैतिक, सामाजिक र कानुनी आधार र सङ्घीय सरकारको १६औं योजना र गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजनालाई समेत ध्यानमा राखेर निम्न विकासको निर्देशक सिद्धान्तहरू तय गरिएको छ । पैयूँ गाउँपालिकाको योजना तर्जुमा प्रक्रिया, आवधिक पञ्चवर्षीय योजना तर्जुमा र यसको कार्यान्वयनका अतिरिक्त यसबाट प्राप्त लाभ/लाभांश वितरणका लागि समेत यी निर्देशक सिद्धान्तहरू मार्गदर्शकका रूपमा रहने छन् ।

**तालिका १६: पैयूँ गाउँपालिकाका निर्देशक सिद्धान्तहरू**

| | |
|---|---|
| **१. स्थानीय अर्थतन्त्रको विकास र विस्तार** | सङ्घ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्यको माध्यमद्वारा स्थानीय अर्थतन्त्रको विकास र विस्तार गरी समृद्धिको आधार तयार गरिनेछ । |
| **२. व्यवस्थित भू—उपयोग र योजनाबद्ध विकास** | राष्ट्रिय भू उपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू—उपयोग योजना तर्जुमा र सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानुनी र नीतिगत व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| **३. कृषि, पर्यटन, संस्कृति र सम्पदा, ऊर्जा, र पूर्वाधार विकासमा उच्च प्राथमिकता** | व्यावसायिक कृषिको विकास, पर्यटन, जलविद्युतको क्षेत्रको विकास एवं स्थानीय अर्थतन्त्र सहित पूर्वाधारको विकासद्वारा समृद्धिको आधार तयार गरिनेछ । |
| **४. व्यवस्थित भू–उपयोग र योजनाबद्ध विकास** | राष्ट्रिय भू उपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू–उपयोग योजना तर्जुमा र सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानुनी र नीतिगत व्यवस्था गरिनेछ। |
| **५. उत्पादनमूलक, जलवायु तथा विपद् उत्थानशील पूर्वाधार** | भू उपयोग योजनाको आधारमा बस्ती तथा भौतिक पूर्वाधार विकास एकीकृत योजना तर्जुमा गरी सो अनुसार पूर्वाधार विकास गरी सुविधा अभिवृद्धि गरिनेछ । पूर्वाधार लगायतका संरचना निर्माण गर्दा उत्पादन तथा आयमूलक क्षेत्रमा जोड दिने नीति अवलम्बन गरिनेछ । साथै पूर्वाधार निर्माण गर्दा रिचार्ज पोखरी, बाँध निर्माण जस्ता जलवायु अनुकूलन आयोजनामा विशेष प्राथमिकता दिने तथा संरचना निर्माण गर्दा वातावरण संरक्षण ऐन तथा नियम अनुसार वायोइञ्जिनियरिङ्ग र संरक्षण सम्बन्धी प्रविधिको प्रयोगमा जोड दिइनेछ । |
| **६. प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापन** | गाउँपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी, सरसफाइ लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजामूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ। |
| **७. अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः** | पूर्वाधार निर्माण, सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धिलाई प्रभावकारी बनाइनेछ । कृषि, पशुपालन, सेवा प्रवाह उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इञ्जिनियरिङ्ग जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी संस्थासँग सहकार्य गरी करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाइनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ । |
| **८. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धन** | सुशासन, विकास र समृद्धि सहितको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूर्व सर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा वहिष्करण अन्त्य, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जबाफदेहीता सहितको उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गईरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अवलम्बन र सामाजिक जबाफदेहीता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिनेछ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी रहनेछ । |
| **९. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन** | विकास व्यवस्थापन प्रक्रियालाई सूचना, सञ्चार तथा ज्ञानमा आधारित नतिजामूलक बनाइनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ । |
| **१०. वन र वन पैदावारको यथोचित उपयोगः** | यस गाउँपालिकामा रहेको बनपैदावर र जडीबुटीको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिनेछ । |

## ३.६ परिमाणात्मक लक्ष्य

तालिका १७: अपेक्षित परिमाणात्मक उपलब्धि

## ३.७ रणनीति तथा प्राथमिकता

### तालिका १८: पैयूँ गाउँपालिकाको प्रमुख रणनीतिहरू तथा प्राथमिकताहरू

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १: दिगो, सुरक्षित र भरपर्दो यातायात, सञ्चारको विकाससँगै वस्तिको पुन संरचना सहित सूचना प्रविधिको सेवालाई सहज, भरपर्दो, सर्व सुलभ र गुण स्तरीय बनाउनु,** | |
| १.१ उच्च जोखिम तथा कमजोर आर्थिक अवस्थामा रहेका वस्तिहरूको पहिचान गरी सुरक्षित, किफायती र वातावरण मैत्री आवासको व्यवस्था गर्ने, | १. जोखिम युक्त मानव वस्तिहरूको पहिचान गरी त्यस्ता वस्तिहरू स्थानान्तरणको लागि आवश्यक कानुनहरू तर्जुमा गर्नका साथै स्थानीय तहका जनप्रतिनिधिहरू कर्मचारीहरूको क्षमता विकासमा जोड दिइनेछ ।<br>२. घनत्व र जनसङ्ख्याका आधारमा आधारभूत सेवा सुविधा सहितको एकीकृत बस्ती विकास गरिनेछ ।<br>३. खर र फुसको छानालाई जस्तापाता वा ढुङ्गाले प्रतिस्थापन गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।<br>४. अव्यवस्थित पुराना घना वस्तिलाई पुनरुत्थान गरिनेछ ।<br>५. वस्ति स्थानान्तरण गर्ने सन्दर्भमा सबैभन्दा बढी उच्च जोखिममा रहेको र विपन्न तथा महिला, अपाङ्गता भएका घर परिवारलाई प्राथमिकता दिइनेछ । |
| १.२ गाउँपालिकाको केन्द्र, राजमार्ग तथा बजारसँग पहुँच भएका, आर्थिक वृद्धिलाई योगदान पुग्ने प्रकृतिका दिगो, सुरक्षित यातायातमा सुविधा विस्तार गरी कृषि, उद्योग, व्यापार, जल विद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच वृद्धि गरी व्यापार व्यवसायको प्रवर्द्धन गरिनेछ । | १. ग्रामीण सडक मार्गलाई सुरक्षित, दिगो र छोटो हुने गरी स्तर उन्नतिको कामलाई प्राथमिकता दिइनेछ ।<br>२. सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी गरिनेछ ।<br>३. सडकको दायाँबायाँ हरियाली कायम गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>४. सडक तथा पुलहरूको निर्माण तथा मर्मत सम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणको लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ ।<br>५. सार्वजनिक निर्माणमा सार्वजनिक-निजी साझेदारी, निर्माण, सञ्चालन तथा हस्तान्तरण प्रक्रिया जस्ता विधिहरू अवलम्बन गरिनेछ ।<br>६. ग्रामीण सडक यातायातको विकास र विस्तारमा प्रादेशिक तथा सङ्घीय सरकारसँग आर्थिक तथा प्राविधिक सहयोग लीन पहल गरिनेछ ।<br>७. सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार, पुनर्निर्माण एवम् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।<br>८. दिगो, भरपर्दो र सुविधा युक्त यातायातको उपयोग गर्दै व्यापार व्यवसायको प्रवर्द्धनमा जोड दिइनेछ । |
| १.३ विद्युतको प्रसारण व्यवस्थालाई थप सुदृढ तथा प्रभावकारी बनाइनुका साथै वैकल्पिक ऊर्जा र नवी करणीय ऊर्जा समेतको प्रयोग गर्दै | १. केन्द्रीय विद्युतीकरणको पहुँच प्रत्येक घर तथा वस्तिसम्म विस्तार गरिनेछ ।<br>२. पुराना काठका पोलहरू विस्थापित गरी स्टिल पोलहरू स्थापित गरिनेछ ।<br>३. विद्युत् प्रसारणलाई थप व्यवस्थित र सहज बनाइनेछ ।<br>४. नवीकरणीय ऊर्जाको विकास र विस्तारको लागि व्यापक सचेतना सहित बजेटको व्यवस्था गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| आधुनिक प्रविधिको उपयोगमा स्थानीयवासीको पहुँच विस्तार गर्ने | ५. विद्युतमा आधारित आधुनिक प्रविधिको उपयोग गरी सूचना, सञ्चार, व्यापार व्यवसायमा वृद्धि गरिनेछ । |
| १.४ सूचना प्रविधिको प्रयोगलाई सुरक्षित, भरपर्दो र सर्व सुलभ बनाई सुशासनमा टेवा पुऱ्याउने । | १. सूचना प्रविधिमा सर्वसाधारणको पहुँचको लागि आवश्यक स्रोत साधनको व्यवस्था र संयन्त्रको निर्माण गरिनेछ ।<br>२. गाउँपालिकामा सूचना प्रविधि क्षेत्रको विकासको लागि आवश्यक जनशक्ति तथा पूर्वाधारको विकास गरिनेछ ।<br>३. गाउँपालिकाको कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य एवम् कतिपय पूर्वाधार क्षेत्रको विकासमा सूचना प्रविधिलाई अधिकतम उपयोग गरिनेछ ।<br>४. समुदायसँगको सहकार्यमा ग्रामीण स्तरमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ ।<br>५. सूचना प्रविधि प्रणालीको सुरक्षा, विश्वसनीयता र गुणस्तरमा अभिवृद्धि गरिनेछ । |

**उद्देश्य २ः गुणस्तरीय स्वास्थ्य र शिक्षा मार्फत समावेशी, सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रवर्तनशील नागरिक उत्पादन गर्नु,**

| | |
|---|---|
| २.१ गरिबी वस्तुगत विवरणका आधारमा सकारात्मक विभेद नीति तयार गरी विपन्न परिवारका सदस्यलाई विकास निर्माणका कार्यक्रमहरूमा एकीकृत गरी रोजगारीको दायरामा ल्याउने | १. गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरूको अन्तर सम्बन्धित तहबाट सर्वेक्षण गरी उनीहरूलाई स्थानीय स्तरमै प्रयोगमा आउने विभिन्न सीपमूलक तालिम प्रदान गरिनेछ ।<br>२. संरक्षणको कोटाभित्र रहेका सदस्यहरूको उचित संरक्षण गर्नुका साथै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने प्रक्रिया बैक मार्फत अझ बढी सहज र पारदर्शी बनाइनेछ ।<br>३. अति विपन्न परिवारलाई कम्तीमा पनि वर्षमा १०० दिनको रोजगारीको सु निश्चितता गर्न पुनर्निर्माण र नवनिर्माण कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. गाउँपालिकाको गरिबी वस्तुगत विवरण तयार गरी सोही आधारमा सकारात्मक विभेद नीति तर्जुमा गरी लागू गरिनेछ । |
| २.२ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच अभिवृद्धि गरी पोषण युक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच आम नागरीकसम्म पुर्‍याउनुको अतिरिक्त गुण स्तरीय औषधी तथा पोषण युक्त खाद्य उपभोगमा जोड दिने । | १. स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।<br>२. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्य कर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>३. गुण स्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुर्‍याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ ।<br>४. स्वास्थ्य तथा पोषणबारे व्यापक जन चेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जबाफदेही एवम् जन उत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. 'सुनौला हजार दिन' लगायत सुरक्षित मातृत्व कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ ।<br>७. पोषण युक्त खाद्यान्नको उत्पादन तथा उपभोगमा व्यापक सचेतना अभिवृद्धि गरिनेछ । |
| २.३ रोजगारी र उद्यमशीलता विकास गर्ने प्राविधिक र व्यावसायिक शिक्षाको विस्तारमा जोड दिइ सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षा | १. चार वर्ष उमेरका सबै बालबालिकाको शिक्षाको लागि एक वर्षे प्रारम्भिक बाल शिक्षा र पूर्वप्राथमिक विद्यालयको नक्साङ्कनका आधारमा अत्यन्त दुर्गम बस्ती वा समुदाय र भौगोलिक विकटता लाई लक्षित गरी पुनर् वितरण र विस्तार गरिनेछ ।<br>२. गाउँपालिकाका प्रत्येक वडामा कम्तीमा पनि १ ठाउँमा आवास र यातायात सहितको भौतिक पूर्वाधार सम्पन्न नमुना विद्यालय सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| बीचको गुणस्तरमा रहेको अन्तर घटाउँदै<br>सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने । | ३. शिक्षक दरबन्दी मिलान कार्यलाई प्रभावकारी रूपमा अघि बढाई विद्यालयहरूमा शिक्षकहरूको समता मूलक वितरण सुनिश्चित गरिनेछ ।<br>४. शिक्षा क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई थप व्यवस्थित र नियमन गर्ने तथा निजी र सार्वजनिक विद्यालयका शिक्षाको गुणस्तरको अन्तरलाई कम गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ<br>५. प्राविधिक र व्यावसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक संस्थागत संरचना तथा नियमनकारी व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।<br>६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा जोड दिइ प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ ।<br>७. सूचना तथा सञ्चार प्रविधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङगको रूपमा एकीकृत गर्दै डिजिटल डिभाइसलाई कम गर्दै लगिनेछ ।<br>८. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सू निश्चितताका लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ ।<br>९. विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोगमा जोड दिइनेछ ।<br>१०. माध्यामिक तह सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूमा उपलब्ध हुनुपर्ने न्यूनतम आधारभूत सुविधाहरूको सूची निर्धारण गरेर विद्यालयहरूमा गुणस्तरको मानक तयार गरी लागू गरिनेछ ।<br>११. विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागू गरिनेछ ।<br>१२. शिक्षकहरूको प्राज्ञिक उन्नयन एवम् पेसा गत विकासका लागि माग तथा आवश्यकताका आधारमा छोटा तथा मध्यम अवधिका तालिम सञ्चालन गरिनेछ ।<br>१३. विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लागू गरिनेछ ।<br>१४. आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका क्षेत्र तथा अति विपन्न बसोबास रहेको क्षेत्रलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१५. दलित, छात्रा, जनजाति, लोपान्मुख जात जाति, गरिब तथा जेहनदार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>१६. शैक्षिक गुणस्तर निर्धारणका लागि प्रदेश तथा सङ्घीय सरकार समेतको सहयोग लिइ गाउँपालिका स्तरीय योग्यता निर्धारण प्रणाली र व्यावसायिक योग्यता निर्धारण प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>१७. भिन्न सिकाइ आवश्यकता भएका जोखिममा परेका तथा सीमान्त कृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्नका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिनेछ ।<br>१८. नयाँ विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद् प्रति संवेदनशील र अपाङ्ग मैत्री हुने गरी बनाइनेछ । |

| | |
|---|---|
| | १९. जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साङ्कन गरी पुनर्सरचना गरिनेछ ।<br>२०. शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आबद्ध गरी पुरस्कार तथा दण्डको व्यवस्था गरिनेछ ।<br>२१. सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरी विपद् प्रतिरोधी बनाइनेछ ।<br>२२. बालबालिका तथा युवालाई आफ्नो अन्तर्निहित क्षमताको विकास गर्न प्रत्येक विद्यालय तथा साबिक वडा स्तरमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासलाई अभिन्न अङ्ग बनाइनेछ । |
| **उद्देश्य ३ः वर्तमान कृषि प्रणालीमा आमूल परिवर्तन गर्दै कृषिको आधुनिकीकरण, व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमताको माध्यमद्वारा स्थानीय आय आर्जन र रोजगारीमा वृद्धि गरी गरिबी न्यूनीकरण गर्नु,** | |
| ३.१ गाउँपालिकाको उत्पादन योग्य जमिनलाई उत्पादनका आधारमा विभिन्न प्याकेजमा विभाजन गरी कृषि सम्बन्धी नीति कानुन तथा योजना निर्माण सहित आधुनिक प्रविधिको माध्यमद्वारा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | १. गाउँपालिकामा कृषि योग्य जमिनको पहिचान गरी अन्न उत्पादन, फलफूल उत्पादन र तरकारी उत्पादनका आधारमा विभिन्न प्याकेजहरू तय गरी सोही अनुसारको उत्पादनमा जोड दिइनेछ ।<br>२. आधुनिक प्रविधिमा आधारित कृषि उत्पादनमा जोड दिइनेछ । माटो परीक्षणको प्रतिवेदन अनुसार उत्पादन र उत्पादकत्वमा जोड दिइनेछ ।<br>३. कृषिजन्य उत्पादनलाई व्यावसायिकरण गरी यसलाई रोजगारमूलक उद्योगको रूपमा विकास गरिनेछ ।<br>४. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ । |
| ३.२ः कृषि पूर्वाधारको विकास, कृषि उद्योगहरूको स्थापना र प्रवर्द्धन गरी खाद्य सुरक्षा तथा पर्याप्त पोषण योग्य बस्तुको उपभोगमा जोड दिने । | १. पानीका मूलहरू लगायत जलाधार क्षेत्रको उचित संरक्षण सहित व्यवस्थापन गरी सिँचाइको लागि उपयोग गरिनेछ ।<br>२. पर्याप्त सिँचाइ सुविधा, सङ्कलन केन्द्र, बजार व्यवस्थापन, ग्रामीण सडकको स्तर उन्नति, बीउ विजन, मलखादको सहज आपूर्ति र प्रविधिको पहुँचको सु निश्चितता गरिनेछ ।<br>३. जनताको पहुँच सिर्जना हुने गरी गुणस्तरयुक्त सडक, सिँचाइ, लगायत अन्य भौतिक पूर्वाधारको निर्माण गर्दा निश्चित मापदण्ड सहित सहरी क्षेत्रलाई थप व्यवस्थित बनाइनेछ ।<br>४. खाद्य असुरक्षाबाट प्रभावित घर धुरीको पहिचान गरी त्यस्ता घर धुरीहरूको खाद्यमा पहुँच वृद्धि गरिनेछ ।<br>५. कृषि तथा पशु जन्य उपजमा आत्मनिर्भर हुँदै खाद्य सुरक्षाको प्रत्याभूति गराई गरिबी निवारणमा उल्लेख्य सुधार गरिनेछ ।<br>६ गरिबी न्यूनीकरणको लागि गरिबी वस्तुगत विवरण तयार गरी सकारात्मक विभेद नीतिका आधारमा स्रोत परिचालन गरिनेछ । |
| ३.३ पशुपन्छी जन्य व्यवसायमा आर्थिक, सामाजिक र भौगोलिक रूपमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्व रोजगार तथा आय आर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने | १. पशु पन्छी पालक साना कृषक, महिला तथा भूमिहीन विपन्न किसानलाई पशु पन्छी पालन तथा पशु पन्छी जन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशु पन्छी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तीकरणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामूखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ। |

| | |
|---|---|
| ३.४ पर्यटन प्रवर्द्धन र पर्यटन विकास गर्न स्थानीय स्तरमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गरी कृषि, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने । | १. पर्यटन पूर्वाधार विकासमा स्थानीय निकाय, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्व दायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।<br>२. धार्मिक तथा सांस्कृतिक पर्यटन र कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप प्रवर्द्धन गरिनेछ । |
| ३.५ स्थानीय स्रोत एवम् सीपको उपयोग गरी कृषि तथा पर्यटनमा लघु, घरेलु तथा साना उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने । | १. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गरी कार्यान्वयन गरिनेछ ।<br>२. 'एक वडा एक विशेष उत्पादन' (नमुना व्यावसायिक उत्पादन) सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।<br>३. कुनै एक वडालाई औद्योगिक क्षेत्र, औद्योगिक कोरी डोर एवम् विशेष आर्थिक क्षेत्रको रूपमा विकास गरी क्रमशः अन्य वडाहरूमा विस्तार गर्दै लगिनेछ । |
| **उद्देश्य ४ः गाउँपालिकाको सुशासन तथा संस्थागत विकासको लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गरी सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउँदै सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।** | |
| ४.१ः संस्थागत विकासका लागि आवश्यक कानुनी तथा संरचना गत प्रणालीमा सुधार गरी प्रविधि मैत्री, पारदर्शी र सुशासन युक्त बनाउने | १. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा समतामूलक समाज निर्माण गरिनेछ ।<br>२. गाउँपालिका तथा वडा कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी सोही अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ ।<br>३. गाउँपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरूलाई कानुन, योजना तर्जुमा, पारदर्शीता तथा पदिय जिम्मेवारीका बारेमा तालिम, गोष्ठी, भ्रमण आदिको आयोजना गरिनेछ ।<br>४. गाउँपालिकाभित्र रहेका समुदायमा आधारित संस्थाहरू जस्तै आमा समूह, युवाक्लव, सामुदायिक संस्थाहरू, विद्यालय व्यवस्थापन समितिहरू, स्वास्थ्यचौकी व्यवस्थापन समितिहरू, सामुदायिक वन उपभोक्ता समितिहरू टोल सुधार समितिहरू, सरसफाइ समितिहरू, निर्माण कार्यसँग सम्बन्धित उपभोक्ता समितिहरूको क्षमता विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. गाउँपालिकामा कार्यविधिमा उल्लिखित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, मासिक प्रगति विवरण सार्वजनिक गर्नुका साथै चौमासिक प्रतिवेदन सार्वजनिक कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाइनेछ ।<br>६. गुनासो पेटिका, सूचना पाटी, पत्रपत्रिका, स्थानीय एफ. एम बाट नियमित रूपमा गाउँपालिकाबाट सम्पादित कार्यक्रमहरू लगायत सूचनाहरू सार्वजनिककरण गरिनेछ । |
| **उद्देश्य ५ः प्रभावकारी विपद् व्यवस्थापन सहित हरियाली प्रवर्द्धन, सफा, स्वच्छ वातावरण मैत्री गाउँपालिका निर्माण गर्ने,** | |
| ५.१ जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गरी दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वन पैदावारमा आत्मनिर्भरता हासिल गदै यसमा आधारित | १. विविधतापूर्ण वन पैदावारको सहज आपूर्ति, रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुर्‌याउन वन सम्वर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन गरिनेछ।<br>२. वनमा लाग्ने डढेलो व्यवस्थापनको लागि व्यापक रूपमा सचेतना अभिवृद्धि गर्दै पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी सङ्कलन कार्यक्रममा स्थानीय जनताको सहभागिता अभिवृद्धि गरिनेछ । |

| | |
|---|---|
| उद्यमशीलता र रोजगारी वृद्धि गर्ने । | ३. भूउपयोग विकास तथा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी जल उत्पन्न प्रकोप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।<br>४. जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समानुकूलन गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ ।<br>५. स्थानीय अनुकूलन योजनालाई समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ ।<br>६. वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ ।<br>७. तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन, खेती विस्तार एवम् निर्यातका लागि आवश्यक व्यवस्था मिलाइनेछ । |
| ५.२ विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिगत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाई विभिन्न निकायबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी आपत्कालिन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्नका साथै विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने । | १. गाउँपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>२. बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि गाउँपालिकाका सबै वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. एकीकृत बस्ती विकासको सुरुवाती चरणदेखि नै विपद् विज्ञ, स्थानीय निकाय, योजनाविद्हरूलाई सहभागी गराएर भू-उपयोग नीति अनुकूल हुने गरी दीर्घकालीन बस्ती विकास योजना बनाई लागु गरिनेछ ।<br>४. विपद् व्यवस्थापनलाई दिगो बनाउन विभिन्न प्रकारका प्रकोपका विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ ।<br>५. विपद् व्यवस्थापनमा संलग्न प्रहरीचौकी र कर्मचारीहरूको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरी विपद्को पूर्वतयारी तथा विपद् प्रतिकार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ । |
| ५.३ मानव जन्य फोहोर व्यवस्थापन गरी प्रशोधन सहित पुन उपयोग गर्न मिल्ने बनाइनुका साथै सफा र स्वच्छ घर तथा वस्ति निर्माण गर्ने । | १. बजार उन्मुख वस्तिहरूमा उत्पादन हुने मानव जन्य फोहोरलाई निजी क्षेत्र तथा समुदाय समेतको सहयोग र सहकार्यमा सङ्कलन गरी व्यवस्थापन गरिनेछ ।<br>२. गाउँपालिकाको ग्रामीण वस्तिमा उत्सर्जन हुने फोहोरलाई सङ्कलन गर्न आवश्यक डष्विन वितरण गर्नका साथै स्थानीय स्तरमा जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ<br>३. समुदायबाट सङ्कलन भएको फोहोरलाई कुहिने र नकुहिने गरी दुई भागमा विभाजन गरी कुहिने लाई प्रशोधन गर्ने तथा नकुहिने फोहोरलाई दिगो रूपमा व्यवस्थापन गरिनेछ ।<br>४. गाउँपालिकाको क्षेत्राधिकारभित्र बग्ने नदी नाला लगायत अन्य सार्वजनिक ठाउँहरूको सरसफाइ गरी घर वस्ति तथा समुदायलाई फोहोर विहीन मानव वस्तिका रूपमा परिचय दिने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

### तालिका १९: आवधिक योजनामा खर्च व्यहोर्ने स्रोतहरू

| क्र.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रु लाखमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी (प्रदेश तथा सङ्घीय सरकार) क्षेत्र | २९००९५६ | ८०.६५ |
| २ | सहकारी क्षेत्र | ८२००० | २.२८ |
| ३ | निजी क्षेत्र | २२०००० | ६.१२ |
| ४ | गै.स.स. | १४०००० | ३.८९ |
| ५ | उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान | १६०००० | ४.४५ |
| ६ | अन्तर स्थानीय तह साझेदारी | ९४०२२ | २.६१ |
| | **कुल** | **३५९६९७८** | **१००.००** |

### तालिका २०: गाउँपालिकाको आय अनुमान (रू. हजारमा)

रू.हजारमा

| क्र. सं. | बजेट कोड | विवरण | २०७९/८० को यथार्थ | प्रतिशत | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६को प्रक्षेपित |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३२१२२ | नगद मौज्दात | ४८५१७ | **११.३२** | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| २ | | आन्तरिक राजस्व | ५९०९ | **१.३८** | ५७०० | ६५५५ | ७५३८ | ८६६९ | ९९६९ | ११४६५ |
| ३ | १३३११ | सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ८४२६७ | **१९.६६** | ७९७०० | ८७६७० | ९६४३७ | १०६०८१ | ११६६८९ | १२८३५८ |
| ४ | १३३१२ | ससर्त अनुदान चालू (सङ्घीय सरकार) | १७९८५४ | **४१.९६** | १९०००० | २०९००० | २२९९०० | २५२८९० | २७८१७९ | ३०५९९७ |
| | १३३१३ | ससर्त अनुदान पुँजीगत (सङ्घीय सरकार) | १३७३६ | **३.२०** | १७९०० | १९६९० | २१६५९ | २३८२५ | २६२०७ | २८८२८ |

रू.हजारमा

| क्र.सं. | बजेट कोड | विवरण | २०७९/८० को यथार्थ | प्रतिशत | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६को प्रक्षेपित |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ११४११ | सङ्घीय सरकारबाट राजस्व बाँडफाँट प्राप्त आय | ४२४९८ | ९.९१ | ६२०४२ | ६८२४६ | ७५०७१ | ८२५७८ | ९०८३६ | ९९९१९ |
| ६ | १३३११ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | ८४९२ | १.९८ | ९७३६ | १०७१० | ११७८१ | १२९५९ | १४२५४ | १५६८० |
| ७ | १३३१३ | ससर्त अनुदान (प्रदेश सरकार) | | ०.०० | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२१ | ८०५३ |
| ८ | ११४५६ | राजस्व बाँडफाँट (प्रदेश सरकार) | २९८० | ०.७० | ३२०४ | ३५२४ | ३८७७ | ४२६५ | ४६९१ | ५१६० |
| ११ | १३३१७ | समपूरक अनुदान (सङ्घ) | १२८६३ | ३.०० | ८००० | ८८०० | ९६८० | १०६४८ | ११७१३ | १२८८४ |
| १२ | १३३१७ | समपूरक अनुदान (प्रदेश) | २८०९ | ०.६६ | ६००० | ६६०० | ७२६० | ७९८६ | ८७८५ | ९६६३ |
| १३ | १३३१७ | विशेष अनुदान (सङ्घ) | १८७६६ | ४.३८ | २०००० | २२००० | २४२०० | २६६२० | २९२८२ | ३२२१० |
| १४ | १३३१७ | विशेष अनुदान (प्रदेश) | ७९५० | १.८५ | ० | ८००० | ८८०० | ९६८० | १०६४८ | ११७१३ |
| १५ | १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ०.०० | ० | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२१ |
| १६ | | जनसहभागिता | ० | ०.०० | ० | ५००० | ५५०० | ६०५० | ६६५५ | ७३२१ |
| | | **जम्मा** | **४२८६४१** | **१००.००** | **४१७२८२** | **४७६२९५** | **५२३२५२** | **५७४९५५** | **६३१८८४** | **६९४५७०** |

### ३.९ गाउँ गौरवका आयोजनाहरू

**तालिका २१ः गाउँ गौरवका प्रस्तावित आयोजनाहरू**

| क्र. सं. | योजना/कार्यक्रम |
| --- | --- |
| १ | गाउँपालिकाको केन्द्रबाट सबै वडा कार्यालयसम्म कालोपत्रे ढलान योजना |
| २ | भोर्ले देखि सेदी बेणी बजारसम्मको सेदी खोलामा दायाँ बाँया तटबन्ध सहित चेक ड्याम तयार गरी खोलाको दुवै साइटमा वृक्षारोपण सहित पैदल मार्ग निर्माण गरी खोलामा बहु उपयोगी प्रयोजन (स्टिमर, खोलाजन्य पदार्थको उत्खनन, माछा मार्ने कार्य सहित पर्यटक आकर्षण गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने |
| ३ | मर्दि खोलादेखि पैयुँ कोट धार्मिक तथा पर्यटकीय पद मार्ग निर्माण योजना |
| ४ | पालुस्थान पर्यटकीय क्षेत्र विकास कार्यक्रम |
| ५ | आन्तरिक पर्यटकको लागि Home Stay प्रवर्द्धन कार्यक्रम |
| ६ | गाउँपालिकाको कार्यालयदेखि अस्पताल जाने आउने बाटो २ कि.मि. |
| ७ | गाउँपालिकाबाट स्याङ्जा जोड्ने ग्रामीण सडकहरूको स्तरोन्नति (भोर्ले हिले ठूलो भञ्याङ्ग स्याङ्जा वयर घारी सडक कालो पत्रे) |
| १० | भोर्ले इकाङ दफर्पु वयर घारी ग्रामीण सडक कालो पत्रे कार्यक्रम |
| ११ | सवारीका साधन, दिवा खाजा, डिजिटल कक्षा, स्वच्छ खानेपानी, सफा शौचालय, तालिम प्राप्त विषय शिक्षक, आधुनिक प्रविधि सहितको एक वडा एक नमुना विद्यालयको स्थापना तथा सञ्चालन |
| १२ | कृषि विकास अन्तर्गत बाँझो जग्गा लिजमा लिएर यान्त्रिकरण, औद्योगीकरण, प्रविधिकरण सहित नगदे वालि, अन्न बाली, तरकारी बाली फलफूल खेती लगायतको स्थानीय बालीहरू मास स्केलमा उत्पादन गरी बजारी करण कार्यक्रम |

# परिच्छेद — चार: आर्थिक विकास

पैयूँ गाउँपालिकाको समग्र विकासको लागि आर्थिक क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ । यो क्षेत्र गाउँपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार पनि हो । यस क्षेत्र अन्तर्गत कृषि तथा पशु विकास, सिँचाइ, उद्योग, वाणिज्य तथा आपूर्ति, पर्यटन र सांस्कृतिक तथा धार्मिक सम्पदा संरक्षण र श्रम तथा वैदेशिक रोजगारी लगायतका उपक्षेत्रहरू पर्दछन् । नेपालको संविधानको धारा (३६) मा खाद्य सम्बन्धी हकको बारेमा व्याख्या गर्दै प्रत्येक नागरिकलाई खाद्य सम्प्रभुताको हक हुनेछ भनी उल्लेख गरिएको छ । संविधानको अनुसूची - ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । सङ्घीय सरकारको १६औं पञ्चवर्षीय आवधिक योजनामा **समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धिमा जोड दिने** भनी उल्लेख गरिएको छ । यी विषयहरू दिगो विकासको लक्ष्य -१ (शून्य गरिबी), लक्ष्य -२ (भोकमरीको अन्त्य) लक्ष्य - ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस गाउँपालिकाको आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुण स्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरिएको छ । पैयूँ गाउँपालिकाले लगानी, उत्पादन र रोजगारीमा वृद्धि, सिँचाई, पर्यटन, संस्कृति र अर्थतन्त्र पैयूँको समृद्धि भन्ने दूरदृष्टिका साथ अघि बढ्न प्रतिबद्धता जनाएको छ ।

नेपालको संविधान तथा प्रचलित कानुनद्वारा सुनिश्चित गरिएको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न नेपाल सरकार, प्रदेश सरकारका साथै र स्थानीय सरकारको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यसलाई मूर्तरूप दिन संवैधानिक व्यवस्था, सङ्घ, प्रदेश तथा स्थानीय नीति, कानुन, योजना र लक्ष्यको आधारमा स्थानीय सरकारले योजनाबद्ध प्रयास गर्नु आवश्यक रहेको छ । यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्र कृषि, पशु, खाद्य सुरक्षा तथा पोषण, उद्योग, व्यापार तथा व्यवसाय, जल विद्युत्, वन पैदावार, पर्यटन, सहकारी एवं कृषि पर्यटन आदि रहेका छ । यस बीच आर्थिक विकासका क्षेत्र तथा उल्लिखित उप क्षेत्रहरूको तथ्याङ्कमा आधारित स्थिति पत्रको तयारी र सही लेखाजोखा गरी आर्थिक विकासका सबै उपक्षेत्रहरूमा सम्भावनाका आधारमा नवप्रर्वतनीय स्थानीय आर्थिक विकासको कार्यक्रम (ILED) सञ्चालन गर्नुपर्ने दिशामा जानुपर्ने आवश्यकता रहेको छ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

पैयूँ गाउँपालिकाले सङ्घ तथा प्रादेशिक आवधिक योजनाले परिलक्षित गरेका विषयहरू, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जित), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, (११) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ एवम् सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७,(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन आदिलाई कार्यक्रम तर्जुमामा आधार बनाउँदै आएको छ । त्यसैगरी पैयूँ गाउँपालिकाको १५ वर्षे गुरुयोजनाको मार्गदर्शन र सर्व

पक्षीय सुझावलाई समेत आधार लिएको छ । **"आधुनिक कृषि, प्रविधि, पर्यटन र पूर्वाधार — पैयूँ बासीको समृद्धिको आधार"** दीर्घकालीन सोच राखी दिगो, एकीकृत र सन्तुलित विकासका माध्यमबाट स्थानीय जनताहरूको जीवनस्तरमा सुधार ल्याउने गरी कार्यक्रमहरू कार्यान्वयन हुँदै आइरहेका छन् ।

पैयूँ गाउँपालिका हुवास बजार बाहेक सबै ग्रामीण क्षेत्र ओगटेको र ग्रामीण जनता बसोबास गर्ने तथा परम्परागत कृषि प्रणाली भएको पालिका हो । यहाँको आय आर्जनको प्रमुख स्रोत कृषि तथा पशुपालनका क्षेत्रमा आधारित व्यवसायहरू हुन् । यहाँको अधिकांश जनसङ्ख्याको जीविकोपार्जन तथा रोजगारीको प्रमुख आधार कृषि र पशुपालन व्यवसाय रहेको छ । पैयूँ गाउँपालिकाको अर्थतन्त्रमा व्यावसायिक रूपमा खेती गरिएका खाद्यन्न लगायतका नगदेबाली, सुन्तला, कागती, अलैंची, पशुपालन, दुध तथा मह उत्पादन आदिले मुख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ ।

गाउँपालिका क्षेत्रका करिब ४८.६ प्रतिशत भन्दा बढी जनसङ्ख्या कृषि तथा पशु पालन पेसामा संलग्न रहेको छ । यहाँ उत्पादित कृषि उपजले प्रतिस्पर्धात्मक बजार पाउन सकेको अवस्था भने छैन । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस गाउँपालिकाको जमिनको जम्मा क्षेत्रफल ४२५३.३३ हेक्टर मध्ये खेती योग्य जमिन सबैभन्दा बढी २१३३ हेक्टर (खेत १८% र पाखोबारी ४८.७८%) रहेको छ । क्षेत्रफलमा सबैभन्दा बढी करिब ६६.७८ प्रतिशत रहेकोकाले उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्न सकिने बलियो सम्भावना रहेको छ । गाउँपालिकामा घर परिवारमा जग्गाको स्वामित्वलाई हेर्दा भूमिहीन किसान ८ घर परिवार रहेका छन् । ४ रोपनी सम्म जग्गा भएका घर परिवार सङ्ख्या ४९० रहेको छ भने ४ देखि १० रोपनी सम्म जग्गा भएका घर परिवार सङ्ख्या १२७५, रहेका छन् । २० रोपनी देखि ४० रोपनी जग्गा भएका घर परिवार सङ्ख्या २८८ छन् भने ४० देखि ६० रोपनी जग्गा भएका घर परिवार सङ्ख्या ५२ रहेको छ । ६० देखि ८० रोपनी जमिन भएका घर परिवार सङ्ख्या जम्मा २ रहेको छ ।यहाँ आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५-५९ वर्ष) ८२७२ जना अर्थात् ५३.७८% रहेको छ । (गाउँ वस्तुगत विवरण २०७६) राष्ट्रिय कृषि जनगणना २०७८ अनुसार यहाँ कृषक परिवार सङ्ख्या २५६१ रहेको छ भने आफ्नै परिवारको स्वामित्वमा भएको जग्गामा खेती गर्ने घर परिवार सङ्ख्या १५७६ रहेको छ । गाई भैंसी मात्र पाल्ने घर परिवारको सङ्ख्या ४७७ रहेको छ । यस तथ्यबाट पुष्टि हुन्छ की यो क्षेत्र कृषि तथा पशुपालन व्यवसायको लागि उपयुक्त छ ।

आलु, मह, कफी, घ्यू, लगायत अमिलो प्रजातिका फलफूलका लागि पैयूँको भूगोल र वातावरण दुबै निकै उपयुक्त मानिन्छ । तर अहिलेको परिस्थितिमा यहाँ एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्नेछ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप नै पैयूँलाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यावसायिकरण र यान्त्रीकरणको माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्य अन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु, मह र अण्डाको महत्त्वपूर्ण भूमिकालाई मनन गरी गाउँपालिका क्षेत्रमा पशुपन्छी तथा

माछापालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनको लागि सहयोग पुग्ने देखिन्छ ।

## ४.१.२ समस्या तथा चुनौती

पैयूँ गाउँपालिकाको प्रमुख आम्दानीको स्रोत कृषि क्षेत्र भए ता पनि यो क्षेत्र व्यावसायिक हुन सकेको छैन । यहाँबाट बाहिर बसाइ सर्नेहरूको गति तीव्र छ । उत्पादन योग्य जनशक्तिको अभाव हुँदै गइरहेको छ । यस गाउँपालिकामा कृषिको विकास तथा व्यावसायिकरणका समस्याहरूमा मुख्यतः बजारको अभाव, लगानीको अभाव तथा आधुनिक उपकरण तथा गुण स्तरीय बीउ विजन, मल खाद एवं औषधीहरूको अभाव रहेको छ । यहाँ उत्पादित बस्तुको विक्री वितरण गर्न सडक यातायात तथा ढुवानीको समस्या रहेको अवस्था छ । यसैगरी व्यावसायिक खेती तथा बजारीकरणका लागि सीप तथा पूँजीको अभाव, स्थानीय स्तरमा बीमा गर्ने निकायको अभावले गर्दा पहिरो, असिना आदिका कारणबाट बाली उत्पादनमा भइरहेको क्षति प्रमुख समस्याको रूपमा रहेको पाइन्छ । अर्कोतर्फ कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु, सिँचाइको पर्याप्त उपलब्धता नहुनु, जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी व्यावसायिक सोचको कमी विद्यमान रहनु, कृषि सङ्कलन केन्द्र नहुनु, कृषि पर्यटन तथा पकेट खेती विकास कार्यक्रम नहुनु एवं प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन नहुनु आदिलाई पनि लीन सकिन्छ । यहाँको कृषि क्षेत्रमा देखिएका समस्याहरूको अध्ययन गर्दा कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, चिस्यान केन्द्र (विशेष गरी सुन्तला, आलुका लागि) को सुविधा नहुनु बाट व्यवस्थित विक्री वितरण प्रणाली समेत नभएको अवस्था छ । अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ । आर्थिक विकास सम्भावनाका क्षेत्रहरू प्रचुर मात्रामा भए ता पनि परम्परागत र निर्वाह मुखी खेती प्रणाली, व्यावसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली न हुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातिका बीउ बिजन उत्पादन गर्ने नर्सरी नुहुँदा कृषकहरूले माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त गर्न सकेका छैनन् । साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानिकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ । जडीबुटी उत्पादन विस्तार र बजारीकरण समस्या, सङ्कलन साथै उत्पादनका लागि औजार उपकरणको कमी, वन्यजन्तुको समस्या समेत विद्यमान रहेको छ ।

स्थानीय स्तरमा बिमा गर्ने निकायको अभावले क्षति, विक्री वितरण गर्न सुविधा युक्त यातायात तथा ढुवानीको समस्या, श्रम एवं लागत बढी पर्ने, नस्ल सुधार सहित उन्नत जातको गाई, भैंसी, बाख्रापालन पर्याप्त हुन नसक्नू, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु तथा उन्नत घाँसको व्यवस्थामा कमी हुनु रहेका छन् । यसैगरी पशुपालन तालिमको व्यवस्थामा कमी, गुण स्तरीय दुग्ध उत्पादनमा व्यावसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरू जस्तै दुग्ध चिस्यान केन्द्र, पशु रोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी भ्यासलिनको सहज उपलब्धता नहुनु, एग्रोभेटहरू सञ्चालनमा नहुनु तथा पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु आदि समस्याहरू रहेका छन् ।

### ४.१.३ सम्भावना तथा अवसर

गाउँपालिकाले कृषि तथा पशु पन्छी विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । व्यावसायिक पशुपालनमा स्तर वृद्धि गर्न अत्यावश्यक औषधी खरिद गरी पशुपालक किसानहरूलाई वितरण गर्ने, नस्लसुधारका लागि आवस्यक सामग्रीको वितरण, पशुपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्कृष्ट किसानहरूलाई प्रोत्साहन अनुदान प्रदान कार्यक्रम, धानबाली पकेट कार्यक्रम अन्तर्गत वडा नं. १ देखि ७ सम्मका विभिन्न ८ वटा समूह, सहकारी र फर्महरू छनौट गरी धानको बीउ वितरण, किसान पहिचानका लागि किसान सूचीकरण कार्यक्रम (१९०० किसान सूचीकृत भइ सकेका) र माटो परीक्षण शिविर कार्यक्रम समेत सञ्चालन हुँदै आएका छन् । पैयूँ गाउँपालिका कृषि जन्य उत्पादनको लागि उपयुक्त हावापानी तथा भौगोलिक बनोट भएको क्षेत्र हो । यहाँको सम्भाव्य आम्दानीको स्रोतको रूपमा रहेको तरकारी खेतीलाई वडा नं. १ टकलाकको तल्लो भाग हुँदै हुवास, त्रिवेणी, बेउलीवास, सरौंखोला र भोर्लेको तल्लो भाग अर्थात् सेदी खोला पेरीफेरी क्षेत्रमा विस्तार गर्न सकिन्छ । यो क्षेत्रलाई तरकारी र धान ब्लकको रूपमा प्रवर्द्धन गरी उचित बजारको व्यवस्था सहित रोजगारी र आम्दानी दुवै बढाउन सकिने बलियो सम्भावना रहेको छ । वडा नं. १ टकलाक देखि वडा ७ भोर्लेसम्मको बीच भागमा सुन्तला, कफी, अम्बा, नास्पति, आरु, आदि फलफूलहरूको अतिरिक्त लसुन र प्याज उत्पादनको पकेट क्षेत्रका रूपमा विकास गर्न सकिने बलियो सम्भावना देखिन्छ । गाउँपालिकाको माथिल्लो भूभागमा भौगोलिक उपयोगिताको आधारमा किवी (फलफूल) र आलु खेतीको विकास र विस्तारका प्रशस्त सम्भावनाहरू रहेका छन् । गाउँपालिकाको वडा नं. १ अन्तर्गत फलेवास, ढुङ्गेखर्क, सिगारकोट, वडा नं. २ त्रिवेणीको सिमलपाटा, उपल्लो भर्मा, घोमसुङ, वडा नं. ३ बेउलीवास अन्तर्गत पालुस्थान, उपल्लो दुक्लुङ्ग क्षेत्रमा किबी खेती र वर्षे आलु खेती उत्पादनको लागि राम्रो मानिन्छ । त्यसैगरी वडा नं. ४ हुवासको उपल्लो धरमपानी, सौरीकोट, वडा नं. ५ चिसापानी अन्तर्गत वानीयाडाँडा, क्यामुने,वडा नं. ६ का सित्ले, मुसुरबारी, काहुँ, उपल्लो हाडीखर्क र वडा नं. ७ भोर्ले अन्तर्गत उपल्लो हाडीखर्क, दाङसिङ, काउले, क्षेत्रीडाँडा लगायतका स्थानहरूमा पनि किवी खेती र वर्षे आलु, पकेट क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । गाउँपालिकाको अन्य वस्तिहरूमा धान, कोदो, मकै, फापर, जौ, गहुँ लगायत कोसेबालीहरू परम्परागत रूपमा उत्पादन हुँदै आइरहेको मा यी वालिहरूलाई व्यावसायिकरण गर्न सकिने बलियो सम्भावना रहेको छ ।

पशुपक्षी विकास तथा विस्तारको लागि वडा नं १ टकलाक देखि वडा नं. ७ भोर्ले सम्मको सबै क्षेत्र उपयुक्त रहेको छ । यहाँको बीच तथा माथिल्लो भागमा डाले घाँस, खरवारी लगायत चरी चरनको लागि उपयुक्त क्षेत्र भएकोले भेडा, बाख्राको व्यावसायिकरण गर्न सकिने बलियो सम्भावना रहेको छ भने तल्लो भागमा भैंसी, गाई, बंगुर, स्थानीय सुँगुर लगायत कुखुरा फर्महरूको विकास गर्न सकिने सम्भावना रहेको छ । गाउँपालिकाको केन्द्र हूवास बजारको सम्बन्ध लुंखु, कुश्मा तथा वालिङ हुँदै स्याङ्जा, पोखरा, तानसेन, बुटवल, लगायतका ठूला बजार क्षेत्रसँग जोडिएको हुँदा कृषि जन्य उत्पादनको बजारीकरणको लागि समस्या छैन । यहाँ बगेका सेदीखोला, बोडीखोला, चिन्नेखोला, क्वार्दीखोला, धुवाखोला, गेडीखोला, मारुती, गहिरोखोला शिवपुरी खोला, भ्रमेंखोला आदी खोलाको पानी व्यवस्थापन गरी माछा पालन (चिसापानीमा हुने ट्राउट जातको माछा) व्यवसायको विकास गर्न सकिने सम्भावना रहेको छ । मौरीपालन व्यवसायलाई पनि पकेट क्षेत्रको रूपमा विकास गर्न सकिन्छ । यसका अतिरिक्त वन क्षेत्रमा उत्पादन तथा विस्तार गर्न सकिने गैर काष्ठ वन पैदावार अन्तर्गतका प्रजातिहरूले पनि यहाँको अर्थतन्त्रमा सहयोग पुग्न जाने प्रशस्त सम्भावनाहरू रहेका छन् ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण एवम् व्यावसायिकरणद्वारा उत्पादित उपजलाई प्रतिस्पर्धी र निर्यात मुखी बनाउने ।

**उद्देश्य**

१ निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।
२ कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु ।
३ जैविक खेतीको प्रवर्द्धन प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।
४ पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई निर्यात प्रवर्द्धन गर्नु ।
५ कृषि र पशुपालनका क्षेत्रमा मौलिक, नवीन पद्दति र अभ्यास (ILED) लाई प्रोत्सहान गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका २२: कृषि तथा पशुपालनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: परम्परागत तथा निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु ।** | |
| **१.१:** तुलनात्मक लाभ हुन सक्ने स्थानीय बालीनाली र आधारभूत खाद्यवस्तुको उपभोगमा आत्मनिर्भरता हासिल गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताका लागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोकसानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ ।<br>४. निजी तथा सहकारी क्षेत्रको संलग्नता बढाउँदै करार सम्झौतामा आधारित तथा सहकारी खेतीलाई प्राथमिकता दिइनेछ ।<br>५. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>६. ६ खाद्यान्न उत्पादन न्युन भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ।<br>७. गाउँपालिकाको भोगोलिक तथा वातावरणीय सम्भाव्यताको अध्ययन गरी उपयुक्त स्थानमा कृषि, पशुपालन फलफूल खेती लगायतका नगदे बालीहरूको उत्पादनमा जोड दिंदै पकेट क्षेत्रको स्थापना गरी सामूहिक तथा व्यावसायिक उत्पादनमा बढावा दिइनेछ<br>८. कृषकसंगको साझेदारीमा एक वडा एक पहिचान कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य २: कृषि जन्य उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु ।** | |

<table>
<tr><th>रणनीतिहरू</th><th>कार्यनीतिहरू</th></tr>
<tr><td>२.१ः कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्ने ।</td><td>१. स्थानीय वीउविजन, वेर्नाहरूको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरूको व्यावसायिक खेती उत्पादनमा जोड दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>२. दिगो कृषि विकासका लागि आवश्यक ऐन, नियम, नीतिहरू तर्जुमा तथा संसोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>३. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यावसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>४. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, साइनारे आदि) मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ ।<br>५. खेती योग्य जग्गालाई बाँझो राख्ने प्रवृति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगका लागि उपयुक्त योजना बनाई कार्यान्वयन गरिनेछ।<br>९. कृषि तथा पशुपालन व्यवसायमा प्रोत्साहन गर्न उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सच्चालन गरिनेछ ।<br>१०. गाउँपालिका क्षेत्रभित्रका कृषियोग्य जमिनमा साना सिँचाइ कुलोहरूको निर्माण तथा मर्मत गरी बाहै महिना सिँचाइको सुविधा पुर्याउन आवश्यक ब्यवस्था मिलाइनेछ ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ३ः पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई निर्यात प्रवर्द्धन गर्नु ।</td></tr>
<tr><td>३.१ः कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छी जन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने ।</td><td>१. हाल परम्परागत रूपमा सञ्चालन हुँदै आएको पशुपालन व्यवसायलाई उद्यम तथा उद्योगमा परिणत गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यावसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यावसायिक पशुपन्छी पालनका साथै माछा पालन तथा मौरी पालनका लागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>११. विपन्न परिवारलाई पशुपन्छी पालनका लागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ।</td></tr>
<tr><td colspan="2">उद्देश्य ४ः जैविक खेतीको प्रवर्द्धन गरी प्रतिस्पर्धात्मक क्षमताद्वारा अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।</td></tr>
<tr><td>४.१ः जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।</td><td>१. रासायनिक मल लगायत विषदीको प्रयोग घटाउदै जैविक र प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, सवर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ ।<br>३. लोपोन्मुख तथा रैथाने विउबिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ ।</td></tr>
</table>

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | १२. ६.व्यावसायिक खेती तथा नगदे बालीको प्रवर्द्धन गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरी कृषि व्यवसायप्रवर्द्धनका माध्यमबाटरोजगारी सिर्जना गर्ने नीति लिइनेछ। |
| **उद्देश्य ५: कृषि र पशुपालनका क्षेत्रमा मौलिक, नवीन पद्दति र अभ्यास (ILED) लाई प्रोत्सहान गर्नु ।** | |
| **५.१** कृषि र पशुपालनका क्षेत्रमा मौलिक, नवीन पद्दति र अभ्यासलाई अवलम्बन गर्ने। | १. कृषि र पशुपालन लगायतका आर्थिक विकासका क्षेत्र तथा उप क्षेत्रहरूको यथार्थ स्थिति पत्र तयार गरी सोको वार्षिक रूपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ।<br>२. युवा तथा विषन्न समुदायहरूले सामूहिक तथा एकलरुपमा कृषि र पशुपालन लगायतका क्षेत्रमा सञ्चालन गरेका मौलिक उद्यम, नवीन पद्दति र नमूनायोग्य अभ्यासलाई प्राविधिक सेवा र टेवा पूर्‍याई मापदण्ड निर्माण गरी उत्पादन, रोजगारी सृजना र गुणस्तरका आधारमा वित्तीय प्रोत्सहान गरिनेछ ।<br>१३. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी कृषि क्षेत्रका कार्यक्रम, योजना वा परियोजनाहरूलाई अगाडि वढाइनेछ । |

### ४.१.५ कार्यक्रम तथा आयोजना

**तालिका २३ः कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| वैकल्पिक खेती प्रवर्द्धन कार्यक्रम (अदुवा, बेसार, कफी, अलैंची, मरिच, अमिलो जातका फलफूल) | | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** | ०.४९ |
| बेमौसमी तरकारी तथा फलफूल प्रवर्द्धन कार्यक्रम (च्याउ, टमाटर, काक्रा, लहरेवाली समूह, फूलगोपी समूह) | | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | ०.३३ |
| कृषि यान्त्रिकरणका कार्यक्रम (खाडल खन्ने मेसिन, मिनिटीलर, स्पेयरहरुःड्रोन स्पेयर) | | | | १००० | १२०० | १५०० | १८०० | २००० | **७५००** | ०.४९ |
| कृषि उपज सङ्कलन केन्द्र निर्माण | | | २ | | २००० | २००० | | | **४०००** | ०.२६ |
| कृषि एम्बुलेन्स व्यवस्थापन | | | | | | | ४००० | | **४०००** | ०.२६ |
| कृषि हाटबजार सञ्चालन तथा व्यवस्थापन | | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | ०.३३ |
| बिउ तथा बेर्ना उत्पादन कार्यक्रम (खाद्यान्न बालीः धान;चैते धान समेत, मकै, गहुँ, कोदो, फापर/ तरकारी बालीः आलु लगायत अन्य/ बेर्नाः फलफूल(सुन्तला, कागति, केरा)) | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | ०.१६ |
| कृषि बिमा सहजीकरण कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | ०.१६ |
| कृषि तथा पशुपालन/दुग्ध सहकारीको सञ्चालन, प्रवर्द्धन तथा नियमन-व्यवस्थापन कार्यक्रम | | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** | ०.३३ |
| उत्पादनमा आधारित कार्यक्रम | | | | ५०० | १००० | १५०० | २००० | २५०० | **७५००** | ०.४९ |
| कृषक प्रोत्साहन कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | ०.१६ |
| बाँदर तथा जंगली जनावरहरूको अतिक्रमण तथा न्यूनीकरण कार्यक्रम | | | | २००० | १५०० | १००० | ५०० | | **५०००** | ०.३३ |

| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू. हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| उन्नत जातको घाँस तथा पशु आहाराको उत्पादन/ घाँस खेती प्रवर्द्धन कार्यक्रम | | | | | | | | ३००० | **३०००** | ०.२० |
| रैथाने कालो सुँगुर प्रवर्द्धन कार्यक्रम | | | | | | | | १००० | **१०००** | ०.०७ |
| व्यावसायिक पशुपालन प्रवर्द्धन कार्यक्रमः बाख्रा, कुखुरा, बंगुर, भैंसीपालन कार्यक्रम | | | | १००० | १५०० | २००० | २५०० | ३००० | **१००००** | ०.६६ |
| नश्लसुधार कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | ०.१६ |
| कृषि वन प्रवर्द्धन कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | ०.१६ |
| साईलेज, हेलेज, यु एम एम वि व्लक कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | ०.१६ |
| भूमि बैक कार्यक्रमको अवधारणा | | | | | | | १००० | ३००० | **४०००** | ०.२६ |
| पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | ०.१६ |
| प्राङगारिक मल प्रवर्द्धन कार्यक्रमः गडयौंला, बायोचर, कम्पोष्ट, हरियो मल | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** | ०.१६ |
| **कृषि तथा पशुपन्छीको जम्मा** | | | | **१३०००** | **१५७००** | **१६५००** | **२०३००** | **२३०००** | **८८५००** | **५.८१** |

**तालिका २४: कृषि तथा पशुपालनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ४.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका २५: कृषि तथा पशुपालनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष सम्मको अवस्था - २०७९/८० | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | लक्ष्य - २०८५/८६ | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | गाउँपालिकाको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नु। | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा पशुपन्छीपालनको हिस्सा | प्रतिशत | ३२ | ३२ | ३२ | ३१ | ३१ | ३० | ३० | |
| **असर** | कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी गाउँपालिकाको निर्यात प्रवर्द्धन भएको हुनेछ । | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (धान) | मे. टन प्रति हेक्टर | ३.०२ | ३.१ | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.५ | |
| | | वर्षे धान उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.५ | ३.५ | ३.५ | |
| | | चैते धान उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | ३.५ | ३.५ | ३.६ | ३.७ | ३.७ | ३.७ | ३.७ | |
| | | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (मकै) | मे. टन प्रति हेक्टर | २ | २.१ | २.१ | २.२ | २.३ | २.४ | २.४ | |
| | | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (गहुँ) मे. टन प्रति हेक्टर | मे. टन प्रति हेक्टर | १.५६ | १.६ | १.६ | १.७ | १.७ | १.८ | १.८ | |
| | | कोदो बालीको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | ०.८६ | १ | १.१ | १.२ | १.३ | १.३ | १.३ | |
| | | दलहनको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | ०.०२ | ०.८ | १ | १ | १.१ | १.१ | १.२ | |
| | | तेलहन को उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | ०.०६ | ०.६ | १ | १.१ | १.२ | १.२ | १.२ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष सम्मको अवस्था - २०७९/८० | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | लक्ष्य - २०८५/८६ | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | | आलु बालीको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | १०.५८ | ११ | १२ | १३ | १४ | १६ | १६ | |
| प्रतिफल | निर्वाहमुखी कृषि प्रणाली दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण हुनेछ । | ३० मिनेटसम्मको दुरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | ३.६७% | १० | ५० | ६० | ७० | ८० | ८० | |
| | | वर्षभरी सिँचाइ हुने खेतियोग्य जमिन | प्रतिशत | ३४.७२% | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४० | |
| | | तरकारी व्यावसायिक उत्पादन क्षेत्र | प्रतिशत | ६% | ७ | ८ | ९ | १० | ११ | ११ | |
| | | कृषि सहकारी संस्था | सङ्ख्या | २२ | २२ | २२ | २२ | २२ | २२ | २२ | |
| | | सहकारीमा आवद्ध कृषक | प्रतिशत | ६.०५% | ६.५ | १० | २५ | ५० | ७० | ७० | |
| | | कृषक समूह | सङ्ख्या | १६ | १८ | २० | २२ | २४ | २६ | २६ | |
| | | कृषक समूहमा आवद्ध कृषक | प्रतिशत | २.५१% | १० | २० | ३० | ५० | ८० | ८० | |
| | | कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | |
| | कृषिमा आधारित उद्योगको स्थापना तथा सञ्चालन भई रोजगारी र आम्दानी वृद्धि हुनेछ । | कृषिमा आधारित रोजगारी | सङ्ख्या | १४५ | १५० | १७० | २०० | २५० | ३०० | ३०० | |
| | | कृषि तालिम प्राप्त जनशक्ति | जना | ३४० | ३६० | ३८० | ४०० | ४२० | ४४० | ४४० | |
| | | कोल्ड रूम (चिस्यान केन्द्र) | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | २ | |
| | | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | ० | १ | १ | २ | २ | २ | २ | |
| | | टनेल | सङ्ख्या | ५१३ | ५५० | ६०० | ६५० | ७०० | ७५० | ७५० | |
| | | कृषि प्राविधिक | जना | २१ | २१ | २१ | २१ | २१ | २१ | २१ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्ष सम्मको अवस्था - २०७९/८० | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | लक्ष्य - २०८५/८६ | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | व्यावसायिक पशुपालनबाट पशुजन्य पदार्थको आयात अन्त्य भई निर्यात प्रवर्द्धन भएको हुनेछ । | व्यावसायिक कृषि तथा पशुपालन फर्म (गाउँपालिकामा दर्ता भएका) | सङ्ख्या | १९८ | २१० | २२० | २३० | २४० | २५० | २५० | |
| | | अण्डाको उत्पादन -वार्षिक | सङ्ख्या (हजारमा) | १५०० | १५५० | १६०० | १६५० | १७०० | १७५० | १७५० | |
| | | दुधको उत्पादन -दैनिक | लीटर (हजारमा) | ३.२ | ४ | ५ | ६ | ७ | ८ | ८ | |
| | | मासुको उत्पादन -वार्षिक | मेट्रिक टन | २२० | २३० | २४० | २५० | २६० | २७० | २७० | |
| | | पशु प्राविधिक | जना | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | |

### ४.१.७ अनुमान तथा जोखिम पक्ष

**कृषि, पशु र खाद्य सुरक्षा क्षेत्रको व्यवसायीकरण भइ आय आर्जनमा वृद्धि हुनुका साथै गरिबी न्यूनीकरणमा टेवा पुगेको हुनेछ ।**

क कृषि जन्य उत्पादन भित्र्याउने समयमा बाँदर लगायत जङ्गली जनावरबाट नोकसानी हुन सक्छ ।

ख बाढी पहिरो, आगलागी, भूकम्प आदिबाट बाली नालीमा नोकसानी पुग्न सक्छ ।

ग ठूलो असिना तथा बाढी पहिरो आएमा कृषि जन्य उपजमा क्षति हुन सक्छ ।

घ सरुवा तथा महामारीका रोगहरूको सङ्क्रमण बढेमा पशु पक्षीमा नोक्सान हुन सक्छ ।

ङ नयाँ तथा हाइब्रिड बीउहरू लगाउँदा कहिलेकाहीं वातावरण मैत्री हुन नसकि उत्पादन ह्रात्तै घट्न सक्छ ।

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

सङ्घीय सरकारको सोह्रौं योजनाको अवधारणा पत्रमा समष्टि गत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि, उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षाको क्षेत्रमा जोड दिने उल्लेख गरिएको छ । गाउँपालिकाभित्र बाह्रै महिना पानी बग्ने शिवपुरी खोला, मर्दिखोला, भ्रमखोला, चिन्नेखोला, सेदीखोला, क्वार्दीखोला, धुवाखोला, गेडीखोला, मारुती, गहिराखोला आदि खोलाहरूका अतिरिक्त अन्य ठाडा खोलाहरू पैयूँ गाउँपालिकाका प्रमुख सिँचाइका स्रोतहरू हुन । गाउँपालिकाको वडा नं. ७ भोर्ले देखि वडा नं १ टकलाक हुँदै बगेको सेदीखोलालाई गाउँपालिकाको प्राकृतिक वरदानका रूपमा लीन सकिन्छ । यो खोला यहाँको सबैभन्दा ठूलो तथा हिउँद वर्षा पानी बगि रहने खोला हो । यो खोलाबाट सिँचाई का अतिरिक्त पर्यटकीय महत्त्वका अन्य गतिविधिहरू पनि सञ्चालन गर्न सकिने सम्भावनाहरू देखिन्छन् । राष्ट्रिय कृषि गणना २०७८ अनुसार गाउँपालिकाको कुल खेती योग्य ४२५३.३३ हेक्टर जमिन मध्ये खेती योग्य जमिन सबैभन्दा बढी २१३३ हेक्टर (खेत १८% र पाखोबारी ४८.७८%) रहेको छ । सेदी खोला लगायत अन्य ठाडा खोला तथा खोल्सोहरू वर्षे सिँचाइका लागि भरपर्दो स्रोत मानिन्छन् । खोला तथा खोल्सोहरूबाट खेतमा सिँचाइको लागि कुला खनिएको छ । यहाँ ठूलो प्रकृतिको सिँचाइको नहर भने अहिलेसम्म निर्माण हुन सकेको छैन ।

साना सिँचाई अन्तर्गत सात वटै वडामा १० वटा योजना रहेकोमा ४ वटा योजना सम्पन्न भई बाँकी ६ वटा योजना समेत चालू आ.व. भित्रै सकिने गरी आवश्यक कार्य प्रक्रिया अगाडि बढाइएको छ । सिउडीखोला सिँचाई, बेउलीवास, बदिलाङ सिँचाई आयोजना र टकलाक सिँचाई आयोजना टकलाक, गेडीखोला सिँचाई आयोजना हुवास, सेदी खोला सिँचाई आयोजना र अगुवाखोला सिँचाई आयोजना सरौखोला, घनघने सिँचाई आयोजना र मूलखोला सिँचाई आयोजना हुवास, सरौंखोला सिँचाई योजना र बैथोक पहरे सिँचाई योजना सरौंखोला, शिब्दी चिलुवा सिँचाई आयोजना सरौंखोला लगायतका कुलाहरूबाट सिँचाई सुविधा उपलब्ध हुँदै आएको छ । साना सिँचाइ आयोजना अन्तर्गत सतही कुलो तथा संरक्षित मुहान एवम् आंशिक रूपमा पोखरीहरू रहेका छन् ।

### ४.२.२ समस्या तथा चुनौती

यहाँबाट बाहिर सुविधा सम्पन्न ठाउँहरू जस्तै पोखरा, वालिङ, तानसेन, बुटवल, लगायत बजारहरू र अन्य तराईका जिल्लाहरूमा बसाइ सराई गर्ने प्रचलन दिनानुदिन तीव्र हुँदै गएका कारण यहाँका धेरै उत्पादन योग्य जमिन बाँझो हुँदै गएको अवस्था छ । जमिन उपयोग गर्ने मानव शक्तिको अभावका कारण पनि सिँचित जमिनमा उत्पादन हुन सकेको छैन । गाउँपालिकाको बीच भाग जस्तै वडा नं. १ टकलाकको माझखण्ड, भूसालडाँडा, सापकोटाथर, वडा नं. २ अन्तर्गत त्रिवेणी, तल्लो भर्मा, आम्बोट, वडा नं. ३ का मैदान, तल्लो हुक्लुङ वडा नं ४ अन्तर्गत मर्दिखोला, पाल्लेखेत, सौरीकोट, वडा नं. ५ अन्तर्गतका भुसाल थर, भुर्तेलथोक, धरादी, वडा नं. ६ का तल्लो सित्ले,तल्लो गाउँ, दर्बु, गेडीखोला, र वडा नं. ७ सेरा, हिले, बैथोक लगायतका वस्तिहरू ओरी परी रहेका क्षेत्रहरू लगायत धेरै कृषि योग्य जमिनमा अपर्याप्त सिँचाइ सुविधा हुनु, सिँचाइ विकासमा आधुनिक प्रविधि

(थोपा सिँचाइ, प्लास्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, पर्याप्त सिँचाइ कुलो र पोखरी गुण स्तरीय तथा पक्की नहुनु, भएका सिँचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नू, लिफ्टिङ प्रविधि सञ्चालनमा आवश्यक इन्धन/विद्युतको सहज एवम् सुलभ पहुँचको अभाव हुनु, मर्मत सम्भारको कमी हुनु, सिँचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिँचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

साना-साना सिँचाइ योजनाहरूको निर्माण कार्य खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्व याम सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नू, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिँचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नू, सिँचाइ कुलाहरूको मर्मत सम्भारमा लाभ ग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नू आदि यस क्षेत्रका सिँचाइ विकासका चुनौतीहरू हुन् ।

### ४.२.३ सम्भावना तथा अवसर

सिँचाइका लागि पर्याप्त स्रोतहरू उपलब्ध भएकोले ठूला आयोजना लगायत सतह सिँचाइको विकास गरी सिँचाइ सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ । टकलाक, बेउलीवास, त्रिवेणी, हुवास, चिसापानी, सरौंखोला र भोर्लेको तल्लो भागमा अवस्थित फाँटहरूमा सिँचाइ सुविधा उपलब्ध गराई थप उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ । सर्व याम सिँचाइको उपलब्धतासँगै उत्पादकत्व वृद्धि भइ गाउँपालिकाको खाद्य उत्पादनमा आत्मनिर्भर हुँदै निर्यात प्रवर्द्धन गर्ने सम्भावना रहेको छ । आकाशे पानी सङ्कलन र प्लास्टिक पोखरीको अभ्यास सुरु हुनु , साना सिँचाइ निर्माणका क्षेत्रमा सङ्घ, संस्थाहरू क्रियाशिल रहनु, साना सिँचाइ गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु, गाउँपालिकाको प्राथमिकतामा सिँचाइ क्षेत्र समावेश हुनु तथा सिँचाइका लागि उपयुक्त जमिनहरूको उपलब्धता हुनु जलजलका सिँचाइ विकासका अवसरहरू हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

सर्वयाम सिँचाइको उपयोग गर्दै उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

<u>उद्देश्य</u>

१. परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु ।
२. कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।
३. सिँचाइ लगायतका उपक्षेत्रमा मौलिक, नवीन पद्दति र अभ्यासलाई प्रोत्सहान गर्नु ।

<u>रणनीति र कार्यनीति</u>

**तालिका २६: सिँचाइका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| उद्देश्य १: परम्परागत सिँचाइ संरचनामा सुधार गर्दै नयाँ वैकल्पिक सिँचाइ स्रोतको पहिचान गर्नु । | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **१.१ः** परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने । | १. परम्परागत सिँचाइका परम्परागत स्रोतहरूको विवरण सङ्कलन गरिनेछ ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिँचाइको पहुँच वृद्धिको लागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. संरचना निर्माणको लागि वित्तीय स्रोतको व्यवस्था गरिनेछ ।<br>६. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ।<br>७. प्रदेश सरकारसँगको समन्वयमा जलवायु अनुकूलन सिंचाई विशेष कार्यक्रमको सुरुवात गरिनेछ ।<br>८. पहाडी क्षेत्रमा बाहै महिना सिँचाइ सुविधा उपलव्ध गराउन साना तथा मझौला प्रकृतिका ड्याम निर्माण गरी पोखरी बनाउने साथै उक्त संरचनामा जल विहार गर्न पर्यटकलाई आकर्षित गर्ने प्रदेश सरकारको नीतिलाई आत्मसात गदै सम्भावित स्थानहरूमा जलाशय बनाउने कार्यमा जोड दिइनेछ । |
| **१.२ः** आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गर्ने । | १. सिँचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. पहिचान गरिएका स्रोतहरूको विज्ञ सम्मिलित टोलीबाट सम्भ्याव्यता अध्ययन गरिनेछ।<br>३. संरचना निर्माणको लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>४. सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>५. प्राथमिकताको आधारमा वैकल्पिक सिँचाइ संरचनाको निर्माण गरिनेछ।<br>६. संरचना निर्माणको निमित्त निजी वा अन्य क्षेत्रसँग साझेदारीको लागि समन्वय गरिनेछ।<br>७. संरचना निर्माणको प्रयोजनको लागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ ।<br>८. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>९. सिँचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ ।<br>१०.सिँचाइको आवश्यक रेखदेख, अनुगमन र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ। |
| **उद्देश्य २ः कृषियोग्य जमिनमा सिँचाइको पहुँच वृद्धि गर्न दिगो सिँचाइ प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।** | |
| **२.१ः** खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गर्ने । | १. सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार गरिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ नहर तथा कुलोहरू प्रयोगमा आउने गरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भब भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिँचाइको लागि प्राथमिकताको आधारमा साना जलासय, ताल, पोखरी आदि संरचना तयार गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| | ५. सिँचाइका संरचनाको मर्मत सम्भारको लागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>६. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ।<br>७. सिँचाइ योजनाको व्यवस्थापन तथा दिगोपनको लागि उपभोक्ताहरूको संरक्षण समिति गठन गरिनेछ। |
| २.२ः दिगो सिँचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. सञ्चालित कुलो तथा नहरको दिगो पनाको लागि मर्मत सम्भार कोष तथा संरक्षण समितिको व्यवस्थापनमा जोड दिइनेछ ।<br>२. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>३. सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>४. दिगो सिँचाइको व्यवस्थापनको लागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ ।<br>५. सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली,फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>६. सिँचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ ।<br>७. परम्परागत कुलोहरूको मर्मत सम्भारमा जोड दिइनेछ । |
| २.३ः जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्ने । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ।<br>२. नदीजन्य प्रकोपको दिगो नियन्त्रणको लागि स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ।<br>३. खोलाखोल्सीको नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।<br>४. नदी किनाराको क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |
| **उद्देश्य ३ः सिँचाइ लगायतका उपक्षेत्रमा मौलिक, नवीन पद्धति र अभ्यासलाई प्रोत्साहन गर्नु ।** | |
| ३.१ः परम्परागत तथा मौलिक सिँचाइका अभ्यासहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने । | १. पैयूँ गापामा सिँचाई लगायतका आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्रहरूको यथार्थ स्थितिपत्र तयार गरी सोको वार्षिकरुपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ।<br>२. युवा,महिला तथा विपन्न समुदायहरूले सामूहिक रूपमा सिँचाई लगायतका क्षेत्रमा सञ्चालन गरेका मौलिक\नवीन पद्धति र नमूनायोग्य अभ्यासलाई प्राविधिक सेवा र टेवा पुर्याई मापदण्ड निर्माण गरी सिंचित क्षेत्रफल, उत्पादन, रोजगारी सृजनाका आधारमा वित्तीय प्रोत्साहन गरिनेछ।<br>३. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी सिँचाई क्षेत्रका कार्यक्रम, योजना वा परियोजनाहरूलाई अगाडि बढाइनेछ। |

### ४.२.५ कार्यक्रम तथा आयोजना

**तालिका २७: सिँचाइका कार्यक्रम तथा आयोजना**

| सिँचाइ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| समग्रमा पालिकाभित्रका सबै साना मझौला तथा ठूला कुला मर्मत तथा निर्माण सञ्चालन कार्यक्रम | | | | १०००० | १२००० | १५००० | १८००० | २०००० | ७५००० | ४.९२ |
| **सिँचाइको जम्मा** | | | | **१००००** | **१२०००** | **१५०००** | **१८०००** | **२००००** | **७५०००** | **४.९२** |

**तालिका २८: सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ४.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका २९: सिँचाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | जलस्रोत तथा सिँचाइको विकास र व्यवस्थापनबाट सबै क्षेत्रमा पानीको अभाव अन्त्य गर्ने । | खेतियोग्य जमिन मध्ये सिंचित जमिन | प्रतिशत | ६२.७८% | ६३ | ६४ | ६५ | ६६ | ६७ | ६७ | |
| | | बाह्रै महिना सिँचाइ हुने जमिन | प्रतिशत | ३४.७२% | ३५ | ३६ | ३७ | ३८ | ३९ | ३९ | |
| **असर** | | सुचारु सिँचाइ आयोजना | सङ्ख्या | ३१ | ३१ | ३२ | ३३ | ३४ | ३५ | ३५ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बाह्रै महिना सिँचाइ उपलब्ध हुने क्षेत्र थप भई कृषि उत्पादकत्व वृद्धि भएको हुनेछ । | कुलो तथा नहर स्तरीकरण (किमि) | कि.मि. | ३८ | ४० | ४२ | ४४ | ४५ | ४५ | ४५ | |
| **प्रतिफल** | पानीको मुहानहरू संरक्षण र व्यवस्थापन भएको हुनेछ । | संरक्षित मुहान | सङ्ख्या | १३७ | १४० | १४५ | १५० | १६० | १६५ | १६५ | |
| | | प्लास्टिक पोखरी | सङ्ख्या | ३ | १० | २० | ३० | ४० | ५० | ५० | |
| | | रिचार्ज पोखरी | सङ्ख्या | ११ | १२ | १३ | १४ | १५ | १६ | १६ | |

*स्रोतः पैयूँ गाउँपालिकाको कृषि शाखा, २०८० तथा पालिका स्तरीय छलफल*

### ४.२.७ अनुमान तथा जोखिम पक्ष

**कृषि योग्य जमिनमा सर्व याम सिँचाइको व्यवस्था भइ उत्पादनमा वृद्धि भएको हुने ।**

क पानीका मुहानहरू सुक्दै जानाले सिँचाई अभाव हुँदै जान सक्छ ।

ख ठूलो वर्षाका कारण बाढी पहिरो आई कुलो नहरहरू भत्किन गई सिँचाई अभाव हुन सक्छ ।

ग गुणस्तर हीन विकास योजना/आयोजनाका कारण दिगो सिँचाई हुन नसक्न सक्छ ।

घ भूकम्प गई कुलो, नहर भत्किएर वा खोलाको मार्ग (डाइभर्सन) परिवर्तन भएर सिँचाई मा समस्या आउन सक्छ ।

ङ देशमा आर्थिक मन्दी भई समयमा योजनाहरूको निर्माण कार्य समयमा सम्पन्न हुन नसकि सिँचाई नहुन सक्छ ।

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

पर्यटन, संस्कृति तथा सम्पदा पैयूँ गाउँपालिकाको विकासको अर्को महत्त्वपूर्ण संभाव्य क्षेत्र हो । नेपालको संविधानले देशभित्रका सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति अङ्गीकार गरेको छ । नेपालको संविधानको धारा ३२ (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपी, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पर्यटन सम्वन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ । धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेका स्थान तथा मन्दिरहरू जस्तै ऐतिहासिक पैयूँकोट, नायक सायब थान, फूलबारी दरबार, पालुस्थान, दफूर्को, चालालुङ्ग गुफा, शिवपुरी धाम, चन्द्रेश्वर शिवालय मन्दिर, बानिडाँडा छहरे झरना, ढुवाखोला झरना, गोभानसिंह कपासे झरना, छिच्याउदी झरना, टकलाक शिवालय मन्दिर,विश्वनाथ शिला, नागेश्वर मन्दिर, नाच्नेडाँडा पर्यटकीय स्थल, कोलकाटे, वैष्णवी देवी मन्दिर, मुसुरबारी कालिकादेवी मन्दिर,चिन्तन चौतारी, टाडटाड गुफा, न्यौपाने गाउँ मन्दिर, थुम्की गुफा, थमथमी माई ग्यामी, पात्ले पर्यटकीय स्थल, त्रिवेणी धाम लगायतका गाउँपालिकाका धार्मिक तथा पर्यटकीय स्थलहरू तथा प्राकृतिक सम्पदाहरू रहेका छन् । उल्लिखित प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूका कारण यो गाउँपालिका आर्थिक विकासको प्रबल सम्भावना बोकेको गाउँपालिकाको रूपमा परिचित छ ।

यहाँका हिन्दू तथा बौद्ध धर्म मान्नेहरूका प्रमुख चाड तथा मेलाहरूमा वैशाखे सक्रान्ति, बुद्ध पूर्णिमा, जेठी पूर्णिमा, दशहरा,कर्कट वा साउने सक्रान्ति, नागपञ्चमी, कृष्णा जन्माष्टमी, जनैपूर्णिमा, हरितालिका तीज, सोर्हश्राद्ध, दशै, तिहार, माघे क्रान्ति, फागु पुर्णिमा, चैत्र दशै वा चैत्राष्टमी आदि रहेका छन् ।

गाउँपालिका क्षेत्रका विभिन्न वडाहरूमा प्रमुख पर्यटकीय स्थलहरू रहेका छन् । विशेष गरी ऐतिहासिक मन्दिर, पोखरी, सामुदायिक वन क्षेत्र, गुफा, संग्रहालय, होटेल र रेस्टुरेन्टहरूले गाउँपालिकाको पर्यटनलाई बढावा दिइरहेको छ । गाउँपालिका क्षेत्रमा रहेका यस किसिमका पर्यटकीय स्थलहरू मध्ये केही प्राकृतिक छन् भने केही मानव निर्मित रहेका छन् । साँस्कृतिक विविधताले धनी पैयूँ क्षेत्रमा २१ वटा ऐतिहासिक तथा धार्मिक मन्दिरहरू रहेकाले पनि पहाडी संस्कृतिका लागि यो क्षेत्र धनी मानिन्छ । गाउँपालिकामा पर्यटकीय स्तरका पाहुना घर (Home stay) का अतिरिक्त हुवास बजारमा सञ्चालित होटेलहरू पनि पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । यो गाउँपालिका सांस्कृतिक तथा पर्यटकीय हिसाबले जिल्लाकै महत्त्वपूर्ण गाउँपालिकाका रूपमा परिचित छ ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटन उद्योगको विकासको लागि गाउँपालिकासँग पर्यटन सम्बन्धी गुरु योजना नहुनु, पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई पर्याप्त जानकारी नहुनु, सर्वयाम सडक सुविधा उपलब्ध नहुनु, गाउँपालिका क्षेत्रमा पर्यटन उद्योगका लागि पर्याप्त दक्ष जनशक्तिको अभाव, विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन

पूर्वाधारको सुविधा नहुनु, पर्यटन उद्यमशीलताको कमी, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नू, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन् ।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नू, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न जातजाति तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा दिनानुदिन लोप हुँदै जानु, पर्यटकको बसाइका लागि पर्यटन स्तरको होटेल नभएकोले बास र खर्च गराईमा तालमेल हुनु, पर्यटकीय उपजको विविधिकरण गर्नु, विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जातजाती आदीको भाषा र संस्कृति जगेर्ना गर्नु, स्थानीय सास्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसँग आवद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन् ।

### ४.३.३ सम्भावना तथा अवसर

पर्यटन उद्योग क्षेत्रको विकासको लागि स्थानीय सरकारमा चासो बढ्नु, ग्रामीण क्षेत्रमा पर्यटनसँग सम्बन्धित सूचना तथा प्रविधिको द्रुत विकास हुनु, आन्तरिक पर्यटकको सख्यमा क्रमशः वृद्धि हुँदै जानु, उद्योगका लागि आवश्यक अध्ययन र तालिमका लागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगका लागि आवश्यक अन्न, तरकारी, फलफूल गाउँमा नै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभुषा, संस्कृतिको प्रवर्द्धन हुनु, ग्रामीण क्षेत्रमा पाहुना घरको व्यवस्थापन हुनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि लाई पैयूँको पर्यटन विकासको लागि अवसरका रूपमा लिन सकिन्छ ।

भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग स्थानीय निकायको कार्य दायरामा आउनु, जातीय संस्कृतिको संरक्षणमा समुदायको सक्रियता बढ्नु, सांस्कृतिक एवम् धार्मिक विविधताका बीच सद्भाव अभिवृद्धि हुनु जस्ता पक्षहरूलाई गाउँपालिकाको पर्यटन तथा संस्कृति विकास तथा प्रवर्द्धनको लागि सुनौलो अवसरहरू का रूपमा लीन सकिन्छ ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**<u>लक्ष्य</u>**

पैयूँ गाउँपालिकालाई सुरक्षित गुणस्तरीय र पर्यटन मैत्री गाउँपालिकाको रूपमा विकास गर्ने ।

**<u>उद्देश्य</u>**

१. गाउँपालिकाभित्र विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।
२. ग्रामीण पर्यटनको लागि गुरुयोजना तर्जुमा गर्नु ।
३. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु।
४. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।
५. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
६. पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।

७. पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।

८. पर्यटनका क्षेत्रमा पैयूँमा विकास भएका मौलिक, नवीन पद्दति र अभ्यासलाई प्रोत्सहान गर्नु ।

## रणनीति तथा कार्यनीति

### तालिका ३०: पर्यटनका रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः गाउँपालिकाभित्र विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।** | |
| **१.१ः** सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | १. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>२. भाषा, कला र संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३ धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ। |
| **१.२ः** भाषा, कला र साहित्य, बहुसंस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने । | १. सबै जात जातिको संस्कृति, रितिरिवाज र परम्पराको संरक्षणको लागि बहुसांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ ।<br>२. भाषा, लोक साहित्य, लोक संस्कृति, नृत्य, नाट्य र कलाको सम्बर्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ ।<br>३. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ ।<br>४. पर्यटन क्षेत्रमा योगदान गरेका व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ ।<br>५. प्रतिष्ठानद्वारा गायन, संगीत, नृत्य र नाटक सम्बन्धी व्यावसायिक र गैरव्यावसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ ।<br>६ विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| **१.३ः** भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान गरी धार्मिक एवम् साँस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने । | १. विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ ।<br>२ भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ । |
| **१.४ः** बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गर्ने मापदण्ड बनाई कार्यान्वयन गर्ने । | १. सांस्कृतिक सम्पदालाई संरक्षण गर्न बहुसांस्कृतिक संग्रहालयको स्थापना र सञ्चालन गरिनेछ ।<br>२. संग्रहालयमा स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ३ संग्रहालयहरूलाई स्तर उन्नति गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ । |
| **१.५**ः पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, सम् वर्द्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण र परिचालन गर्ने। | १. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रमहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदाय स्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. भाषा, साहित्य, नाट्यकला, संगीत र ललितकलाको क्षेत्रमा योगदान पुर्‍याउने सङ्घ संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।<br>३ परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ। |
| **उद्देश्य २ः ग्रामीण पर्यटनको लागि गुरुयोजना तर्जुमा गर्नु ।** | |
| २.१ः गाउँपालिकाभित्र ग्रामीण पर्यटनका क्षेत्रहरूको ठाउँहरूको पहिचान गरी १५ वर्षे गुरुयोजना तर्जुमा गर्ने । | a. गाउँपालिकाभित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँ तथा क्षेत्रको विज्ञहरू मार्फत पहिचान गरिनेछ ।<br>b. पर्यटन गुरुयोजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।<br>३ पर्यटन क्षेत्रलाई गाउँपालिकाको आम्दानीको एक महत्त्वपूर्ण क्षेत्रका रूपमा लिइनेछ । |
| **उद्देश्य ३ः विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।** | |
| **३.१**ः जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने । | १ महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्न निर्देशिका बनाई यसका लागि प्रदेश र सङ्घ सरकारसँग समन्वय गरिनेछ ।<br>२ यस क्षेत्र भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ ।<br>३ हाम्रो संस्कृति र प्रकृतिको व्याख्या गर्दै प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने। |
| **३.२**ः भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक वस्तुगत विवरण तयार गरी अद्यावधिक गर्ने। | १. गाउँपालिकाका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्य दृश्य सहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>२. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूको उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>३. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ ।<br>४. भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५ मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |
| **उद्देश्य ४ः पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।** | |

| | |
|---|---|
| ४.१: हाल सञ्चालनमा रहेका होटेल र चियापसलहरूको सेवाको स्तर उन्नति गर्ने । | १. स्थानीय होटेल, लज र चियापसलका व्यवसायीहरूलाई विषयगत विज्ञहरू झिकाई स्थानीय स्तरमै पेशागत तालिमको व्यवस्था गरिनेछ ।<br>२ भइरहेका व्यवसायहरूको स्तर उन्नतिका लागि सहुलियत दरको पुँजीको खोजी गरिनेछ । |
| ४.२: पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने । | १. पर्यटन प्रवर्द्धन बारेमा गुरुयोजनामा उल्लिखित क्रियाकलापहरूको सञ्चालन तथा कार्यान्वयनमा जोड दिइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरू बारे प्रचार प्रसार गरिनेछ ।<br>३. ब्रोसर तयार गरी व्यापक प्रचार प्रसार गरिनेछ ।<br>४. जिल्लाका स्नातक/स्नातकोत्तर तहका विद्यार्थीहरूलाई अनुसन्धानका लागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका बारेमा विभिन्न क्षेत्रका विज्ञहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेख रचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ।<br>६ वेबसाइट, युट्युब, फेस बुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवश्यक प्रचार प्रसार गरिनेछ। |
| **उद्देश्य ५: पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |
| **५.१:** पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | १. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन कालो पत्रे सडक, पदमार्ग, पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका सडक र पदमार्गको स्तर उन्नति गरिनेछ ।<br>३ पर्यटकीय ठाउँहरूको उचित संरक्षणको लागि बार पर्खाल, बाँध, लगायतका कार्यहरूमा जोड दिइनेछ । |
| **५.२:** पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२ पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा खरिद तथा व्यवस्थापन गरिनेछ । |
| **उद्देश्य ६: पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।** | |
| **६.१:** गाउँपालिका भित्रका युवायुवतीलाई पर्यटन विषयको शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसाय प्रति युवायुवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवायुवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Trekking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>३ स्थानीय पाठ्यक्रममा पर्यटन शिक्षालाई समावेश गरिनेछ । |
| **उद्देश्य ७: पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।** | |

| | |
|---|---|
| ७.१: बाह्य स्रोतसाधनको खोजी गर्ने । | १. गाउँपालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२ गाउँपालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |
| ७.२: आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमका लागि विनियोजन गरिनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासका लागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ।<br>३. व्यवसायबाट राज्य र स्थानीय तहलाई कानुन अनुसारको कर तिर्ने संस्कृतिको विकास गरिनेछ ।<br>४. स्थानीय स्रोत साधन र खाद्य उपजको प्रयोग गरी व्यापार व्यवसायलाई प्रोत्साहन सहित रोजगारी वृद्धि गरिनेछ । |
| उद्देश्य ८: पर्यटनका क्षेत्रमा पैयूँमा विकास भएका मौलिक, नवीन पद्धति र अभ्यासलाई प्रोत्साहन गर्नु । | |
| ८.१: परम्परागत तथा मौलिक पर्यटन संस्कृति तथा सम्पदा संरक्षणका अभ्यासहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने । | १. पैयूँ गापामा पर्यटन लगायतका आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्रहरूको यथार्थ स्थितिपत्र तयार गरी सोको वार्षिकरुपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ।<br>२. युवा,महिला र विपन्न समुदायहरूले एकल तथा सामूहिक रूपमा पर्यटन लगायतका क्षेत्रमा सञ्चालन गरेका मौलिक\नवीन पद्धति र नमूनायोग्य अभ्यासलाई मापदण्ड निर्माण गरी प्रदत्त पर्यटन सेवाको प्रकृति, स्थानीय उत्पादनका योगदान ,रोजगारी सृजनाका आधारमा वित्तीय प्रोत्साहन गरिनेछ।<br>३. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी पर्यटन उप क्षेत्रका कार्यक्रम, योजना वा परियोजनाहरूलाई अगाडि बढाइनेछ। |

### ४.३.५ कार्यक्रम तथा आयोजना

**तालिका ३१: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजना**

| पर्यटन, संस्कृति तथा सम्पदा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| हातेमालो चोक धरम्पानी हुँदै पैयूँकोट पदमार्ग (३ कि मि/ २५% काम भएको) | | | | | | ५०० | १००० | १५०० | ३००० | ०.२० |
| पालुस्थान पैयूँकोट पदमार्ग (२ कि मि/१०% काम भएको) | | | | १००० | १००० | | | | २००० | ०.१३ |
| पालुस्थान पर्यटकीय क्षेत्र विकास कार्यक्रम | | | | | ५०० | १००० | १५०० | २००० | ५००० | ०.३३ |
| छहरे झरना क्यानोनिङ | | | | ५०० | १००० | १००० | | | २५०० | ०.१६ |
| नायव-सायवस्थान क्षेत्र विकास कार्यक्रम | | | | | | १००० | २००० | ३००० | ६००० | ०.३९ |
| पकेट पार्क निर्माणः लब्ली डाँडा, बानीडाँडा गुरुङ्गगाँउ मण्डली पार्क वडा नं ५, गाउँपालिका भवन अगाडी | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| धरादी बाराह मन्दिर सातधारा निर्माण | | | | १००० | १००० | ५०० | | | २५०० | ०.१६ |
| **पर्यटन, संस्कृति तथा सम्पदाको जम्मा** | | | | **३५००** | **४५००** | **५०००** | **५५००** | **७५००** | **२६०००** | **१.७१** |

**तालिका ३२: पर्यटन, संस्कृति तथा सम्पदाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ४.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ३३: पर्यटन, संस्कृति तथा सम्पदाका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | गाउँपालिका एउटा आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको हुनेछ । | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने | सङ्ख्या | ५० | ५५ | ६० | ६५ | ८० | १०० | १०० | |
| | | पर्यटक सङ्ख्यामा वृद्धि दर (आन्तरिक) | प्रतिशत | १० | १२ | १५ | २० | २५ | ३० | ३० | |
| | | पर्यटक सङ्ख्यामा वृद्धि दर (बाह्य) | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ | १० | १० | |
| | | पर्यटन र सेवामूलक व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | २० | २२ | २४ | २६ | २८ | ३० | ३० | |
| असर | पर्यटन व्यवसायको गुणस्तर वृद्धि भई पर्यटकीय स्थलको प्रचार-प्रसार भएको हुनेछ । | पर्यटन सुचना केन्द्र स्थापना | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | |
| | | पालिकामा भ्रमण गर्न आएका पर्यटकहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | १५०० | १६०० | १८०० | २२०० | २८०० | ३५०० | ३५०० | |
| | | आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | |
| प्रतिफल | आधारभुत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । | पर्यटकीय स्तरका होटल तथा बेड | सङ्ख्या | ० | १ | १ | २ | ३ | ३ | ३ | |
| | | | सङ्ख्या | ० | १५ | १५ | ३० | ४५ | ४५ | ४५ | |
| | | साधारण होटल तथा बेड | सङ्ख्या | ७ | ८ | ९ | १० | ११ | १२ | १२ | |
| | | | सङ्ख्या | ३० | ४० | ४५ | ५० | ५५ | ६० | ६० | |
| | | होम स्टे तथा बेड | सङ्ख्या | ७ | ७ | १० | १२ | १५ | २० | २० | |
| | | | सङ्ख्या | ३० | ३५ | ५० | ६० | ७५ | १०० | १०० | |
| | | पदमार्ग निर्माण तथा स्तरोन्नति | कि.मि. | ०.७ | २ | ३ | ४ | ५ | ६ | ६ | |
| | पर्यटन उद्योगकालागि आवस्यक स्थानीय मानव संसाधन विकास भएको हुनेछ । | ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | |
| | | कुक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | |
| | | होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ३० | ३० | |
| | | सहकारी पसल | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | | होलसेल पसलको सङ्ख्या | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | |
| | | स्थानीय बजार र आपूर्ति अनुगमन | सङ्ख्या | २ | १२ | १२ | १२ | १२ | १२ | ६० | |

### ४.३.७ अनुमान तथा जोखिम पक्ष

**पर्यटन तथा संस्कृति मैत्री पूर्वाधार सहित पर्यटनको सङ्ख्यामा तीव्र वृद्धि भएको हुने ।**

क महामारीका रोगहरूका कारण आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्यामा कमी आउन सक्छ ।
ख वातावरणमा आउन सक्ने प्रतिकूलताका कारण पर्यटनमा कमी हुन सक्छ ।
ग विश्वव्यापी करणको बढ्दो प्रभाव तथा उच्च प्रविधिका कारण परम्परागत संस्कृतिमा असर पुग्न सक्छ ।
घ राजनैतिक गतिविधिहरू जस्तै आम हडताल, सडक जाम, आन्दोलन आदिका कारण संस्कृति तथा पर्यटनमा ह्रास आउन सक्छ ।
ङ दैवी प्रकोप (बाढी पहिरो भूकम्प) बाट सम्पदामा दखल पुग्न सक्छ ।

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पूँजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सीपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि विषयमा जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशीलता विकास र प्रवर्द्धनको अधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्छन् ।

गाउँपालिकाको वडा नं. १ टकलाक नजिक काली गण्डकी नदीको किनार हुँदै बुटवल कुश्मा मुस्ताङ लोक मार्ग यहाँको उद्योग व्यापार र व्यवसायको लागि महत्त्वपूर्ण आधार बनेको छ । गाउँपालिकाको केन्द्र हुवास बजारबाट स्याङजाको वालिङ हुँदै स्याङजा, पोखरा तथा गल्याङ, तानसेन, बुटवल लगायतका ठूला बजारहरू सँग सिधा सम्पर्क हुने भएकोले पनि यहाँ उत्पादित बस्तुहरूको बजारीकरणका लागि समस्या छैन । गाउँपालिकाका केही बस्तीहरू जस्तै वडा नं. १ टकलाकको घैयाखेत, वडा नं २ त्रिवेणीको त्रिवेणी अर्थुन, वडा नं. ३ बेउलीवासको मैदान, वडा नं. ४ हुवासको हातेमालोचोक, हुवास बजार, मर्दीखोला, वडा नं. ५ चिसापानीको चिसापानी, देउराली, वडा नं. ६ सरौंखोलाको जैविरे,सरौंखोला र वडा नं. ७ भोर्लेको भोर्ले बजार आदि यहाँका प्रमुख बजार उन्मुख क्षेत्रहरू हुन ।

पैयूँ गाउँपालिकामा ३२६८ धुरीहरूमा १०३ घर धुरीहरू अर्थात् ३.३१% घर धुरीहरू उद्योग व्यवसायमा संलग्न रहेका छन् । यस क्षेत्रभित्र धेरै व्यवसायहरू भए पनि ३४ प्रकारका जम्मा १५८ साना ठूला उद्योग/व्यवसायहरू मात्र दर्ता भएको अभिलेख छ । जसमा राइस मिल ३८, खाजा, चिया, रेष्टुरेण्ट २८, होटेल १९, कृषि फर्म ९,टेलर ५, कम्प्युटर सेन्टर ५, ग्रिल उद्योग ३, सौन्दर्य कला व्यवसायी ३, फर्निचर २ लगायत छन् । अन्यमा स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग, काष्ठ उद्योग, बेकारी, खुद्रा र थोक पसलहरू, किराना पसल, मासु पसल, र औषधि पसल लगायतका व्यवसायहरू सञ्चालनमा रहेका छन् ।

स्थानीय बजारहरूमा दैनिक जसो खाद्यान्न तथा बहु राष्ट्रिय कम्पनीबाट उत्पादित बस्तुहरूको किनबेच लगायतका कारोबार हुने गर्दछ । स्थानीय स्तरमा उत्पादन हुने खाद्य तथा कच्चा पदार्थको बजार गाउँपालिकाभित्र रहेका स-साना बजारहरू हुन् । स्थानीय उत्पादनहरू सुन्तला, कफी, आलु, दुग्ध जन्य वस्तुहरू, मासु तथा खाद्यान्न, धान, मकै, गहुँ, ताजा तरकारी र कवाडी, मह लगायतका बस्तुहरू यहाँबाट निर्यात हुने गरेका छन् ।

### ४.४.२ समस्या तथा चुनौती

उद्योग व्यापार व्यवसाय र आपूर्तिको क्षेत्रमा सबै भन्दा ठूलो समस्या भनेको प्रतिस्पर्धात्मक स्थानीय बजारको अभाव हो । गाउँपालिका क्षेत्र भित्र कच्चा पदार्थको अभाव हुनु, उद्योग सम्बन्धी जानकारीको कमी हुनु, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, उद्योग सञ्चालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु जस्ता प्रमुख समस्याहरू रहेका छन् । साथै उत्पादनमा समेत उत्पादन मुखी

बजारको व्यवस्थापन नहुनु, व्यावसायिक सूचना केन्द्रको कमी जस्ता पक्षहरू पनि उद्योग व्यवसाय विकासको प्रमुख समस्याको रूपमा रहेका छन् ।

स्थानीय उत्पादनको तुलनामा खुल्ला रूपमा भित्रिने समानहरूले परनिर्भरतामा वृद्धि हुँदै गइरहेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको यस क्षेत्रबाट हुने पुँजीको पलायन हो । वित्तीय स्रोतको सङ्कोचनका कारण यस क्षेत्रका आर्थिक गतिविधिहरू क्रमशः अन्यत्र गएका छन् । रैथाने तथा नस्ल जातहरूको विस्थापनका कारण कृषि, बागवानी तथा पशु पन्छी पालनको क्षेत्रमा सङ्क्रमणको जोखिम फराकिलो हुँदै गइरहेको छ । निर्माण सामाग्रीको रूपमा प्रयोग हुने गिट्टी, ढुङ्गा, बालुवा आदि खानी तथा नदी जन्य वस्तुको उत्खनन कानुन बमोजिम नुहुँदा वातावरणीय असन्तुलन मात्र नभई विपदको जोखिम उच्च रहेको छ ।

### ४.४.३ सम्भावना तथा अवसर

गाउँपालिकाको केन्द्र रहेको ठाउँ हुवास बजार जिल्लाकै दोस्रो ठूलो बजारको रूपमा विस्तार हुनु, राष्ट्रिय स्तरको लोक मार्ग गाउँपालिका नजिक भएर निर्माण हुनु, हुवास बजारबाट स्याङजाको बालिङ, पाल्पाको तानसेन, बुटवल, पोखरा लगायतका ठूला बजारहरूसँग प्रत्यक्ष सम्बन्ध हुनु, व्यापार जन्य प्राकृतिक सम्पदाहरू जस्तै वन, ढुङ्गाखानी, बाह्रै महिना पानी बग्ने खोलाहरू हुनु, आदि यहाँका व्यापार व्यवसायको लागि भरपर्दो सम्भावनाहरू हुन् । यहाँ उत्पादन हुँदै आएका मौसमी तथा बेमौसमी तरकारी, सुन्तला लगायतका फलफूलहरू, स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित उद्योगहरूको विस्तार र विकासको सम्भावना पनि बलियो रहेको छ । साना तथा मझौला उद्योगका लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा उपलब्ध हुन सक्ने देखिन्छ । त्यसैगरी, आयातलाई निर्यातले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधीकरण गर्न सकिने सम्भावना बलियो छ । घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणको लागि गाउँपालिकाको सहजीकरण र समन्वयकारी भूमिका भने अति महत्त्वपूर्ण हुने गर्दछ ।

साना तथा मझौला उद्योगको लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जना हुने वातावरण तयार हुँदा बसाइँसराइ कम भई स्थानीय विकासमा समुदायहरू समर्पित हुनु, स्थानीय कच्चा पदार्थको सदुपयोग हुनु, पर्यटकहरूलाई स्थानीय उत्पादन मार्फत् स्वागत गर्न सकिने र बजारीकरणलाई समेत सहयोग पुग्नु आदि उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति क्षेत्रका अवसरहरू हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**<u>लक्ष्य</u>**

कृषि, तथा गैर-कृषि क्षेत्रसँग सम्बन्धित उद्योगहरूको विकास र विस्तार गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

**<u>उद्देश्य</u>**

१. गाउँपालिकाको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।

२. स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।
४. वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।
५. उद्योग तथा वाणिज्यका क्षेत्रमा पैयूँमा हुने ठूला लगानी तथा विकास भएका मौलिक, नवीन पद्धति र प्रयास वा अभ्यासलाई प्रोत्साहन गर्नु ।

<u>रणनीति तथा कार्यनीति</u>

**तालिका ३४: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गाउँपालिकाको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।** | |
| **१.१:** अत्यावश्यक सामाग्रीहरूको सहज आपूर्तिको सु निश्चितता गर्ने । | १. सुपथ मूल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मूल्य पसल सञ्चालनका लागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३. गाउँपालिकाको सम्पूर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |
| **उद्देश्य २: स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| **२.१:** स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजीकरण एवम् प्रोत्साहन गर्ने । | १. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र व्यावसायिक उत्पादन गरी उद्योग प्रवर्द्धन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशील गरिनेछ ।<br>४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ ।<br>५. पुरानो पुख्यौंली सीप कलालाई आधुनिकिकरण गरिनेछ । |
| **उद्देश्य ३: उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।** | |
| **३.१:** स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने। | १. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ।<br>२. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ। |
| **उद्देश्य ४: वाणिज्य क्षेत्रलाई स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गर्नु ।** | |
| **४.१:** तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यात योग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्वन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आवद्ध गर्दै माग वमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य ५: उद्योग तथा वाणिज्यका क्षेत्रमा पैयूँमा हुने ठूला लगानी तथा विकास भएका मौलिक,नवीन पद्धति र प्रयास वा अभ्यासलाई प्रोत्साहन गर्नु ।** | |
| ५.१: ठूला लगानी तथा विकास भएका मौलिक,नवीन पद्धति र प्रयासका अभ्यासहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने । | १. पैयूँ गापामा उद्योग तथा वाणिज्य लगायतका आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्रहरूको अवस्थाको यथार्थ स्थितिपत्र तयार गरी सोको वार्षिकरुपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ।<br>२. ठूला लगानीकर्ता, युवा,महिला र विपन्न समुदायहरूले एकल तथा सामूहिक रूपमा सञ्चालन गरेका ठूला उद्योग, स्थानीय मौलिक लघु उद्यम लगायतका यस उपक्षेत्रमा सञ्चालन गरेका मौलिक\नवीन पद्धति र नमूनायोग्य अभ्यासलाई मापदण्ड निर्माण गरी प्रदत्त उद्यमको प्रकृति, स्थानीय उत्पादनमा यसको योगदान ,रोजगारी सृजना आदिका आधारमा नीतिगत तथा आर्थिक\वित्तीय प्रोत्साहन गरिनेछ।<br>३. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी उद्योग तथा वाणिज्य उप क्षेत्रका कार्यक्रम, योजनाहरूलाई अगाडि बढाइनेछ। |

### ४.४.५ कार्यक्रम तथा आयोजना

**तालिका ३५: उद्योग, व्यापार, व्यावसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजना**

| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| बाँसको सामग्री निर्माणमा प्रोत्साहन कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| फर्निचर उद्योग सञ्चालन सहजीकरण कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| गार्मेन्ट तथा ढाका उद्यम प्रोत्साहन कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| मसला उद्योग सञ्चालन कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| कृषि उपज उत्पादन, प्रशोधन तथा प्याकेजिङ उद्योग | | | | १५०० | २००० | २५०० | ३००० | ३५०० | १२५०० | ०.८२ |
| सेनेटरि प्याड उत्पादन कार्यक्रम | | | | | | | ५०० | १००० | १५०० | ०.१० |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको जम्मा | | | | ३५०० | ४००० | ४५०० | ५५०० | ६५०० | २४००० | १.५७ |

**तालिका ३६: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ४.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ३७: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा स्थानीय रोजगारीमा वृद्धि, बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिद्वारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि हुनेछ । | उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | सङ्ख्या | ४७० | ४८० | ४९० | ५०० | ५१० | ५२० | ५२० | |
| | | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | |
| असर | गाउँपालिका भित्र उल्लेख्य सङ्ख्यामा लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा भई रोजगारीका थप अवसरहरू सिर्जना भएको हुनेछ । | प्रत्यक्ष रोजगरीमा वृद्धि (वार्षिक) | प्रतिशत | १ | २०.०० | ४० | ६० | ८० | १०० | १०० | |
| | | सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | १६५० | १७०० | १७५० | १८०० | १८५० | १९०० | १९०० | |
| | | घरेलु तथा साना उद्योग दर्ता | सङ्ख्या | ४६७ | ४८० | ५०० | ५२० | ५४० | ५६० | ५६० | |
| | | मझौला उद्योग दर्ता | सङ्ख्या | ० | ० | ० | १ | १ | २ | २ | |
| प्रतिफल | स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन भई स्थानीय स्रोतमा आधारित उद्योगहरू स्थापना भएको हुनेछ । | स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० | |
| | | स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | सङ्ख्या | ५ | ६ | ७ | ८ | ८ | १० | १० | |
| | उत्पादित बस्तुहरूको बिक्री वितरणकालागि बजार व्यवस्थापन भएको हुनेछ । | विभिन्न ठाउँमा हाट बजार सञ्चालन | सङ्ख्या | ० | ० | १ | १ | २ | २ | २ | |
| | | निकासीजन्य कच्चा पदार्थको परिमाण | मे. टन | | | | | | | | |
| | वाणिज्य क्षेत्रले स्थानीय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा लिएको हुनेछ । | विभिन्न ठाउँमा स्थानीय सामानको बजार सञ्चालन | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | |
| | | उत्पादन र बजारीकरण सहकारी संस्था | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | |
| | | थोक तथा खुद्रा व्यापारमा रोजगारी सिर्जना | सङ्ख्या | २० | ३० | ४० | ५० | ६० | ७० | ७० | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | गाउँपालिका भित्रको आपूर्ति प्रणाली प्रभावकारी भएको हुनेछ । | सुपथ मूल्य पसल | सङ्ख्या | ० | ० | १ | १ | २ | २ | २ | |
| | | सहकारी पसल | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | |
| | | होलसेल पसलको सङ्ख्या | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | |
| | | स्थानीय बजार र आपूर्ति अनुगमन | सङ्ख्या | २ | १२ | १२ | १२ | १२ | १२ | ६० | |

### ४.४.७ अनुमान तथा जोखिम पक्ष

**गाउँपालिका भित्र उद्योग, व्यापार, व्यवसायहरू मौलाएका हुनेछन् ।**

क. राजनैतिक अस्थिरताका कारण आम हडताल, बन्द, आन्दोलन, सडक जाम भई व्यापार व्यवसाय फस्टाउन कठिन हुन सक्छ ।
ख. अचानक मजदुर आन्दोलन भइ उद्योग सञ्चालनमा समस्या आउन सक्छ ।
ग. आर्थिक मन्दी, महँगी आदिका कारण बजारी करणमा कठिनाइ आउन सक्छ ।
घ. दैवी प्रकोप (वर्षा, बाढी पहिरो हुरी बतास ) का कारण सडक यातायात बन्द भइ आपूर्तिमा समस्या आउन सक्छ ।
ङ. कृषि जन्य उत्पादनमा कमी आएमा बजारमा खाद्य सामाग्रीको अभाव हुन सक्छ ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना २०७८ अनुसार पैयूँ गाउँपालिका भित्र कुल जनसङ्ख्या १२७२५ मध्ये १५-५९ वर्ष उमेर समूहका ७४८६ जना अर्थात् ५८.८२% कुनै न कुनै आर्थिक क्रियाकलापमा सहभागी रहेको देखिएको छ । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुंदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । गाउँपालिकाको क्षेत्रका १.६९ प्रतिशत जनसङ्ख्या वैदेशिक रोजगारीमा संलग्न रहेको छन् । गाउँपालिकामा २१.७१ प्रतिशत जनसङ्ख्या बेरोजगार रहेको छ (राष्ट्रिय जनगणना, २०७८)

समावेशी तथा दिगो विकासका लागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ । राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्था सहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ । सङ्घीय सरकारमा जस्तै पालिकामा पनि विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी वनाउन निकै आवश्यक भएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

एकातिर गाउँपालिकाभित्र स्थानीय बेरोजगारीको सङ्ख्या बढिरहेको छ भने अर्कोतर्फ सोही अनुपातमा वैदेशिक रोजगारको लागि युवा पलायनको गति पनि तीव्र हुँदै गएको छ । स्वदेशमा सीमित रोजगारीका अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । पैयूँ गाउँपालिका क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।

सङ्घ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनको जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

### ४.५.३ सम्भावना तथा अवसर

गाउँपालिकामा रोजगारीका लागि प्राकृतिक स्रोत र साधनको अतिरिक्त धेरै प्रकारका अवसरहरू विद्यमान छन् । आर्थिक रूपले जानसाख्यिक लाभ लिन सकिने जनसङ्ख्याको बाहुल्यता रहेको छ । जसको परिचालन

मार्फत पैयूँ गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्या आफैंमा एउटा महत्त्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो जन्म तथा कर्म थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>**लक्ष्य**</u>

श्रमको उचित सम्मान गर्दै रोजगारीका अवसरहरूमा वृद्धि गर्नुका साथै सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी कार्यहरू सम्पादन गर्ने ।

<u>**उद्देश्य**</u>

१. स्थानीय तथा वैदेशिक रोजगारको लागि दिगो, सुरक्षित र भरपर्दो प्रणालीको विकास गर्नु ।
२. श्रम, रोजगारी र सामाजिक सुरक्षाका क्षेत्रमा पैयूँमा विकास भएका मौलिक,नवीन प्रणाली\पद्धति र प्रयास वा अभ्यासलाई प्रोत्साहन गर्नु ।

<u>**रणनीति र कार्यनीति**</u>

**तालिका ३८ः श्रम, रोजगारी र सामाजिक सुरक्षाका रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः स्थानीय तथा वैदेशिक रोजगारको लागि दिगो, सुरक्षित र भरपर्दो प्रणालीको विकास गर्नु ।** | |
| **१.१ः** स्थानीय तथा वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले स्थानीय तथा वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि गर्नुका साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनिकरण गर्ने । | १. स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हुने खालका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धि मूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरू सँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>३. लघुउद्यम विकास कार्यक्रमलाई थप व्यवस्थित गरी सम्भावित सबै बस्तीस्तरमा विस्तार गरिनेछ। ड्राइभिड, हाउस वायरिड,प्लम्बड, कपाल काट्ने, सिकर्मी, डकर्मी, सिलाइकटाइ जस्ता सीपमूलक तालिम तथा क्षमता विकास कार्यक्रमहरू सच्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।<br>४. वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सीप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकासमा लगानी गरिनेछ ।<br>५. मन सामाजिक परामर्श सेवालाई पालिका को स्वास्थ्य शाखा अन्तर्गत आन्तरिक करण गर्दै सो सम्बन्धी सेवालाई दिगो रूपमा प्रवाह गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ६. सम्बन्धित सरोकारवालाहरू सँगको समन्वय तथा सहकार्यलाई बढवा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह गरिनेछ ।<br>७. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गरिनेछ ।<br>८. आर्थिक विकासका लागि औ्योगिक विकास अपरिहार्य रहने हुँदा औद्योगिक ग्रामको स्थापना गर्न सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।<br>९. गाउँपालिकाभित्र सञ्चालित विभिन्न व्यवसायलाई थप व्यवस्थित गर्दै स्थानीय राजस्वको दायरामा ल्याइनेछ । त्यसका लागि व्यवसाय दर्ता शिविर सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ः श्रम, रोजगारी र सामाजिक सुरक्षाका क्षेत्रमा पैयूँमा विकास भएका मौलिक,नवीन प्रणाली\पद्धति र प्रयास वा अभ्यासलाई प्रोत्साहन गर्नु ।** | |
| २.१ः लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १. सामाजिक सुरक्षा सम्बन्धी आवश्यक कानुनी दस्तावेज तयार गरिनेछ।<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ ।<br>३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत लक्षित वर्गको पहिचान गरी आवश्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४. हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको पालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ।<br>५. लक्षित वर्ग प्रति संवेदनशील बनाई जन चेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.२ः सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्न स्थानीय रोजगारी प्रवर्द्धनमा जोड दिने । | १. सामाजिक विकृति, कुरीति, जातीय छुवाछूत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ ।<br>३. मर्यादित जीवनबारे सचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्थानीय रूपमा उपलब्ध हुन सक्ने रोजगारीका अवसरहरूको आधार तथ्याङ्क (Base line data) सङ्कलन गरिनेछ।<br>५. गाउँपालिकामा रोजगार सूचना केन्द्रको स्थापना गरिनेछ ।<br>६. स्थानीय रोजगार दातालाई प्रोत्साहन गरिनेछ । |
| २.३ः श्रम, रोजगारी र सामाजिक सुरक्षाका लगायतका अभ्यासहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने । | १. पैयूँ गापामा श्रम, रोजगारी र सामाजिक सुरक्षाका लगायतका आर्थिक विकासका क्षेत्र तथा उपक्षेत्रहरूको अवस्थाको यथार्थ स्थितिपत्र तयार गरी सोको वार्षिकरुपमा समीक्षा र वस्तुस्थितिको अद्यावधिक गरिनेछ।<br>२. युवा,महिला र विपन्न समुदायहरूले एकल तथा सामूहिक रूपमा सञ्चालन गरेका स्थानीय श्रम, रोजगारी र सामाजिक सुरक्षा लगायतका यस उपक्षेत्रमा सञ्चालन गरेका मौलिक\नवीन पद्धति र नमूनायोग्य अभ्यासलाई मापदण्ड |

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| | निर्माण गरी श्रम र रोजगारको  प्रकृति, स्थानीय उत्पादनमा यसको योगदान ,रोजगारी सृजनाको सङ्ख्या  आदिका आधारमा नीतिगत तथा आर्थिक\वित्तीय प्रोत्साहन गरिनेछ।<br>३. सङ्घीय तथा प्रदेश सरकारका नीति र छिमेकी पालिकाहरूको नीतिसँग समेत तादाम्यता कायम गरी श्रम, रोजगार र सामाजिक सुरक्षा उप क्षेत्रका कार्यक्रम, योजना तथा प्रणालीहरूलाई अगाडि बढाइनेछ। |

### ४.५.५ कार्यक्रम तथा आयोजना

**तालिका ३९: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजना**

| श्रम, रोजगारी र सामाजिक सुरक्षा | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| स्वरोजगार सहायता अन्तर्गत मजदुर संचयकोष कार्यक्रम | | | | २००० | २००० | २००० | २००० | २००० | १०००० | ०.६६ |
| सीपमूलक तालिम | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| वैदेशिक रोजगार व्यवस्थापन | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| **श्रम, रोजगारी र सामाजिक सुरक्षाको जम्मा** | | | | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | १.३१ |

**तालिका ४०: श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ४.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ४१: श्रम, रोजगारी र सामाजिक सुरक्षाका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | रोजगारीका थप अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत् कल्याणकारी पालिकाको रूपमा स्थापित हुनेछ । | सीपमूलक तालिम लिएर वैदेशिक रोजगारीमा जाने | सङ्ख्या | ८ | १५ | ३० | ४५ | ६० | ८० | ८० | |
| | | विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालन | प्रतिशत | | | | | | | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| असर १ | वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारमा वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि हुनेछ । | विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता | परिवार | १५० | १६० | १७० | १८० | १९० | २०० | २०० | |
| | | वैदेशिक रोजगारी संलग्न घर परिवारहरूलाई उद्यम विकास सहयोग | सङ्ख्या | | | | | | | | |
| प्रतिफल | समाजमा वैदेशिक रोजगारबाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनीकरण हुनेछ । | सुरक्षित वैदेशिक रोजगारका लागि सूचना प्रवाह | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | |
| | | वैदेशिक रोजगारका कारण उत्पन्न मानसिक समस्याहरूमा मनोसमाजिक परामर्श सेवा प्रदान | पटक | ० | १ | १ | १ | १ | १ | ५ | |
| | वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणमा वृद्धि हुनेछ | विप्रेषण (करोडमा) | रुपैंया | ७३.६७ | ७५ | ८० | ८५ | ९० | १०० | १०० | |
| असर २ | समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित भएको हुनेछ । | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) | सङ्ख्या | २१७४ | २२०० | २२५० | २३०० | २३५० | २४०० | २४०० | |
| | | १. जेष्ठनागरिक एकल महिला | सङ्ख्या | २०४ | २०८ | २१५ | २२० | २२५ | २३० | २३० | |
| | | २. जेष्ठनागरिक भत्ता (दलित) | सङ्ख्या | १३९ | १४४ | १५० | १५५ | १६० | १६५ | १६५ | |
| | | ३. अन्य जेष्ठनागरिक भत्ता | सङ्ख्या | १३०५ | १३१२ | १३२५ | १३४० | १३६० | १३७० | १३७० | |
| | | ४. विधवा (आर्थिक सहायता) | सङ्ख्या | २२६ | २२९ | २३८ | २४५ | २५२ | २६३ | २६३ | |
| | | ५. क वर्ग | सङ्ख्या | ३० | ३२ | ३५ | ३८ | ४२ | ४५ | ४५ | |
| | | ६. ख वर्ग (आर्थिक सहायता) | सङ्ख्या | ४५ | ४७ | ५० | ५४ | ५८ | ६२ | ६२ | |
| | | ७. दलित बालबालिका | सङ्ख्या | २२५ | २२८ | २३७ | २४८ | २५३ | २६५ | २६५ | |
| | | कृषि तथा पशु बिमामा आबद्ध परिवार | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० | ७० | ७० | |
| प्रतिफल | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी कानुनी दस्तावेज तयार भई कार्यान्वयनमा आएका हुनेछ । | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | एकीकृत सूचना प्रणाली कार्यान्वयनमा आएको हुनेछ । | सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सूचना प्रणाली व्यवस्थापन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |

### ४.५.७ अनुमान तथा जोखिम पक्ष

**सुरक्षित भरपर्दो र प्रतिस्पर्धात्मक रोजगारीका अवसरहरूमा वृद्धि भएको हुनेछ ।**

क अचानक देशको विद्यमान कानुनमा परिवर्तन भइ सामाजिक सुरक्षामा असर पुग्न सक्छ ।
ख महामारीका रोगहरूको प्रकोप भइ श्रम तथा रोजगारीमा दखल पुग्न सक्छ ।
ग आर्थिक मन्दीका कारण रोजगारीमा कमी आउन सक्छ ।
घ वातावरणीय प्रतिकूलताका कारण श्रमले बजार नपाउन सक्छ ।
ङ राजनैतिक अस्थिरता तथा आर्थिक अभावका कारण बेरोजगारीमा वृद्धि हुन सक्छ ।

# परिच्छेद — पाँचः सामाजिक विकास

सामाजिक विकास समग्र विकासको गतिशील आयाम हो भने आर्थिक विकासको महत्त्वपूर्ण आधार पनि हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसङ्ख्यक, युवा तथा खेलकुद र खानेपानी तथा सरसफाइ समेटिएको छ । नेपालको संविधान समावेशीताको दृष्टिले विश्वकै उत्कृष्ट संविधान मानिन्छ । संविधानका धेरै धाराहरू सामाजिक विकासको क्षेत्रमा उल्लिखित छन् । संविधानका धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ३१ शिक्षा सम्बन्धी हक, धारा ३२ भाषा तथा संस्कृतिको हक, धारा ३५ स्वास्थ्य सम्बन्धी हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ ज्येष्ठ नागरिकको हकका अतिरिक्त धारा २५२ देखि धारा २६३ सम्म विभिन्न लक्षित वर्गमूखी आयोगका बारेमा व्यवस्था गरिएको छ ।सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य -३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य -४ (गुण स्तरीय शिक्षा), लक्ष्य - ५ (लैङ्गिक समानता) र लक्ष्य - ६ (स्वच्छ पानी तथा सरसफाइ) सँग सम्बन्धित छ ।

सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ एवम् सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको सन्दर्भमा यस गाउँपालिकाले निर्धारण गरेको गुण स्तरीय शिक्षा र सुलभ स्वास्थ्य, समता मूलक समाज हाम्रो लक्ष्य भन्ने दीर्घकालीन सोच र गाउँपालिका बासीको पहुँचमा गुण स्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सु निश्चितता गर्ने र न्याय पूर्ण समाजको निर्माण गर्ने उद्देश्य रहेको छ । यस गाउँपालिकाले विगतमा सञ्चालन गर्दै आएका सफल सामाजिक विकाससँग सम्बन्धित अभ्यासहरूलाई निरन्तरता दिइनेछ । साथै आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाइनेछ ।

नेपालको संविधानले सामाजिक न्याय, समावेशी प्रतिनिधित्व, आधारभूत स्वास्थ्य तथा शिक्षामा पहुँच सहित भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरेको छ । सामाजिक विकास दिगो विकासका तीन आयाम मध्ये एक हो । यस क्षेत्रगत योजनाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता उपक्षेत्रलाई समेटेको छ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

गाउँपालिकामा स्वास्थ्य तथा उत्पादनशील नागरिकको महत्त्वलाई दृष्टिगत गरी यस क्षेत्रमा लगानी वृद्धि मार्फत गुण स्तरीय तथा सर्व सुलभ स्वास्थ्य सेवामा समता मूलक पहुँच सुनिश्चित गर्न गाउँपालिकाले जोड दिएको छ । गाउँपालिकाका सबै वडामा आधारभूत स्वास्थ्य सेवाको पहुँच पुर्याउने लक्ष्य अनुरूप वडा नं. ५ मा आधारभूत स्वास्थ्य केन्द्र भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । गाउँपालिकाको केन्द्र वडा नं. ४ मा सञ्चालन हुँदै आएको हुवास स्वास्थ्य चौकीलाई थप सुविधा सम्पन्न बनाउन एक स्वास्थ्य चिकित्सकको व्यवस्था गरी विरामहरूको उपचारमा भिडियो एक्सरे, इ.सि.जि. र डिजिटल एक्स-रे मेसिनलाई प्रयोगमा ल्याइएको छ भने

उक्त स्वास्थ्य चौकीको स्तर उन्नति गरी १० शैयाको अस्पताल बनाउन भौतिक संरचनाको निर्माण कार्य अघि बढिसकेकेको छ ।यो चौकीमा हाल पैयूँ आधारभूत अस्पतालको रूपमा सेवा प्रारम्भ भइसकेको छ । विशेषज्ञ सेवासहितको स्वास्थ्य सेवाबाट वञ्चित रहेका जनतालाई लक्षित गरी विशेषज्ञ सहितको स्वास्थ्य शिविरहरू सञ्चालन हुँदै आएका छन् । आधारभूत स्वास्थ्य तथा पोषणलाई पैयूँ गाउँपालिकाले उच्च प्राथमिकतामा राख्दै आधारभूत स्वास्थ्य सेवालाई गुण स्तरीय तुल्याई गाउँपालिकावासीको सहज पहुँच स्थापित गर्न संरचना गत तथा व्यवहारिक अभ्यासमा जोड दिएको छ । राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति तथा कार्यक्रमका अतिरिक्त गाउँपालिकाको अग्रसरमा स्वास्थ्य क्षेत्रमा जनशक्तिको व्यवस्थापन, सेवाको स्तर उन्नति तथा विस्तारका कार्यहरू द्रुत गतिमा भई रहेका छन् । नेपालको संविधानको, धारा ३५ (१) मा कुनै पनि नागरिक आकस्मिक सेवाबाट वञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ । स्वास्थ्य एक आधारभूत आवश्यकता भएकोले संविधानले स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यसै गरी आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा "सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक" को उद्देश्य पुरा गर्न यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्थालाई प्राथमिकतामा राखी कार्यान्वयनमा जोड दिइएको छ ।

हाल गाउँपालिकाको स्वास्थ्य सेवालाई चुस्त दुरूस्त राख्न गाउँपालिका क्षेत्रभित्र रहेका १ गाउँपालिका स्तरीय पैयूँ अस्पताल, ५ वटा स्वास्थ्य चौकी र १ आधारभूत स्वास्थ्य केन्द्रको पूर्वाधार विकास सहित स्तर उन्नतिको लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय गरी अघि बढ्ने नीति अङ्गीकार गरेको छ । गाउँपालिका भित्र मुख्य गरी रुगाखोकी, झाडा पखाला, निमोनियाँ, ग्यास्ट्रिक तथा उच्च रक्तचाप जस्ता रोगहरू प्रमुख रोगको रूपमा देखिएका छन् ।

### ५.१.२ समस्या तथा चुनौती

गाउँपालिकाको प्राथमिकतामा स्वास्थ्य तथा सरसफाइको क्षेत्र हुँदा हुँदै पनि यो क्षेत्रमा उल्लेखनीय सुधार हुन सकेको छैन । पर्याप्त बजेटको अभाव भएको, दक्ष स्वास्थ्य कर्मीको अभाव रहेको, भौगोलिक विकटता र लामो दुरीको कारण स्वास्थ्य सेवामा सहज पहुँच स्थापित हुन नसकेको अवस्था छ । सामान्य चिकित्सा सेवाका लागि औषतमा ४५ मि. यात्रा गर्नुपर्ने अवस्था रहेको छ । परम्परागत अन्ध विश्वासका कारण विरामी पर्दा सबैभन्दा पहिला धामी झाँक्रीकोमा जाने परम्परा अहिले सम्म कायमै छ । स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारणका लागि पूर्वाधार लगायत एक्सरे तथा भिडियो एक्सरे लगायतको ल्याव सुविधामा कमी रहेको छ । भएका स्वास्थ्य पूर्वाधारहरू मापदण्ड अनुसार निर्माण हुन सकेका छैनन् भने स्वास्थ्य संस्थाहरूमा घेरवारको पनि कमी रहेको छ । खोप क्लिनिक तथा गाउँघर क्लिनिकको भवन अभावले सेवा प्रवाहमा असुविधा भएको छ । स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमहरू वढाउन पर्ने छ भने सुर्तीजन्य र मदिराजन्य वस्तुको सेवनलाई निरुत्साहित गर्नु पर्नेछ । यहाँका नागरिकमा शारीरिक व्यायाम, योग, आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा सम्बन्धी चेतनामा कमी रहेको छ । यस क्षेत्रमा स्वास्थ्य विमाको शुरुवात भएता पनि पूर्णता पाउन भने अझै समय लाग्ने देखिन्छ ।

स्वास्थ्य सेवा प्रदायक संस्थामा पूर्वाधारहरू अपर्याप्त रहेको, पर्याप्त उपकरण र औषधीहरू उपलब्ध हुन नसकेको, स्वास्थ्य संस्थाहरूमा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभाव रहेको, सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा पर्याप्त मात्रामा उपचार सुविधा उपलब्ध हुन नसकेको अवस्था छ । साथै सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, ग्रामीण सडकका कारण हुने दुर्घटना तथा विपदजन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता अनेक प्रकारका सवालहरू चुनौतीको रूपमा रहेका छन् ।

### ५.१.३ सम्भावना तथा अवसर

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य सेवा सम्बन्धी तीनै तहका सरकारबाट तर्जुमा भएका कानुनहरू (ऐन, नियमावली, निर्देशिका, कार्यविधि, दिग्दर्शन आदि) निर्माण भएको, प्रदेश तथा स्थानीय तहले स्वास्थ्य समस्याहरूको पहिचान गरी स्रोत साधनको परिचालन गर्ने वातावरणको सृजना भएको, स्वास्थ्य क्षेत्रमा नागरिकको चेतना तथा चासो बढ्दै गएको, मुलुकमा दक्ष स्वास्थ्यकर्मीहरूको उपलब्धतामा वृद्धि भइरहेको, स्वास्थ्य बिमा र आधारभूत स्वास्थ्य सेवाको विकास तथा बिस्तार हुँदै गएको, सबै वडाहरू सडक सञ्जाल सुविधामा जोडिदा स्वास्थ्य सेवाको पहुँचमा सहजता थपिएको जस्ता पक्षहरू स्वास्थ्य तथा पोषण विकासका लागि सबल पक्षहरू हुन् ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्वास्थ्य क्षेत्रमा आवश्यक स्रोत र साधनको व्यवस्था गरी सेवा प्रवाहको क्षमता अभिवृद्धि गर्ने ।

**उद्देश्य**

१. स्वास्थ्य क्षेत्रमा थप लगानीको वातावरण सिर्जना गरी सेवामा गुणस्तर अभिवृद्धि गर्नु ।
२ नागरिकहरूको आधारभूत तथा गुण स्तरीय सेवामा पहुँच अभिवृद्धि गराउनु ।
३. पैयूँवासीलाई पोषण युक्त स्वस्थ नागरिकको रूपमा पहिचान गराउनु ।
४. रोग प्रतिरोधात्मक क्षमता बढाउन गुण स्तरीय र पोषण युक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।

**रणनीति र कार्यनीति**

**तालिका ४२: स्वास्थ्य तथा पोषणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्वास्थ्य क्षेत्रमा थप लगानीको वातावरण सिर्जना गरी सेवामा गुणस्तर अभिवृद्धि गर्नु । | |
| **१.१**: स्वास्थ्य क्षेत्रमा निजी, सहकारी गैससको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्य सम्बन्धी व्यावसायिक सङ्घ–संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ । |

| | |
|---|---|
| | २ स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ। |
| **१.२**ः गाउँपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>२ आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि<br>दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ । |
| २ नागरिकहरूको आधारभूत तथा गुण स्तरीय सेवामा पहुँच अभिवृद्धि गराउनु । | |
| **२.१**ः गुण स्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने वातावरण तयार गर्ने । | १. आधारभूत स्वास्थ्य नागरिकको मौलिक हकका रुपमा रहेकाले स्वास्थ्य चौकी, औषधालय, निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्यकर्मीहरूको सेवालाई नियमित र पहुँचयोग्य बनाउन थप व्यवस्था गरिनेछ ।<br>२. भौगोलिक अवस्था, जनघनत्व र स्थानीय आवश्यकतालाई मध्यनजर गरी गाउँपालिका क्षेत्रभित्र थप आधारभूत स्वास्थ्य इकाई स्थापना गर्ने रणनीति अवलम्बन गरिनेछ ।<br>३. मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निःशुल्क गर्भपतन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>४. परिवार नियोजन तथा किशोर किशोरी प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरूको लागि स्वास्थ्य जाँच तथा उपचारका लागि विशेषज्ञ सेवा सहितको स्वास्थ्य जाँच उपचार शिविर सञ्चालन गरिनेछ ।<br>६. महिलाहरूको पाठेघर र स्तन क्यान्सर रोकथाम, २ वर्ष मुनिका बालबालिकाहरूको पोषण स्थितिमा सुधार लगायत स्वास्थ्य सम्बन्धी पर्याप्त जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>७. गाउँपालिकाभित्र अत्यावश्यक पर्ने औषधीहरू वर्षभरि नै पर्याप्त हुने गरी व्यवस्था मिलाइने छ ।<br>८. सुरक्षित प्रसूति सेवाका माध्यमबाट मातृशिशु मृत्युदरलाई न्यूनीकरण गर्न गाउँपालिकाभित्र सच्चालित सबै बर्थिड सेन्टरहरूलाई सुविधा सम्पन्न बनाइनेछ ।<br>९. स्वास्थ्य संस्था बाहिर सुत्केरी हुने दरलाई शून्यमा झार्दै संस्थागत सुत्केरी सेवा गाउँपालिका बनाउन विशेष अभियानको थालनी गरिने छ । |
| **२.२**ः स्वास्थ्य संस्थाहरूमा तोकिएको सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा | १. गाउँपालिका भित्र सञ्चालित स्वास्थ्य संस्थाहरूमा स्वीकृत दरबन्दी अनुसारको आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | २. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा गाउँपालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ<br>३. अपाङ्गमैत्री स्वास्थ्य संस्था निर्माणमा विशेष जोड दिइनेछ ।<br>४. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, पूर्ण खोप सुनिश्चितता तथा दिगोपना, सेन्टरी प्याडको सहज वितरण, उपकरणको व्यवस्थापन, प्रयोग भएको प्याडको व्यवस्थित विसर्जन,पिट वा खाल्डो सहितको शौचालय निर्माणमा जोड दिइनेछ । |
| २.३ विभिन्न महामारीका रोगहरूको रोकथाम तथा नियन्त्रणको लागि आवश्यक व्यवस्था मिलाइनुका साथै आयुर्वेदको सेवामा विशेष जोड दिने । | १. विभिन्न सरुवा रोगहरू तथा महामारी रोकथामका निम्ति जनचेतना मूलक कार्यक्रमको व्यवस्था गरिने छ ।<br>२ आयुर्वेद चिकित्सा पद्धतितर्फ नागरिकहरूलाई प्रोत्साहित गरिनेछ।<br>३ गाउँपालिका अन्तर्गत उपलब्ध स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउन आवश्यक पर्ने औजार उपकरण सामग्रीको सु निश्चितता गरिनेछ ।<br>४ गाउँपालिका अन्तर्गत समुदाय स्तरमा सेवा रत सामुदायिक महिला स्वास्थ्य स्वयम्<br>सेविकाहरूको सेवा प्रभावकारी बनाउन ६० वर्ष उमेर पुगेका लाई सम्मान जनक विदाई र नयाँलाई आवश्यक तालिमको व्यवस्था गरिने छ । |
| ३ पैयूँ वासीलाई पोषण युक्त स्वस्थ नागरिकको रूपमा पहिचान गराउनु । | |
| ४.१ः पैयूँ बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने संवैधानिक हक सुनिश्चितता गर्ने । | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूका लागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ।<br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. गाउँपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर एक टनेल/करेसाबारीको व्यवस्था गरिनेछ ।<br>४. पोषण सुरक्षा सम्बन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाको लागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चित ता गरिनेछ ।<br>६. पोषण मैत्री गाउँपालिका निर्माणका आधार तयार गरेर मात्र कार्यक्रम तर्जुमा गरिनेछ । |
| ४ रोग प्रतिरोधात्मक क्षमता बढाउन गुण स्तरीय र पोषण युक्त खाद्य सामग्रीमा पहुँच बढाउनु । | |
| २.१ः पोषण युक्त खाने कुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने। | १. गुण स्तरीय एवम् स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ।<br>२. मातृ शिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहु क्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । |

| | |
|---|---|
| | ३ नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्य पदार्थको विज्ञापन र बजारमा बन्देज लगाइनेछ । |
| २.२: मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने । | १. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।<br><br>२ प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |

## ५.१.५ कार्यक्रम तथा आयोजना

**तालिका ४३: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजना**

| स्वास्थ्य तथा पोषण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| पालिका स्तरीय पैयूँ आधारभूत अस्पतालमा भौतिक तथा जनशक्ति व्यवस्थापन | | | | १०००० | ७००० | ५००० | ३००० | १००० | २६००० | १.७१ |
| पैयूँ आधारभूत अस्पतालको २४ घण्टा नै सञ्चालन हुने गरी आफ्नै फार्मेसी सञ्चालन | | | | | | ५०० | २००० | | २५०० | ०.१६ |
| बिमाको लागि पहिलो सम्पर्क कार्यालय आधारभूत अस्पताललाई बनाउने योजना | | | | ५०० | | | | | ५०० | ०.०३ |
| अस्पतालमा सर्जरी गर्ने जनशक्तिको व्यवस्थापन | | | | | | | | २००० | २००० | ०.१३ |
| स्वास्थ्य शाखा सहित सबै स्वास्थ्य संस्थाहरूको सङ्गठन तथा व्यवस्थापन विकासको लागि सर्भे गरी सोही प्रतिवेदनका आधारमा जनशक्ति व्यवस्थापन | | | | ५०० | १००० | १५०० | २००० | २५०० | ७५०० | ०.४९ |
| वर्थिङ्ग सेन्टरलाई मजिङ्ग गरी थप गुणस्तर वृद्धि कार्यक्रम | | | | | | ५०० | २००० | ३००० | ५५०० | ०.३६ |
| ए एन सी भेटघाटको अवस्थामा पोषण झोला कार्यक्रम सञ्चालन कार्यक्रम | | | | ५०० | ७०० | १००० | १२०० | १५०० | ४९०० | ०.३२ |
| पोषण युक्त खाद्यान्नको लागि सचेतन अभिवृद्धि कार्यक्रम सञ्चालन कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| स्वास्थ्य संस्थासँग सम्बन्धित उपकरणहरूको व्यवस्थापन (अस्पताल लगायत सबै स्वास्थ्य चौकीहरूमा) | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थानीय स्तरमा उत्पादन हुने खाद्य सामाग्रीहरूको बारेमा जानकारी मूलक कार्यक्रमहरू सञ्चालन कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| विद्यालय नर्स व्यवस्थापन (कम्तीमा ३ जना) | | | | | | १००० | १००० | १००० | ३००० | ०.२० |
| क्षय रोगबाट पीडित बिरामीहरूका लागि पोषण युक्त खाद्यान्नहरू सहायता कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| **स्वास्थ्य तथा पोषणको जम्मा** | | | | **१४०००** | **११२००** | **१२०००** | **१३७००** | **१३५००** | **६४४००** | **४.२३** |

**तालिका ४४: स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

## ५.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ४५: स्वास्थ्य तथा पोषणका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | गाउँपालिकामा स्वास्थ्य सेवा सर्व शुलभ भएको हुनेछ । | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.४ | ७१.५ | ७२ | ७२ | ७३ | ७३ | ७३ | |
| | | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | १००% | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| असर १ | गुणस्तरीय स्वास्थ्य सेवाको अभावमा स्वास्थ्यसेवाको लागि जिल्ला बाहिरका अस्पताल धाउनु पर्ने बाध्यताको अन्त्य हुनेछ । | प्राथमिक उपचार केन्द्र | सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | |
| | | अस्पताल | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| | | बेड | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | |
| | | हेल्थ पोष्ट | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | |
| | | स्वास्थ्य एकाइ | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| | | विशेषज्ञ चिकित्सक | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | ४८ | ५० | ५० | ५५ | ५५ | ५५ | ५५ | |
| प्रतिफल | गर्भवती परीक्षणको सुविधाबाट आमा र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा रुग्णता दरमा कमी हुनेछ। | संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | ४०% | ४५ | ५० | ५५ | ६० | ६५ | ६५ | |
| | | दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिएका महिला | प्रतिशत | ५९ | ६० | ६५ | ७० | ७५ | ८० | ८० | |
| | | बर्थिङ सेन्टर | सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | |
| | | गर्भावस्थाको परीक्षण दर | प्रतिशत | १०९% | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | बाल मृत्युदर, शिशु मृत्युदरमा कमी आउनेछ । | ५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | |
| | | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | |
| | | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | |
| | | पूर्ण खोप | प्रतिशत | १०२% | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | | भिटामिन ए खाने बालबालिका | प्रतिशत | १२९% | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | | झाडा पखालाको संक्रमण दर | प्रतिशत | १% | ० | ० | ० | ० | ० | ० | |
| | महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदायमा स्वास्थ्य सेवा र सुविधाको पहुँचमा बृद्धि हुनेछ। | महिला स्वास्थ्य स्वयं सेविका | सङ्ख्या | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | ५५ | |
| | | सामान्य स्वास्थ्य उपकरण उपलब्ध भएका भवन | सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | |
| | | आधुनिक उपकरण सहितका स्वास्थ्य भवन | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| | | आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | |
| | | परिवार नियोजनका साधन प्रयोग गर्ने दम्पति | प्रतिशत | २७% | ३० | ३५ | ४० | ४५ | ५० | ५० | |
| | प्रतिकारात्मक स्वास्थ्य सेवाको विस्तारबाट खर्चिलो र जोखिमयुक्त उपचारात्मक सेवाको खर्चमा कटौती हुनेछ । | सवारी साधन युक्त स्वास्थ्य संस्था | सङ्ख्या | ० | १ | २ | २ | २ | २ | २ | |
| | | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | ४०० | ५०० | ६०० | ७०० | ८०० | ९०० | ९०० | |
| | | एम्बुलेन्स सञ्चालन | सङ्ख्या | २ | २ | ३ | ३ | ३ | ३ | ३ | |
| | | पालिका मार्फत निशुल्क उपलब्ध भएको औषधी | सङ्ख्या | ४३ | ५० | ७० | ९८ | ९८ | ९८ | ९८ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वास्थ्य प्रवर्द्धनका उपायहरूबाट स्थानीय नागरिकहरूको स्वास्थ्यस्तर राम्रो भई औसत आयुमा बृद्धि हुनेछ । | एच आईभि एड्स रोकथामबारे जानकारी प्राप्त प्रजननयोग्य उमेरका महिला | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | | स्वास्थ्य शिविर सञ्चालन | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | १५ | |
| | | घुमन्ते स्वास्थ्य सेवा | पटक | ३१ | ६ | ६ | ६ | ६ | ६ | ३० | |
| | | दक्ष स्वास्थ्य सेवा तालिम | सङ्ख्या | ४४ | १ | १ | १ | १ | १ | ५ | |
| | | प्रयोगशाला शुरु भएका स्वास्थ्य संस्था | सङ्ख्या | ३ | ३ | ४ | ५ | ६ | ७ | ७ | |
| **असर २** | पैयूँ बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता हुनेछ । | कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | |
| | | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ० | ९० | ९५ | १०० | १०० | १०० | १०० | |
| **प्रतिफल** | पोषणयुक्त गाउँपालिका बन्नेछ । | सुत्केरी -स्याहार भत्ता पाउने महिला | सङ्ख्या | १८० | १८० | १८० | १८० | १८० | १८० | १८० | |
| | | करेसाबारी भएको घरपरिवार | प्रतिशत | | ८० | ८५ | ८५ | ९० | ९० | ९० | |
| | | आफ्नो उत्पादनबाट वर्षभरी खान पुग्ने घरधुरी | प्रतिशत | | | | | | | | |
| | | कम्तिमा एक गाई/भैंसी भएको परिवार | प्रतिशत | ७०.८३ | ७१ | ७२ | ७३ | ७४ | ७५ | ७५ | |
| | | कम्तिमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | प्रतिशत | ८३.७८ | ८५ | ८६ | ८७ | ८८ | ९० | ९० | |
| | | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | | | | | | | | |
| | | उपभोगको दुई तिहाइ खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | | | | | | | | |

### ५.१.७ अनुमान तथा जोखिम पक्ष

**सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा थप प्रभावकारी अर्थात् भरपर्दो सहज हुने, बाल पोषणमा भएको लगानी थप प्रभावकारी भएको हुने, स्वास्थ्य सेवा थप प्रभावकारी भएको हुने, स्वास्थ्य पूर्वाधारमा गाउँ पालिका को लगानी वृद्धि भएको हुने ।**

क. महामारीका रोगको समक्रमणका कारण स्वास्थ्यमा जोखिम आउन सक्छ ।

ख. दैवी प्रकोप (आगलागी, बाढी पहिरो, हुरी बतास, असिना, भूकम्प, चट्याङ लगायत अन्य महामारी) आदिका कारण स्वास्थ्यमा थप चुनौती आउन सक्छन् ।
ग. पोषणमा विनियोजित बजेट कुनै कारणले रकमान्तर भएमा पोषणको क्षेत्रमा कार्यक्रम सञ्चालन नुहुन सक्छन् ।
घ. देशमा आर्थिक मन्दी भइ विशेष अवस्था सिर्जना भएमा स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन नुहुन सक्छन् ।
ङ. स्वास्थ्य क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति ह्वात्तै विदेशिने अवस्था सिर्जना भइ स्वास्थ्य जनशक्तिको अभाव हुन सक्छ ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ३१ लगायत अनुसूची ८ मा विद्यालय तहको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । सङ्घीय सरकारको १६औं पञ्चवर्षीय अवधारणा पत्रमा **"स्वस्थ, शिक्षित र सीप युक्त मानव पुजी निर्माण गर्ने"** भन्ने उल्लेख गरिएको छ । शैक्षिक विकासको सन्दर्भमा निरक्षरता अन्त्य गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच कायम गर्न राष्ट्रिय तथा स्थानीयस्तरबाट नियमित रूपमा अभ्यासहरू भई रहेका छन् । नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुण स्तरीय शिक्षाको सु निश्चितता गर्न सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ । शिक्षालाई विकासको मूल आधारका रूपमा लिई पैयूँ गाउँपालिकाले नमुना विद्यालयका साथै प्राविधिक तथा उच्च शिक्षाका पूर्वाधार तयार गरी सहज अवसरहरू सृजना गर्ने कुरालाई महत्त्व दिई दश वर्षे शिक्षा योजना तर्जुमा गर्ने तयारी गरेको छ ।

यस गाउँपालिकामा शिक्षाको गुण स्तर सुधार्ने प्रयास स्वरूप सामुदायिक विद्यालयहरूमा दिवा खाजा कार्यक्रम अन्तर्गत बाल-विकास केन्द्रदेखि कक्षा ६ सम्मका सबै विद्यार्थीहरूलाई खाजा खुवाउने कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस कार्यक्रमले बालपोष स्वास्थ्यमा समेत सकारात्मक प्रभाव परेको देखिएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत देउराली आधारभूत विद्यालयमा ICT ल्याब सञ्चालनमा ल्याइएको छ भने यज्ञश्वर आधारभूत विद्यालय र बालनयन प्रा. वि. मा २ कोठे भवन निर्माण कार्य भइरहेको छ । वडा नं. ४ मा अवस्थित जनसेवा संस्कृत मावि मा नेपाली र अङ्ग्रेजी माध्यमबाट पठनपाठन प्रारम्भ गरी गाउँपालिकाको नमुना विद्यालय बनाउने कार्यको सुरुवात गरिएको छ । पैयूँका जनप्रतिनिधि विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक अभिभावक सङ्घका पदाधिकारी र सरकारी कर्मचारीका सन्ततिहरूलाई सरकारी विद्यालयमा पठनपाठन गराउने व्यवस्था लागू गरिएको छ । सबै विद्यालयमा १ देखि ५ कक्षा सम्मका विद्यार्थीहरूलाई अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्ने व्यवस्था मिलाइएको छ क्रमशः १० कक्षासम्म अङ्ग्रेजी माध्यमबाट पठनपाठन गरिने कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार पालिकामा जम्मा ११७२४ जनसङ्ख्यामा पढ्न लेख्न सक्ने जनसङ्ख्या ९५२१ रहेको छ । केवल पढ्न मात्र सक्ने ६४ जना रहेका छन् भने पढ्न लेख्न दुबै नसक्ने २१०४ जना रहेको छन् । ३५ जनाको अवस्था खुलेको देखिँदैन । शिक्षण संस्थाहरूको संरचना गत अवस्थालाई हेर्दा गाउँपालिकामा क्याम्पस २, माध्यामिक विद्यालय सख्य १० (संस्थागत २ र सामुदायिक ८), आधारभूत विद्यालय २३, (सामुदायिक १९ र संस्थागत ४) सञ्चालित छन् । गाउँपालिकामा बाल विकास केन्द्रको सङ्ख्या ३५ रहेको छ । गाउँपालिकाको ५ वर्ष माथिको साक्षरता दर ८१.२% रहेको छ । शैक्षिक पद्धतिलाई सिर्जनात्मक, व्यवहारिक, समावेशी र समता मूलक बनाउँदै समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारीता र जबाफदेहीतामा अभिवृद्धि गर्ने राष्ट्रिय उद्देश्यलाई सहयोग पुऱ्याउनको लागि गाउँपालिका स्तरमा पनि विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । गाउँपालिकाभित्र शिक्षक अभिलेख व्यवस्थापन गरी शिक्षकहरूलाई लिइन पदमा फिर्ता गर्ने, नयाँ स्थायी शिक्षकहरूको व्यवस्थापन गर्ने तथा विस्थापित शिक्षकहरूलाई समेत व्यवस्थापन गर्ने कार्यमा जोड दिएको छ । त्यसैगरी सबै विद्यालयहरू भवन तथा शौचालय सहितका बनाउनका

साथै अंग्रेजी माध्यमद्वारा पठन पाठनको प्रक्रियालाई अघि बढाउनको लागि निःशुल्क पाठ्य पुस्तक वितरणको कार्य हुँदै आएको छ । यस गाउँपालिकाको वडा नं. ७ भोर्ले बालमैत्री स्थानीय शासन सहितको वडा घोषणा भइसकेको छ भने अन्य ६ वडामा बालमैत्री स्थानीय शासन पद्धतिलाई सबै घर, व्यक्ति तथा समुदायमा स्थापित गर्नका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आइरहेका छन् । शिक्षालाई प्रविधि मैत्री बनाउनको लागि सबै विद्यालयहरूमा कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, मेशिन, विज्ञान, कक्षका लागि ल्याब आदि वितरण गरिएको छ । विद्यार्थीहरूलाई दिवा खाजा तथा निःशुल्क स्यानटरी प्याड कार्यक्रम सञ्चालन गरिएको छ । शिक्षकहरूको क्षमता विकासका लागि शैक्षिक पठन पाठन सम्बन्धी तालिम सञ्चालन गर्नुका अतिरिक्त सूचना प्रविधि तालिम लेखा सम्बन्धी तालिमहरू सञ्चालन हुँदै आएका छन् ।

### ५.२.२ समस्या तथा चुनौती

गाउँपालिकामा गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको दिशामा समय सापेक्ष सुधार हुन सकेको छैन । शिक्षा प्रणाली फितलो हुनुका अतिरिक्त भौगोलिक बिकटता, गरिवी, स्रोत तथा साधनको अपर्याप्तता आदि रहेका छन् । गाउँपालिकाबाट बाहिर तीव्रगतिमा बसाइ सराई हुँदै गइ रहेकोले ग्रामीण क्षेत्रका विद्यालयमा विद्यार्थी सङ्ख्या न्यून हुँदै गएको छ । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको पूर्ण रूपमा निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधि पुरै प्रयोगमा आइ सकेको पनि छैन । स्थानीय आवश्यकता अनुसारको विद्यालयको अनुगमन तथा मुल्यांकनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रक्रिया प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयमा कमी रहेको छ । स्थानीय शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि गाउँपालिका बाहिरका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायमै रहेको छ । उच्च शिक्षाका लागि क्याम्पस र प्राविधिक शिक्षाका लागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइ सकेको अवस्था छैन । कतिपय वडाहरूमा विद्यालयका भवनहरू जिर्ण र पहिरोको जोखिममा रहेका छन् । दलित जातिका वालवालिकाहरूको विद्यालय उपस्थिति दर पूर्ण हुन सकेको छैन । सानो उमेरमा विवाह गर्ने र उमेर वढ्दै गएपछि वजार र वैदेशिक रोजगारीमा जाने क्रम रोकिएको छैन । निरक्षरता हटाउन सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षा प्रभावकारी हुन सकेका छैनन् । पूर्वाधारतर्फ वालमैत्री तथा अपांगमैत्री भवन, खेल मैदान, घेरवार र पक्की शौचालयको प्रयोगमा अझै सुधार गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

### ५.२.३ सम्भावना तथा अवसर

गाउँपालिका शिक्षा क्षेत्रमा व्यापक सुधार गरी दक्ष तथा प्राविधिक जनशक्ति तयार गर्ने प्रयासमा जुटेको छ । शिक्षामा सुधार ल्याउनको लागि राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत, नीति गत तथा व्यवहारिक प्रयासहरू लगातार भइरहेका छन् । तर पनि विद्यालयमा कार्यरत शिक्षकहरू आफ्नो पेसा गत हक हित र प्रवाह गर्ने सेवाको लागि सरकार प्रति विश्वस्त छैनन् । महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्त कृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । जस्तै माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना बढेर जानू आदि ।

स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुनु, प्राविधिक तथा व्यावसायिक सीप प्रति युवाको आकर्षण बढ्दै जानू, विद्यालय र विद्यार्थी प्रति अभिभावक बढी जागरूक हुनु, आधारभूत शिक्षामा सबैको पहुँच विस्तार हुँदै जानु, समृद्धिका मुख्य सम्बाहकका रूपमा रहेका पर्यटन, ऊर्जा, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, आदि क्षेत्रमा विकास हुँदै जानू आदिलाई शिक्षा क्षेत्रको विकासको लागि बलियो अवसरका रूपमा लीन सकिन्छ ।

### ५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबैका लागि गुणस्तरीय, प्राविधिक र व्यावसायिक शिक्षा सुलभ, सहज तथा पहुँचमा भएको हुनेछ ।

**उद्देश्य**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु।
२. शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।
३. शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
४. सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

**रणनीति र कार्यनीति**

**तालिका ४६: शिक्षाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| १ प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु । | |
| **१.१**: आधारभूत तहमा प्राविधिक तथा व्यावसायिक सीप प्रवर्द्धन गर्ने । | १. आधारभूत तहमा व्यावसायिक सीप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु समावेश गरिनेछ ।<br>२. विद्यालय शिक्षामा निर्वाह मुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ । |
| **१.२**: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँचमा गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने । | १. पालिकामा प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवश्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९–१२ को प्राविधिक धार सञ्चालन गरिनेछ ।<br>२. सबै विद्यालयमा कम्प्युटरको ल्यावको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ ।<br>३. विद्यालयमा प्रयोगात्मक कक्षाका लागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>४. माध्यामिक तह (कक्षा ११–१२) अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तर उन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । |
| २ शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु । | |
| **२.१**: विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने । | १. सङ्घीय सरकारबाट निर्धारित कार्यविधि र मापदण्डको अधीनमा रही गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरू उपलब्ध शैक्षिक जनशक्ति, विद्यार्थी सङ्ख्या र |

| | |
|---|---|
| | भौगोलिक अवस्थालाई मध्यनजर गरी क्रमशः कक्षा थपघट र विद्यालय समायोजन गरिनेछ ।<br>२. गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूको अवस्थामा थप सुधार ल्याई गुण स्तरीय शिक्षा प्रदान गरी गरिब र जेहनदार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ । उत्कृष्ट नतिजाका साथ शैक्षिक क्षेत्रमा उल्लेखनीय सुधार ल्याउने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. सामुदायिक विद्यालयलाई प्रोत्साहन गरिने नीति लिइनेछ । साथै **क्रमशः १ वडा १ सामुदायिक नमुना विद्यालयको** विकास गर्ने नीति अवलम्बन गरिनेछ ।<br>४. सबै सामुदायिक विद्यालयमा विद्युतीय शैक्षिक सामग्रीको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>५. सूचना प्रविधि एवं कम्प्युटर ल्याब स्थापना भएका तर जनशक्ति अभावका कारण अपेक्षित उपयोग र उपलब्धि दिन नसकेका विद्यालयका लागि सूचना प्रविधि सहज कर्ताको व्यवस्था गरी चुस् दुरुस्त सञ्चालनको व्यवस्था गरिनेछ ।<br>६. सामुदायिक विद्यालयको शिक्षक गुण स्तरवृद्धि र स्तरीकरणको सूचक सहित मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याउन गाउँपालिकासँग प्रधानाध्यापक र प्रधानाध्यापकसँग शिक्षकको कार्यसम्पादन सम्झौता गरी प्रत्येक ३/३ महिनामा पुनरावलोकन गर्ने व्यवस्था मिलाइनेछ ।<br>७. विद्यार्थीमा अन्तर्निहित विशिष्ट प्रतिभाको पहिचान र प्रतिभा प्रस्फुटन गराउने प्रदेश सरकारको नीति अनुसार यस गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा पनि फ्राइडे फर फ्युचर कार्यक्रमलाई आत्मसाथ गरी सञ्चालन गरिने छ साथै सामुदायिक विद्यालयको गुणस्तर सुधारका निमित्त अभिभावक शिक्षा तथा शैक्षिक जागरण अभियान सञ्चालन गरिनेछ । |
| २.२: गुणस्तरीय शिक्षाको लागि तालिमको संस्थागत विकास गर्ने । | १. स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको म्यानुअल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ ।<br>२. बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>३. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ ।<br>४. प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ । |
| ३ शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु । | |
| **३.१**: उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने । | १. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न गाउँ पालिका भित्र प्राविधिक धार सञ्चालित विद्यालयलाई पोलीटेक्नीकल शिक्षालयमा स्तरवृद्धि गरिनेछ ।<br>२. सामुदायिक विद्यालयहरूमा **दिवा खाजा** कार्यक्रमलाई निरन्तरता दिँदै थप विस्तारका लागि पहल गरिने छ । |

| | |
|---|---|
| | ३. **एक विद्यालय एक पुस्तकालयको** अवधारणा अनुसार प्रत्येक विद्यालयमा क्रमशः पुस्तकालयको स्थापना गरिने छ यसलाई क्रमशः विद्युतीय पुस्तकालयको रूपमा परिणत गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. यस गाउँपालिकाका सबै बालबालिकालाई अनिवार्य रूपमा विद्यालय जाने कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गरिनेछ । साथै विद्यालयमा भर्ना भई बीचमा नै कक्षा छाड्ने अवस्थाको अन्यको लागि विशेष कार्यक्रम ल्याइनेछ र<br>साक्षरता सम्बन्धी कार्यक्रम मार्फत पैयूँ गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका बनाइनेछ ।<br>५. खेलकुद विकासलाई जोड दिंदै गाउँपालिका स्तरीय रङ्गशाला निर्माण लगायत खेलकुद सम्बन्धी पूर्वाधार निर्माणको सुरुवात गरिनेछ ।<br>७ खेलकुद क्षेत्रको विकासका लागि क्रमशः१ वडा १ खेल मैदान निर्माण गर्ने कार्यक्रम लिइनेछ ।<br>८. प्रत्येक सामुदायिक विद्यालयमा व्यावसायिक शिक्षाको पाठ्यक्रम समावेश गरी **सिक्दै कमाउँदै - कमाउँदै सिक्दै कार्यक्रम** सञ्चालन गरिने छ । जसबाट विद्यार्थीहरूमा आत्मनिर्भर तथा व्यावसायिक हुन हौसला मिल्नेछ । |
| **३.२:** विद्यालयको पूर्वाधार निर्माण गर्ने । | १. वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ।<br>२. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ।<br>३. प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि छुट्टा-छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ।<br>४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ ।<br>५ विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ । |
| ५. सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु । | |
| **४.१:** सबै नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने । | १. अभिभावक विहीन बालबालिकाको उच्च शिक्षा सम्मको जिम्मेवारी गाउँपालिकाले लिने प्रबन्ध मिलाइनेछ ।<br>२. दुर्गम बस्तीका विद्यालयलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण गर्नका लागि आवश्यक पहल गरिनेछ ।<br>३. आवश्यक परेको ठाउँमा स्कुलबसको व्यवस्था समेत गरिनेछ ।<br>४. पालिका/वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>५. नियमित रूपमा विद्यालयमा छोराछोरी पठाउने अभिभावकलाई सम्मान गरिनेछ ।<br>६. गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ ।<br>७. पालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यावसायिक कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाका लागि रोजगारी अभियान सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| ४.२ः दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने । | १. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्नका लागि सिफारिस गरिनेछ ।<br>२. दृष्टिविहिनलाई ब्रेल लिपी तथा कान सुन्न नसक्नेलाई सांकेतिक भाषामा निःशुल्क शिक्षाको लागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ।<br>३. विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।<br>४. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाका लागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा उचित व्यवस्थापन गरिनेछ।<br>६. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ । |
| ४.३ः अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने । | १. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा/ विद्यालयको व्यवस्था गरिनेछ ।<br>२. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>३. एक विद्यालय एक पुस्तकालय तथा एकवडा—एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्ने बानिको विकास गरी सबैका लागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ।<br>५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमूना कक्षाको प्रशारण सामाजिक संजाल तथा स्थानीय टेलिभिजन र एफएम मार्फत् गर्ने व्यवस्था गरिनेछ । |
| ५ संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु । | |
| **५.१ः** संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामुलक बनाउने । | १. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ।<br>२. संस्थागत विद्यालयहरूको नियमनका लागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ ।<br>३. प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि **एक प्राविधिक शिक्षालय स्थापना** गर्ने पहल गरिनेछ।<br>४. वैदेशिक रोजगारी बाट गाउँ फर्केका युवाहरूलाई मध्यनजर गरी उनीहरूको सीपलाई उपयोग गर्न युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. युवा लक्षित सीप मूलक तालिम सञ्चालन गरी स्व रोजगारीको अवसर सिर्जना गर्दै विदेश पलायनको वर्तमान स्थितिमा सुधार ल्याइनेछ । |

| | |
|---|---|
| | ६. विभिन्न युवा क्लबहरू तथा युवा लक्षित सङ्घ संस्थाहरूसँग सहकार्य गर्दै युवाहरूमा नेतृत्व विकासका अवसरहरू प्रदान गरिनेछ ।<br>७. खेलकुदलाई मनोरञ्जन र स्वास्थ्यसँग आबद्ध गरी यसको विकास गरिने छ। साथै गाउँपालिकाभित्र रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूलाई सम्मान र प्रोत्साहन गरिनेछ।<br>८. सामुदायिक प्रहरी सँगको समन्वयमा युवाहरूलाई दुर्व्यसनीमा लाग्न नदिन सचेतन मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>९. गाउँपालिका भित्र स्थापना भएका युवा क्लबहरूलाई समाज सुधार तथा विकास निर्माण कार्यमा आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ। |
| **५.२**: सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गरी प्रतिस्पर्धी बनाउने । | १. विद्यालयमा विषयगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२. अंग्रेजी र नेपाली दुवै माध्यमबाट ऐच्छिक रूपमा सबै कक्षा सञ्चालन गरिनेछ ।<br>३. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ।<br>४. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ ।<br>५. आवश्यक तालिम दिई बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको उत्पादन बालविकास केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ ।<br>६. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवश्यकता अनुसार मर्जिङ् गरिनेछ । |

### ५.२.५ कार्यक्रम तथा आयोजना

**तालिका ४७: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजना**

| **शिक्षा, विज्ञान तथा नवप्रर्वतन** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कार्यक्रमहरू** | **एकाइ** | **आधार वर्ष** | **योजनाको कुल लक्ष्य** | **अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा)** | | | | | | **बजेट प्रतिशत** |
| | | | | **पहिलो आ.व.** | **दोस्रो आ.व.** | **तेस्रो आ.व.** | **चौथो आ.व** | **पाँचौं आ.व** | **जम्मा** | |
| दिवा खाजा व्यवस्थापन | | | | २००० | २०० | २००० | २००० | २००० | ८२०० | ०.५४ |
| कम्तीमा पनि एक प्राविधिक शिक्षालय सञ्चालन कार्यक्रम | | | | ५००० | १०००० | १०००० | १०००० | १०००० | ४५००० | २.९५ |
| विद्यालयहरूलाई प्रविधि मैत्री विद्यालयको रूपमा विकास कार्यक्रम | | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० | ०.९८ |
| एक वडा एक नमुना विद्यालय सञ्चालन कार्यक्रम | | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १.६४ |
| सामुदायिक विद्यालयको भौतिक पूर्वाधार व्यवस्थापन तथा स्तरउन्नति | | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ३.२८ |
| **शिक्षा, विज्ञान तथा नवप्रर्वतनको जम्मा** | | | | २५००० | २८२०० | ३०००० | ३०००० | ३०००० | १४३२०० | ९.४० |

**तालिका ४८: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

| **नतिजा तह** | **नतिजा** | **सूचक** | **एकाइ** | **आधार वर्षको अवस्था** | **योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल)** | | | | | **जम्मा** | **पुस्ट्याइँको स्रोत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **पहिलो** | **दोस्रो** | **तेस्रो** | **चौथो** | **पाँचौं** | | |
| **प्रभाव** | राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको हुनेछ । | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ८१.२ | ८२ | ८३ | ८४ | ८५ | ८६ | ८६ | |
| | | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ७६.६१ | ७७ | ७८ | ७९ | ८० | ८१ | ८१ | |
| | | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९९.०१ | ९९.५ | १०० | १०० | १०० | १०० | १०० | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **असर** | गाउँपालिकाको शैक्षिक सूचकांकमा उल्लेख्य सुधार भएको हुनेछ । | बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | १००% | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | | आधारभूत तह (१,८) मा लैगिंक समानता | महिला प्रति सय पुरुष | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | १०० | |
| | | उच्च शिक्षामा कुल विद्यार्थी | सङ्ख्या | | | | | | | | |
| | | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | | | | | | | | |
| | | माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | | | | | | | | |
| | | आधारभूत तह (१-८) मा कुल भर्नादर | प्रतिशत | | | | | | | | |
| | | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | | | | | | | | |
| **प्रतिफल** | विद्यालय छाड्ने विद्यार्थीको दर न्यून हुनेछ । शिक्षक विद्यार्थी अनुपात आवश्यकता अनुरूप व्यवस्थापन भएको छ | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | |
| | | विद्यालय छाड्ने विद्यार्थीको दर आधारभूत तह | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | |
| | | विद्यालय शिक्षा (१-८) शिक्षक- विद्यार्थि अनुपात | अनुपात | १:४ | १:८ | १:१५ | १:२० | १:२० | १:२० | १:२० | |
| | | विद्यालय शिक्षा (९-१२) शिक्षक विद्यार्थी अनुपात | अनुपात | १:१२ | १:२० | १:२० | १:२० | १:२० | १:२० | १:२० | |
| | | विद्यालय शिक्षा (१-१२) शिक्षक- विद्यार्थि अनुपात | अनुपात | १:७ | १:२० | १:२० | १:२० | १:२० | १:२० | १:२० | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | प्राविधिक र व्यावसायिक विद्यालय को स्तरोन्नति भएको हुनेछ । | प्राविधिक धारका विद्यालय सञ्चालन | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | |
| | | प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | सङ्ख्या | ० | ० | ३० | ६० | ९० | १२० | १२० | |
| | | प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयहरू | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | |
| | विद्यालयहरूको गुणात्मक परिवर्तन भएको हुनेछ । | बाल क्लब गठन भएका विद्यालय | सङ्ख्या | १० | १५ | २५ | २७ | २७ | २७ | २७ | |
| | | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | |
| | | विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | ८ | १० | १० | १० | १० | १० | १० | |
| | | इन्टरनेट तथा ई- शिक्षा सुविधा भएका विद्यालय | सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ | |
| | शिक्षामा सबैको पहुँच सुनिश्चित भई समुदायको शैक्षिक स्तर माथि उठेको हुनेछ । | छात्रामैत्री विद्यालय | सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ | |
| | | अपाङ्गतामैत्री विद्यालय | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | |
| | | आवासीय विद्यालय | सङ्ख्या | ० | ० | १ | २ | २ | ३ | ३ | |
| | सामुदायिक र संस्थागत तहबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा रहेको अन्तर घटेको हुनेछ । | माध्यमिक शिक्षा कक्षा (९-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | |
| | | सामुदायिक विद्यालय | सङ्ख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | २७ | |
| | | संस्थागत विद्यालय (१-५) | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | |
| | | संस्थागत विद्यालय (१-८) | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| | | संस्थागत विद्यालय (१-१२) | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | |
| | विपन्न वर्ग तथा दलित विद्यार्थीलाई उच्च शिक्षा | प्राविधिक विषयमा अध्ययनरत दलित छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | ० | ० | ५ | १० | १५ | २० | २० | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | (इञ्जिनियरिङ्ग, मेडिकल, कृषि, वन, आदिमा) गाउँपालिकाबाट छात्रवृत्ति प्रदान हुनेछ र पालिकामा प्राविधिक जनशक्तिको आपूर्ति सहज हुनेछ । | प्राविधिक विषयमा अध्ययनरत विपन्न छात्रवृत्ति प्राप्त विद्यार्थी | सङ्ख्या | ० | ० | ५ | १० | १५ | २० | २० | |

### ५.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ४९: शिक्षा, विज्ञान तथा नवप्रर्वतनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

### ५.२.७ अनुमान तथा जोखिम पक्ष

**शिक्षा क्षेत्रको गुणस्तरमा वृद्धि भइ दक्ष तथा क्षमता वान नागरिक तयार भएका हुनेछन् ।**

क. ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा भइरहेको तीव्र बसाइ सराइले ग्रामीण क्षेत्रमा मानव शक्तिको अभाव खट्किन सक्छ ।
ख. ठूला ठूला महामारीका रोगहरू फैलिएमा शैक्षिक गतिविधिहरू सुचारु नहुन सक्छन् ।
ग. राजनैतिक वा अन्य कारण सिर्जना हुन सक्ने आम हडताल, आन्दोलन, नेपाल बन्द, सडक जाम आदि विशेष अवस्था सिर्जना भएमा शिक्षाका कार्यक्रम नियमित नुहुन सक्छन् ।
घ. शिक्षाको गुणस्तरमा युग सुहाउँदो वृद्धि हुन नसके विज्ञान तथा सिर्जनात्मक ज्ञानको विस्तारमा कठिनाइ हुन सक्छ ।
ङ. सीप मूलक व्यावसायिक तथा प्रविधि मैत्री शिक्षा विस्तार हुन नसके युवा विदेशिने दरमा वृद्धि हुन सक्छ
च. भूकम्प, बाढी पहिरो, ठूलो वर्षा, हुरी बतास आदि कारणले शैक्षिक पठन पाठनमा नियमितता नुहुन सक्छ
छ. शैक्षिक हडताल, वातावरणमा आउन सक्ने प्रतिकूल परिवर्तन आदि कारणले पनि शिक्षामा चुनौती आउन सक्छ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधान को भाग ३ को धारा ३५ (४) अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा पार्ने बहु आयामिक प्रभावलाई दृष्टिगत गरी यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको हो । दिगो विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्य निर्धारण गरेको छ । खुला दिशा मुक्त क्षेत्र घोषणा भइ सकेको यस गाउँ पालिका मा **एक घर, एक धारा** तथा सबै पक्की शौचालय निर्माणमा जोड दिइएको छ । फोहोर व्यवस्थापनका लागि गाउँपालिका स्तरबाट निरन्तर रूपमा पहल भइरहेको छ । खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन् । यी मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका क्षेत्रहरू समेत हुन् । त्यसैगरी नेपाल सरकारको तत्कालीन सहरी विकास मन्त्रालयले राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति २०१४ मा खानेपानी र सरसफाइलाई जनस्वास्थ्यको प्रवर्द्धनको लागि अपरिहार्य आधारको रूपमा लिएको छ । यसैगरी नेपाल जनस्वास्थ्य ऐन २०७५ को धारा ४१ मा सङ्घीय कानुनको मातहतमा रहेर मानव स्वास्थ्यलाई हानी पुऱ्याउने प्रदूषण रोक्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक नियमावली बनाउन सक्ने र लागू गर्न सक्ने व्यवस्था गरिएको छ

२०७८ सालको राष्ट्रिय जनगणनामा उल्लिखित तथ्याङ्क अनुसार गाउँपालिका मा जम्मा घर धुरी ३२६८ मध्ये मूलको पानी पाइप धाराबाट उपयोग गर्ने घर धुरी १७७० (५४.१६%), रहेका छन् भने मूल बाहिरको स्रोतको पानी पाइप धाराबाट उपयोग गर्ने घर धुरी १३४७ (४१.२१%), रहेका छन् । ढाकिएको कुवा इनारको पानी प्रयोग गर्ने घर धुरीहरू ० (०.०%), नढाकिएको कुवा इनार प्रयोग गर्ने घर १५ (०.४५%), नलि टुटीको प्रयोगबाट ३१ घर (०.९४%), खोला तथा नदीबाट उपयोग गर्ने घर ९८ (३%), जार बोतलबाट ६ घर (०.१८%) रहेका छन् ।

बढ्दो बजारीकणबाट उत्पन्न हुने फोहोर मैला व्यवस्थापनको दीर्घकालीन समाधान गर्न वडा नं. ५ मा ल्याण्डफिल्ड साइट निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । शौचालय नभएका र जोखिम युक्त घरबासमा रहेका अति विपन्न नागरिकको शौचालय निर्माण र सुरक्षित घरबास निर्माणको पहिलो चरणको कार्य सम्पन्न भएको छ । बाँकी कार्य निरन्तर सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।

### ५.३.२ समस्या तथा चुनौती

स्वच्छ, सफा तथा व्यवस्थित पिउने पानीको लागि सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत निरन्तर रूपमा प्रयासहरू हुँदै आएका छन् । ग्रामीण क्षेत्रमा खानेपानीको लागि उपभोक्ताहरू ले दिगो योजना माग नगरी खाली पाइप मात्र माग गर्ने र गाउँपालिकाले पाइप वितरण गर्ने विकासको ढाँचा अहिलेको दिगो विकासको लागि सबैभन्दा ठूलो समस्या बनेर देखिएको छ । यस्तो प्रकारको वितरण मुखी विकासे मोडेलका कारण खानेपानीको क्षेत्रमा योजनाले दिगो रूप लीन सकेको छैन । खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइ जन्य परम्परागत व्यवहारका कारण आशातीत सुधार हुन सकेको छैन । मानिसहरूको जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको

छ । स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन भने सुक्खा याममा कतिपय बस्तीमा खानेपानीको अभाव हुने गरेको छ ।

सरसफाइ सम्बन्धी आनीबानी कमजोर हुनुका साथै यस क्षेत्रमा घरमै फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्ने अभ्यास भइसकेको छैन । मुख्य बजारहरूमा प्लास्टिक तथा सिसा जन्य फोहोरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदूषण बढ्दै गएको छ । साथै बजार केन्द्रहरूमा समेत सडक नाली र ढल सुविधा व्यवस्थित भइसकेको छैन । सार्वजनिक शौचालयमा साबुन, पानी आदिको नियमित व्यवस्थापन हुन सकिरहेको छैन । पहिरोको कारण वर्षें पिच्छे खानेपानीका मूल तथा पाइपहरूमा क्षति हुँदै गइरहेको छ । खानेपानीका मुहानहरू बस्ती भन्दा टाढा हुनु, पाइपलाई मापदण्ड अनुसार जमिनमुनि नपुर्नु, कमजोर पाइप प्रयोग गर्नु मर्मत सम्भारमा उपभोक्ताको चासो कम हुनु, खानेपानीका पाइपहरू ठूला भिर पाखा तथा खोला खोल्सी हुँदै धारासम्म ल्याउनु, मर्मत सम्भार कोष र समितिको व्यवस्थापनमा कम ध्यान दिनु, आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ५.३.३ सम्भावना तथा अवसर

गाउँपालिकामा जलस्रोत समिति गठन भई सक्रिय हुनु, आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बस्ती नजिकै पानीका स्रोतहरू (स्थानीय खोला र मूल) को उपलब्धता रहनु तथा खोला तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस गाउँपालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन् ।

### ५.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा पूर्ण आनीबानी परिवर्तन सहितको समुदाय निर्माण गर्ने ।

**उद्देश्य**

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ५०: खानेपानी तथा सरसफाइका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१: पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>२. खानेपानीका स्रोतहरूको खोजी तथा संरक्षण गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. आधारभूत खानेपानीको पहुँच वृद्धिको लागि वडा स्तरमा विभिन्न ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>४. नयाँ संरचनाको लागि आवश्यक जग्गाको व्यवस्था मिलाइनेछ ।<br>५. प्रदेश सरकारको नीति तथा कार्यक्रममा रहेको सबै घरपरिवारलाई आधारभूत स्तरको खानेपानी सेवा पुर्‍याउन सञ्चालित एक घर एक धाराको कार्यक्रमलाई आत्मसात गर्दै नयाँ निर्माण तथा जीर्ण खानेपानी आयोजनाको मर्मतसम्भार गरी प्रशोधन सहितको खानेपानी योजना सञ्चालन गर्न प्रदेश सरकारसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।<br>६. परम्परागत रुपमा निर्मित कुवा, ढुङ्गे धारा, चौतारी, पोखरीहरूको संरक्षण एवं सम्वर्द्धनलाई निरन्तरता दिइनेछ । |
| **उद्देश्य २ः गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।** | |
| **२.१ः** आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाको लागि संरचना निर्माण गरिनेछ ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।** | |
| **३.१ः** प्रत्येक घर परिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट उत्पादन हुने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रसिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहर मैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।<br>६. सरसफाइ सम्बन्धी जन चेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>७. पूर्ण आनीबानी परिवर्तन सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ ।<br>८. गाउँपालिका क्षेत्रभित्र रहेका बजारोन्मुख स्थानहरूमा आवश्यकतानुसार डस्टबिन र सार्वजनिक शौचालयहरूको व्यवस्था गरिनेछ । साथै हालसम्म पनि शौचालय निर्माण गर्न नसकेका विपन्न परिवारका लागि शौचालय निर्माण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । |

### ५.३.५ कार्यक्रम तथा आयोजना

**तालिका ५१: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजना**

| खानेपानी तथा सरसफाइ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| एक घर एक धाराको कार्यक्रमलाई पूर्ण रूपमा कार्यान्वयन सम्बन्धी योजना | | | | १००० | १००० | १००० | | | ३००० | ०.२० |
| खानेपानीका योजनाहरूको मर्मत सम्भारलाई नियमितता | | | | २००० | २५०० | ३००० | ३५०० | ४००० | १५००० | ०.९८ |
| गाउँपालिका भित्र आवश्यकता आधारमा ३ वटा सार्वजनिक शौचालय निर्माण योजना | | | | | | ५००० | ५००० | ५००० | १५००० | ०.९८ |
| पक्की शौचालय नभएका घर परिवारका लागि पक्की शौचालयहरू निर्माण योजना | | | | २००० | २००० | | | | ४००० | ०.२६ |
| **खानेपानी तथा सरसफाइको जम्मा** | | | | ५००० | ५५०० | ९००० | ८५०० | ९००० | ३७००० | २.४३ |

**तालिका ५२: खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिक रण**

### ५.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ५३: खानेपानी तथा सरसफाइका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | पालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार हुनेछ । | आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | १०० | १०० | |
| | | स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | २० | २० | ३० | ५० | ७० | ८० | ८० | |
| | | शौचालय भएका घरपरिवार | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० | १०० | |
| **असर** | आधारभूत खानेपानीको पहुँच हरेक टोल समुदायलाई हुनेछ । | पाइपद्वारा वितरित पानी उपयोग गर्ने परिवार | प्रतिशत | ७० | ८० | ९० | ९५ | १०० | १०० | १०० | |
| | | खानेपानीको स्रोत संरक्षण | सङ्ख्या | २८ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | |
| **प्रतिफल** | आधारभूत सरसफाइमा सुधार गरी समुदायलाई प्रदूषणमुक्त बनाउन सकिनेछ । | सेफ्टिट्यांकी सहितको शौचालय भएको परिवार | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९९ | १०० | १०० | |
| | | साधारण शौचालय भएको परिवार | प्रतिशत | १० | १० | १० | ५ | १ | ० | ० | |
| | | सार्वजनिक शौचालय | सङ्ख्या | २ | २ | ३ | ४ | ५ | ५ | ५ | |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ । | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ६० | ६५ | ७० | ८० | ८५ | ९० | ९० | |
| | | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | २० | २० | ३० | ५० | ७० | ८० | ८० | |

### ५.३.७ अनुमान तथा जोखिम पक्ष

**आधारभूत पानीको अतिरिक्त स्वच्छ, सफा खानेपानीको सहज आपूर्ति हुनुका साथै सरसफाइमा पूर्ण आनीबानी परिवर्तन भएको हुनेछ ।**

क. समयमा बजेट निकासा हुन नसकेमा खानेपानीसँग सम्बन्धित योजना/आयोजनाहरू सम्पन्न हुन नसकि खानेपानी व्यवस्थापनमा कठिनाइ आउन सक्छ ।

ख. महामारीका रोगहरूको सङ्क्रमणले सरसफाइमा चुनौती थपिन सक्छ ।

ग. भविष्यमा आउन सक्ने प्राकृतिक प्रकोपका कारण सरसफाइका कार्यक्रमहरू सञ्चालनमा सहज नुहुन सक्छ ।

घ. पानीका मूलहरूको उचित संरक्षणको अभावमा स्वच्छ खानेपानीको आपूर्तिमा समस्या आउन सक्छ ।

ङ. ठूलो वर्षा, बाढी पहिरो, भूकम्प आदि प्राकृतिक प्रकोपको कारण खानेपानीका संरचनाहरू भत्किन गइ खानेपानीको आपूर्तिमा समस्या आउन सक्छ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

सङ्घीय सरकारको १६औं पञ्चवर्षीय योजनामा निर्धारण गरिएको दीर्घकालीन सोच **"सुशासन सामाजिक न्याय र समृद्ध"** मा पुग्नको लागि तय गरिएका १३ वटा क्षेत्र मध्ये लैङ्गिक समानता सामाजिक समावेशीकरण र परिचालन एवम् गरिबी तथा असमानता न्यूनीकरण र समता मूलक समाज निर्माणलाई प्राथमिकतामा राखिएको छ । आर्थिक-सामाजिक जीवनमा महिलालाई पुरुष सरह बनाउने, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउने, महिलाहरू बीच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्ने, ग्रामीण महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउने र बाल-विवाह, दाइजो प्रथा, छाउपडी र बोक्सी जस्ता कुरीति जन्य व्यवहार अन्त्य गर्ने दिशामा राज्य प्रतिबद्ध रहेको छ ।

नेपालको संविधानको प्रस्तावना सहित धेरै धाराहरू समावेशी व्यवस्थाको लागि खर्चिएको छ । संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ ज्येष्ठ नागरिकको हक, धारा ४३ सामाजिक सुरक्षाको हक लगायतका हकका बारेमा व्यवस्था गरिएको छ । त्यसैगरी संविधानको धारा २५२ राष्ट्रिय महिला आयोग, धारा २५५ राष्ट्रिय दलित आयोग, धारा २५८ राष्ट्रिय समावेशी आयोग, धारा २६१ आदिवासी जनजाति आयोग, धारा २६२ मधेशी आयोग, धारा २६६ थारू आयोग र धारा २६४ मुस्लिम आयोग गरी धेरै आयोगहरू समेतको व्यवस्था भएकोले यो संविधानलाई समावेशीको दृष्टिले विश्वमै उत्कृष्ट संविधान मानिन्छ । समावेशी कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महा सन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्य नं. ५ मा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

२०७८ को राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार गाउँपालिका को कुल जनसङ्ख्या १२७२५ रहेको छ जसमा महिला ६७९६ र पुरुष ५९२९ रहेको छ । त्यसैगरी शारीरिक अपाङ्गता १३४ जना, आँखाको शक्ति कमजोर भएको जनसङ्ख्या ८८, आँखा नदेख्ने २५, काना नसुन्ने ५८, पटक्कै कान नसुन्ने ४५, बोल्न नसक्ने ५, मानसिक समस्या भएका ३४, बौद्धिक अपाङ्गता २२, बहु अपाङ्गता भएका व्यक्तिहरू २९ र अन्य प्रकारका अपाङ्गता भएका व्यक्तिहरू सङ्ख्या ९ रहेको छ । जातीयता अनुसार बाहुन ५१०५ (४०.११%), मगर ३०५१ (२३.९७%), विश्वकर्मा १३२८(१०.४३%), क्षेत्री ५०३ (३.९५%), परियार ६९४, (५.४५%) ठकुरी ५६४,(४.४३%) गुरुङ ५२७, (४.१४%), मिजार ४१६ (३.२६%), नेवार २२३ (१.७५), संन्यासी १३५(१.०६%), सुनार २४ (०.१८%), सुनुवार ४० (०.३१%), थारू १९ (०.१४%), हजाम ११ (०.०८६%), रानाथारु ११ (०.०८६%), राइ ११ (०.०८६%), मुसलमान २५ (०.१९%), अन्य १४ (०.११%), विदेशी २४ (०.१८%), रहेको छ । यो तथ्याङ्कबाट पनि यो गाउँपालिकामा सबैभन्दा बढी दलित जातीहरूको बसोबास रहेको प्रस्ट हुन्छ ।

### ५.४.२ समस्या तथा चुनौती

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गाउँपालिका स्तरमा संस्थागत हुन सकेको छैन । यो समिति लक्षित वर्गका कार्यक्रमहरू तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने लगायतका कार्य गर्ने कानुन बमोजिमको गाउँपालिका अन्तर्गत क्रियाशिल हुने समिति हो । गाउँ पालिका मा दलित वर्गका लागि कति बजेट विनियोजन गर्ने भन्ने बारेमा गाउँसभाबाट स्पष्ट निर्णय हुन सकेको छैन । लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरू दिगो भन्दा पनि वितरण मुखी रहेका छन् । लक्षित वर्गको चौतर्फी हितका लागि नीति गत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भए ता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधारहरू हुन सकेका छैनन् । वाल विवाह, लैङ्गिक हिंसा, दलित, विपन्न तथा वाल हिंसाका घटनाहरूको अन्त्य हुन सकेको छैन । लैङ्गिक हिंसा पीडित, महिलाको पहिचान हुन सकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकार वालहरूबाट सशक्त रूपमा उठ्न सकेको छैन । बस्ती स्तरमा छुवाछूत तथा सामाजिक बिभेद अझै पनि कायमै रहेको छ । विपन्न, हिंसा पीडित र असहायहरूका लागि विशेष व्यवस्था हुन सकेको छैन । सबै लक्षित वर्गको सञ्जाल हरू गठन भएको भए ता पनि संस्थागत हुन सकेका छैनन् । लक्षित वर्गको आत्म निर्भरताका लागि पर्याप्त अवसर तथा क्षमता विकासका अवसरमा कमी रहेको छ ।

### ५.४.३ सम्भावना तथा अवसर

स्थानीय सरकारको रूपमा स्थापित गाउँपालिकाले सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा समाहित गर्ने प्रयास गर्दै आएको छ । विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवाबाट वञ्चित रहेका जनतालाई लक्षित गरी विशेषज्ञ सहितको स्वास्थ्य शिविर कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी सञ्चो बिसञ्चो कार्यक्रमको निरन्तरताबाट चालु आ.व.मा १४० जना सुत्केरी महिलाहरूलाई रु.५ हजारका दरले सुत्केरी पोषण भत्ता उपलब्ध गराइएको छ जसबाट आमा तथा नवजात शिशु स्वस्य रहन मद्दत पगेको छ ।

लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानव अधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ गाउँपालिकाले कार्य गर्दै आएको छ । साथै लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके मात्र गाउँपालिकाले समता मूलक, समृद्ध गाउँपालिकाको रूपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

लैङ्गिक मैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयम् क्रियाशिल भई सङ्गठित हुनु आदि अवसरका रूपमा रहेका छन् ।

### ५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

महिला तथा लक्षित वर्गको सशक्तिकरणद्वारा समता मूलक समाजको निर्माण गर्ने ।

**उद्देश्य**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु ।
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु ।
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।
४. अपाङ्गता भएका व्यक्तिलाई स्रोत साधन र प्रविधिद्वारा जीवनयापनमा सहजताका साथै आत्मसम्मानमा वृद्धि गर्ने ।
५. दलित, जनजाती तथा विपन्न समुदायलाई विकास तथा सामाजिक न्यायको मूल धारमा प्रवाही करण गर्नु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ५४: महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| **१.१:** गाउँ पालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने । | १. सुरक्षित प्रसूति सेवाका माध्यमबाट मातृ शिशु मृत्युदरलाई न्यूनीकरण गर्न गाउँपालिकाभित्र सञ्चालित सबै बर्थिङ सेन्टरहरूलाई सुविधा सम्पन्न बनाइनेछ साथै स्वास्थ्य संस्थाबाहिर सुत्केरी हुने दरलाई शून्यमा झार्दै संस्थागत **सुत्केरी सेवा गाउँपालिका** बनाउन विशेष अभियानको थालनी गरिने छ ।<br>२. नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>३. लैङ्गिक समानता प्रासिको लागि महिला-पुरुष दुबैको सक्रिय सहभागितामा वृद्धि गरिनेछ ।<br>४. दलित, महिला, आदिवासी जनजाति एवं सीमान्त कृत वर्गलाई शैक्षिक अवसरहरूको सु निश्चितता प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. उपाध्यक्षसँग गर्भवती र सुत्केरी सन्चो बिसन्चो कार्यक्रमलाई निरन्तरता दिइनेछ । ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरूलाई आवश्यकता अनुसार ह्वील चियर, वैशाखी, बेड, ईयर डिभाइस लगायतका सामग्रीहरूको व्यवस्था गरिने कार्यलाई निरन्तरता दिइनेछ ।<br>६. गाउँपालिकाभित्रका सुरक्षित घरबास नभएका परिवारहरूलाई आवास निर्माणका लागि आवश्यक पहल गरिनेछ । गाउँपालिकाभित्र परम्परागत रूपमा सञ्चालित मेला तथा जात्राहरूलाई संरक्षण तथा सम्वर्द्धन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.२ः लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर् स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालनका साथै गाउँ पालिका मा राहत कोषको सञ्चालन गरिने छ ।<br>३. सबै प्रकारका हिंसाहरू, जातीय तथा लैङ्गिक विभेद, छुवाछुत र कुप्रथा मुक्त गाउँपालिका निर्माण गर्न कार्यक्रमहरू अवलम्बन गरिनेछ विपन्न तथा पिछडिएका वर्गका महिलाहरूलाई लक्षित गरी सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. समाजमा विद्यमान जातीय विभेद, दाइजो प्रथा, महिला हिंसा, बाल-विवाह जस्ता कुरीतिलाई निरुत्साहित गरिनेछ, जाँड रक्सी, जुवा तास तथा लागू औषध दुर्व्यसनी जस्ता सामाजिक विकृतिलाई नियन्त्रण गरिनेछ ।<br>५. सबै प्रकारका हिंसाहरू, जातीय तथा लैङ्गिक विभेद, छुवाछुत र कुप्रथा मुक्त गाउँपालिका निर्माण गर्ने नीति अवलम्बन गरिनेछ विपन्न तथा पिछडिएका वर्गका महिलाहरूलाई लक्षित गरी सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| **उद्देश्य २ः बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बाल मैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१ः विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. सबै घर परिवार, समुदाय तथा विद्यालयहरूमा बाल मैत्री स्थानीय शासन सहितको वातावरण तयार गरिनेछ ।<br>२. बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बाल श्रम, बलात्कार, बेच विखन जस्ता अपराध विरुद्ध सचेतन मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर् स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>४. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर् स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ<br>५. बाल विवाह न्यून करणका लागि उचित कदम चालिनेछ ।<br>६. एस. ई. ई. लगायत विभिन्न तहमा गाउँपालिकाबाट सर्वोत्कृष्ट नतिजा ल्याउने सामुदायिक तथा संस्थागत विद्यालयका छात्रछात्राहरूलाई सम्मान गरिनेछ ।<br>७. महिलाहरूको पाठे घर र स्तन क्यान्सर रोकथाम, २ वर्ष मुनिका बालबालिकाहरूको पोषण स्थितिमा सुधार लगायत स्वास्थ्य सम्बन्धी पर्याप्त जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>८. एकल महिला, विपन्न तथा न्यून आय भएकाहरूका लागि आय मूलक एवं क्षमता विकासका क्रियाकलापहरू सञ्चालन गरिनेछ । |
| २.२ः बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बाल क्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. स्थानीय नीति निर्माण तहमा बालबालिकाको सहभागिता सुनिश्चित गरिनेछ ।<br>३. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| २.३ः बाल मैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वडामा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बाल मैत्री स्थानीय शासनका माध्यमबाट बाल अधिकार सूचकहरू पूरा गरी बाल मैत्री पालिका घोषणा गरिनेछ ।<br>३. सामाजिक सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लाने नीति अवलम्बन गरी बालबालिका सम्बन्धी बाल सञ्जाल एवं बालबालिकाको क्षमता विकासका कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ । |
| **उद्देश्य ३ः ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| ३.१ः ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमा बाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ ।<br>३. अध्यक्षसँग ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ । |
| ३.२ः ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नका साथै अन्तर पुस्ता हस्तान्तरण लगायत अनुभव आदान प्रदानका कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| ३.३ः ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरूप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. ज्येष्ठ नागरिकले समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ ।<br>३. गाउँपालिकामा एक शव-वाहनको व्यवस्था मिलाई शवदाह स्थानसम्म निःशुल्क सेवा दिने व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य ४ः अपाङ्गता भएका व्यक्तिलाई स्रोत साधन र प्रविधिद्वारा जीवनयापनमा सहजताका साथै आत्मसम्मानमा वृद्धि गर्ने ।** | |
| ४.१ः अपाङ्ग मैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्ग मैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्ग मैत्री बनाई गुण स्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| ४.२ः अपाङ्ग व्यक्तिहरू प्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरू प्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५ः दलित, जनजाति तथा सीमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूल धारमा प्रवाही करण गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **५.१ः** दलित तथा सिमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सु निश्चितता गर्ने । | १. गाउँपालिकामा उपलब्ध रोजगारीका अवसरहरूमा दलित तथा सीमान्तकृत समुदायका युवाहरूलाई प्राथमिकता दिइनेछ ।<br>२. स्थानीय उपभोक्ता समितिहरूमा दलित तथा सीमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्वको प्रावधान राखिनेछ ।<br>३. दलित तथा सीमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समता मूलक रूपमा वितरण गर्ने प्रबन्ध मिलाइनेछ ।<br>४. गाउँपालिका भित्रका आर्थिक तथा सामाजिक रूपले पिछडिएका तथा लोपान्मुख जातिहरूको संरक्षणका लागि ठोस तथा प्रभावकारी कदम चालिनेछ ।<br>५. जनजाति लगायत स्थानीय मौलिक भाषा संस्कृति, भेष भूषा तथा परम्पराहरूको संरक्षण एवं सम्वर्द्धन गरिनेछ । साथै गाउँपालिकाका सबै जात जातिको मौलिक संस्कृतिको संरक्षण गर्नका लागि गाउँपालिका स्तरीय एक सङ्ग्रहालय स्थापनाका लागि पहल गरिनेछ । |

## ५.४.५ कार्यक्रम तथा आयोजना

**तालिका ५५: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजना**

| महिला, बालबालिका तथा लक्षित वर्ग | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| बाल मैत्री स्थानीय शासन कार्यक्रमलाई घर समुदाय तथा विद्यालयमा पूर्ण रूपमा लागू गरी बाल मैत्री स्थानीय शासन सहितको गाउँपालिका घोषणा कार्यक्रम | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| महिला सशक्त करणको लागि लोकसेवा आयोगका कक्षाहरू सञ्चालन कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| आधुनिक प्रविधि (कम्प्युटर लगायत )को प्रयोगको लागि तालिमको व्यवस्थापन | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| ज्येष्ठ नागरिक भेटघाट केन्द्रको स्थापना र सञ्चालन कार्यक्रम | | | | १५०० | ३००० | ३०० | | | ४८०० | ०.३१ |
| अध्यक्षसँग ज्येष्ठ नागरिक भेटघाट कार्यक्रमलाई निरन्तरता | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| ज्येष्ठ नागरिक बीमा कार्यक्रमलाई अभियानको रूपमा विस्तार गर्ने कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| अपाङ्ग परिवारका बालबालिकाहरूका लागि स्वास्थ्य र शिक्षाको लागि अनुदान/ ऋण सहयोग कार्यक्रम | | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ०.४९ |
| लैङ्गिक हिंसा मुक्त वडा घोषणा कार्यक्रम | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| **महिला, बालबालिका तथा लक्षित वर्गको** | | | | **८०००** | **९५००** | **६८००** | **६५००** | **६५००** | **३७३००** | **२.४५** |

**तालिका ५६: महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

## ५.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ५७: महिला, बालबालिका तथा लक्षित वर्गका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्ति विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन भएको हुनेछ । | महिला/घरेलु हिंसा | सङ्ख्या | ४ | ० | ० | ० | ० | ० | ० | |
| | | बालश्रम | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | |
| | | अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | | १ | २ | ३ | ४ | ५ | ५ | |
| | | बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठनागरिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| असर | पालिका र पालिका मातहतका सबै निकायहरूमा सामाजिक समवेशिकरणका आधारमा समतामूलक सेवा प्रभाव भएको हुनेछ । | लैङ्गिक हिंसा र छुवाछूत सम्बन्धी घटना दर्ता | सङ्ख्या | ४ | ० | ० | ० | ० | ० | ० | |
| | | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | २ | १० | १५ | २० | २५ | ३० | ३० | |
| | | कुल सहभागीहरूमा महिलाको प्रतिशत | प्रतिशत | १ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | |
| प्रतिफल | लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनेछ । | व्यावसायिक सीपमूलक तालिम प्राप्त महिला | सङ्ख्या | | | | | | | | |
| | | लैङ्गिक हिंसा र छुवाछूत सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | ४ | २ | २ | २ | २ | २ | १० | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | | पीडित महिलाहरूको लागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | |
| | | जेसी परीक्षण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | |
| | सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका बालबालिकालाई उचित संरक्षण हुनेछ । | बाल हेल्पलाइन सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |
| | | बाल उद्यान | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | |
| | | सुरक्षित बाल गृह | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | |
| | ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना हुनेछ । | जेष्ठनागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | |
| | | जेष्ठनागरिक सम्मान | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | |
| | ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई राज्यले उपयोग गर्न नीति निर्माणमा सहभागिता अभिवृद्धि हुनेछ । | जेष्ठनागरिक सत्सङ्ग केन्द्र | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | |
| | अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच हुनेछ । | अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |
| | | यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री सार्वजनिक शौचालय | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | |
| | अपाङ्गता भएका व्यक्तिहरू प्रति गरिने विभिन्न प्रकारको हानिकारक अभ्यास तथा परम्परा, विभेद र हिंसा आदिको न्यूनीकरण भएको हुनेछ | अपाङ्गता सम्बन्धी हेल्प डेक्स सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |
| | | कुल सहभागीहरूमा अपाङ्गता भएका | प्रतिशत | | ५ | ५ | ५ | ५ | ५ | ५ | |

### ५.४.७ अनुमान तथा जोखिम पक्ष

**आवश्यक बजेट र प्रभावकारी कार्यक्रमको माध्यमद्वारा पैयूँ गाउँपालिका लक्षित वर्ग मैत्री गाउँपालिका भएको प्रत्येक नागरिकले महसुस गर्नेछन् ।**

क. देशमा ठूलो आर्थिक मन्दी भइ सङ्घ वा प्रदेशबाट विनियोजित रकम उपलब्ध हुन नसक्ने अवस्था सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिन हुन सक्छ

ख. वैदेशिक अनुदानको बजेट समयमा उपलब्ध हुन नसकेको अवस्थामा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

ग. योजना कार्यान्वयनमा कारणवश प्रतिकूल परिस्थिति सिर्जना भइ कार्यान्वयन प्रक्रिया सहज नभएमा पनि कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

घ. प्राकृतिक विपत्तिका कारण महिला बालबालिकाको क्षेत्रमा विनियोजित बजेट कटौती वा रकमान्तर गरेर अन्य शीर्षकमा विनियोजन भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

ङ. मानव जन्य विपदका कारण लक्षित वर्गको कार्यक्रम सञ्चालनमा चुनौती आउन सक्छ ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

गाउँपालिकाको समग्र विकासको लागि युवा तथा खेलकुदको निकै ठूलो भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्न सकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्नुपर्ने देखिन्छ ।

पैयूँ गाउँपालिकाको उमेर समूहगत जनसङ्ख्यालाई विश्लेषण गर्दा कुल जनसङ्ख्याको करिब ५० प्रतिशत युवा जनसङ्ख्या रहेको छ कूल जनसङ्ख्याको अनुपातमा युवा समूहको जनसङ्ख्या यतिको हुनु समग्र आर्थिक र सामाजिक विकासका लागि निकै उत्तम मानिन्छ । यो गाउँपालिकामा गुरुङ तथा मगर जातीहरूको पनि बसोबास रहेको छ । गुरुङ तथा मगर जातिहरू बालक वा युवा सबै उमेर समूहका व्यक्तिहरूलाई खेलकुद असाध्य मन पर्ने गर्दछ । गाउँपालिका क्षेत्रमा ११ वटा युवा क्लबहरू रहेका छन् । समुदायस्तरका यस्ता क्लबहरू खेलकुद तथा युवा सशक्तिकरणका अतिरिक्त सामाजिक कार्यमा पनि संलग्न रहँदै आएका छन् । गाउँ पालिकाका विभिन्न वडाका १२ स्थानमा रहेका साना ठूला खेल मैदानहरू मा विभिन्न खेलकुद प्रतियोगिताहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन् । यहाँका युवाहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा भाग लिदै आएका छन् ।

### ५.५.२ समस्या तथा चुनौती

युवा लक्षित विकासका कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नू यस क्षेत्रका समस्याहरू हुन् । युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा पर्याप्त रेमिटेन्स भित्रिन नसक्नू, विदेश जाने युवाहरूको पनि जीविकोपार्जनको ग्यारेन्टी नहुनु आदि सवालहरूलाई पनि समस्याका रूपमा लिइएको छ । खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, पालिकामा भएका खेलकुद पूर्वाधारहरू गुण स्तरीय, आधुनिक र सुविधा युक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नू, क्लबहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, आदि यस क्षेत्रका थप समस्याहरू हुन् । विभिन्न निकायहरूबाट आयोजित खेलकुद प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नू, खेलकुदको विकास र

लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नू, खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नू, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

श्रम बजारमा वर्षै पिच्छे थपिने युवालाई रोजगार मूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृति प्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु आदि सवालहरूलाई चुनौतीका रूपमा हेरिएको छ । युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार- आधारशिला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्ने जस्ता कार्यहरू चुनौतीका रूपमा रहेका छन् ।

### ५.५.३ सम्भावना तथा अवसर

आर्थिक रूपले सक्रिय १९- ५९ वर्षभित्रको जनसङ्ख्या ७५८६ अर्थात् कुल जनसङ्ख्याको ५९.६१% रहेको छ । यो जनशक्तिलाई गाउँपालिकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा परिचालन गर्न सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी गाउँपालिकाको विकासमा ठूलो फड्को मार्न सक्ने बलियो सम्भावना रहेको छ ।

संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषदको गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिइनु, तल्लो तह बस्ती/टोल स्तरमा पनि युवा क्लब गठन भई समुदायमा सक्रिय रहनु, आदिलाई प्रमुख अवसरका रूपमा लीन सकिन्छ । स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु आदिलाई यो क्षेत्रका अवसरहरू हुन् भन्न सकिन्छ ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

सीप विकास, स्व रोजगारी र खेलकुदको माध्यमबाट युवाहरूलाई सक्षम तथा योग्य नागरिक बनाउने ।

<u>उद्देश्य</u>

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।
   विभिन्न युवा क्लबहरू तथा युवालक्षित सङ्घ संस्थाहरूसँग सहकार्य गर्दै युवाहरूमा नेतृत्व विकासका अवसरहरू प्रदान गरिनेछ ।
३. खेलकुद क्षेत्रको विकासका लागि क्रमशः१ वडा १ खेल मैदान निर्माण गर्ने नीति लिईनेछ।

४. सामुदायिक प्रहरीसँगको समन्वयमा युवाहरूलाई दुर्व्यसनीमा लाग्न नदिन सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>रणनीति तथा कार्यनीति</u>**

**तालिका ५८ः युवा तथा खेलकुदका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः युवाहरूलाई उद्यम शील, स्व रोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु ।** | |
| **१.१ः** विकासमा युवा सहभागिता बढाउने । | १. वैदेशिक रोजगारीबाट गाउँ फर्केका युवाहरूलाई मध्यनजर गरी उनीहरूको सीपलाई उपयोग गर्न युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।<br>२. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. पालिका का नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| **१.२ः** युवालाई उद्यम शील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्व रोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत सहुलियत व्याज दरमा ऋण उपलब्ध गराइनेछ।<br>२. युवालाई उद्यमशील र व्यवसायी बनाउन विभिन्न प्रोत्साहन, अनुदान र सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. युवालक्षित सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगारीको अवसर सिर्जना गर्दै विदेश पलायनको वर्तमान स्थितिमा सुधार ल्याइनेछ । |
| **१.३ः** युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारी बाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादन मूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ।<br>३. परम्परागत पेसा र व्यवसायको जगेर्ना, आधुनिक करण, र व्यवसायी करण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ ।<br>४. खेलकुदलाई मनोरञ्जन र स्वास्थ्यसँग आबद्ध गरी यसको विकास गरिने छ। साथै गाउँपालिकाभित्र रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडीहरूलाई सम्मान र प्रोत्साहन गरिनेछ । |
| **१.४ः** युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नव प्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लबहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई परिवार र समाज प्रति जिम्मेवारी गराइनेछ ।<br>४. युवाहरूलाई लागू पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मूलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।** | |
| २.१: खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. खेल विकासका लागि आवश्यक सुविधा सम्पन्न पूर्वाधारहरू निर्माण गरिनेछ।<br>२. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार स्तर उन्नति र सुदृढ गरिनेछ।<br>३. प्रत्येक वडामा कवर्डहल तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिनेछ।<br>४. खेलकुद विकासलाई जोड दिंदै गाउँपालिकास्तरीय रङ्गशाला निर्माण लगायत खेलकुद सम्बन्धी पूर्वाधार निर्माणको सुरुवात गरिनेछ । |
| २.२: खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हासिल गरेका देशी, विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ। |
| २.३: योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृति जन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिनेछ ।<br>२. प्रत्येक वडामा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृति जन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४: प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई उचित सम्मान एवम् पुरस्कार को व्यवस्था गरिनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा पालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. ५. गाउँपालिकाभित्र स्थापना भएका युवा क्लबहरूलाई समाज सुधार तथा विकास निर्माण कार्यमा आबद्ध गर्ने नीति अवलम्बन गरिनेछ । |

### ५.५.५ कार्यक्रम तथा आयोजना

**तालिका ५९: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजना**

| युवा तथा खेलकुद | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| गाउँपालिकास्तरीय खेल मैदान निर्माण योजना | | | | १००० | १०००० | १५००० | २०००० | | ४६००० | ३.०२ |
| एक वडा एक खेल मैदान निर्माण योजना | | | | ५००० | ५००० | ५००० | ५००० | २०००० | ४०००० | २.६२ |
| खेलाडी प्रोत्साहन कार्यक्रम | | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ०.४९ |
| खेलाडी प्रशिक्षण कार्यक्रम | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई सीप मूलक तथा रोजगार मूलक तालिमहरू सञ्चालन | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| युवा तथा खेलकुदको जम्मा | | | | ९००० | १८००० | २३००० | २८००० | २३००० | १०१००० | ६.६३ |

**तालिका ६०: युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ५.५.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ६१: युवा तथा खेलकुदका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | युवाहरूको नेतृत्वमा रहेको सामाजिक सङ्घसंस्था | प्रतिशत | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण भएको हुनेछ । | राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी सङ्ख्या | सङ्ख्या | | | | | | | | |
| | प्रदेश तथा जिल्लास्तरीय खेलाडी | सङ्ख्या | | | | | | | | |
| क्षमता विकास, सीपमूलक तालिम र वित्तीय स्रोतमा युवाहरूको पहुँच वृद्धि भएको हुनेछ । | सहकारीमा युवाको आबद्धता | प्रतिशत | | | | | | | | |
| | युवा व्यवसायीहरूबाट सञ्चालन भएका व्यवसायको सङ्ख्या | सङ्ख्या | | | | | | | | |
| | उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | | | | | | | | |
| | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | प्रतिशत | | | | | | | | |
| | युवाक्लब, संजाल तथा संस्था | सङ्ख्या | | | | | | | | |
| खेलमैदान, योग तथा ध्यान केन्द्र स्थापना भएको हुनेछ । | नियमित योगाभ्यास गर्ने जनसङ्ख्या | प्रतिशत | | | | | | | | |
| | पालिकास्तरीय खेलमैदान | सङ्ख्या | | | | | | | | |
| विद्यालयहरूमा खेलकुद विकास भएको हुनेछ । | खेल मैदान भएका विद्यालय | सङ्ख्या | | | | | | | | |
| | अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | | | | | | | | |
| प्रशिक्षण र अभ्यासमा वृद्धि हुनेछ । | पालिकामा सञ्चालित खेलकुद प्रतियोगिता | सङ्ख्या | | | | | | | | |
| | खेलाडी प्रशिक्षण कार्यक्रम | सङ्ख्या | | | | | | | | |
| | पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | | | | | | | | |
| | सफल एवम् क्षमावान् खेलाडी प्रोत्साहन तथा सम्मान | पटक | | | | | | | | |
| | योगा प्रशिक्षण | पटक | | | | | | | | |
| | कवर्डहल | सङ्ख्या | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सार्वजनिक निजी साझेदारीमा वृद्धि भई खेलकुद पूर्वाधारको विकास भएको हुनेछ । | प्रदेशस्तरको खेल मैदान | सङ्ख्या | | | | | | | | |

### ५.५.७ अनुमान तथा जोखिम पक्ष

**सीप विकास र स्थानीय रोजगारीका अवसरहरूमा वृद्धि हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीको सङ्ख्या बढेर गएको हुनेछ ।**

क. तीव्र बसाइ सराइलाई समयमा व्यवस्थापन गर्न नसके ग्रामीण क्षेत्रमा युवा तथा खेलकुद कार्यक्रममा चुनौती थपिन सक्छ ।
ख. दैवी प्रकोप वा अन्य कुनै महामारी परिस्थिति सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।
ग. युवा विदेशिने दरमा कटौती हुन नसके युवा तथा खेलकुद कार्यक्रममा चुनौती आउन सक्छ ।
घ. आर्थिक मन्दीले बजेट प्राप्त हुन नसकेमा कार्यक्रम कार्यान्वयन नुहुन सक्छ ।

# परिच्छेद — छः पूर्वाधार विकास

नेपालको संविधानले अव्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, वातावरण मैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकको रूपमा आबद्धता गराउन खोजेको छ । सङ्घीय सरकारको १६औं पञ्चवर्षीय योजनामा गुणस्तरीय पूर्वाधार एवम् एकीकृत यातायात व्यवस्था प्रणाली र आधुनिक, दिगो र व्यवस्थित सहरीकरण तथा बस्ती विकासको क्षेत्रलाई दीर्घकालीन सोच प्राप्तिको लागि महत्त्वपूर्ण क्षेत्रका रूपमा लिइएको छ । गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक पञ्चवर्षीय योजनामा पनि यो क्षेत्रको गुणस्तर वृद्धि सहित विकासको गति तीव्र बनाउन जोड दिइएको छ ।

प्राथमिकतामा पूर्वाधार सामाजिक विकासको प्रमुख सर्त हो । सडक, विमानस्थल, भवन, विद्युत्, टेलिफोन, सिँचाई आदि भौतिक पूर्वाधार हुन् भने शिक्षा सेवा, स्वास्थ्य सेवा आदि सामाजिक पूर्वाधारका विषयहरू हुन् । नेपालमा आर्थिक विकासको चर्चा गर्दा पूर्वाधार विकासलाई प्राथमिकतामा राख्ने गरिएको छ । आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्त्वपूर्ण आधार हो । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्त्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्त्वपूर्ण आयामको रूपमा लीने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य–९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य–११ (सहरहरू र समुदायहरूको दिगो पना) यस क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेका छन् ।

पैयूँ गाउँपालिकाको पूर्वाधार विकास प्रतिको प्रकृतिलाई अध्ययन गर्दा विगत पहिलो निर्वाचित प्रतिनिधिहरूको कार्यकाल (२०७४-२०७९) मा प्रत्येक वर्ष ६०% देखि ८०% बजेट पूर्वाधारको क्षेत्रमा खर्चिएको पाइन्छ । पूर्वाधारभित्र पनि झन्डै ९०% बजेट सडक तथा यातायातको क्षेत्रमा विनियोजित छ । दोस्रो कार्यकालमा यो दरमा केही संशोधन गरी अन्य क्षेत्रलाई पनि बजेटको आकार बढाउन प्रयास गरेको तथ्याङ्कबाट प्रस्ट हुन्छ । ।

गाउँपालिकाले अहिले पूर्वाधार विकासलाई वातावरण मैत्री, दिगो र प्रतिफल युक्त बनाउन जोड दिएको छ । सबै स्थानीयवासीका लागि सहज, भरपर्दो र पहुँच योग्य निर्माणको कार्यलाई प्राथमिकतामा राखी पूर्वाधारलाई आर्थिक समृद्धि र सामाजिक न्यायसँग आबद्धता गराउन खोजेको छ । यो अवधारणालाई सङ्घीय सरकारले पनि १६औं पञ्चवर्षीय योजना मार्फत जोड दिएको छ ।

## ६.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

पैयूँ गाउँपालिकाले भौगोलिक हिसाबले छरिएर रहेका तथा विपद् जोखिममा रहेका ग्रामीण घर परिवारलाई सुविधा सम्पन्न वातावरणमैत्री आवासको व्यवस्थापन र बिपन्न तथा बजार क्षेत्रमा अनधिकृत अव्यवस्थित रुपले बसोबास गरेका परिवारलाई उचित व्यवस्था गर्न यस क्षेत्रलाई प्राथमिकतामा राखी कार्य गर्न जोड दिएको छ ।

पैयूँ गाउँपालिकाले भवन निर्माण योजना तथा नक्सापास मापदण्ड लागू गरेको भए ता पनि पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन । हरेक क्षेत्रको विकास निर्माणलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउने पहल विगत वर्षहरू देखि नभएको होइन । तर अपेक्षित लक्ष्य अनुसारको उपलब्धि भने हासिल हुन सकेको अवस्था छैन । गाउँपालिकालाई आवास योजना तथा एकीकृत बस्ती विकास सम्बन्धी कानुन बनाउने अधिकार प्राप्त भएको छ भने उक्त व्यवस्थालाई कार्यान्वयन गर्नका लागि स्थानीय ढुङ्गा गिट्टी, बालुवा, काठ आदिको उपलब्धता गराउन सक्ने अवस्था पनि विद्यमान रहेको छ । खानेपानी तर्फ हेर्दा खानेपानीका स्रोतहरू तथा प्राकृतिक जल निकासको अवस्था बसोबासको लागि उपयुक्त रहेको पाइएको छ । व्यवस्थित बस्ती विकासको लागि गाउँपालिकाले उपयुक्त नीति तयार गरेर प्राविधिक विज्ञहरूको सहयोगमा उक्त कार्य गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । गाउँपालिकामा भवन निर्माण तथा व्यवस्थित बस्तीहरूको लागि प्रभावकारी अध्ययन अनुसन्धान तथा आवश्यक योजना तर्जुमा गरी यस क्षेत्रमा योजनाबद्ध विकास गर्न सकिने बलियो सम्भावना रहेको छ ।

पैयूँ गाउँपालिकाको स्थायी प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न भइ प्रयोगमा आइ सकेको छ । त्यसैगरी गाउँपालिकाका वडा नं. ३ र ६ का वडा कार्यालयका भवनहरूको निर्माण कार्य पनि सम्पन्न भइसकेको छ । गाउँपालिकाका ६ वटा वडामा स्वास्थ्य सेवाका लागि स्वास्थ्य चौकी भवन सहित सञ्चालनमा रहेका छन् । विगतका वर्षहरूमा वर्षाको बाढी पहिरोका कारण जोखिममा परेका घरहरूको पुन निर्माणको लागि गाउँपालिकाले आर्थिक सहयोग गर्दै आएको छ । चालू आ.व. मा पनि जोखिममा परेका बस्तीहरूको पहिचान सहित स्थानान्तरणको लागि आवश्यक पहल भइरहेको छ ।

## ६.१.२ समस्या तथा चुनौती

गाउँपालिकाका बस्तीहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका बस्तीहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालनमा नहुनु जस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका बजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतीक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरू अपर्याप्त छन् । सार्वजनिक सेवा प्रवाहको प्रभावकारिताका लागि वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरू अझै पर्याप्त छैनन् । अति विपन्न घर परिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तयार भएको दक्ष जनशक्ति गाउँपालिकामा क्रियाशिल नहुनाले पनि निजी आवासहरू सुरक्षित नहुने सम्भावना रहेको देखिन्छ । यसैगरी प्राकृतिक प्रकोपको रूपमा रहेको चट्याङ्गको प्रकोप पनि दिनानुदिन बढ्दै गइरहेको छ ।

भिरालो जमिन, खोलानालाको किनारमा बस्तीहरू रहनु, रहेका, बस्तीहरू पनि छरिएको अवस्थामा हुनु, बढ्दो बसाइ सराई प्रवृति आदि यस क्षेत्रका समस्याहरू हुन् । विना नक्सा र विना प्राविधिक सर्भेका आधारमा घरहरू बनेका, पुराना घरहरू भएका कारण भूकम्पको जोखिम रहेको, अझै पनि धेरै घरहरू ढुङ्गाले छाएका, बस्तीहरू नदी कटान र पहिरोका जोखिममा रहेका, आवासीय घरहरूको निर्माण मापदण्ड अनुसार निर्माण हुन नसकेको, सुरक्षित आवास तथा बस्ती विकास उचित रूपमा नभएको, बजार विकास तथा विस्तारको कमी, बजारसँगको कमजोर पहुँच तथा विस्तारको अभाव, सार्वजनिक निर्माण आवश्यकता अनुसार हुन नसकेको, बस्तीहरू बीचको दूरी टाढा हुनु आदि यस गाउँपालिकाका विकासका लागि चुनौतीका रूपमा रहेका छन् ।

### ६.१.३ सम्भावना तथा अवसर

ग्रामीण क्षेत्रका बस्तीहरू अध्ययन गर्दा जोखिममा परेका, दिनानुदिन घर धुरी घट्दै गएका आदि कारणहरूले गर्दा बस्तीहरूमा ग्रामीण सडक, बिजुली, खानेपानी लगायतका पूर्वाधारहरू निर्माण गर्ने वा व्यवस्थित बस्ती विकास पछि मात्र पूर्वाधारका कार्यहरू गर्ने भन्ने सवाल अहिले राष्ट्रिय सवाल बनेको छ । जे होस् ग्रामीण क्षेत्रमा पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचान युक्त बस्ती बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा वृद्धि हुनु, आर्थिक गतिविधिको दरमा वृद्धि हुँदै जानु आदिलाई सम्भावनाका रूपमा लीन सकिन्छ । ग्रामीण क्षेत्रमा यातायात तथा सञ्चारका कारण धेरै बस्तीहरू बजार उन्मुख हुँदै जानु आदि पनि यो क्षेत्रको लागि अवसर हो भन्न सकिन्छ । भविष्यमा एकीकृत जग्गा विकास परियोजना मार्फत बजार क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ व्यवस्थित बस्ती विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावनाहरू पनि विद्यमान छन् । साथै नयाँ क्षेत्रमा बस्ती एकीकरण पद्धति मार्फत सहरी पूर्वाधार विकास एवम् विस्तार हुने अवसर पनि त्यत्तिकै बलियो रहेको छ ।

गाउँपालिका क्षेत्रका केही स्थानहरूमा एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घर परिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाह गर्ने, स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्ने सम्भावना एवम् अवसरहरू विद्यमान छन् ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

दिगो र सुरक्षित घर तथा सार्वजनिक भवन लगायत सार्वजनिक निर्माण मार्फत सेवा प्रवाहलाई चुस्त बनाउने ।

**उद्देश्य**

१. जोखिममा परेका वस्तिहरूको स्थानान्तरण वा विकल्पको खोजी गरी सुरक्षित आवासको व्यवस्था गर्नु।
२. स्थानीय स्रोत र साधनको उपयोग गर्दै सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ६२: आवास तथा बस्ती विकासका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| १. जोखिममा परेका वस्तिहरूको स्थानान्तरण वा विकल्पको खोजी गरी सुरक्षित आवासको व्यवस्था गर्नु । | |
| २.१: स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले खरिद गर्न | १. सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उपयुक्त भवन डिजाइन तथा निर्माण गरिनेछ ।<br>२. पालिकामा निर्माण हुने भवनहरूको डिजाइनमा एकरूपता ल्याउन भवन निर्माण मापदण्ड कडाइका साथ लागू गरिनेछ । |

| | |
|---|---|
| सक्ने भवनहरूको निर्माण गर्ने । | ३ स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती निजी भवन निर्माण गर्न निजी क्षेत्र तथा समुदायलाई प्राविधिक सहयोग गरिनेछ। |
| **२.२ः** भवन डिजाइन, निर्माण तथा सुपरिवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने । | १. सुरक्षित, किफायती, वातावरण मैत्री र पहिचान युक्त भवन निर्माण बारे जन चेतना वृद्धि गर्न समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई अधिकतम प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>३. एकीकृत सेवा प्रदायक बहु उपयोगी र बहुउद्देश्यीय भवन निर्माण गरी एकीकृत जनसेवा प्रदान गरिनेछ । |
| २. स्थानीय स्रोत र साधनको उपयोग गर्दै सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु । | |
| **१.१ः** ग्रामीण क्षेत्रमा भौगोलिक हिसाबले बिकट र छरिएर रहेका, जोखिममा परेका, र सीमान्त कृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने । | १. भू-उपयोग नीति तथा बस्ती विकास योजना तर्जुमा गरी लागू गरिनेछ ।<br>२. भौगोलिक हिसाबले बिकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका घर परिवारका लागि सुरक्षित, वातावरण मैत्री, सुलभ, आधारभूत सुविधा युक्त र मौलिक पहिचान बोकेको एकीकृत बस्ती निर्माण गरिनेछ ।<br>३. भौगोलिक रूपले बिकट र विपदको उच्च जोखिममा रहेका स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ ।<br>४. ग्रामीण क्षेत्र र छरिएर रहेका घर परिवारलाई आधारभूत सुविधा सहितको बस्ती निर्माणमा जोड दिइनेछ । |
| **१.२ः** अव्यवस्थित बस्ती रहेका क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने । | १. बजार क्षेत्र तथा अव्यवस्थित बस्ती रहेका र राजमार्ग क्षेत्रको बस्तीलाई व्यवस्थित गरिनेछ ।<br>२. सडक क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ र मापदण्डहरूलाई पूर्ण रूपले कार्यान्वयन गरिनेछ ।<br>३. कृषि योग्य जमिनमा हुने गरेको जग्गा प्लटिङ्गलाई नियन्त्रण गरी व्यवस्थित गरिनेछ ।<br>४. शारीरिक अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायत विपदको उच्च जोखिममा रहेका व्यक्तिका लागि विशेष सामाजिक आवासको विकास गरिनेछ ।<br>५. मुख्य सडकसँग जोडिएका मुख्य बजार क्षेत्रहरूलाई स्मार्ट सिटीका रूपमा विकास गरिनेछ । |
| **१.३ः** भू उपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रूपमा सहरी बस्ती विकास गर्ने कार्यलाई अभियानको रूपमा अगाडि बढाउने । | १. सहरी बस्ती विकास गर्न जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ।<br>२. राजमार्ग क्षेत्रमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गरिनेछ।<br>३. अनधिकृत रूपले बजार क्षेत्रमा बसोबास गर्ने घर परिवार पहिचान गरी त्यस्तो स्थानबाट हटाउने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । |

### ६.१.५ कार्यक्रम तथा आयोजना

**तालिका ६३: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजना**

| बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| वडा नं. ५ को वस्ति स्थानान्तरण | | | | | | ५०० | १०००० | १०००० | २०५०० | १.३५ |
| मगर संग्रालयको भवन निर्माण | | | | | | | ५०० | २५००० | २५५०० | १.६७ |
| वडा कार्यालय निर्माण तथा अन्य वडा कार्यालयहरूको स्तर उन्नति | | | | ५००० | ५००० | ५००० | | | १५००० | ०.९८ |
| स्वास्थ्य चौकीको भवन निर्माण | | | | ५०० | १०००० | १०००० | | | २०५०० | १.३५ |
| सबै पालिका स्तरीय मन्दिर पाटी पौवा तथा अन्य धार्मिक स्थानहरूको संरक्षण पुन निर्माण तथा स्तर उन्नति | | | | | | ३००० | ३००० | ३००० | ९००० | ०.५९ |
| दलित क्रिया घर निर्माण | | | | ५०० | ५००० | | | | ५५०० | ०.३६ |
| सार्वजनिक सवारीका साधनहरूको प्रतिक्षाको लागि बिसौनी निर्माण | | | | ५००० | ५००० | ५००० | | | १५००० | ०.९८ |
| कर्मचारी आवास भवन निर्माण | | | | | | ५०० | २०००० | १०००० | ३०५०० | २.०० |
| धरादी वराह थान मन्दिर निर्माण | | | | ३००० | | | | | ३००० | ०.२० |
| चन्द्रेश्वर शिवालय मन्दिर गुठी | | | | २००० | | | | | २००० | ०.१३ |
| चालालुङ्ग गुफा पुरातात्विक संरचना संरक्षण | | | | २००० | | | | | २००० | ०.१३ |
| **आवास, वस्ति विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | | **१८०००** | **२५०००** | **२४०००** | **३३५००** | **४८०००** | **१४८५००** | **९.७४** |

## तालिका ६४: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

## ६.१.५ अपेक्षित उपलब्धि तथा नतिजा खाका

### तालिका ६५: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणका अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | सुरक्षित, सुलभ र वातावरणमैत्री एकीकृत आवास तथा बस्ती विकास हुनेछ । | भूकम्प प्रतिरोधी भवन | प्रतिशत | ४५ | ४७ | ५० | ५५ | ६० | ६५ | ६५ | |
| | | व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | ० | ० | ० | ० | ० | १ | १ | |
| | | पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | ३ | ५ | १० | २० | ३० | ५० | ५० | |
| असर | भौगोलिक रुपले विकट र विपद जोखिमयुक्त स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्न सहरी बस्ती बिस्तार मापदण्ड निर्माण भएको हुनेछ । | जोखिमयुक्त बस्तीको स्थानान्तरण | बस्ती सङ्ख्या | २ | २ | २ | ३ | ३ | ३ | ३ | |
| | | निर्माण भएका वस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| प्रतिफल | पालिकामा आवश्यकता अनुसका आवास तथा भवन निर्माण भएको हुनेछ । | कार्यपालिका भवन (थप) | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| | | वडाकार्यलय भवन | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| | | कर्मचारी आवास | प्रतिशत | ० | ० | ० | १ | १ | १ | १ | |
| | | सामुदायिक भवन | सङ्ख्या | २१ | २२ | २३ | २४ | २५ | २५ | २५ | |
| | विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन, सामाजिक तथा वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत इन्जिनियरिङ डिजाइन भएको हुनेछ | भवन तथा आवास निर्माणकालागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | १ | २ | २ | २ | २ | २ | १० | |
| | | भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | १० | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी विद्यालय भवन | सङ्ख्या | १० | १५ | २० | २७ | २७ | २७ | २७ | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | ५ | ६ | ८ | १० | ११ | ११ | ११ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | प्राकृतिक पहिरोको जोखिम बस्तीहरूलाई व्यवस्थापन भएको हुनेछ | भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवन | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | |
| | विपन्न घर परिवारका लागि जनता आवास कार्यक्रम सञ्चालन भएको हुनेछ | विपन्नकालागि निर्मित आवास | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | |

### ६.१.७ अनुमान तथा जोखिम पक्ष

**सबै वस्तिहरू सुरक्षित हुनुका साथै व्यवस्थित र दिगो सार्वजनिक निर्माणका संरचनाबाट सेवा प्रवाह प्रभावकारी भएको हुनेछ ।**

क. प्राकृतिक प्रकोप, (दैवी प्रकोप) वा अन्य कुनै कारणले विशेष अवस्था सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ हुन सक्छ ।

ख. आन्तरिक राजस्वको रकमबाट विनियोजित रकमसँग सम्बन्धित कार्यक्रमहरू आन्तरिक राजस्व सङ्कलन हुन न सकेमा कार्यान्वयनमा समस्या आउन सक्छ ।

ग. बाढी पहिरोबाट स्थानीय वस्तिहरूमा नोक्सान हुन गएमा वा वस्ति हस्तान्तरण गर्न पर्ने भएमा बजेट नपुग हुन सक्छ ।

घ. बाह्य स्रोतबाट सञ्चालन गरिने योजना/आयोजनाहरू बाह्य स्रोत समयमा उपलब्ध हुन न सकेमा योजना कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

## ६.२ सडक, पुल तथा यातायात

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिने बारेमा व्यवस्था गरेको छ । सङ्घीय सरकारको १६औं आवधिक पञ्चवर्षीय योजना र गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले सडक, पूल तथा यातायातलाई थप व्यवस्थित, दिगो र वातावरण मैत्री बनाउन जोड दिइएको छ । सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गता मैत्री बनाउने तीनै तहका सरकारहरूको परिकल्पना रहेको छ ।

पैयूँ गाउँपालिका पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारबाट सुदूर दक्षिणमा रहेको गाउँपालिका हो । जिल्ला सदरमुकाम कुश्मा बजारबाट यो क्षेत्र टाढा भएता पनि सडक यातायातको पहुँचका हिसाबले गाउँपालिका सुगम मानिन्छ । गाउँपालिकाको केन्द्र रहेको हुवास बजारदेखि सबै अर्थात ७ वटै वडामा सडक सञ्जालको पहुँच विस्तार भएको छ । गाउँपालिकाको बाहिरी सम्बन्धलाई हेर्दा मध्य पहाडी राजमार्गसँग जोडिएको लोक मार्ग (शालिग्राम मार्ग) गाउँपालिकाको नजिक भएर गएको छ । हुवासबाट स्याङजाको वालिङ हुँदै पोखरा तथा तानसेन बुटवल (सिद्धार्थ राजमार्ग) सँग सिधा सम्बन्ध जोडिएकोले यस गाउँपालिको सडकसँगको पहुँच राम्रो मानिन्छ । हुवासबाट स्याङजाको वालिङसम्मको ग्रामीण सडकको स्तर उन्नति गर्न आवश्यक देखिएको छ भने हुवास बजारबाट रानीपानी बर्राचौर हुँदै जिल्ला सदर मुकाम कुश्मा तथा पोखरा जाने सडकको स्तर उन्नतिको कार्य पनि भइरहेको छ । त्यसैगरी गण्डकी प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा हुवास बजारबाट महाशिला गाउँपालिकाको लुँखु बजार हुँदै फलेवास जाने ग्रामीण सडकको स्तर उन्नतिको कार्य पनि हाल भइरहेको छ । पैयूँ गाउँपालिकामा सडक सञ्जालसँग जोडिएका ५ वटा मोटरेवल पुलहरूको निर्माण कार्य सम्पन्न भइ सञ्चालित छन् भने १४ वटा झोलुङ्गे पुलहरू प्रयोगमा आइरहेका छन् ।

### ६.२.२ समस्या तथा चुनौती

पैयूँ गाउँपालिकाको प्रमुख समस्या भनेको विगतमा विना इन्जिनियरिङ ट्र्याक नमिलाइकन प्रत्येक घर घर पुग्ने गरी खनिएका ग्रामीण सडकहरू जुन छोटा र सहज पहुँच पुग्ने प्रकृतिका छैनन् । यी सडकहरूमा यात्रा गर्दा समय बढी लाग्ने, घुमाउरो अनि इन्धन बढी खाने तथा सडकको ग्रेड पनि नमिलाइकन खनिएका सडकहरू हुन् । अहिले यीनै सडकहरूको स्तर उन्नति गर्दा झनै बढी लागत लाग्नु का साथै ट्राफिक मापदण्ड कायम गर्न पनि कठिनाइ हुने देखिएका छन् । मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुण स्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नू, आदि लाई यहाँका समस्याका रूपमा चित्रण गर्न सकिन्छ । सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, पनि समस्याहरू हुन् । साँघुरो सडक हुनु, निजी सवारी साधनहरूको सङ्ख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नू, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु आदिलाई पनि समस्याका रूपमा उल्लेख गर्न सकिन्छ । बाटोको सुविधा भएतापनि नाला तथा

खोला खोल्सोमा हिम पाइपको व्यवस्था राम्रो हुन नसकेको कारण वर्षा याममा यातायात आवागमनमा समस्या हुने गरेको छ । केही कच्ची सडकमा सदाबहार रूपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन ।

सङ्घीय तथा प्रदेश सरकारको अन्तर मन्त्रालय स्तरीय समन्वयको अभावका कारण सडक विभागले सडक कालो पत्रे गर्ने, नेपाल विद्युत् प्राधिकरण तथा नेपाल टेलिकमले भत्काउने अभ्यास नयाँ होइन । सडक विभाग र अन्य निकायहरू बीचको कमजोर समन्वय दिगो विकासको लागि चुनौतीका रूपमा देखिएको छ । ग्रामीण सडकको दिगो पनाको लागि विभिन्न खोला तथा खोल्सीहरूमा पुल तथा कलभर्ट निर्माण गर्न र सडक किनारमा नाली निर्माण गर्ने कार्य पनि चुनौतीका रूपमा खडा भएको छ । वर्षा याममा पानीको व्यवस्थापनमा निकै कठिनाइ हुने गर्दछ तसर्थ नाला तथा निकास व्यवस्थित गर्नु अर्को चुनौती हो । व्यापार, व्यवसाय तथा उत्पादन बढाउन मद्दत पुऱ्याउन सक्ने रणनीतिक महत्त्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावरणीय पक्षलाई ध्यानमा राखेर गुण स्तरीय सडक निर्माण गर्नु, सडक तथा पद मार्गको संरक्षण, मर्मत सम्भार तथा व्यवस्थापन कार्यलाई दिगो बनाउनु आदि यस क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.२.३ सम्भावना तथा अवसर

यस गाउँपालिकाका प्राय सबै बस्तीहरूमा ग्रामीण सडकको पहुँच पुगिसकेको छ । यातायातको क्षेत्रमा गाउँपालिकाको अबको कार्य भनेको कम्तीमा पनि गाउँ कार्यपालिकाको कार्यालय (केन्द्र) देखि सबै वडा कार्यालयसम्म पुग्ने सडकहरू कालो पत्रे गर्ने रहेको छ । गाउँपालिका भित्र कच्ची भए पनि सडक सञ्जाल विस्तार हुनु, गाउँपालिकाले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु, यस क्षेत्रका सम्भावनाहरू हुन् । त्यसैगरी यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगमा वृद्धि हुनु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुनु, सहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, चक्ला र गुण स्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात व्यवस्थापनका अवसरहरू हुन् ।

आन्तरिक सडक सञ्जालको पूर्ण रूपमा विकास हुँदा गाउँपालिकालाई शिक्षा, पर्यटन र कृषि उत्पादन केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना रहेको देखिन्छ भने स्थानीय बस्ती तथा बजार केन्द्रबाट मूल सडकमा जोडिने कृषि सडक तथा अन्य सडकहरूको स्तर उन्नति गर्न सके कृषि उत्पादन तथा बजारीकरण निकै सहज हुन गई आर्थिक क्रियाकलापहरूमा वृद्धि हुन सक्ने देखिन्छ ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

दिगो, सुरक्षित तथा व्यवस्थित ग्रामीण सडकको निर्माण गरी आर्थिक क्रियाकलापमा वृद्धि गर्ने ।

<u>उद्देश्य</u>

१. सडक पूर्वाधारहरूको निर्माण तथा स्तर उन्नति गरी स्थानीयवासीको जीवन सहज र सरल बनाउनु
२. सुविधा सम्पन्न यातायात मार्फत स्थानीय उत्पादनको बजारीकरण गर्दै आम्दानीमा वृद्धि गर्नु ।

## रणनीति र कार्यनीति

**तालिका ६६ः यातायात तथा पूर्वाधारका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः सडक पूर्वाधारहरूको निर्माण तथा स्तर उन्नति गरी स्थानीयवासीको जीवन सहज र सरल बनाउनु ।** | |
| **१.१ः** स्थानीय सडक सञ्जाललाई व्यवस्थित गरी यातायात सेवालाई प्रभावकारी बनाउन गाउँपालिकाको यातायात गुरु योजना निर्माण गरिनेछ । | १. नेपाल सरकारले निर्धारण गरेका न्यूनतम मापदण्ड पालना हुने गरी पैयूँ गाउँपालिकाको **सडक गुरु योजना** अनुसार सडकको स्तर उन्नति गरिनेछ ।<br>२. पुल निर्माण कार्यहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।<br>३. योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइ सकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतको लागि कोषको व्यवस्था गरिनेछ ।<br>४. गाउँपालिकाभित्र सञ्चालनमा रहेका सडकहरूको स्तर उन्नति गरी सबै र **सधैंका लागि सडक** भन्ने मूल मर्मलाई आत्मसात गरिनेछ ।<br>५. निजी क्षेत्र, गैर सरकारी सङ्घ संस्था/व्यक्तिको अग्रसरतामा निर्माण हुने पर्यटकीय पूर्वाधार, सुरक्षित बस्ती स्थापना लगायतका कार्यलाई गाउँपालिकाले प्रोत्साहन गर्नेछ ।.<br>६. ग्रामीण तथा कृषि सडकहरू निर्माण गर्दा स्थानीय स्तरमा उत्पादन हुने निर्यात योग्य उत्पादनलाई आधार मानी प्राथमिकता दिइनेछ ।<br>७. सडक, पुल, खानेपानी, सिँचाइ जस्ता भौतिक पूर्वाधार निर्माणमा आर्थिक, सामाजिक तथा वातावरणीय पक्षको अध्ययन गरी गुणस्तरीय एवं वातावरण मैत्री भौतिक पूर्वाधार निर्माणमा जोड दिइनेछ । |
| **१.२ः** आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्‍याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने । | १. व्यावसायिक गतिविधिलाई गतिशील बनाउन सडकको निर्माण तथा स्तरवृद्धि गरिनेछ ।<br>२. प्राथमिकता प्राप्त लोक मार्ग तथा गाउँपालिकाको रणनीतिक सडक सञ्जालको निर्माणमा तीव्रता दिइनेछ ।<br>३. सडकमा वर्षभरि निर्बाध यातायात सञ्चालनको लागि सडक पुलको निर्माणलाई प्राथमिकताका साथ निर्माणमा जोड दिइनेछ ।<br>४. गाउँपालिकाको दिगो विकास तथा समृद्धिका लागि सात वटै वडा समेट्ने गरी गाउँपालिका स्तरीय गौरवका आयोजना निर्माणको थालनी गरिनेछ। |
| **१.३ः** छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन गर्ने । | १. बजार क्षेत्रमा सडक, पानी निकास र ढल, खानेपानी पाइप, बिजुली तथा इन्टरनेट वितरण लाइन, फुटपाथ आदिको एकीकृत रूपमा निर्माण गरिनेछ ।<br>२. जोखिम युक्त सडक खण्डहरूमा आवश्यकताका आधारमा बाटो निर्माणका वैकल्पिक कार्यलाई समेत ध्यान दिइ प्राथमिकताका आधारमा अगाडि बढाइनेछ।<br>३. सडक छेउछाउका पहिरो तथा भूक्षय नियन्त्रण गर्न भौतिक संरचनाका साथसाथै बायोइन्जिनियरिङ् लगायतका गैर-स रचनात्मक वातावरण मैत्री प्रविधिहरूको प्रयोग गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. ग्रामीण सडकहरूलाई बाहै महिना सञ्चालन हुने गरी आवश्यक व्यवस्था मिलाउँदै सडक स्तर उन्नतिको कार्यलाई निरन्तरता दिइनेछ । |
| **उद्देश्य २: सुविधा सम्पन्न यातायात सेवा मार्फत स्थानीय उत्पादनको बजारीकरण गर्नका साथै बजारमा सर्वसाधारणको पहुँचमा विस्तार गर्नु ।** | |
| २.१: प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने । | १. योजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइन र लागत अनुमान गरेर मात्र वातावरण मैत्री पूर्वाधारको निर्माण गरिनेछ । स्थानीय तहको श्रम एवम् सीपलाई केन्द्रबिन्दुमा राखिनेछ ।<br>२. सम्पूर्ण पूर्वाधार योजनाहरूलाई आधुनिक सूचना प्रणाली अनुसार अद्यावधिक गर्दै नियमित रूपमा कार्यान्वयन गर्दै लगिनेछ ।<br>३. पालिका सदरमुकाम र वडा केन्द्र जोड्ने पूर्वाधार विकासका निर्माणमा व्यापक जनसहभागिता बढाइनेछ ।<br>४. योजनाहरूलाई निर्धारित समयमा नै सम्पन्न गर्न योजनाको प्रकृति अनुरूप आवश्यक स्रोत तथा वस्तु र गुणस्तरको आधारमा वर्गीकरण गरी सोही अनुरूप व्यवस्था मिलाइनेछ । |
| २.२: पर्यटकीय स्थलहरूको पहिचान तथा सो स्थान सम्मको पहुँच मार्गको निर्माण कार्यलाई अभियानका रूपमा सञ्चालन गर्ने । | १. पर्यटकीय स्थलहरूमा सडक तथा पद मार्गको पहुँच विस्तार गरी व्यवस्थापनको लागि समुदाय तथा स्थानीय तहलाई व्यापक रूपमा परिचालन गरिनेछ ।<br>२. पहुँच मार्ग विकास तथा व्यवस्थापन गुरुयोजना तयार गरी स्तर उन्नति, निर्माण तथा व्यवस्थापन कार्यलाई क्रमागत रूपमा अगाडि बढाइनेछ ।<br>३. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय ठाउँहरूको प्रवर्द्धन गर्न पद मार्गहरूको निर्माण गरिनेछ ।<br>४. यातायातका साधनहरूको व्यवस्थित पार्किङका लागि बसपार्क निर्माण गर्न आवश्यक पहल गरिनेछ ।<br>५. गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाको एकीकृत लगत सङ्कलन गरी सरकारी तथा सार्वजनिक हितका लागि प्रयोग गरिनेछ । |

## ६.२.५ कार्यक्रम तथा आयोजना

**तालिका ६७: सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजना**

| सडक, पुल तथा यातायात | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| गाउँपालिकाभित्र निर्माण भएका देहायका सडकहरूको स्तर उन्नति लगायत कालोपत्रे (कार्यक्रम ज्यामिरे टकलाक सिगारकोष ग्रामीण सडक, ज्यामिरे वाहे रातो छहरा सेदीबेनी सडक, त्रिवेणी घुमसुम नेपाने गाउँ ग्रामीण सडक, डुड मैदान पालुस्थान सडक, बेंशीथोक दुक्लुङ्ग शिवपुरी ग्रामीण सडक, आलेचोक सौरीचोक धरादी ग्रामीण सडक, हातेमालो धरमपानी पैयूँकोट ग्रामीण सडक, सानो स्वामी क्रिकिक धरमपानी ग्रामीण सडक, चिसापानी देउराली छहरे ग्रामीण सडक, भोटेगहिरा हरिचण्डी देउराली ग्रामीण सडक, पिल्थुम ग्रामीण सडक सरौखोला साधने सित्ले ग्रामीण सडक सरौंखोला हाडीखर्क भोर्ले ग्रामीण सडक हुवास दर्बु डाँडागाउँ सडक सरौंखोला काहुँ चौपारी डाँडा ग्रामीण सडक भोर्ले ग्यामी हाडीखर्क सडक भोर्ले हिले चौपारी डाँडा हुँदै वयरघारी ग्रामीण सडक, काभ्रे इकाङ्ग सानो भञ्याङ्ग वयरघारी ग्रामीण सडक, काभ्रे दाङसिङ ग्रामीण सडक, नायसाहेब कुटी वडा कार्यालय जोड्ने सडक ) | | | | ३०००० | ४०००० | ५०००० | ६०००० | ८०००० | २६०००० | १७.०६ |
| बसपार्क निर्माण | | | | २००० | ५००० | | | | ७००० | ०.४६ |
| गाउँपालिका भित्र र बाहिर जोड्ने देहायका झोलुङ्गे पुलहरू निर्माण योजना (कुशुण्डे प्रशासकीय भवन जोड्ने झोलुङ्गे पुल वडा नं. ७ को वडा कार्यालय जोड्ने झोलुङ्गे पुल, निर्माण योजना मर्दीखोला अधिकारी डाँड झोलुङ्गे पुल, सिंवानी काहुँ आकासे पुल, हरिचण्डी उपल्लाथोक | | | | | | २०००० | २०००० | २००० | ४२००० | २.७६ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आकासे पूल, दर्वु सौरीकोट आकासे पुल, काभ्रे दाङसिङ्ग आकासे पुल,काभ्रे दाङसिङ्ग, आकासे पुलण) | | | | | | | | | | |
| गाउँपालिकाभित्र प्रत्यक्ष फाइदा पुग्ने देहायका कल्भट निर्माण योजना (चिसापानी कल्भट निर्माण क्वार्न्दीखोला स्वास्थ्यचौकी भवन नजिक कल्भट निर्माण योजना सोतीखोला दाङसीङ्ग कल्भट निर्माण भर्माखोला कृषि सडक कल्भट निर्माण गेडीखोला कल्भट निर्माण योजना) | | | | १०००० | १५००० | २०००० | १०००० | १०००० | ६५००० | ४.२७ |
| **सडक तथा यातायात जम्मा** | | | | **४२०००** | **६००००** | **९००००** | **९००००** | **९२०००** | **३७४०००** | **२४.५४** |

**तालिका ६८ः सडक, पुल तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

## ६.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ६९ः सडक,पुल तथा यातायातका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | सङ्घ, प्रदेश तथा गाउँपालिकाको समन्वयका आधारमा सडक तथा यातायात पूर्वाधार विकास गरी आर्थिक तथा सामाजिक विकासका अवसरमा नागरिकको सहज पहुँच भएको हुनेछ । | ३० मिनेटसम्मको दूरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| | | सर्वयाम सडक | कि.मि. | १६ | २० | ३० | ४० | ५० | ६० | ६० | |
| **असर** | योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मत संभार भएको हुनेछ । | यातायात सुचारु सडक लम्बाइ | कि.मि. | ५५ | ६० | ६० | ६० | ६० | ६० | ६० | |
| | | नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | १६ | २० | २५ | ३० | ३५ | ४० | ४० | |
| **प्रतिफल** | पालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान | अन्तर पालिका सडक सञ्जाल विस्तार | कि.मी. | १० | १० | १० | १० | १० | १० | १० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुर्याउन सक्ने रणनीतिक सडक संजाल सुदृढ भएको हुनेछ । | | | | | | | | | | |
| | छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अवलम्बन हुनेछ । | बायोइञ्जिनिरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण | कि.मी. | ० | १ | २ | ३ | ४ | ५ | ५ | |
| | | बाढी नियन्त्रणकालागि ग्याभिन वाल निर्माण | कि.मी. | ० | १ | २ | ३ | ४ | ५ | ५ | |
| | प्रत्येक वडाहरूमा र महत्त्वपूर्ण स्थलहरूमा, बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गरिनेछ । | पालिकामा सञ्चालित ४ पाङ्ग्रे यातायातका साधन | सङ्ख्या | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० | |
| | | कच्ची सडक | कि.मी. | ११० | ९० | ७० | ५० | ३० | १० | १० | |
| | | ग्राभेल सडक | कि.मि. | ५ | १५ | २० | २५ | ३० | ३५ | ३५ | |
| | | कालोपत्रे | कि.मि. | १० | २० | ३० | ४० | ५० | ६० | ६० | |
| | | ट्र्याक खोलिएको सडक | कि.मि. | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| | | पक्की पुल | सङ्ख्या | ५ | ६ | ६ | ७ | ७ | ७ | ७ | |
| | | झोलुङ्गे पुल | सङ्ख्या | १० | ११ | १२ | १३ | १४ | १५ | १५ | |
| | | सडक नाली | कि.मि. | १५ | ३५ | ५० | ६५ | ८० | ९५ | ९५ | |
| | | सडक पेटी | कि.मि. | २ | २ | ३ | ४ | ५ | ६ | ६ | |

### ६.२.७ अनुमान तथा जोखिम पक्ष

**सुविधा सम्पन्न सडक सञ्जालबाट आर्थिक वृद्धि हुनुका साथै मानवीय गतिविधिहरू सहज भएका हुनेछन् ।**

क. अति वृष्टि, अति वर्षा, बाढी पहिरो भूकम्प आदि कारणले सडक पुल तथा यातायातसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालनमा अवरोध आउन सक्छ ।

ख. महामारीका रोगहरूको प्रकोपका कारण सङ्क्रमण फैलिए निर्माण कार्य सहज नभएमा जोखिम हुन सक्छ ।

ग. समयमा ठेक्का नभएर वा ठेकेदारले तोकिएको समयमा काम सम्पन्न नगरेका कारण समस्या आउन सक्छ ।

घ. बाह्य स्रोतको बजेट प्राप्त नभएर काम समयमा सम्पन्न नहुँदा समस्या आउन सक्छ ।

ङ. स्थानीय राजस्व वृद्धिमा समस्या आइ योजना सम्पन्न गर्न बजेट अभाव भएमा पनि समस्या आउन सक्छ ।
च. देशबाट निर्मित कानुन आदेश वा अन्य संवैधानिक प्रावधानका कारण पनि समयमा नै योजना सम्पन्न गर्ने कार्यमा जोखिम आउन सक्छ ।

## ६.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

जल विद्युत् आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्त्वपूर्ण साधन हो । नेपाल सरकारले आउँदो बाह्र वर्षमा १५,००० मेघाबाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ । प्रदेशमा दिगो र भरपर्दो विद्युतको पहुँच सबै नागरिकमा पुगि नसकेको र प्रदेश सरकारले ऊर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको सन्दर्भमा जल विद्युत् विकास र व्यवस्थापनमा गण्डकी प्रदेश सरकारको महत्त्वपूर्ण भूमिका आवश्यक छ । नेपालको संविधानले जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहु उपयोगी विकास गर्ने नीति गत व्यवस्था गरेको छ । प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत् ऊर्जालाई लिने गरिन्छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार पैयूँ गाउँपालिकामा रहेका ३२६८ घर धुरीहरू मध्ये ३२४६ घर धुरीहरू अर्थात् ९९.३२ प्रतिशत घरधुरीहरू विद्युतीकरणमा आबद्ध भइ सकेका छन् । गाउँपालिका भित्र जम्मा २२ (०.६८%) केन्द्रीय विद्युतीकरण भन्दा बाहिर रहेका छन् । यहाँका बाँकी २२ घर धुरी मध्ये सोलार प्रयोग गर्ने घर धुरी १० रहेका छन् भने मट्टीतेल प्रयोग गर्ने घर धुरी ५ रहेका छन् । बायो ग्याँस प्रयोग गर्ने घर सङ्ख्या १ रहेको छ भने ६ घरले अन्य स्रोत (दाउरा लगायत) प्रयोग गर्दै आएका छन् । उल्लिखित तथ्याङ्कबाट गाउँपालिकाका अधिकांश स्थानमा राष्ट्रिय प्रसारणको लाइन जडान भइसकेको पुष्टि हुन्छ । गाउँपालिकामा एल.पी. ग्यास खाना पकाउने मुख्य ऊर्जाको स्रोतका रूपमा विकास हुँदै गइरहेको छ । यद्यपि करिब ७५% घर परिवारले अहिले पनि दाउरालाई नै मुख्य इन्धनका रूपमा प्रयोग गर्दै आइरहेका छन् ।

### ६.३.२ समस्या तथा चुनौती

सबै स्थानमा विशिष्ट उपयोगका लागि ३ फेज लाइनको विद्युत् सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत् सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । स्वच्छ ऊर्जाको रूपमा गोबर ग्याँस, बायो ब्रिकेट र धुवाँ रहित सुधारिएको चुल्होको उपयोग द्रुतगतिमा विस्तार हुन सकेको छैन । अधिकांश घरहरूमा परम्परागत रूपमा दाउराबाट खाना पकाउने चलन यद्यपि रहिरहेको छ ।

बस्ती विकास, सहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग सँगै आपूर्ति व्यवस्थालाई पनि चुस्त बनाइएको छ । दिगो विद्युतीकरणको लागि काठको पोल विस्थापित गर्दै स्टिल पोल स्थापित गरिएको छ । तर पनि विद्युत् आपूर्तिका लागि भौगोलिक विकटता भएका तथा छिरलिएर रहेका ग्रामीण बस्तीहरूका कारण विद्युतीकरण आफैमा चुनौती पूर्ण बनेको छ ।

### ६.३.३ सम्भावना तथा अवसर

यहाँ बग्ने सेदीखोला र मर्दिखोला विद्युत् उत्पादनको लागि सम्भाव्य स्रोतहरू हुन सक्छन् । तर यी खोलाहरूको सर्भे अहिलेसम्म भएको छैन । ठूला आयोजना मार्फत जल विद्युत् उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहेको भएतापनि सम्भाव्यता अध्ययन गर्ने अधिकार सहित लाइसेन्स लिएर बसेका सीमित व्यक्तिहरूले काम अघि नबढाएको अवस्था छ । यद्यपि लघु जल विद्युत् तथा नवी करणीय ऊर्जाका

रूपमा सौर्य ऊर्जामा लगानी गरी विद्युत् उत्पादन गर्न सकिने सम्भावना रहेको छ । जनसमुदायमा ऊर्जाको आवश्यकता बारे चेतना अभिवृद्धि हुँदै गएको छ । ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

<u>लक्ष्य</u>

वातावरण मैत्री, दिगो, भरपर्दो, गुण स्तरीय र सस्तो ऊर्जामा सबै स्थानीयवासीको पहुँच वृद्धि गर्ने ।

<u>उद्देश्य</u>

१. विद्युत् उत्पादनको लागि सेदी र मर्दिखोलाको सम्भाव्यता अध्ययन गरी स्थानीय उत्पादनलाई जोड दिँदै विद्युतीकरण गर्न बाँकी २२ घर विद्युतीकरणमा आबद्ध गर्नु ।
२. परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको सहज प्रयोगमा वृद्धि गर्नु ।

<u>रणनीति र कार्यनीति</u>

**तालिका ७०: ऊर्जाका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: विद्युत् उत्पादनको लागि सेदी खोलाको सम्भाव्यता अध्ययन गरी स्थानीय उत्पादनलाई जोड दिँदै विद्युतीकरण गर्न बाँकी २२ घर विद्युतीकरणमा आबद्ध गर्नु ।** | |
| **१.१:** ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम उपयोगको आधार तयार गर्ने । | १. विद्युत् उत्पादनको लागि स्थानीय सेदी खोलाको सम्भाव्यता अध्ययन गरी उत्पादनमा जोड दिइनेछ ।<br>२. सङ्घीय स्वरूप अनुसार ऊर्जा क्षेत्रको स्थानीय स्तरमा संस्थागत संरचना तयार गरिनेछ ।<br>३. सङ्गठनात्मक संरचना अनुसार विद्युत् जडान गर्ने र मर्मत सम्भार गर्न तालिम प्राप्त दक्ष जनशक्तिको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>४. विद्युत् वितरण लाइनमा उच्च क्षमता तथा गुण स्तरीय ट्रान्सफरमरहरू प्रतिस्थापन गरिनेछ । |
| **१.२:** उपलब्ध सम्पूर्ण ऊर्जा स्रोतको पहिचान, उत्पादन, वर्तमान तथा भविष्यमा ऊर्जाको माग र आपूर्ति सम्बन्धी तथ्याङ्कको आधार तयार गरी संस्थागत विकासमा जोड दिने । | १. सामुदायिक विद्युत् उपभोक्ता समिति र नेपाल विद्युत् प्राधिकरणको समन्वयमा सामुदायिक विद्युतलाई क्रमशः राष्ट्रिय प्रसारण लाइनमा आबद्ध गरिनेछ ।<br>२. गाउँपालिकामा ऊर्जाको स्रोत पहिचान, कुल सम्भाव्य जल विद्युत् क्षमता, माग र आपूर्तिको अध्ययन गरिनेछ ।<br>३. उत्पादित ऊर्जा, वर्तमान तथा भविष्यको माग र आपूर्तिको तथ्याङ्क सङ्कलन गरी तथ्याङ्कको आधार तयार गरिनेछ ।<br>४. निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लघु तथा साना जल विद्युत् आयोजनाको मर्मत, सम्भार र संस्थागत विकास गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. यस क्षेत्रमा रहेका मुख्य ऊर्जा उत्पादन केन्द्र सम्मको सडक र प्रसारण लाइनको सञ्जाल निर्माण गरिनेछ । |
| **उद्देश्य २: परम्परागत ऊर्जाको सट्टामा वैकल्पिक ऊर्जाको प्रयोगमा वृद्धि गर्नु ।** | |
| २.१: ऊर्जाको प्रयोगलाई दिगो, भरपर्दो गुण स्तरीय र प्रभावकारी रूपमा विकास गरी बहु उपयोगी बनाउने । | १. ऊर्जाको खपत प्रभावकारी ढङ्गबाट गर्नका लागि विशेष सचेतनमा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. सार्वजनिक संस्था वा स्थानहरू जस्तै, अस्पताल, विद्यालय, धार्मिक स्थल, सडक, पर्यटकीय स्थल, आदिमा आधारभूत ऊर्जाको नियमित आपूर्ति गर्न सौर्य ऊर्जा जडान गरिनेछ ।<br>३. कृषि तथा सहरी क्षेत्रबाट निस्किने फोहर जन्य वस्तुबाट वायोग्यास तथा प्राङ्गारिक मल उत्पादन तथा प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>४. सिँचाइ तथा खानेपानीको पहुँच पुऱ्याउन सम्भावना नरहेका क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग गरी लिफ्ट खानेपानीको सञ्चालन गरिनेछ ।<br>५. जल विद्युत्, वैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गरी दैनिक जीवनयापनमा सहजता ल्याउँदै परम्परागत इन्धनको प्रयोग घटाइनेछ।<br>६. वैकल्पिक ऊर्जा क्षेत्रलाई प्रोत्साहन गर्न बैङ्क तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा ऋणको व्यवस्था गरिनेछ।<br>७. गाउँपालिका भित्रका बजारोन्मुख क्षेत्रहरूमा सौर्य सडक बत्तीको व्यवस्था गर्दै **उज्यालो पैयूँ अभियान कार्यक्रमलाई** निरन्तरता दिइनेछ । |

### ६.३.५ कार्यक्रम तथा आयोजना

**तालिका ७१: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजना**

| जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | | | | | | ० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| विद्युतको काठे पोल विस्थापित गरी स्टिल पोल व्यवस्थापन | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| पालिका स्तरीय बजार क्षेत्र सौर्य ऊर्जा सडक बत्ति व्यवस्थापन योजना | | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १.६४ |
| पालिकास्तरीय विद्युतको नयाँ तथा प्रविधि युक्त ट्रान्सफरमर व्यवस्थापन | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | | | | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | १.९७ |

**तालिका ७२: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ६.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ७३: जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | परम्परागत ऊर्जाको प्रतिस्थापन गरी वैकल्पिक ऊर्जा प्रयोगमा वृद्धि भएको हुनेछ । | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **असर** | नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि हुनेछ । | जलविद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | ० | ० | ० | ० | ० | ० | ० | |
| | | प्रतिव्यक्ति विद्युत् उपभोग (वाट प्रति घण्टा) | घण्टा | २५० | ३०० | ३५० | ४०० | ५०० | ७०० | ७०० | |
| | | लघु जल विद्युत उत्पादन क्षमता | किलोवाट | ० | ० | ० | ० | ० | ० | ० | |
| **प्रतिफल** | ऊर्जा वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाई विद्युत पहुँचमा बृद्धि गरी खपत बढाइनेछ । | थ्री फेज लाइनको बिस्तार | प्रतिशत | १० | २० | ५० | ८० | ९० | ९५ | ९५ | |
| | | राष्ट्रिय प्रसारण लाइन मार्फत विद्युतीकरण भएको परिवार | प्रतिशत | १५ | २० | ५० | ८० | ९० | १०० | १०० | |
| | | खाना पकाउने इन्धनका रूपमा बिद्युत प्रयोग गर्ने परिवार | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३५ | ३५ | |
| | वैकल्पिक ऊर्जाको विस्तार गरी दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगी बनाइने छ । | सोलार ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५ | ५ | ६ | ७ | ८ | ९ | ९ | |
| | | सोलार ऊर्जा उत्पादन | कि.वा. | ० | | | | | | | |
| | | बायोग्यास (गोबरग्याँस) प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | ५० | ५० | ५० | ५० | ५० | ५० | ५० | |

### ६.३.७ अनुमान तथा जोखिम पक्ष

**सहज, सस्तो र पर्याप्त विद्युतीकरणको माध्यमबाट उज्यालो पैयूँ भएको हुनेछ ।**

क. खोला नाला तथा पानीका मुहानहरूको उचित संरक्षणको अभावमा पानीको मूल सुक्न गइ समस्या आउन सक्छ ।
ख. कुनै प्राकृतिक प्रकोपका कारण योजना/आयोजना कार्यान्वयनमा समस्या आउन सक्छ ।
ग. महामारीका रोग व्याधिका कारण काममा सहज नहुन सक्छ ।
घ. मानव जन्य कारणहरू जस्तै हडताल, सडक जाम, आन्दोलन चक्का जाम आदि कारणबाट निर्माणको काममा अवरोध आउन सक्छ ।
ङ. कानुन संशोधन वा परिवर्तनले पनि निर्माण कार्यमा अवरोध आउन सक्छ ।

## ६.४ सूचना, सञ्चार तथा प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २७ ले सूचनाको हकको बारेमा व्यवस्था गरेको छ । सङ्घीय सरकारको १६औं योजना तथा गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) ले पनि सूचना, सञ्चार तथा प्रविधिको क्षेत्रलाई प्राथमिकतामा राखेको छ । त्यसैगरी पैयूँ गाउँपालिकाको १५ वर्षे दीर्घकालीन योजनाले पनि यो क्षेत्रको विकासको लागि जोड दिएको छ । उल्लिखित कानुनहरूको स्थानीय तहमा कार्यान्वयन गर्ने सन्दर्भमा पैयूँ गाउँपालिकाले आफ्नो वार्षिक विकास योजनामा विभिन्न योजना/कार्यक्रमहरू तथा बजेटको व्यवस्था गर्दै आएको छ । पालिकाले गाउँपालिकाको कार्यालय लगायत सबै वडा कार्यालयहरूलाई सफ्टवेयर मैत्री बनाउने प्रयास विगत वर्षदेखि नै गर्दै आएको हो । गाउँपालिकाका सबै वडा कार्यालयहरूमा कर भुक्तानी लगायतका कार्यहरू अनलाइन सेवा मार्फत प्रवाह भइरहेको अवस्था छ । तर सबै वडा वासीमा भने सूचना तथा प्रविधिको उपयोगमा पहुँच पुगेको छैन । गाउँपालिकाको अबको प्रयास वडा वासीको पहुँच विस्तारमा हुनुपर्ने देखिन्छ । त्यसैले सूचना तथा सञ्चारको पहुँच अब वडा कार्यालयबाट बस्ती तथा घरसम्म विस्तार गर्न आवश्यक छ । सबै वडाहरूमा एन.टि.सि र एन सेलको सामान्य सुविधा उपलब्ध भएको देखिएको छ । गाउँ क्षेत्रका सबै वडामा मोबाइल फोन सेवाको सुविधा पुगे ता पनि सेवा पहुँच भने ९३.०२३% छ । अप्टिकल फाइबर विस्तार हुन नसक्दा इन्टरनेट सुविधा एकदमै कमजोर छ भने वडा स्तरबाट प्रवाह हुने अनलाइन सेवाहरू सबै वडाहरूमा सुचारु हुन सकेको छैन साथै १७.९०% स्थानीयवासीहरू इन्टरनेटको पहुँचमा रहेको देखिन्छ ।

गाउँपालिकामा जम्मा ३२६८ घर धुरीहरूमा कुनै पनि सञ्चारका साधनहरू प्रयोग नगर्ने घर धुरीहरू ५३ रहेका छन् भने एक मात्र सूचना तथा सञ्चारको साधन प्रयोग गर्ने हरू को सङ्ख्या ३२१५ रहेको छ । ती मध्ये पनि रेडियो ७४५, टेलिभिजन १८०८, लाइनको टेलिफोन ४८, सामान्य मोबाइल २७९८, स्माट मोवाइल २६६२, कम्प्युटर/ल्यापटप २४२, इन्टरनेट ५८५, कार/जिप/म्यान ५९, मोटरसाइकल/ स्कुटर ३७९, साइकल १०९, विद्युतीय फेन ६६३, फ्रिज ३०५, वा सिङ मेशिन ३१, एयर कन्डिसन २ घरले उपयोग गर्दै आएका छन् । जिल्ला सदरमुकामबाट टाढा रहेको यो गाउँपालिकामा पत्रपत्रिका तथा एफ.एम. स्टेसनहरूको सञ्चार सुविधामा भने सहजता छैन । तर गाउँ पालिका को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित स्थानीय एफ. एम. स्थापना गरिएको छैन । यद्यपि, टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा सञ्चार क्षेत्रको विकास भने दिनानुदिन बढ्दै गइरहेको छ ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक विकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई दुर्गम वस्तिसम्म द्रुतता दिन सजिलो छैन । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचना गत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईवर सुरक्षाको लागि पर्याप्त संरचना गत व्यवस्था भएको छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकोले सेवा

प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । हालसम्म अप्टिकल फाइबरको पहुँच प्रभावकारी हुन सकेको छैन ।

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नविनत प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत् प्रसारण भरपर्दो बनाउने कार्य, गाउँ क्षेत्रको ऐतिहासिक महत्त्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्बन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्बन्धी जन चेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको वृद्धिसँगै यसमा बढ्दै गएको दुरुपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

### ६.४.३ सम्भावना तथा अवसर

विद्यमान योजना तथा नीति अनुरूप गाउँलाई सञ्चार तथा सूचना प्रविधि मैत्री बनाउन सकिन्छ । स्थानीय सञ्चार माध्यम र सञ्चारकर्मीको क्षमता विकास गरी गाउँलाई मिडिया मैत्री बनाउन सकिन्छ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी गाउँपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवम् चुस्त बनाउन सकिने सम्भावना प्रशस्त छ ।

विद्यालय, स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाई सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप सर्व सुलभ बनाउन सकिन्छ । सूचना तथा सञ्चारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरुस्त र प्रभावकारी बनाउन टेवा पुऱ्याउनेछ ।

### ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सूचना, सञ्चार तथा प्रविधिको विकास गरी आम नागरिकको जीवनस्तरलाई सहज बनाउने ।

**उद्देश्य**

१. सूचना तथा सञ्चारको प्रभावकारी प्रवाहको लागि आम सञ्चार माध्यमको उपयोगमा जोड दिने ।
२. सूचना तथा सञ्चार प्रविधिको सेवालाई थप प्रभावकारी बनाइ स्थानीय जनताको पहुँचमा वृद्धि गर्ने ।

**रणनीति र कार्यनीति**

**तालिका ७४: सूचना तथा सञ्चार प्रविधिका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. सूचना तथा सञ्चारको प्रभावकारी प्रवाहको लागि आम सञ्चार माध्यमको उपयोगमा जोड दिने । | |
| **१.१:** सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने । | १. सञ्चार माध्यमसँग साझेदारीको नीतिलाई प्रभावकारी बनाइनेछ ।<br>२. सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्न सहरीकरण गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. केवलमा आधारित सञ्चार प्रविधिलाई ताररहित प्रविधिमा रूपान्तर गर्न विभिन्न अध्ययन गरिनेछ । |
| **१.२ः** बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने । | १. यस क्षेत्रलाई परिचित गराउने खालका भाषिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पृष्ठभूमि झल्कने प्रवर्द्धनात्मक सूचनाका सामग्रीहरूको निर्माण र निर्माण भएका सामग्रीहरूको डिजिटलाइजेशन गरी यस क्षेत्रको विकासलाई टेवा पुऱ्याउन सूचना तथा सञ्चार प्रविधि युक्त पर्यटकीय योजना बनाइनेछ।<br>२. यस क्षेत्रको कला संस्कृतिको पहिचानमा जोड दिई मौलिक, सामाजिक तथा गुण स्तरीय लघु चलचित्र तथा डकुमेन्ट्री निर्माणलाई प्रोत्साहन गरिनेछ ।<br>३. टेलीमेडिसिन केन्द्रको स्थापना गरी सबै नागरिकलाई घरमै बसी स्वास्थ्य उपचार सम्बन्धी परामर्श सेवा लीन अवसरको सु निश्चितता गरिनेछ ।<br>४. विज्ञापन बजारको व्यवस्थापन एवम् नियमन गर्न नियामक निकायको स्थापना तथा सञ्चालन गरिनेछ ।<br>५. सार्वजनिक क्षेत्रबाट प्रचार प्रसार हुने विज्ञापनमा समानुपातिक वितरण प्रणालीको व्यवस्था गरिनेछ। |
| **१.३ः** समग्र प्रविधिको विकासका लागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने । | १. सार्वजनिक तथा निजी सेवाहरू क्रमशः सफ्टवेयर अनलाइन मार्फत सूचना तथा सेवा प्रदान गरिनेछ।<br>२. राजस्व भुक्तानी प्रणालीलाई डिजिटल माध्यमबाट भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ ।<br>३. डिजिटल डिभाइस कम गर्नको लागि डिजिटल साक्षरता र सचेतन अभिवृद्धिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>४. सूचना प्रविधिको प्रयोग मार्फत स्थानीय भाषा, संस्कृति तथा मौलिकताको संरक्षण गरिनेछ।<br>५. आधारभूत तह देखि नै हरेक विद्यार्थीले कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी अध्ययन गर्न पाउने अवसरको सु निश्चितता गरिनेछ ।<br>६. सार्वजनिक आम सञ्चार माध्यमलाई स्वच्छ, प्रतिस्पर्धी, मर्यादीत, उत्तरदायी र व्यावसायिक बनाइनेछ। |
| सूचना तथा सञ्चार प्रविधिको सेवालाई थप प्रभावकारी बनाइ स्थानीय जनताको पहुँचमा वृद्धि गर्ने । | |
| **२.१ः** सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादीत, सर्व सुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने । | १. गाउँपालिकाका सबै वडाहरूमा अप्टिकल फाइबरको विस्तार गरी इन्टरनेटको पहुँच सर्व सुलभ बनाइनेछ ।<br>२. सबै कार्यालयका वेबसाइट, इमेल, ट्वीटर, भाइबर जस्ता माध्यमबाट नागरिकको गुनासो प्रासि तथा सुनुवाइ हुने व्यवस्था मिलाइनेछ ।<br>३. सबै वडाहरूमा डिजिटल सूचना पाटीको व्यवस्था गरी सम्पूर्ण सूचना, क्रियाकलाप तथा गतिविधिहरूका बारेमा सु सूचित हुने अधिकारको सु निश्चितता गरिनेछ ।<br>४. गाउँपालिकाका सम्पूर्ण क्रियाकलापहरूलाई सूचना प्रविधि मैत्री बनाई सबैका लागि सहज एवम् सर्व सुलभ सेवाको सु निश्चितता गरिनेछ । |
| **२.२ः** सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार | १. सञ्चार क्षेत्रका लागि विद्यमान भौतिक संरचनामा आवश्यकता अनुसार थप संरचना विस्तार गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| प्रविधिको उच्चतम प्रयोगको सु निश्चितता गर्ने । | २. गाउँपालिकाका सबै ठाउँमा टेलिफोन सेवाको नेटवर्क उपलब्ध हुन सक्ने गरी आवश्यकता अनुरूप मोबाइल टावरको विस्तार गरिनेछ।<br>३. गाउँपालिकाका सबै वडाहरूमा स्थानीय तथा राष्ट्रिय पत्र-पत्रिकाहरूको ताजा खबर नियमित रूपमा अनलाइन संस्करणमा समेत पढ्न पाउने व्यवस्था मिलाइनेछ । |

### ६.४.५ कार्यक्रम तथा आयोजना

**तालिका ७५: सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजना**

| सूचना, सञ्चार तथा प्रविधि | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| टेलिकम, एन सेलको टावर स्तर उन्नति | | | | ५०० | | | | | ५०० | ०.०३ |
| गाउँ कार्यपालिकाको कार्यालय सबै वडा कार्यालयहरूमा डिजिटलाइजेसन | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| गाउँपालिकाका सार्वजनिक सेवा प्रवाह गर्ने सङ्घ संस्थाहरू (स्वास्थ्य चौकी, विद्यालय लगायत) डिजिटलाइजेसन सेवा प्रवाह योजना | | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ०.४९ |
| पालिका तथा वडा कार्यालयहरूमा इन्टरकम जडान | | | | | २००० | | | | २००० | ०.१३ |
| **सूचना र सञ्चार प्रविधिको जम्मा** | | | | **३०००** | **४५००** | **२५००** | **२५००** | **२५००** | **१५०००** | **०.९८** |

**तालिका ७६: सञ्चार तथा सूचना प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ६.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ७७: सूचना, सञ्चार तथा प्रविधिका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याईंको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचना तथा सञ्चार प्रविधिको विकास मार्फत पालिकाबासीको जीवनस्तरमा सहजता हुनेछ । | इन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | | | | | | | | |
| असर | सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम प्रयोग भएको हुनेछ । | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | ५ | १० | ५० | ८० | १०० | १०० | १०० | |
| | | टेलिफोनलाइन भएको परिवार | प्रतिशत | | | | | | | | |
| | | अप्टिकल फाइबरको बिस्तार | प्रतिशत | | | | | | | | |
| प्रतिफल | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नया खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार हुनेछ । | सूचना प्रविधि नियमन कानुन निर्माण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |
| | समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार भएको हुने । | इन्टरनेट उपलब्ध भएका विद्यालय | सङ्ख्या | | | | | | | | |
| | | इन्टरनेट उपलब्ध भएका सरकारी कार्यालयहरू | प्रतिशत | | | | | | | | |
| | | फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू | सङ्ख्या | | | | | | | | |
| | | ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | सङ्ख्या | | | | | | | | |
| | | डिजिटल सूचना पाटी | सङ्ख्या | | | | | | | | |
| | सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चित हुनेछ । | सञ्चारका कुनै एक साधन उपलब्ध घरधूरी | प्रतिशत | | | | | | | | |
| | | राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय | सङ्ख्या | | | | | | | | |

### ६.४.७ अनुमान तथा जोखिम पक्ष

**सबै गाउँबासीहरू सूचना प्रविधिको पहुँचमा भएका हुनेछन् ।**

क. विनियोजित बजेट समयमा प्राप्त नहुँदा काममा ढिलाइ हुन गइ विभिन्न जोखिमहरू देखिन सक्छन् ।

**ख.** प्राविधिक जनशक्तिको अभावका कारण पनि काममा कठिनाइ आउन सक्छ ।

ग. थप उच्च तहको प्रविधिको विकास तथा हस्तान्तरणले वर्तमान प्रविधि विस्तारको काममा चुनौती ल्याउन सक्छ ।

घ. अन्तर मन्त्रालय समन्वयको अभावमा योजना कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

ङ. राज्यले समय समयमा कानुन संशोधनमा गर्ने अभ्यासले पनि निर्माण कार्यमा बाधा वा कठिनाइ ल्याउन सक्छ ।

# परिच्छेद — सातः वन, वातावरण तथा विपद व्यवस्थापन विकास

नेपालको संविधानको धारा ३० लगायत अनुसूचीहरूमा स्वच्छ वातावरण कायम गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ ।त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद -१३ को दफा (९७,९८,९९) मा स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था गरिएको छ । सोही ऐनको परिच्छद-४ को दफा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका बारेमा व्यवस्था गरिएको छ । ऐनको परिच्छेद-२४ मा विपद् जोखिम न्यूनीकरण र स्थानीय सरकारको भूमिकाको बारेमा व्यवस्था गरिएको छ । दिगो विकासको लक्ष्य नं. ६, १३, १४ र १५ मा वातावरण संरक्षण विकास र उपयोगका बारेमा उल्लेख गरिएको छ । सङ्घीय सरकारको १६औं पञ्चवर्षीय आवधिक योजनामा लक्ष्य हासिल गर्नका लागि तयार गरिएका १३ वटा विशेष क्षेत्रहरू मध्ये जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्रलाई विशेष जोड दिएको छ भने गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजनामा पनि वन वातावरण तथा विपद् व्यवस्थापनको विकासमा जोड दिएको छ । पैयूँ गाउँपालिकाको २५ वर्षे दीर्घकालीन योजनामा पनि यो क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

मानवका लागि मात्र नभएर समस्त जीवजन्तुका निम्ति समेत प्राण-वायु, पानी र जमिन-माटो अस्तित्व, वृद्धि र विकासका प्रमुख आधार हुन् । ती तीन जीवन धारको धरातललाई सबल, सुदृढ, स्वच्छ एवं सुसज्जित पार्नमा वनस्पतिको अत्यन्त ठूलो योगदान रहन्छ, यद्यपि वन-वनस्पतिलाई पनि माटो र पानीमा भर पर्नुपर्छ, आफ्नो अवस्थिति, पोषण, वृद्धि, उत्पादकत्व र निरन्तर अस्तित्वका लागि । मानिस आफ्नो सृष्टि कालदेखि नै जीविका र जनजीवनका विविध महत्त्वपूर्ण उद्देश्य परिपूर्ति गर्न विभिन्न प्रकारले बोट बिरुवा, वन-जङ्गल माथि अत्याधिक मात्रामा आश्रित रहेको छ ।

हाम्रो देशको अधिकांश भूभाग भिरालो, अस्थिर, कमजोर, संवेदनशील भएको र अत्याधिक जनता ग्रामीण बस्ती र कृषिमा आधारित रहेको हुँदा पनि यहाँको वन-जङ्गलको महत्त्व र आवश्यकता तुलनात्मक रूपले अझै बढी प्रस्ट र प्रगाढ छ; त्यसैगरी यसको संरक्षण र सम्वर्द्धनको अनिवार्यता पनि । केही समय यता कृषि विकास, वातावरणीय सन्तुलन, उद्यमशीलता, विकासका मानवीय पक्ष, आर्थिक योजना र नीति, व्यवस्थापकीय अर्थशास्त्र, प्राकृतिक संसाधन व्यवस्थापन र दिगो विकास संरक्षण तथा ग्रामीण विकास जस्ता सवालहरू जटिल बन्दै आएका छन् । मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक स्रोतको दिगो व्यवस्थापन विना मानव जीवन सम्भव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू गाउँपालिका को कार्यक्षेत्र भित्र पर्छन् । दिगो विकास र विपद् उत्थानशीलतामा अभिवृद्धि नै पैयूँ विकासको समृद्धि भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

नेपालको दिगो विकासमा वन क्षेत्रको महत्त्वपूर्ण योगदान रहि आएको छ । देशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ ।

जनसहभागिता मूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ । वन पैदावारहरूलाई प्रयोग नै नगरी सुरक्षित मात्र राख्न खोज्नु पनि व्यावहारिक र दिगो विकासको अवधारणा र अभ्यास होइन । व्यवस्थित, वैज्ञानिक, मितव्ययी, न्यून क्षति हुने र सदाका लागि संरक्षित र सदाबहार रूपमा रहि रहने गरी वन सम्पदाको प्रयोग र प्रवर्द्धन गर्नु दिगो विकास अनुरूपको यथोचित अभ्यास र मानवीय अभिभारा हो । हरेक सुसंस्कृत समाजमा रुख-बिरुवा रोप्नु- हुर्काउनु लाई पुण्य कार्यको रूपमा पनि मान्ने गरिन्छ । सन्तुलित वातावरणको लागि प्रमुख कारक तत्त्वमा सुशासनको सु निश्चितताका साथै पर्यावरणको उत्कृष्ट समृद्धि, संरक्षण र उचित उपयोग र व्यवस्थापन नै हुन् । सर्वतोमुखी र दिगो विकासका लागि आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूको सन्तुलित र समुन्नत समायोजन अनिवार्य हुन्छ । विकास, वातावरण, वन सम्पदा एक-अर्काका अन्तर विरोधी नभई सधैं परिपूरक हुन्छन् । यस तथ्यलाई ध्यानमा राखेर महत्त्व दिई व्यवहारमै देखाएर बनाएको र कार्यान्वयन गरिएको विकासको ढाँचाले मात्र देशलाई शान्ति, समुन्नति, समृद्धि र सुखतिर उन्मुख गर्न सक्छ ।

समुद्र सतहबाट ५६० मिटर देखि १८२० मिटरको उचाइ सम्म फैलिएर रहेको छ । पैयूँ गाउँपालिकामा उष्ण, शीतोष्ण र समशीतोष्ण गरी तीन प्रकारको हावापानी पाइन्छ । पहाडी भूभागको विस्तारित भूगोल, बाक्लो उष्ण देखि समशीतोष्ण वन क्षेत्र, खोला खोल्सि तथा प्रशस्त मात्रामा छरिएर रहेका धार्मिक तथा ऐतिहासिक स्थानहरूका कारण पैयूँ गाउँपालिका जैविक विविधताका दृष्टिकोणले धनी रहेको देखिन्छ ।

पैयूँ गाउँपालिकाको कूल क्षेत्रफल ४२५३.३६ हेक्टर मध्ये ९९६ हेक्टर अर्थात् २३.४२% जग्गा वन/जङ्गलले ओगटेको छ । पैयूँ गाउँपालिकामा सबै वडामा २५ वटा सामुदायिक वनहरू (वन/जङ्गल) दर्ता भएका छन् । यस पालिका मा कबुलियत वन भने दर्ता भएका छैनन् । पैयूँ गाउँपालिकाको वन/जङ्गलमा विभिन्न प्रकारका जनावर र चराचुरुंगीहरू पाइन्छन् । यहाँ विभिन्न प्रकारका गैर-काष्ठ वन पैदावार पाइने बारेमा उल्लेख गरिएको छ । विज्ञको सहयोग लिएर यहाँ पाइने प्रजाति तथा गैर-काष्ठ वन पैदावारका बारेमा अध्ययन गरी सोही बमोजिम कार्यक्रम तर्जुमा गर्न आवश्यक रहेको छ । जैविक विविधतालाई संरक्षण र प्रवर्द्धन गर्न पालिकाले वर्षै पिच्छे विभिन्न कार्यक्रम/योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ ।

### ७.१.२ समस्या तथा चुनौती

बैज्ञानिक भूउपयोग सम्बन्धी नीति तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन नगर्दा सम्म वन क्षेत्रमा धेरै समस्याहरूको अतिरिक्त चुनौतीहरू समेत बहन गर्नुपर्ने अवस्था रहन्छ । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, वन नर्सरी, जडीवुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन । वन्यजन्तुहरू खासगरी बाँदर, र दुम्सीबाट खेतीपाती एवं बालीनालीहरू क्षती हुने गरेको छ । सडकको दायाँ वायाँ किनारमा वृक्षारोपण गर्न बाँकी छ । ग्रामीण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन । कतिपय खोलानालामा माछा मार्न विषको अत्यधिक प्रयोग हुने गरेकाले जल प्रदुषण बढ्दो समस्याको रूपमा रहेको छ ।

वन तथा जैविक विविधताको संरक्षणका लागि स्थानीय तहलाई जिम्मेवार बनाउनु भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा जैविक विविधताको संरक्षणबारे ज्ञान अभिवृद्धि गरी सहकार्य गर्नु, छाडा चरी चरन, वन फँडानी, अव्यवस्थित बस्ती, र आगलागी जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका मुख्य चुनौती हुन् ।

### ७.१.३ सम्भावना तथा अवसर

व्यवहारिक तथा दिगो भू उपयोग नीति तथा यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिन्छ । यसबाट उर्वर कृषि भूमि र वन जङ्गलको निकै हद सम्म संरक्षण र उपयोग गर्न सकिन्छ । हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ । वनमा आधारित सहकारी संस्था मार्फत वन पैदावार सङ्कलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न, र होमस्टे सञ्चालन गरी वन पैदावारबाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गर्न सकिने अवस्था छ । सामुदायिक र कबुलियत वनको विकास र विस्तारमा महिला, विपन्न, र दलितहरूको सहभागिता बढाउँदै जीविकोपार्जनमा टेवा पुग्ने देखिन्छ । वन पैदावारमा आधारित जडीबुटी खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न सकिन्छ । वन तथा काठ जन्य लघु उद्योग तथा व्यवसायहरू स्थापना गरी आय आर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ ।

वन क्षेत्रलाई संरक्षण तथा आम्दानी मुखी बनाउन सामुदायिक वन, कबुलियत वनसँग सहकार्य गरी वनमा कृषि कार्यको प्रवर्द्धन गर्ने, वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, संवर्द्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्त्वपूर्ण स्रोतको रूपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

वन र जैविक विविधताको उचित संरक्षण र सम्वर्द्धन गरी आय आर्जनमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. स्थानीय वनको विस्तार तथा विकास गरी जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु ।

२. वन क्षेत्रमा वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ७८ः वन तथा भूसंरक्षणका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. स्थानीय वनको विस्तार तथा विकास गरी जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु । | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **१.१**ः वनलाई उत्पादन मुखी बनाई वन जन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्री वितरणको व्यवस्था गरिनेछ ।<br>२. काठ जन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. गैर काष्ठ वन पैदावारको प्रबल सम्भावना भएको खेती विस्तार तथा बजारीकरण गरिनेछ ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>५. वन्यजन्तु पालन, प्रजनन तथा व्यवसायीकरणका लागि स्थानीय जनतालाई प्रेरित गरिनेछ ।<br>६. वन जन्य व्यवसाय प्रति स्थानीय युवा युवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ। |
| **१.२**ः समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तार बार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. वन नर्सरी स्थापना गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्य योजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय जनतालाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ ।<br>८. घर वरिपरि तथा खेती योग्य जमिनमा रहेका जोखिम युक्त रुखहरू सफा गर्ने अभियान सञ्चालनमा निरन्तरता दिइने छ ।<br>९. सङ्घ, तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा मनसुन जन्य तथा आगलागी जन्य विपद् प्रभावितलाई निजी आवास पुन निर्माण तथा पुनर् स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ। |
| २. वन क्षेत्रमा वन र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु । | |
| **२.१**ः जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | १. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>२. वन्य जन्तुहरूबाट हुन सक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जङ्गल क्षेत्रमै उपयुक्त हुने घाँस, बिरुवा, फलफूलहरू रोपण गरी वन्यजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।<br>३. व्यावसायिक मूल्य भएका जडीबुटी लगायतका बोट बिरुवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ।<br>४. छाडा चरी चरन, वन फँडानी गरी बस्ती विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बन्देज लगाई दण्ड जरिबानाको लागि सिफारिस गरिनेछ ।<br>५. मानव - वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न जन चेतना, राहत, तथा क्षतिपूर्तिको प्रक्रियालाई आवश्यक समन्वय र सहजी करण गरिनेछ । वन्य जन्तुका लागि |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | वनमा रहेका पानीका स्रोतहरू संरक्षण गरी वर, पीपल, समी लगायत वन जन्य फलफूलका बिरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिने छ । |
| २.२: बाह्य र आन्तरिक स्रोत साधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा जैविक विविधताको संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. गाउँपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ ।<br>४. वन जन्य उद्योगको विकास र व्यवसायी करणका लागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

### ७.१.५ कार्यक्रम तथा आयोजना

**तालिका ७९: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजना**

| वन तथा जैविक विविधता | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| जडीबुटी लगायत गाउँपालिकाको जैविक विविधता प्रोफाइल निर्माण | | | | १५०० | | | | | १५०० | ०.१० |
| बर पीपल स्वामीका रुखहरूको लागि वृक्षारोपण कार्यक्रम | | | | | २०० | २०० | २०० | २०० | ८०० | ०.०५ |
| बाँदर नियन्त्रण कार्यक्रम | | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ०.४९ |
| सामुदायिक तथा निजी वनमा अग्निरेखा निर्माण योजना | | | | | ५०० | ५०० | ५०० | ५०० | २००० | ०.१३ |
| **वन र जैविक विविधता जम्मा** | | | | **३०००** | **२२००** | **२२००** | **२२००** | **२२००** | **११८००** | **०.७७** |

**तालिका ८०: वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ७.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ८१: वन तथा जैविक विविधताका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | गाउँपालिका क्षेत्रका वनको उचित व्यवस्थापन, भूसंरक्षण र जैविक | रुख विरुवाले ढाकेको वा हरियाली वा वन क्षेत्र | प्रतिशत | ६० | ६० | ६० | ६० | ६० | ६० | ६० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार भएको हुनेछ । | सामुदायिक वनबाट प्राप्त हुने राजस्व वृद्धि | प्रतिशत | ० | ५ | १० | १५ | २० | २५ | २५ | |
| **असर** | वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यावसायिकरण भएको हुनेछ । | स्थानीय फर्निचर उद्योग | सङ्ख्या | ७ | ८ | ९ | १० | ११ | १२ | १२ | |
| | | आयमूलक कार्य सञ्चालित वन क्षेत्र (कवुलियती वन १) | सङ्ख्या | | | | | | | | |
| **प्रतिफल** | समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण हुनेछ । | सामुदायिक वन सङ्ख्या | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | ३० | ३० | |
| | | सामुदायिक वन उपभोक्ता समितिका सदस्यको क्षमता अभिवृद्धि तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५ | |
| | | वार्षिक बृक्षारोपण (वार्षिक) | सङ्ख्या | २ | १००० | २००० | ३००० | ४००० | ५००० | ५००० | |
| | वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्बर्द्धन गरी चोरी-निकासी तथा अतिक्रमण नियन्त्रण भएको हुनेछ । | चोरी-निकासी नियन्त्रणकालागि नियमन इकाई गठन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| | | पालिकास्तरीय वन इकाई स्थापना | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | |
| | | जैविक विविधता युक्त क्षेत्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | |
| | | वन क्षेत्रको तारवार | कि.मि. | १ | २ | ३ | ४ | ५ | ६ | ६ | |
| | | लोप हुनलागेका बालीनालीको पुनस्थापन (बाली नाली को सङ्ख्या) | सङ्ख्या | ० | २ | ४ | ६ | ८ | १० | १० | |

### ७.१.७ अनुमान तथा जोखिम पक्ष

**वैज्ञानिक वन व्यवस्थापनको अवधारणा अनुसार जैविक विविधता र वन पैदावारको उपयोग भएको हुने ।**

क. वन क्षेत्रमा आगलागी भएमा वन संरक्षणमा चुनौती आउन सक्छ ।

ख. वन क्षेत्रमा खोला, बाढी पहिरो, भूक्षय वा मानव जन्य क्रियाकलापबाट वन संरक्षण तथा विस्तारका काममा समस्या आउन सक्छ ।

ग. जैविक विविधताको क्षेत्रमा दक्ष जनशक्ति अभावका कारण गैर काष्ठ वन पैदावार तथा जैविक विविधताको पहिचानमा कठिनाइ आउँदा काममा अवरोध हुन सक्छ ।

घ. अन्य क्षेत्रको वातावरण प्रदूषणका कारण सम्बन्धित क्षेत्रमा स्वच्छ वातावरण सिर्जना गर्ने कार्यमा अवरोध आउन सक्छ ।

ङ. प्रचलित वन ऐनले स्थानीय सरकारलाई नचिनेका कारण पनि यसको संरक्षणमा कठिनाइ आएको छ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

एकीकृत जलाधार व्यवस्थापन मार्फत माटो र पानीको संरक्षण तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने  राष्ट्रिय लक्ष्यलाई तीनै तहका सरकारले अपनत्व लिई कार्यक्रम सञ्चालन गर्दै आएका छन् । चुरे क्षेत्रमा वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन लगायतको एकीकृत विकास अवधारणा अनुसार राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास कार्यक्रमको विस्तार गरिएको हो । जिल्ला भूसंरक्षण कार्यालयको कार्यक्रम र सामुदायिक विकास तथा वन जलाधार संरक्षण आयोजनालाई आवश्यकताका आधारमा उप-जलाधारहरूको प्राथमिक करण गरी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक छ । उप-जलाधार योजना तर्जुमा, बहु प्रकोप अवस्थाको विश्लेषण सहित प्राथमिककरण र भू-जलाधार संरक्षण सेवा प्रवाह पहिरो पूर्व-सूचना प्रणाली विकास गर्नुका साथै राष्ट्रिय पहिरो व्यवस्थापन केन्द्रको स्थापना गरी सोही अनुसारका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । ताल तलैया तथा भू-संरक्षणको लागि सिमसार र तिनमा भएका जैविक विविधताको संरक्षण तथा व्यवस्थापनमा स्थानीय सरकारको भूमिका बढी हुने गर्दछ । भूकम्पबाट प्रभावित क्षेत्रका बस्ती नजिकको पहिरो, क्षतिग्रस्त भूमिहरूको पुनरुत्थानको लागि कम खर्चिलो भू तथा जलाधार संरक्षण, जैविक प्रविधि, बाँस रोपण जस्ता क्रियाकलापहरू र कृषि वन प्रणालीको विकास गरी प्रविधि हस्तान्तरण नीति गत सुधारको लागि कृषि वन नीति तर्जुमा तथा कार्यान्वयन आदिमा स्थानीय सरकारले जोड दिन आवश्यक छ ।

पैयूँ गाउँपालिकाको बीच भाग हुँदै सेदीखोला बगेको छ भने बीचाबीचमा ठाडा खोलाहरू जस्तै शिवपुरी खोला, मर्दिखोला, झमखोला, चिन्नेखोला, क्वार्दीखोला, धुवाखोला, गेडीखोला, मारुती, गहिराखोला आदि खोलाहरूका अतिरिक्त अन्य ठाडा खोलाहरू समेत रहेका छन् । यी खोलाहरूमा वर्षाको समयमा बाढी पहिरो आदिका कारण भू-क्षय हुन गई माटो सहित धमिलो पानी बग्ने गर्दछ । यी लगायत अन्य साना तथा वर्षामा मात्र बग्ने खोला खोल्सीहरू यहाँ धेरै छन् । यी सबै ठूला तथा साना खोला/खोल्सीहरूमा सङ्लो पानी बगाउन सके मात्र गाउँपालिका को भू-संरक्षण सम्बन्धी लक्ष्य पुरा भएको मानिन्छ । त्यसैगरी यहाँ विभिन्न स्थानहरूमा महत्त्वपूर्ण पानीका मूलहरू सहित तालहरू रहेका छन् जस्तै पालुस्थान पोखरी, नाच्ने पोखरी, काउपोखरी, डाँडाकाउले पोखरी, आलेको पोखरी लगायत दर्जन बढी पोखरी र १०० बढी पिउने पानीका स्रोत रहेका छन् । तिनीहरूले गाउँपालिकाको लागि पानी जलाधारको रूपमा काम गर्दछन् । पैयूँ गाउँपालिकाभित्र रहेका पानीका स्रोतहरू धेरै जङ्गल तथा पाखा पखेरा भित्र रहेका छन् ।

यस गाउँपालिकाको समग्र भू-उपयोगको स्थिति हेर्दा कुल क्षेत्रफल ४२५३.३६ हेक्टर मध्ये सबैभन्दा वनजङ्गलले ढाकेको क्षेत्र ९९६ हेक्टर (२३.४२%) रहेको छ । खेति गरिदै आएको जग्गामा खेतको अंश जम्मा ७६५ हेक्टर र पाखोबारीको अंश २०७५ हेक्टर रहेको छ ।

### ७.२.२ समस्या तथा चुनौती

वन अतिक्रमण बढदै जानु, कटान, भू-क्षय, अनियन्त्रित चरिचरन, अनियन्त्रित ढुंगा/गिट्टी/वालुवा सङ्कलन तथा निकासी हुनु, विस्तारित सडक सञ्जाल, फोहरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहर निष्कासन र अव्यवस्थित

भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नू, नागरिक सचेतना कम हुनु यहाँका प्रमुख समस्या हुन् ।

अवैज्ञानिक तरिकाले प्राकृतिक स्रोतको दोहन, वन क्षेत्रको विनाश, जथाभाबी सडक निर्माण, वातावरणीय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्याहरू देखिएका छन् भने परिणाम स्वरूप अनावृष्टि, अतिवृष्टि, हुनुका साथै पानीको मुहान सुकेर सुक्खा क्षेत्रको विस्तारमा वृद्धि हुँदै गएको छ । मानव बस्तीको विकास र बसाई सराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी-खोलामा भूक्षय भई पुरिने क्रम जारी छ भने अर्का तर्फ, खोलाले धार परिवर्तन गर्नु पनि संरक्षणमा थप चुनौती बनेको छ ।

### ७.२.३ सम्भावना तथा अवसर

गाउँपालिकामा माटोको बनावट, खेती योग्य जमिन, संरक्षित क्षेत्र, बस्ती योग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू उपयोग योजनाका आधारमा समग्र क्षेत्रको बस्ती विकास गर्ने गाउँपालिकाको कार्यक्रमलाई अवसरको रूपमा लीन सकिन्छ । गाउँ बासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी गाउँपालिका अन्तर्गतका सबै खोला खोल्सीमा सङ्लो पानी बगाउनको लागि गाउँपालिकासँग भएको सोचलाई सम्भावनाको रूपमा लिन सकिन्छ । गाउँपालिकामा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जबाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

गाउँपालिका भित्र रहेका जलाधारको उचित संरक्षण गर्दै खोला तथा खोल्सीमा सङ्लो पानी बगाउने ।

**उद्देश्य**

१. वैज्ञानिक व्यवस्थापनबाट जलाधार क्षेत्रको पहिचान गरी उचित संरक्षण गर्नु ।
२. भूसंरक्षण र जलाधार व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु ।

**रणनीति र कार्यनीति**

**तालिका ८२: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैज्ञानिक व्यवस्थापनबाट जलाधार क्षेत्रको पहिचान गरी उचित संरक्षण गर्नु ।** | |
| १.१ गाउँपालिका भित्र रहेका जलधाराहरूको पहिचान गरी उचित संरक्षण तथा व्यवस्थापन गर्ने । | १. सम्बन्धित क्षेत्रका विज्ञहरूको सहयोग लिई गाउँपालिका क्षेत्राधिकार भित्र रहेका जलाधार क्षेत्रहरूको पहिचान गरिने छ ।<br>२. जलाधार क्षेत्रको उचित संरक्षण तथा उपयोगको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. स्थानीय नागरिकको सहभागिताका माध्यमबाट वनको संरक्षण, दिगो व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरी दैनिक जीवनयापनमा आवश्यक पर्ने वन पैदावारको सुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २ः भूसंरक्षण र जलाधार व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु ।** | |
| २.१ः भूमि संरक्षणका लागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने । | १. सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी वातावरण जोगाउने उचित उपाय अवलम्बन गरिनेछ, ।<br>२. नदी जन्य लगायत प्राकृतिक स्रोतमा आधारित कच्चा पदार्थको उत्खनन प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वियनमा सहजी करण गरिनेछ ।<br>३. भएका वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>४. भू क्षय नियन्त्रणका लागि बायो इन्जिनियरिङ प्रविधिको उपयोग, सिमसार क्षेत्रको उचित संरक्षणका लागि वृक्षारोपण, पोखरी जस्ता अभियान सञ्चालन गरी जलाधार क्षेत्रहरूको संरक्षण गरिनेछ ।<br>५. गाउँपालिकाले भूमि संरक्षण तथा जलाधार व्यवस्थापनको ठोस तथा दीर्घकालीन नीति लिइनेछ ।<br>६. अनावृष्टि, अतिवृष्टि, अल्प वृष्टि रोक्न सूचना दिने संयन्त्र स्थापना गरिनेछ ।<br>७. नदी तथा खोलामा तटबन्ध निर्माण गरी नदी किनाराका बस्ती, संरचना, सम्पदा जमिन संरक्षण गर्ने तथा जग्गा उकास गर्ने र आकस्मिक रूपमा आइ परेका जल उत्पन्न प्रकोपको क्षतिको प्रभाव न्यूनीकरण गर्ने प्रदेश सरकारको नीति अनुरूप कार्य गर्नका लागि प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>८. भूमि तथा जलाधार क्षेत्र संरक्षण क्षेत्रसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने गरिनेछ । |
| २.२ः जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण गर्ने । | १. खोला कटानबाट हुने विभिन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायो इन्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगो पन सुनिश्चित गर्ने प्रयास गरिनेछ ।<br>२. वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालो क्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |
| २.३ः पहिरो जाने समस्याको दीर्घकालीन समाधानका लागि उपाय अवलम्बन गर्ने । | १. सडक नालीहरू व्यवस्थित बनाइनेछ ।<br>२. खोला तथा नदी किनारामा दीर्घकालीन तटबन्ध निर्माण गरिनेछ । |

### ७.२.५ कार्यक्रम तथा आयोजना

**तालिका ८३: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजना**

| भूसंरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| सेदी खोला चेक ड्याम निर्माण योजना | | | | | १००० | १०००० | १०००० | | २१००० | १.३८ |
| पानीका सबै मूलहरू संरक्षण कार्यक्रम | | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० | ०.४९ |
| पहिरो संरक्षण (पाल स्थान, बिनु मा.वि., दिप ज्योती प्रा.वि. हिले, हिले दलित वस्ति) | | | | | | १००० | १०००० | ३०००० | ४१००० | २.६९ |
| तटबन्ध निर्माणको निरन्तरता कार्यक्रम | | | | १०००० | २०००० | १०००० | ५००० | ५००० | ५०००० | ३.२८ |
| **भूमि तथा जलाधार व्यवस्थापनको जम्मा** | | | | **११५००** | **२२५००** | **२२५००** | **२६५००** | **३६५००** | **११९५००** | **७.८४** |

**तालिका ८४: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ७.२.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ८५: भूसंरक्षण तथा जलाधार व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | गाउँपालिका क्षेत्र भित्र भूसंरक्षण र जलाधार व्यवस्थापन भएको हुनेछ । | संरक्षित भूक्षय संवेदनशील क्षेत्र | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | |
| **असर** | | भूसंरक्षण कार्य योजना तयार भई कार्यान्वयन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| | वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी स्वच्छ एवम् सफा वातावरण सहितका विकास कार्यक्रमहरू सञ्चालन हुनेछ । | संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | |
| प्रतिफल | भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम हुनेछ । | बाढी तथा पहिरो नियन्त्रणकालागि तटबन्ध निर्माण | कि.मि. | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | |
| | | संवेदनशील क्षेत्रको बाढी नियन्त्रण | कि.मि | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | |
| | प्राकृतिक स्रोत साधनलगायत स्थानीय सम्पदाहरूको संरक्षण हुनेछ | स्थानीय विपद् तथा भुसंरक्षण योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| | स्थानीय स्रोत साधनहरूमा बाढी तथा पहिरो पर्ने प्रभाव कम हुनेछ | बाढी तथा पहिरो जोखिम क्षेत्र पहिचान | सङ्ख्या | ७ | ८ | ९ | १० | १० | १० | १० | |
| | | बाढी तथा पहिरो जोखिम क्षेत्र नक्साङ्कन | सङ्ख्या | ९ | १० | १० | १० | १० | १० | १० | |

### ७.२.७ अनुमान तथा जोखिम पक्ष

**गाउँ पालिका मा भूसंरक्षण तथा जलाधार व्यवस्थापन भइ ठाडा खोलाहरूमा सङ्लो पानी बगाउनका लागि थप कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।**

क. वर्षा बाढी पहिरो, अनावृष्टि अति वृष्टि, सुका मौसम आदिले कार्यक्रम कार्यान्वयनमा असर गर्न सक्छ ।
ख. खोला नाला तथा पानीका मूलहरूको उचित संरक्षण हुन नसक्दा जलाधार व्यवस्थापन कार्यमा समस्या आउन सक्छ ।
ग. ठूलो र लामो समयको वर्षाले भू संरक्षणको कार्यक्रमलाई प्रभाव पार्न सक्छ ।

## ७.३ वातावरण तथा फोहोर मैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

एकीकृत जलाधार व्यवस्थापन मार्फत माटो र पानीको संरक्षण तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा टेवा पु¥याउने राष्ट्रिय सोचलाई कार्यान्वयन गर्न तीनै तहका सरकारहरूले जोड दिँदै आएका छन् । नेपालको संविधान तथा अन्य प्रचलित कानुनहरूमा वातावरण संरक्षणको लागि उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनिएको छ भने उपधारा (२) मा वातावरणीय प्रदूषण वा त्यसबाट हुने क्षति बापत पीडितलाई प्रदूषणबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी उपधारा (३) मा राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकास बीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ भनिएको छ । दिगो विकासका लक्ष्य नं. ६ मा सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने भनिएको छ । त्यसैगरी लक्ष्य नं. १५ मा स्थलीय पर्यावरणको संरक्षण, पुन स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने भनिएको छ ।

पैयूँ गाउँपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रवर्द्धन गर्ने, सौर्य ऊर्जालाई बढवा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, दुर्गम वडाहरूमा बायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भइरहेको अवस्था छ । गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

अझै पनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको प्रचलन यथावत् छ । गाउँपालिकामा अहिले पनि झन्डै ७५ प्रतिशत घर धुरीहरू दाउरामा आश्रित छन् । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दा पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्त्व दिने एउटा संस्कृति नै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेका छन् । गाउँपालिकामा दिगो ल्याण्डफिल साइड को व्यवस्थापन हुन नसक्दा फोहरमैला व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । पानीका स्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोगहरूमा वृद्धि हुनुका साथै कुपोषण, तनाव, जस्ता समस्याहरू देखा पर्न थालेका छन् । खेती फसलमा कमी आएको छ । वातावरणीय प्रदूषणका प्रभावहरू क्रमशः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

### ७.३.२ समस्या तथा चुनौती

गाउँपालिकामा विभिन्न बस्तीहरू जस्तै हुवास बजार, सरौंखोला, भोर्ले, चिसापानी, मैदान, आदि क्षेत्रहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुँदा ती क्षेत्रमा प्लास्टिक र सिसा जन्य फोहर व्यवस्थापन सम्बन्धी समस्या

क्रमशः देखाह पर्न थालेको देखिन्छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदूषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन नसकिएको, वैकल्पिक ऊर्जा वा बायो मास, सौर्य ऊर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु आदि प्रमुख समस्या र चुनौतीका रूपमा रहेका छन् ।

फोहर व्यवस्थापनका नाममा फोहोर मैला खोला खोल्सीका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति हाम्रो समाजमा नयाँ होइन । यसरी फालिएको फोहर वर्षाका समयमा पानीले बगाएर खोला खोल्सी तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदूषणलाई विस्तारित गर्दछ ।

यही तथ्यलाई ध्यान दिइ गाउँपालिकाको वडा नं. ५ स्थित ल्याण्डफिल्ड साइडको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । बजार क्षेत्र विस्तार हुनुका साथै प्लास्टिक जन्य फोहोर मैला दिनानुदिन बढ्दै गाएकोले यसको व्यवस्थापनको लागि गाउँपालिकाको आर्थिक तथा प्राविधिक सहयोगमा ल्याण्डफिल्ड साइडको कार्य अघि बढेको हो । स्रोतमा फोहरको उचित वर्गीकरण (कुहिने फोहर, नकुहिने फोहर, धातु सिसा जन्य फोहर र अस्पताल जन्य) गर्न नसक्नू र यसको कडाइका साथ कार्यान्वयनका लागि गाउँपालिकामा जनप्रतिनिधि सहितको संरचना बन्न नसक्नू पनि फोहर मैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन् । धेरै सार्वजनिक ठाउँहरूमा सार्वजनिक शौचालयहरूको अभाव रहेको छ भने कतिपय घर धुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाइमा अझै पनि कमी कमजोरीहरू रहेका छन् । विद्यालयहरूमा सेन्टरी प्याडको विसर्जन एवं किशोरी मैत्री शौचालय लगायतका समस्याहरू यथावत् छन् ।

### ७.३.३ सम्भावना तथा अवसर

वातावरण संरक्षण तथा फोहर मैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतन वृद्धि गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम गर्ने आदि रहेका छन् । त्यसैगरी सामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहर मैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी गाउँलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेका छन् ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

प्रभावकारी वातावरण संरक्षणसँगै प्रत्येक नागरिकको पूर्ण आनीबानी परिवर्तन भएको हुने ।

**उद्देश्य**

१. अहिले निर्माण हुँदै गरेको ल्याण्डफिल्ड साइड (फोहोर विसर्जन स्थल) लाई थप प्रभावकारी बनाइ कुहिने र नकुहिने फोहोर छुट्टा छुट्टै वर्गीकरण गरी **कुहिने फोहोरबाट मोहोर बनाउने कार्यक्रम** सञ्चालन गर्नु ।

२. व्यापक सचेतन अभिवृद्धि गरी **पूर्ण आनीबानी परिवर्तनको** कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्नु।

**रणनीति तथा कार्यनीतिहरू**

**तालिका ८६: फोहोर मैला व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १. अहिले निर्माण हुँदै गरेको ल्याण्डफिल्ड साइड (फोहोर विसर्जन स्थल) लाई थप प्रभावकारी बनाइ कुहिने र नकुहिने फोहोर छुट्टा छुट्टै वर्गीकरण गरी **कुहिने फोहोरबाट मोहोर बनाउने कार्यक्रम** सञ्चालन गर्नु । | |
| **१.१:** समुदायका बाक्लो बस्ती भएको ठाउँ,हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहर मैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने । | १. समुदायका फोहर मैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ ।<br>२. प्रत्येक बाक्लो बस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटमा फोहोर मैला व्यवस्थापनको लागि ट्याक्टर लगायतका साधनहरूको व्यवस्था गरिनेछ ।<br>३. फोहर मैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ ।<br>४. वडाका बस्ती र फोहर मैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्तो ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहर मैलाबाट बायो ग्याँस र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ ।<br>६. गाउँपालिकाभित्र बढ्दै गरेको बजारीकरणबाट उत्पन्न फोहोर मैला व्यवस्थापनको लागि निर्माण भएको फोहोर व्यवस्थापन केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।<br>७. गाउँपालिकाका सबै वडाहरूमा सरसफाइ तथा फोहोर मैला व्यवस्थापन सम्बन्धी सचेतन मूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| **१.२:** गाउँ पालिका क्षेत्रमा शौचालय तथा सरसफाइको सु निश्चितता गर्ने । | १. सामुदायिक तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२. घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सीमा प्रवाह गर्न मापदण्ड बनाई लागू गरिनेछ ।<br>३. सहरी तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गरिनेछ ।<br>४. अपाङ्ग मैत्री तथा महिला मैत्री शौचालयको निर्माण गरिनेछ । |
| २. व्यापक सचेतन अभिवृद्धि गरी **पूर्ण आनीबानी परिवर्तनको** कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्नु । | |
| **२.१:** प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुण स्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने । | १. सार्वजनिक स्थानहरूमा फोहर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. उपभोक्ताहरू बाटै समिति गठन गरी सरसफाइ गरिनेछ ।<br>३. फोहर मैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था गरी फोहर मैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| २.२ः सरसफाइ सम्बन्धी सचेतन कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहरको उचित व्यवस्थापनको लागि जन चेतना सञ्चालन गरिनेछ । |

### ७.३.५ कार्यक्रम तथा आयोजना

**तालिका ८७: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजना**

| वातावरण तथा फोहोरमैला व्यवस्थापन | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| फोहोर मैला सङ्कलन केन्द्रको व्यवस्थापन | | | | ५००० | २५०० | २५०० | | | १०००० | ०.६६ |
| फोहोर मैला सङ्कलनका लागि ट्याक्टर खरिद तथा परिचालन कार्यक्रम | | | | २५०० | | | | | २५०० | ०.१६ |
| सबै सार्वजनिक कार्यालय तथा बजार क्षेत्रमा डष्विन व्यवस्थापन | | | | ५०० | ५०० | ५०० | | | १५०० | ०.१० |
| रिचार्ज पोखरी निर्माण कार्यक्रम (प्रति वडा ३ वटाका दरले ) | | | | | ५००० | १०००० | १०००० | २०००० | ४५००० | २.९५ |
| वातावरण तथा फोहरमैला व्यवस्थापनको जम्मा | | | | ८००० | ८००० | १३००० | १०००० | २०००० | ५९००० | ३.८७ |

**तालिका ८८: वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ७.३.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ८९: वातावरण तथा फोहोर मैला व्यवस्थापनका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| **प्रभाव** | आधारभूत सरसफाइमा सुधार गरी समुदाय प्रदूषणमुक्त हुनेछ । | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घन मिटर | | | | | | | | |
| | | पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | ० | ० | १ | २ | ३ | ३ | |
| **असर** | गाउँपालिकामा भरपर्दो र गुणस्तरीय सरसफाइ सेवा विस्तार भएको हुनेछ । | धुवाँ मुक्त घरधूरी | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | ८५ | |
| | | फोहोरमैला विसर्जन केन्द्र | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| | दिगो सरसफाइ व्यवस्थापनको क्षेत्रमा सुधार हुनेछ | फोहोरमैला विसर्जन नीति | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| **प्रतिफल** | संक्रामक रोगको फैलावटमा कमी आउनेछ | संक्रामक रोगबाट बिरामी हुने जनसङ्ख्या | प्रतिशत | ५ | ४ | ३ | २ | १ | ० | ० | |
| | | गाउँटोल सरसफाइकोलागि उपभोक्ता समिति | सङ्ख्या | ४ | १० | २० | ३० | ४० | ५० | ५० | |
| | | डस्टबिन व्यवस्थापन भएका घरधुरी | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | ८५ | |
| | प्राविधिकहरूको आधारभूत तथा पुनर्ताजकी तालिम मार्फत सरसफाइको क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्था गर्न सकिनेछ | फोहोरमैला व्यवस्थापनकालागि दक्ष जनशक्ति | सङ्ख्या | १० | १२ | १५ | १८ | २० | २५ | २५ | |
| | | फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | प्रतिशत | ८२ | ८५ | ८८ | ९० | ९२ | ९५ | ९५ | |
| | वातावरण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि हुनेछ | स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| | | वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | ५ | |
| | | प्रदूषण मापन केन्द्र | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |

### ७.३.७ अनुमान तथा जोखिम पक्ष

**वातावरण संरक्षणको क्षेत्रमा व्यापक सुधार हुनका साथै पूर्ण आनीबानी परिवर्तन भएको हुनेछ ।**

क. वातावरण संरक्षणका कार्यक्रमहरू सँगै वातावरणमा प्रतिकूल प्रभाव पार्ने मानव जन्य क्रियाकलापहरूलाई नियन्त्रण गर्न नसकेमा वातावरण संरक्षणमा सुधार आउन कठिन हुन सक्छ ।

ख. वातावरण संरक्षणको क्षेत्रमा विनियोजित बजेट पर्याप्त नभएका कारण वातावरण संरक्षणको कार्यले लक्ष्य प्राप्त नगर्न पनि सक्छ ।

ग. वातावरण संरक्षणको कार्य विश्व व्यापी, देश व्यापी हुँदै क्षेत्र व्यापी हुने हुँदा यसलाई समन्वय तथा साझेदारी तामा व्यापक रूपमा विस्तार गर्न सकिएन भने सम्भव नहुन पनि सक्छ ।

घ. प्राकृतिक तथा दैवी प्रकोपलाई तुरुन्तै नियन्त्रणमा लिन सकिएन भने फोहोर मैलामा वृद्धि तथा विस्तार हुन गइ मानव जगतको लागि चुनौतीका रूपमा खडा हुन सक्छ ।

ङ. महामारीका रोगहरू व्यापक संक्रमण भएमा फोहोर मैला व्यवस्थापनमा कठिनाइ हुन सक्छ ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

पैयूँ गाउँपालिका भू-धरातलीय बनोट कमजोर भएको, मौसमी विषमता, जलवायु परिवर्तन, निरन्तर दोहोरी रहने बहु प्रकोपका घटना, अव्यवस्थित पूर्वाधार निर्माण एवम् जोखिम असंवेदनशीलता आदि कारणबाट उत्पन्न प्राकृतिक प्रकोपको प्रभाव पर्ने क्षेत्र हो । ठाडो, अस्थिर र भिरालो जमिनको संरचनागत बनोटका कारण जोखिम युक्त यस पालिकामा वर्षेनी क्षति हुँदै आएको छ । नेपालको संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना तयारी, उद्धार, राहत एवम् पुनर् स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारका रूपमा राखेको छ ।

पैयूँ गाउँपालिकाको संरचनागत अवस्थालाई हेर्दा यहाँ गाउँपालिकाको बीच भागबाट सेदी खोला बगेको छ भने माथिबाट बगेर सेदीखोलामा समाहित हुने साना ठूला प्रकृतिका खोलाहरूको सङ्ख्या पनि ठूलो छ । विपद् जोखिम नियन्त्रण तथा राहत विवरणको लागि प्रत्येक आर्थिक वर्ष गाउँपालिकाको ठूलो धनराशि खर्च हुँदै आएको छ । यस क्षेत्रका सन्दर्भमा गाउँपालिकामा अध्ययन गर्दा विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू—उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन । विपद्को जोखिमले जग्गा र जमिन बिक्री गर्ने वा भू—उपयोग परिर्वतन गर्ने प्रवृति रोक्न सकिएको छैन । पालिका स्तरमा वैज्ञानिक भू—उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग गर्ने अभ्यासहरू पनि भएका छैनन् ।

पैयूँ गाउँपालिकाभित्र रहेका बजार क्षेत्रहरू जस्तै हुवास बजार, अर्थुन बजार, सरौंखोला, भोर्ले आदि बजारहरू सेदीखोलाका किनारमा अवस्थित छन् । यी वस्तिहरू लगायत यहाँका धेरै वस्तिहरू भिराला र ठाडा खोलाहरूको चेपुवामा पर्दै आएका छन् । पालिकाका संवेदनशील क्षेत्रहरू विशेष गरी पहिरो र नदी कटानका कारण जोखिममा छन् भने भूकम्प र डढेलो यहाँका थप चुनौतीहरू हुन् । यहाँ वर्षेनी मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ ।

पैयूँ गाउँपालिकामा अधिकांस बर्षातको समयमा स्थानीय खोलामा ठूलो बाढी आउने गर्छ । त्यस्तै बाढी, पहिरो र सर्पदंशको जोखिम विशेष गरी वर्षा याममा (असार, साउन, भदौ) हुने गर्छन् । यहाँ आगो, महामारी, खडेरी जस्ता जोखिमहरू (चैत्र, वैशाख) पनि हुने गर्दछन् । सडक, शैक्षिक संस्था र पुलहरू प्रायः पैयूँ गाउँपालिकामा विभिन्न प्रकोपबाट प्रभावित छन् । सडक पूर्वाधारमा सबै भन्दा बढी क्षति हुने गरेको छ ।

### ७.४.२ समस्या तथा चुनौती

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ । विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु गाउँपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ । नाङ्गा डाँडोहरूमा हुने भूस्खलन, विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदाय स्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ । प्रमुख बस्तीहरूमा सामुदायिक आश्रय स्थलहरू छैनन् । आपत्कालिन सेवाका लागि पर्याप्त एम्बुलेन्स सेवा तथा दमकलको व्यवस्था नहुनु, विपद् आइ पर्दा आवश्यक

पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था नहुनु, पालिकामा शव वाहन सेवा नहुनु, विपद् पूर्व सूचना प्रणालीको अभाव जस्ता समस्या तथा चुनौतीहरू रहेका छन् ।

जलवायु परिवर्तन जन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन सकेको छैन । जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिँदैन । अव्यवस्थित भू–उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । गाउँ क्षेत्रमा जम्मा हुने प्लास्टिक जन्य फोहर मैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ ।

### ७.४.३ सम्भावना तथा अवसर

गाउँपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीति गत प्रयासहरू सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएको छ । गाउँपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने धेरै सम्भावनाहरू रहेका छन् ।

विपद् पूर्व तयारी कार्यका लागि मोबाइल एस.एम.एस. मार्फत सूचना दिने तथा विपद् सङ्कट उन्मुख बस्ती स्थानान्तरणको तथ्याङ्क सङ्कलन गरी विपद् न्यूनीकरणमा सहयोग गर्न सकिने सम्भावना छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबै वस्ति तथा सार्वजनिक संरचनाहरू सुरक्षित हनुका साथै विपदबाट हुने क्षति शून्यमा झार्ने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।
२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपदको जोखिमलाई न्यूनीकरण गरी गाउँ पालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।
३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।

**रणनीति तथा कार्यनीतिहरू**

**तालिका ९०: विपद् व्यवस्थापनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।** | |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **१.१:** विपद् रोकथाम मार्फत विपद् न्यूनीकरण गर्दै विपद् उत्थान शील समाजको निर्माण गर्ने । | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>२. विपद् सूचना केन्द्र, आपत्कालिन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एकद्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिक करण गरिनेछ ।<br>४. विपद् जोखिम पूर्व तयारी र जोखिम न्यूनीकरणमा स्थानीय स्तरमा क्षमता अभिवृद्धि गरिनेछ । |
| **१.२:** सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् पूर्व तयारीका लागि तालिम तथा सचेतनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथ्याङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन एकाइहरू स्थापना गरिनेछ ।<br>३. गाउँपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ ।<br>४. गाउँपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरू मा अवलोकन भ्रमण गराइनेछ ।<br>५. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन एकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| **१.३:** विपद् व्यवस्थापन सम्बन्धी जन चेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तरक्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. गाउँपालिकामा कार्यरत निकायहरूले आ-आफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |
| **उद्देश्य २ः मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपदको जोखिमलाई न्यूनीकरण गरी गाउँपालिका लाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१ः विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. बाढी, चटयाङ, डूवान खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बाढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्तो क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ।<br>४. साथै निर्माण भइ सकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |
| **उद्देश्य ३ः जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।** | |
| ३.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने । | १. पैयूँ बजार क्षेत्रमा वायु, ध्वनि प्रदूषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदूषण नियन्त्रण गर्न सरोकारवालासँग समन्वय गरिनेछ ।<br>२. पैयूँ गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिकाको रूपमा विकास गरिनेछ।<br>३. पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थान शील योजना कार्यान्वयन गरिनेछ । |

### ७.४.५ कार्यक्रम तथा आयोजना

**तालिका ९१: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजना**

| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| आपतकालिन उद्धारका लागि स्वयम् सेवक तालिम ३५ जना | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| विपद् उद्धार राहत कोष | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| विपद् उद्धारको लागि सामाग्रीहरूको खरिद तथा व्यवस्थापन | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| प्राकृतिक प्रकोपको जोखिम भएका घर परिवारको पहिचान गर्ने कार्यक्रम | | | | १००० | | | | | १००० | ०.०७ |
| जोखिम युक्त घर संरक्षण तथा पुन निर्माण कार्यक्रम | | | | | १००० | २००० | ३००० | ५००० | ११००० | ०.७२ |
| विपद् उद्धारका लागि दमकल एम्बुलेन्स जान सक्ने सडक स्तर उन्नति कार्यक्रम | | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | ३.२८ |
| **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा** | | | | **१३५००** | **१३५००** | **१४५००** | **१५५००** | **१७५००** | ७४५०० | ४.८९ |

**तालिका ९२: विपद् जोखिम न्यून करण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिक रण**

## ७.४.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ९३: विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी आएको हुनेछ । | विपदबाट क्षती भएको रकम | रू. करोड | ५ | ४ | ३ | २ | १ | ० | ० | |
| | | विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | |
| असर | विपद् जोखिमको पूर्वानुमान सूचना र उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ | प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना | सङ्ख्या | | | | | | | | |
| | | आपतकालीन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| | | विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | १० | १० | १० | १० | १० | १० | १० | |
| प्रतिफल | विपद् व्यवस्थापनसम्बन्धी कार्य योजना विकास हुनेछ | विपद् व्यवस्थापन योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | |
| | | स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्ययोजना तर्जुमा | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | |
| | सूचना/तथ्याङ्क सङ्कलन सही र सरल रूपमा प्राप्त हुने संयन्त्र विकास हुनेछ | विपद् व्यवस्थापनमा क्रियाशील सङ्घ-संस्थाहरू | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ५ | ५ | |
| | | विपद् व्यवस्थापन स्थानीय कोष | रू. लाखमा | ० | १० | २० | ३० | ४० | ५० | ५० | |
| | | सामान्य खोज उद्दारमा तालिमप्राप्त जनशक्ति | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सरोकारवाला र स्थानीय जनसमुदायहरूको क्षमता अभिवृद्धि हुनेछ | तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | ० | १० | २० | ३० | ४० | ५० | ५० | |
| | | वस्तीकालागि अयोग्य स्थानमा बसोबास गरेका घरधूरी | सङ्ख्या | ७५ | ६० | ५० | ४० | ३० | २० | २० | |
| | | | | | | | | | | | |

### ७.४.७ अनुमान तथा जोखिम पक्ष

**विपद् जोखिमबाट जन धनको क्षति शून्य भएको हुनेछ ।**

क. प्राकृतिक तथा मानव जन्य क्रियाकलापका कारण ठूला प्रकृतिका विपदहरू आइ लागेमा यससँग सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयनमा कठिनाइ हुन सक्छ ।

ख. आवश्यकता अनुसारको बजेट प्राप्त नभएमा विपद् लाई नियन्त्रणमा लिन सजिलो नहुन सक्छ ।

ग. विपद् अचानक र अपर्झट हुने हुँदा पूर्व तयारी सम्बन्धी कार्यहरू व्यवस्थित हुन सकेनन् भने विपद् न्यूनीरकण गर्न सहज नहुन सक्छ ।

# परिच्छेद — आठः सुशासन तथा संस्थागत विकास

## ८.१ पृष्ठभूमि (संवैधानिक तथा सैद्धान्तिक)

नेपालको संविधानको प्रस्तावनामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको अवधारणा पुरा गर्न नयाँ संविधान जारी भएको व्यहोरा उल्लेख गरिएको छ ।

संविधानको **धारा ५६** ले राज्यको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तहमा वर्गीकरण गरेको छ । त्यसैगरी **धारा ५७** ले राज्य शक्तिको बाँडफाँट र त्यसको प्रयोग उल्लिखित सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको संरचनाबाट संविधान र कानुन अनुसार हुने व्यवस्था गरेको छ । यसरी राज्य शक्तिको प्रयोग गर्दा संविधानको **अनुसूची ८** मा उल्लिखित एकल अधिकार सूची र **अनुसूची ९** मा उल्लिखित साझा अधिकार सूचीमा भएका विषयहरू संविधान र स्थानीय तहले निर्माण गरेका कानुन बमोजिम हुने कुरा उल्लेख छ । साझा अधिकारका सूचिका विषयमा भने संविधान, सङ्घीय कानुन, प्रदेश कानुन तथा स्थानीय तहले_निर्माण गरेका कानुन अनुसार हुने संवैधानिक व्यवस्था रहेको छ । संविधानको अध्ययन गर्दा तीनै वा सबै तहको छुट्टाछुट्टै एवम् साझा अधिकारहरूको खाका स्पष्ट गरी निर्धारण गरेको छ । प्रदेश र मूलतः स्थानीय तहका सरकारलाई जनताको नजिक राखी शक्ति र स्रोतमाथि नागरिकको नियन्त्रण र पहुँच स्थापित गर्ने प्रयास भएको छ । संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार क्षेत्रहरूमा नीति र कानुन निर्माण, विकास व्यवस्थापन एवं न्याय निरूपण, तथा सेवा प्रवाहमा स्थानीय सहभागिता र स्वामित्व कायम गर्ने व्यवस्थाको परिकल्पना संविधानले गरेको छ ।

संविधान अनुसार गठन भई सञ्चालन हुँदै आएका स्थानीय सरकारहरूले आफ्नो संवैधानिक तथा कानुनी दायित्व र भूमिकालाई निर्वाह गर्न स्थायी प्रकृतिको कार्यात्मक **संस्थागत प्रबन्ध** गर्नुपर्ने हुन आउँछ । यसरी संस्थागत प्रबन्ध गर्दा स्थानीय तहको काम, कर्तव्य र अधिकार अनुसारको कार्य बोझ, कार्य प्रकृति अनुसारको संगठनात्मक ढाँचा वा स्वरूप, जनशक्ति, कार्यसम्पादन कार्यविधि र स्रोत साधनको प्रबन्ध गर्नु आवश्यक छ। स रचनात्मक ढाँचा र जनशक्तिको प्रबन्ध मात्र होइन स्थानीय सरकारको जवाफदेहितालाई दिगो रूपमा बहन गर्न उनीहरूले काम गर्ने तौर तरिका तथा योजना तर्जुमाको शैली र चिन्तनलाई परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममूखी बनाउन पर्ने हुन्छ । अतः यीनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र सङ्गठनात्मक व्यवस्था, मानव संसाधन तथा भौतिक पूर्वाधार) क्षमतामा निरन्तर गुणात्मक सुधार ल्याउन आवश्यक छ ।

**पूर्ण निक्षेपणको मूल्य सन्निहित** रहेको हाम्रो सङ्घीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको सबैभन्दा **भरपर्दो, विश्वासिलो** तथा नजिकको अभिभावक हो ।सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा निर्वाचित स्थानीय सरकारसँग नागरिकले ठूलो अपेक्षा राखेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाई विधि सम्मत प्रक्रियाबाट जन अपेक्षा अनुसार कुशल, पारदर्शी र जबाफदेही ढङ्गले सम्पादन गर्न आवश्यक छ। बदलिँदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र र साधन स्रोतमा बढोत्तरीसँगै जनआकाङ्क्षा पनि

चुलिएको छ । यसरी चुलिएको जनआकाङ्क्षालाई सम्बोधन गर्नको लागि सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरुरी छ ।

यसै बीच, नेपाल लगायत विश्वका धेरै मुलुक र विश्व संस्थाहरूले समेत प्रतिबद्धता व्यक्त गरेका दिगो विकास लक्ष्यले पनि संस्थागत विकास र सुशासनलाई समेत महत्त्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य-१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसँग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तर्गत कानुन, नीति र सुशासन, सङ्गठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा स्रोत व्यवस्थापनका क्षेत्र तथा अन्य उपक्षेत्रहरू पर्छन् ।

एक्काइसौं शताब्दीको शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवा मूलक र उत्तरदायी बनाउँदै जानु आजको माग र आवश्यकता हो । शासन प्रणालीमा सबै क्षेत्र, वर्ग, समुदाय र सरोकारवालाको पहुँच र सहभागितालाई सुनिश्चित गर्न आवश्यक छ। सङ्घीय प्रणालीमा आधारित लोकतान्त्रिक शासन व्यवस्थालाई व्यवहारमा कार्यान्वयन गर्दै जन विश्वास अभिवृद्धि गर्नु प्रशासकीय सुशासनको मूल मर्म हो ।

अतः स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाम मुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि संस्थागत संरचना, दक्ष मानव संसाधन, संस्थागत क्षमताको आवश्यकता पर्दछ । स्थानीय सरकारको संस्थागत विकास तथा सुशासनबाट मात्र सङ्घीयता अनि राज्य प्रणाली सुदृढ हुन सक्दछ । मूलुकमा सुशासन कायम गर्न तीनै तहको सरकारहरू मध्ये स्थानीय सरकारले अझवढी विधिको शासन तथा सोको मूल्य तथा मान्यता अनुरूप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता, भ्रष्टाचार मुक्त अवस्थाको सिर्जना गर्नुपर्ने हुन आँउछ । साथै आफ्नो कार्य क्षेत्रमा सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिवृद्धि गरी विकास कार्यलाई नतिजा मुखी बनाउनु आवश्यक छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहका सरकारहरूबाट सम्पादन हुने सबै काम तथा सेवालाई सरल, सुव्यवस्थित, सेवाग्राही मैत्री र जबाफदेही बनाई नागरिक प्रति उत्तरदायी हुने अपेक्षा गरेको छ ।

### ८.१.१ पृष्ठभूमीः (स्थानीय)

पैयूँ गाउँपालिकाले आवधिक योजनालाई संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत विकास, क्षमता विकास, सुशासन र योजना कार्यान्वयन जस्ता पक्षहरूलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रूपमा लिइ विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । जबाफदेही, पारदर्शी र परिणाम मुखी शासकीय व्यवस्था र सार्वजनिक सेवाहरूमा सबै गाउँपालिका वासीको पहुँचको सोच सहित गाउँपालिकाको सुशासन प्रवर्द्धन गर्नका लागि नव निर्मित प्रशासकीय भवनबाट नागरिकलाई सेवा प्रवाह गर्ने कार्य अन्तिम चरणमा रहेको छ । नव निर्मित प्रशासकीय भवनमा विद्युतीय नागरिक वडापत्र र अन्य ७ वटै वडा कार्यालयहरूमा देखिने गरी नागरिक वडापत्र राखी त्यसलाई क्रमशः कार्यान्वयन गर्ने काम विगत वर्षहरूबाट हुँदै आएको छ । गाउँपालिकाबाट मासिक, चौमासिक, अर्ध वार्षिक तथा वार्षिक रूपमा सम्पादन भए गरेका सम्पूर्ण क्रियाकलापहरूको बारेमा सार्वजनिक सुनवाइ, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणाली जस्ता जवाफदेहिताका औजारहरूको पयोग मार्फत सेवा प्रवाह र सुशासनको प्रत्याभूत हुँदै आएको छ । गुनासो पेटिका, वेबसाइट, सामाजिक सञ्जाल, फेस बुक र हेल्लो सरकार जस्ता सूचना सम्प्रेषणका विभिन्न तरिका प्रयोग

गरी जन सरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने कामहरू पनि नियमित रूपमा सञ्चालन हुँदै आएको छन् ।

पैयूँ गाउँपालिकाले सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउदै लगेको छ । उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको लागि योजना सफ्टवयर मार्फत सञ्चालन गर्ने सुरुवात भएको छ । सुशासन कायम राख्नका लागि पालिका स्तरमा नागरिक वडापत्र राख्ने, सूचना पाटी तथा गुनासो पेटिका व्यवस्थापन र विद्युतीय हाजिरी एवं सि.सि. क्यामेरा जडान लगायत कार्यहरू भइरहेका छन् । नव निर्वाचित जनप्रतिनिधिका साथ साथै प्राविधिक र अप्राविधिक सबै कर्मचारीहरूलाई विभिन्न समयमा क्षमता विकास लगायतका तालिमहरू को व्यवस्था हुने गरेको छ । गाउँपालिकाको सूचनाहरू वेवसाईटमा मार्फत सार्वजनिक करण गर्ने गरिएको छ । हालसम्म पालिकाद्वारा स्विकृत नीति तथा कानुनको सङ्ख्या ठूलो रहेको छ । गाउँ पालिकाको सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न पैयूँ गाउँ कार्यपालिकामा जम्मा ७ वटा विभिन्न विषयगत समितिहरू रहेका छन् । सवै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमवाट निरुपण गर्ने गरिएको छ । गाउँपालिकाबाट हुने सबै आर्थिक कारोवारको लेखांकन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सुत्र प्रणाली मार्फत कार्य सञ्चालन हुँदै आएको छ ।

### ८.१.२ समस्या तथा चुनौती

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसकेको, व्यवस्थित र प्रविधि युक्त सेवा प्रदायक शाखा, उपशाखाहरू नहुनु, घुम्ती सेवाहरू नियमित नभएको, विद्युतीय सेवा प्रवाहमा विविधता हुन नसकेको र गाउँपालिका वासीमा प्रविधि सम्बन्धी ज्ञानमा कमी आदि प्रमुख समस्या हुन्। त्यस्तै, दक्ष कर्मचारी पर्याप्त नहुनु, आवश्यक मात्रामा जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास हुन नसकेको, कर्मचारीहरूको सरुवा संस्कारलाई व्यवस्थापन गर्न नसकिएको, क्षतिपूर्ति सहितको नागरिक बडापात्र कार्यान्वयन हुन नसकेको, कर्मचारीहरूको कार्य बिवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नभएको, कर्मचारीहरूको नियमित कार्यसम्पादन मूल्याङ्कन अनुसार क्षमता अभिवृद्धि हुन नसकेको, तथ्याङ्कीय आधार तयार नभएको, नसक्नू, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण जस्ता औजारहरूले नियमितता नपाएको आदि प्रमुख समस्या हुन् ।

परम्परागत शासन मुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राहीप्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमावान् र गुण स्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको बिकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकारप्रति विश्वास आर्जन गर्नु गाउँपालिकाका चुनौती हुन् ।

सवैभन्दा ठूलो चूनौती भनेको राजस्व सुधार कार्ययोजना तथा पालिकाको सालवसाली निर्णय अनुसार प्राकृतिक स्रोत साधनको विक्रि करमा आएको नीतिगत र कानूनी समस्याका कारण आन्तरिक आयमा उतार चढाउ\ह्रास आउनु हो ।

### ८.१.२ सम्भावना तथा अवसर

साङ्गठनिक प्रणालीलाई प्रभावकारी बनाउन आफ्नै कानुन बनाउने **संवैधानिक अधिकार** हुनु, कार्यसम्पादन मूल्याङ्कन नजिकबाट गर्न सक्नु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु आदि यस क्षेत्रका बलियो सम्भावनाहरू हुन् । सङ्घीय सरकारबाट स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि तयार भई कार्यान्वयनमा आउनु, सुशासन गाउँपालिकाको प्राथमिकतामा पर्नु, गै.स.स., नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु पनि संस्थागत विकासका लागि अवसरहरू हुन् ।भ्रष्टाचारमुक्त, उत्तरदायी र पारदर्शी कार्यसंस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ भन्ने मान्यताको विकास हुँदै गएको छ । सङ्घीयताको मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा गाउँ कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको हो। गाउँपालिकाको विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको छ । जनप्रतिनिधि र कर्मचारीहरूबीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुनु, सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्नु र देख्न पाउनु, सेवा प्रवाहका लागि विभिन्न तह गत संरचना तयार हुनु आदिलाई अवसरको रूपमा लिन सकिन्छ ।

यसैवीच, यस पालिकाले LISA तर्फ विगत आव ०७८/०७९ मा ६१.७५ प्रतिशत ०७९/०८० मा मस्यौदा तर्फ ७२.५ कुल अङ्क प्राप्त गर्न सफल भएको छ । त्यसैगरी FRA तर्फ ०७८/०७९ मा ६१ प्रतिशत र ०७९/०८० मा ५३.५ प्रतिशत अङ्क प्राप्त गरेको छ । अर्को तर्फ ३ वर्षको लागि राजस्व सुधार कार्य योजना र लैससास रणनीति सहित ३ वर्षे कार्य योजना निर्माण भइ कार्यान्वयनमा आइसकेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका निकायहरूबाट माग भएका विवरण तथा सुझावहरूको कार्यान्वयन गरिएको छ । पैयूँ गाउँ कार्यपालिकाको कार्यसम्पादन नियमावली तथा कार्यविभाजन नियमावलीको निर्माण र सो अनुसारको काम कार्वाही भइरहेको छ । पदाधिकारी तथा कर्मचारीहरूको सम्पत्ति विवरण तोकिएको स्थान र समयमा पेश गर्ने कार्य नियमित भएको छ । कर्मचारीहरूको कार्यविवरण सहित कार्यसम्पादन करार समेत गरिएको छ। न्यायिक समिति तर्फवाट न्याय निरुपण अन्तरगत गत आ.व. मा ६ वटा उजुरीको सुनुवाइ भइ मिलापत्र भएको थियो भने एउटा उजुरीको लागि सिफारिस गरिएको थियो । चालु आ.व.मा २ वटा मुद्दा न्यायिक समितिबाट मिलापत्र भएको र एउटा उजुरी हाल सुनुवाइमा रहेको छ । गाउँपालिकामा ४३ जना (स्थायी, अस्थायी र करार) कर्मचारी कार्यरत छन् । त्यसै गरी वडा कार्यालयमा १५ जना र स्वास्थ्य शाखा अन्तर्गत ५५ जना (स्थायी र करार) कर्मचारी कार्यरत छन् । वेरुजुको अवस्था अध्ययन गर्दा विगत ३ वर्षमा क्रमशः ३ प्रतिशत (रु. ७००००/- हजारमा) रहेको छ । आन्तरिक स्रोत वा राजस्वको अवस्था अध्ययन गर्दा क्रमशः वृद्दि हुँदै गएकोमा खोलाजन्य पदार्थको विक्रि वा व्यवस्थापनमा देखिएको कानूनी र नीतिगत समस्याले लक्ष्य अनुसार राजस्व सङ्कलन हुन सकेको छैन । पञ्जीकरण तर्फ सूचना प्रविधिमा आधारित रही कार्य गरिएको छ भने आन्तरिक नियन्त्रण पद्दति तर्फ पनि सामान्य प्रयास गरिएको छ ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

पैयूँ गाउँपालिकाको संस्थागत विकाससँगै सुशासन अभिवृद्धि भएको हुने ।

**उद्देश्य**

१. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।
२. सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
३. निर्वाचित जनप्रतिनिधि, कर्मचारीहरू तथा साझेदारहरूको क्षमतामा अभिवृद्धि गर्नु ।
४. आन्तरिक राजस्व क्षमतामा दिगोपना सहित वित्तीय सुशासनमा अभिवृद्धि गर्दै जानु ।
५. पालिकाको संस्थागत क्षमता अभिवृद्धिका लागि स्थानीय तह संस्थागत स्वमूल्याङ्कन 'LISA' तथा वित्तीय सुशासन 'FRRA' लगायतका क्षेत्रमा गुणात्मक सुधार ल्याउनु ।

**रणनीति तथा कार्यनीति**

**तालिका ९४: सेवा प्रवाह तथा सुशासनका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु । | |
| १.१: गाउँपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष,सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ ।<br>४. जनताको गुनासो सिधै अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना प्रविधिको प्रयोग र पहुँच बढाइनेछ ।<br>६. सेवा प्रवाहमा ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरू, महिला तथा बालबालिकाहरू लाई प्राथमिकता दिँदै नागरिकहरूलाई घर दैलोमै सेवा प्रवाह गर्न **घुम्ती सेवा कार्यक्रम** लाई निरन्तरता दिइनेछ ।<br>७. सामाजिक सुरक्षा भत्ता तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइन प्रविधि मार्फत सञ्चालन गरिएको मा यस कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।<br>८. सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोगमार्फत सार्वजनिक सेवा प्रवाहलाई थप छिटो छरितो र सहज बनाउँदै लगिनेछ ।<br>९. तथ्य तथ्याङ्कमा आधारित योजना प्रणाली तथा नीति निर्माण र निर्णय प्रक्रियालाई संस्थागत बनाइनेछ । |
| १.२: गाउँपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक सङ्घ संस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ ।<br>७. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइट मार्फत् नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>८. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>९. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आवद्ध गरिनेछ ।<br>१०. यसका लागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>१२.सेवा प्रदायक प्रति नागरिकहरूको सन्तुष्टीको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यस कार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ। |
| **१.३**ः सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको वडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिने ।<br>३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ ।<br>४. सेवा प्रवाहमा सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग मार्फत सार्वजनिक सेवा प्रवाहलाई थप छिटो छरितो र सहज बनाउँदै आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित गरिनेछ<br>५. सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता सार्वजनिक उत्तरदायित्वका अवयवहरूको प्रभावकारी उपयोग गर्दै आर्थिक पारदर्शिता कायम गरी भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई अवलम्बन गरिनेछ। |
| **२. सुशासनका लागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।** | |
| **२.१**ः शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| | ५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| २.२ः सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ।<br>३. पालिकाको न्यायिक अधिकारको प्रयोगद्वारा न्याय निरूपणलाई सरल र अनुभूति तहमा विस्तार गरिनेछ । |
| **३ निर्वाचित जनप्रतिनिधि, कर्मचारीहरू तथा साझेदारहरूको क्षमतामा अभिवृद्दि गर्नु ।** | |
| ३.१ः जनशक्ति विकास गर्ने । | १. पालिकाका लागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगका लागि एकीकृत जनशक्ति विकास योजना तयार गरिनेछ।<br>२. वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानका लागि विनियोजन गरिनेछ ।<br>३. पालिकाका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनुसार अभिमुखीकरण तालिम र क्षमता विकासका लागि आधुनिक प्रविधि युक्त तालिम प्रतिष्ठानको स्थापना गरिनेछ ।<br>४. स्थानीय आवश्यकता र उपलब्धता बीच सामञ्जस्यता कायम गरी सार्वजनिक, सहकारी र निजी क्षेत्रमा उपलब्ध स्रोतसाधनको उत्पादनशील क्षेत्रमा परिचालन गरी दिगो एवं उत्थानशील विकासमा जोड दिइनेछ।<br>५. गाउँपालिकाको विविध पक्षको अध्ययन, अनुसन्धान र जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरूको क्षमता विकास कार्यक्रमहरू कार्यान्वयन गर्न सञ्चालन गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग समन्वय र सहकार्य गरिनेछ । |
| ३.२ः अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाउने । | १. सङ्घीय र प्रदेशसरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. पालिकाको विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. पालिकाको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. गाउँपालिका स्तरीय विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **४ आन्तरिक राजस्व क्षमतामा दिगोपना सहित वित्तीय सुशासनमा अभिवृद्धि गर्दै जानु ।** | |
| ४.१ आन्तरिक राजस्वमा वृद्धि गर्नका लागि प्रभावकारी तालिम, सम्भाव्य स्रोतको | १.आन्तरिक राजस्व सङ्कलनको लागि सम्भाव्य क्षेत्रको पहिचान गरिनेछ ।<br>२.राजस्व सङ्कलनको लागि प्रभावकारी कानुनको तर्जुमा गरिनेछ ।<br>३. कर्मचारी र जनप्रतिनिधिहरूलाई राजस्व सम्बन्धी तालिमको व्यवस्था गरिनेछ<br>४.वडा कार्यालयबाट राजस्व सङ्कलन गरिने प्रणालीलाई थप व्यवस्थित गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| पहिचान सहित कार्य योजना अनुसार कार्य गरिनेछ । | |
| ४.२ सार्वजनिक आय—व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १. गाउँपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्वन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ। |
| ४.३ आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउने । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ ।<br>२. बेरुजुलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |
| **उद्देश्य ५: पालिकाको संस्थागत क्षमता अभिवृद्धिका लागि स्थानीय तह संस्थागत स्वमूल्याङ्कन 'LISA' तथा वित्तीय सुशासन 'FRRA' लगायतका क्षेत्रमा गुणात्मक सुधार ल्याउनु।** | |
| ५.१ सङ्घ तथा प्रदेश सरकारले जारी गरेको कार्यसम्पादन मूल्याङ्कन सूचकमा गुणात्मक सुधार ल्याउने । | १. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि) लाई प्रभावकारी र नियमित गराइनेछ।<br>२. संस्थागत स्वमूल्याङ्कन 'LISA' तथा वित्तीय सुशासन 'FRRA' लगायतका क्षेत्रमा उत्कृष्टता हासिल गरी निर्देशिकाको पूर्ण पालना तथा कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यदल बनाई नियमित अनुगमन गरिनेछ।<br>३. रापा श्रोत तथा वित्त आयोगले जारी गरेको कार्यसम्पादन मूल्याङ्कन सूचकमा उल्लिखित विषय क्षेत्रमा गुणात्मक सुधार ल्याउन आवश्यक कदम चालिनेछ ।<br>४. पालिकाको कार्यसम्पादन व्यवस्थित बनाउनका लागि छिमेकी स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारका निकायसँग नियमित परामर्श गरिनेछ ।<br>५. पालिकाको न्यायिक अधिकारको प्रयोगद्वारा न्याय निरूपणलाई सरल र अनुभूति तहमा विस्तार गर्न आवश्यक सम्यन्त्रको विकास गरिनेछ ।<br>६. तथ्य तथ्याङ्कमा आधारित योजना प्रणाली तथा नीति निर्माण र निर्णय प्रक्रियालाई संस्थागत बनाउन संस्थागत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

### ८.१.५ कार्यक्रम तथा आयोजना

**तालिका ९५: संस्थागत विकासका कार्यक्रम तथा आयोजना**

| सुशासन, ऐन नियम तथा जबाफदेहीता | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
| | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व | जम्मा | |
| सुशासन तथा जबाफदेहीता प्रवर्द्धन कार्यक्रम | | | | १००० | १२०० | १५०० | १८०० | २००० | ७५०० | ०.४९ |
| गाउँपालिकामा नागरिक सहायता कक्षा, स्तनपान तथा अपाङ्ग मैत्री कक्षा आदिको व्यवस्था गर्ने योजना | | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १.६४ |
| विद्युतीय सूचनाको प्रवर्द्धन | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| बेरुजू फछ्र्योटको लागि कर्मचारीलाई तालिम | | | | ३०० | | | | | ३०० | ०.०२ |
| सबै सार्वजनिक सेवा प्रवाह गर्ने निकाय/ कार्यालयहरूमा महिला तथा अपाङ्ग मैत्री भौतिक संरचनाको निर्माण | | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० | १.६४ |
| नागरिक सन्तुष्टि परीक्षण, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण जेसी परीक्षण आदिलाई नियमितता सम्बन्धी कार्यक्रम | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| योजना सञ्चालन गर्ने स्थानमा योजना सम्बन्धी होडिङ्ग वोर्ड राख्ने कार्यलाई अनिवार्य गर्ने कार्यक्रम | | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ०.१६ |
| सेवा प्रवाहमैत्री पालिका निर्माण | | | | १००० | १००० | १००० | १००० | १००० | ५००० | ०.३३ |
| **सुशासन, ऐन नियम तथा जवाफदेहिताको जम्मा** | | | | १४८०० | १४७०० | १५००० | १५३०० | १५५०० | ७५३०० | ४.९४ |

**तालिका ९६: संस्थागत विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण**

### ८.१.६ अपेक्षित उपलब्धि तथा नतिजा खाका

**तालिका ९७: संस्थागत विकासका अपेक्षित उपलब्धि तथा नतिजा खाका**

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | |
| प्रभाव | गाउँपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी हुनेछ | भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | | | | | | | | |
| | | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | | | | | | | | |
| | | न्यायिक समितिमा दर्ता भएका उजुरी फैसला अनुपात | प्रतिशत | | | | | | | | |
| | | कर्मचारीको पदपूर्ति | प्रतिशत | ५७.७७ | ६५ | ७० | ९० | ९५ | १०० | १०० | |
| | | कार्यपालिकाको बैठक | सङ्ख्या | २४ | १५ | १५ | १५ | १५ | १५ | ७५ | |
| | | पालिकाद्वारा स्वीकृत नीति तथा कानुन | सङ्ख्या | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | ७५ | |
| | | पालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | ८ | ८ | ८ | ८ | ८ | ८ | ८ | |
| | | औसत वार्षिक बेरुजू | रु.हजारमा | ७०१६९ | ५०००० | ३०००० | २०००० | १०००० | ० | ० | |
| | | औसत वार्षिक पुँजीगत खर्च | प्रतिशत | ३८.००% | ४० | ४२ | ४५ | ५० | ५५ | ५५ | |
| | | आन्तरिक आय | रु.हजारमा | ५९०९ | ६७९५ | ७८१५ | ८९८७ | १०३३५ | ११८८५ | ११८८५ | |
| असर १ | सरकारी तथा गैरसरकारी निकायहरूबाट जनताहरूले सरल र सर्वसुलभ तरिकाले सेवा प्राप्त गर्न सक्नेछन् । | सामाजिक परीक्षण | सङ्ख्या | ८ | १ | १ | १ | १ | १ | ५ | |
| | | आवधिक योजना तर्जुमा | सङ्ख्या | - | १ | १ | १ | १ | २ | २ | |
| | | मध्यमकालीन खर्च संरचना | सङ्ख्या | - | | १ | १ | २ | २ | २ | |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| | | पालिका तथा वार्डको सार्वजनिक सुनुवाइ | सङ्ख्या | ७ | ८ | ८ | ८ | ८ | ८ | ४० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित हुनेछन् । | कर्मचारी तथा जन प्रतिनिधिको कार्यप्रगतिको समीक्षा | सङ्ख्या | - | ३ | ३ | ३ | ३ | ३ | १२ | |
| | | अनुगमन | सङ्ख्या | १ | ६ | ६ | ६ | ६ | ६ | ३६ | |
| | | कार्यक्रमको कार्य प्रगति समीक्षा | सङ्ख्या | - | ४ | ४ | ४ | ४ | ४ | २० | |
| | | अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ | सङ्ख्या | - | १ | १ | १ | १ | १ | ५ | |
| असर २ | गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट पालिकाको आर्थिक समाजिक विकास हुनेछ । | क्षमता विकास योजना | सङ्ख्या | १ | १ | १ | २ | २ | ३ | ३ | |
| | | कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | ४५ | ४८ | ५० | ५५ | ५५ | ६० | ६० | |
| | | स्वीकृत ओएनएम प्रतिवेदन | सङ्ख्या | - | १ | १ | १ | १ | १ | १ | |
| प्रतिफल | गाउँपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ । | सेवाग्राहीको सन्तुष्टि स्तर | प्रतिशत | ७० | ७५ | ७८ | ८२ | ८५ | ९० | ९० | |
| | जनताको आर्थिक स्थितिमा सुधार हुने, दैनिक जीवन सञ्चालनमा सहयोग पुगेर जीवनस्तर माथि उठ्नेछ। | जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | ५ | |
| असर ३ | सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय-सुशासन युक्त र सेवामूलक बनाइनेछ । | अनलाइन सेवामा आबद्ध सुविधा | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | |
| | | सफ्टवेयरमा आधारित सेवा | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | |
| | | एकै दिनमा सम्पन्न गरिने सार्वजनिक सेवा | सङ्ख्या | ११ | १२ | १५ | १५ | १५ | १५ | १५ | |
| प्रतिफल | सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । | ई-हाजीरीको व्यवस्था भएका कार्यालय | सङ्ख्या | ० | ८ | २० | ३० | ४० | ५० | ५० | |
| | | पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गुणस्तरीय सेवाप्रवाह भएको हुनेछ । | आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| | | आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | ६ | ७ | ७ | ७ | ७ | ७ | ७ | |
| | उत्प्रेरित र उच्च मनोबलयुक्त कर्मचारीबाट प्रभावकारी सेवा प्रवाह भएको हुनेछ । | आवश्यक कानुनहरूको निर्माण | सङ्ख्या | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | ७५ | |
| | | कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | सङ्ख्या | - | १ | १ | १ | १ | १ | ५ | |
| | | कर्मचारीको कार्यविवरण तर्जुमा | सङ्ख्या | - | १ | १ | १ | १ | १ | १ | |
| असर ४ | सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रिया प्रभावकारी हुनेछ । | निर्धारित समयावधि मै बजेट | आएको/नआएको | आएको | आउने | आउने | आउने | आउने | आउने | आउने | |
| | | वार्षिक योजना तथा कार्यक्रम विवरण बेबसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिने | राखिने | राखिने | राखिने | राखिने | राखिने | |
| | | आय-व्ययको अद्यावदिक विवरण बेबसाइटमा | राखिएको/ नराखिएको | नराखिएको | राखिने | राखिने | राखिने | राखिने | राखिने | राखिने | |
| प्रतिफल | वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । | वार्षिक खरिद योजना | सङ्ख्या | - | १ | १ | १ | १ | १ | १ | |
| | राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | सङ्ख्या | ४ | १ | १ | १ | १ | १ | ५ | |
| | | आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | सङ्ख्या | - | १ | १ | १ | १ | १ | १ | |
| | | समयमा फछ्र्यौंट भएका वार्षिक योजना | प्रतिशत | ८८% | ९० | ९५ | १०० | १०० | १०० | १०० | |

### ८.१.७ अनुमान तथा जोखिम पक्ष

**गाउँ कार्यपालिकाको संस्थागत क्षमता विकास भएको हुने, मानव संसाधन विकास, पारदर्शीता, तथा सामाजिक जबाफदेहीता वृद्धि भइ सुशासन कायम भएको हुने ।**

क. सुशासनका औजारहरू र निर्माण भएका सम्बन्धित कानुनहरूको प्रयोग प्रभावकारी रूपमा हुन सकेन भने सुशासन सम्बन्धी कार्यक्रमहरू पनि प्रभावकारी नहुन सक्छन्, कार्यान्वयनमा चुनौती आउन सक्छ ।

ख. आवश्यकता अनुसारको बजेट अभावमा सुशासनका औजारहरू उपयोग नहुन सक्छन् ।

ग. प्राकृतिक प्रकोप वा मानव जन्य प्रकोपका कारण सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित कामहरूले निरन्तरता नपाउन सक्छन् ।

घ. स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको छिटो छिटो सरुवा हुने, जनप्रतिनिधि र कर्मचारीहरू बीच बलियो सम्बन्ध नहुने, अध्यक्ष र उपाध्यक्ष बीच सम्बन्ध कमजोर हुने जस्ता परिस्थितिहरू तथा कारणहरू सिर्जित भएमा संस्थाभित्र सुशासन तथा संस्थागत विकासका कार्यक्रमहरू कार्यान्वयन गर्न सहज नहुन सक्छ ।

# परिच्छेद — नौः कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

पैयूँ गाउँपालिकाले गाउँपालिकाको योजनाबद्ध विकासका लागि पार्श्वचित्र, तथ्यको विश्लेषण, सरोकारवाला तथा वडाबासीसँगको अन्तरक्रियाबाट पहिलो आवधिक योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा गाउँपालिकाले नेपाल सरकारको सोह्रौं योजना तथा गण्डकी प्रदेशको दोस्रो योजनाको अवधारण पत्रलाई समेत आधारको रूपमा लिएको छ । गाउँपालिकाले आवधिक योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागितामूलक ढङ्गबाट नतिजा खाका तयार गरेको छ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ ।

आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक, विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै, राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठूलो भूमिका हुन्छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

सङ्घीय शासन व्यवस्था अनुसार राज्यको पुनः संरचना प्रक्रियाबाट यस गाउँपालिकाको दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित कार्यपालिका मार्फत गाउँपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । गाउँपालिकामा हाल **..... वटा शाखाहरू ७ वटा वडा** समितिको कार्यालय रहेको छ । गाउँपालिकाको विद्यमान सङ्गठन संरचना अनुसार स्वीकृत दरबन्दी तथा करार सहित **४३ जना कर्मचारी** कार्यरत छन् । गाउँपालिकाको दोस्रो आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँ कार्यपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको पूर्णरूपमा कार्यान्वयन गरी कार्यालयको सङ्गठन संरचना अनुसारको कर्मचारी दरबन्दी र सोही बमोजिमको कार्य विवरण तयार गर्नुपर्ने देखिन्छ ।

## ९.३ विषयक्षेत्र अनुसार अनुमानित बजेट


यस आवधिक योजनामा विभिन्न पाँच वटा विषयगत क्षेत्रहरू तथा गाउँपालिका गौरवका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान गाउँपालिकाका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरूको कार्यशाला तथा वडा स्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत गाउँपालिकाको आन्तरिक आय, सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

तालिका ९८: विषय क्षेत्र अनुसार अनुमानित बजेट

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | |
| | **गाउँ गौरवका आयोजना** | १०६००० | ११०००० | १२१५०० | १४०००० | १४५००० | ६२२५०० | |
| १ | **आर्थिक क्षेत्र** | ३४००० | ४०२०० | ४५००० | ५३३०० | ६१००० | २३३५०० | १५.३२ |
| १.१ | कृषि तथा पशुपन्छी | १३००० | ० | १६५०० | २०३०० | २३००० | ८८५०० | ५.८१ |
| १.२ | सिंचाई | १०००० | १२००० | १५००० | १८००० | २०००० | ७५००० | ४.९२ |
| १.३ | पर्यटन, संस्कृति तथा सम्पदा | ३५०० | ४५०० | ५००० | ५५०० | ७५०० | २६००० | १.७१ |
| १.४ | उद्योग, व्यापार, व्यावसाय तथा आपूर्ति | ० | ४००० | ४५०० | ५५०० | ६५०० | २४००० | १.५७ |
| १.५ | श्रम, रोजगारी र सामाजिक सुरक्षा | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० | १.३१ |
| २ | **सामाजिक क्षेत्र** | ६१००० | ७२४०० | ८०८०० | ८६७०० | ८२००० | ३८२९०० | २५.१२ |
| २.१ | स्वास्थ्य तथा पोषण | ३३५ | ११२०० | १२००० | १३७०० | १३५०० | ६४४०० | ४.२३ |
| २.२ | शिक्षा, विज्ञान तथा नवप्रवतन | २५००० | २८२०० | ३०००० | ३०००० | ३०००० | १४३२०० | ९.४० |
| २.३ | खानेपानी तथा सरसफाइ | ५००० | ५५०० | ९००० | ८५०० | ९००० | ३७००० | २.४३ |
| २.४ | महिला, बालबालिका तथा लक्षित वर्ग | ८००० | ९५०० | ६८०० | ६५०० | ६५०० | ३७३०० | २.४५ |
| २.५ | युवा तथा खेलकुद | ९००० | १८००० | २३००० | २८००० | २३००० | १०१००० | ६.६३ |
| ३ | **पूर्वाधार क्षेत्र** | ६९००० | ९५५०० | १२२५०० | १३२००० | १४८५०० | ५६७५०० | ३७.२४ |
| ३.१ | बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण | १८००० | २५००० | २४००० | ३३५०० | ४८००० | १४८५०० | ९.७४ |
| ३.२ | सडक, पुल तथा यातायात | ४२००० | ६०००० | ९०००० | ९०००० | ९२००० | ३७४००० | २४.५४ |
| ३.३ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३०००० | १.९७ |
| ३.४ | सूचना, सञ्चार तथा प्रविधि | ३००० | ४५०० | २५०० | २५०० | २५०० | १५००० | ०.९८ |
| ४ | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | ३६००० | ४६२०० | ५२२०० | ५४२०० | ७६२०० | २६४८०० | १७.३८ |
| ४.१ | वन तथा जैविक विविधता | ३००० | २२०० | २२०० | २२०० | २२०० | ११८०० | ०.७७ |
| ४.२ | भूसंरक्षण तथा जलाधार व्यवस्थापन | ११५०० | २२५०० | २२५०० | २६५०० | ३६५०० | ११९५०० | ७.८४ |
| ४.३ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | ८००० | ८००० | १३००० | १०००० | २०००० | ५९००० | ३.८७ |
| ४.४ | विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता | १३५०० | १३५०० | १४५०० | १५५०० | १७५०० | ७४५०० | ४.८९ |
| ५ | **संस्थागत विकास तथा सुशासन क्षेत्र** | १४८०० | १४७०० | १५००० | १५३०० | १५५०० | ७५३०० | ४.९४ |
| | **कुल विषय क्षेत्रगत जम्मा बजेट** | २१४८०० | २६९००० | ३१५५०० | ३४१५०० | ३८३२०० | १५२४००० | १००.०० |

| क्र.सं. | विषयगत क्षेत्र उपक्षेत्र | अनुमानित बजेट लागत (रू.हजारमा) | | | | | | बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा | |
| गाउँपालिका गौरव तथा विषयगत क्षेत्र जम्मा बजेट | | | | | | | २१४६५०० | |

गाउँपालिकाको आवधिक योजना अवधिको लक्ष्य प्राप्तिका लागि क्षेत्रगत कूल लागत बजेट **रू. २ अर्ब १४ करोड ६५ लाख** अनुमान गरिएको छ । चालू खर्च घटाउँदै जाने नीति अनुरूप आवधिक योजनाको अवधि भर चालू खर्च ५० प्रतिशतमा सीमित गर्ने र पुँजीगत खर्च ५० प्रतिशत हुने गरी अनुमान गरिएको छ । गाउँ गौरवका आयोजनाहरूको लागि कुल बजेटको **२९ प्रतिशत** बजेट विनियोजन गरिएको छ र नपुग रकम बैकल्पिक स्रोतः सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य दाताहरू संग लागत साझेदारीमा कार्यान्वयन गरिनेछ । गाउँपालिका गौरवका आयोजना कार्यान्वयनका लागि कूल **रू. ६२ करोड २५ लाख** अनुमान गरिएको छ । विषय क्षेत्र अन्तर्गत सबै भन्दा बढी पूर्वाधार विकासका लागि **३७.२४ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, सामाजिक विकासका लागि **२५.१२ प्रतिशत**, आर्थिक विकास क्षेत्र विकासका लागि करिब **१५.३२ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **१७.३८ प्रतिशत** र संस्थागत तथा सुशासन क्षेत्र विकासका लागि **४.९४ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।




## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरू सँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण

हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ ।

### ९.४.१ राजस्व परिचालनको अवस्था

गाउँपालिकाको नेतृत्वमा तर्जुमा भएको पञ्चवर्षीय आवधिक विकास योजना गाउँपालिका विकासका सबै सरोकारवालाहरूको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लिखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाले आन्तरिक र बाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ।

आ.व. २०७९/८० को यथार्थ आय **रू. ४२ करोड ८६ लाख ४१ हजार** रहेको छ । गत तीन आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी कम्तीमा पनि आन्तरिक स्रोत वार्षिक १५ प्रतिशतका दरले र बाह्य स्रोत १० प्रतिशतले आय वृद्धि हुनसक्ने आधारमा ५ वर्षको कूल अनुमानित आय प्रक्षेपण गर्दा पैयूँ गाउँपालिकाको कूल अनुमानित आय करिब **रु. २ अर्ब ९० करोड ९ लाख ५६ हजार** हुने देखिन्छ । गत वर्षको आय विवरणको वृद्धि प्रवृतिका आधारमा गाउँपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिएता पनि आन्तरिक स्रोतको योगदान गत आ.व.मा कूल आयको **१.३८ प्रतिशत** मात्र रहेको छ ।

**तालिका ९९: राजस्व परिचालनको अवस्था**

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| आ.व. ०७९/०८० को यथार्थ | रकम | ५९०९ | ४५४७८ | - | ५१३८७ |
| | प्रतिशत | ११.५० | ८८.५० | | १००.० |
| आ.व. ०८०/०८१ को अनुमानित | रकम | ५७०० | ६५२४६ | - | ७०९४६ |
| | प्रतिशत | ८.०३ | ९१.९७ | - | १००.० |

*स्रोतः पैयूँ गाउँपालिका, लेखा शाखा*

### ९.४.२ खर्च अवस्थाको विश्लेषण

पैयूँ गाउँपालिकाको आ. व. ०८०/८१ को अनुमानित बजेट रू. **४१ करोड ७२ लाख ८२ हजार** रहेको छ । गाउँपालिकामा चालू खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७९/०८० को व्यय विवरण अनुसार चालू खर्च कूल खर्चको करिब **६० प्रतिशत** रहेको छ भने पूँजीगत खर्च **४० प्रतिशत** रहेको छ । गाउँपालिकाको विगत वर्षको व्यय विवरण अनुसार पुँजीगत खर्च चालुको तुलनामा १० प्रतिशतले कम देखिन्छ ।

**तालिका १००: खर्च बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)**

| क्र. सं. | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण | २०८५/८६ को प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बजेटको वर्गीकरण | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.१ | चालु खर्च | १७१४५६ | २५०३६९ | २३८१४८ | २६१६२६ | २८७४७७ | ३१५९४२ | ३४७२८५ | १४५०४७८ |
| १.२ | पुँजीगत खर्च | २५७१८५ | १६६९१३ | २३८१४८ | २६१६२६ | २८७४७७ | ३१५९४२ | ३४७२८५ | १४५०४७८ |
| **जम्मा बजेट** | | ४२८६४१ | ४१७२८२ | ४७६२९५ | ५२३२५२ | ५७४९५५ | ६३१८८४ | ६९४५७० | २९००९५६ |
| २ | **खर्चको क्षेत्रगत बाँडफाँड** | | | | | | | | |
| २.१ | आर्थिक विकास | | | ३४००० | ४०२०० | ४५००० | ५३३०० | ६१००० | २३३५०० |
| २.२ | सामाजिक विकास | | | ६१००० | ७२४०० | ८०८०० | ८६७०० | ८२००० | ३८२९०० |
| २.३ | पूर्वाधार विकास | | | ६९००० | ९५५०० | १२२५०० | १३२००० | १४८५०० | ५६७५०० |
| २.४ | वन वातावरण तथा विपद् व्यवस्थापन | | | ३६००० | ४६२०० | ५२२०० | ५४२०० | ७६२०० | २६४८०० |
| २.५ | संस्थागत विकास तथा सुशासन | | | १४८०० | १४७०० | १५००० | १५३०० | १५५०० | ७५३०० |
| २.६ | गौरबको योजना | | | १०६००० | ११०००० | १२१५०० | १४०००० | १४५००० | ६२२५०० |
| **जम्मा बजेट** | | | | ३२०८०० | ३७९००० | ४३७००० | ४८१५०० | ५२८२०० | २१४६५०० |

*स्रोतः पैयूँ गाउँपालिका, लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

### ९.४.३ अपुग स्रोत व्यवस्थापन

आवधिक योजना कार्यान्वयनका लागि गाउँ गौरवको योजना समेत कूल लगानी बजेट **रू. २ अर्ब १४ करोड ६५ लाख** अनुमान गरिएको छ । आ.व. २०७९/०८० को यथार्थ र चालू आ.व.को अनुमानित प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको गाउँपालिकाको अनुमानित आय **रू. २ अर्ब ९० करोड ९ लाख ५६ हजार** देखिन्छ । यसरी कूल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट बीच करिब **रू. ६९ करोड ६० लाख २२ हजार** बजेट अपुग देखिन्छ ।

**तालिका १०१: अपुग स्रोत व्यवस्थापन**

| क.सं. | शीर्षक | आर्थिक वर्ष र अनुमानित रकम रू. हजारमा | | | | | बजेट (रू.हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | कूल स्रोत परिचालन | ४७६२९५ | ५२३२५२ | ५७४९५५ | ६३१८८४ | ६९४५७० | **२९००९५६** |
| २ | कुल चालू | २३८१४८ | २६१६२६ | २८७४७७ | ३१५९४२ | ३४७२८५ | १४५०४७८ |
| ३ | कूल पुँजीगत | २३८१४८ | २६१६२६ | २८७४७७ | ३१५९४२ | ३४७२८५ | १४५०४७८ |
| ४ | कूल लगानी अनुमान | २१४८०० | २६९००० | ३१५५०० | ३४१५०० | ३८३२०० | **१५२४०००** |
| ५ | गाउँ गौरवका योजना | १०६००० | ११०००० | १२१५०० | १४०००० | १४५००० | **६२२५००** |
| ६ | **स्रोतको न्यूनता** | **-८२६५२** | **-११७३७४** | **-१४९५२३** | **-१६५५५८** | **-१८०९१५** | **-६९६०२२** |

*स्रोतः पैयूँ गाउँपालिका, लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

### ९.५ स्रोत परिचालन रणनीति

गाउँपालिकाको आवधिक विकास योजना (आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्म) का लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । गाउँपालिका कार्यपालिकाको कार्यालय, निजी क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक

योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिने छ । उक्त स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट बापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कूल **रु. २ अर्ब १४ करोड ६५ लाख** खर्च हुने अनुमान गरिएको छ भने करिब **रु. २ अर्ब ९० करोड ९ लाख ५६ हजार (७६.५७ प्रतिशत)** विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी, गाउँपालिकाको चालू खर्च बापत अनुमानित करिब **रु.१ अर्ब ४५ करोड ४ लाख ७८ हजार** खर्च हुने देखिन्छ । **कूल अनुमानित** खर्च गर्न अपुग हुने रकम करिब **रु. ६९ करोड ६० लाख २२ हजार (३२.४३ प्रतिशत)** बजेटका लागि गाउँपालिकाले थप श्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । जसका लागि गाउँपालिकाले निम्नअनुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ।

यस आवधिक विकास योजना अवधिमा गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट गाउँपालिकामा आउने रकमलाई गाउँपालिका स्तरीय महत्त्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।

- गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अन्तरराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी गाउँपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
- स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपूरक अनुदान प्राप्त गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र राष्ट्रिय र प्रदेश स्तरीय महत्त्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न गाउँपालिकाले सङ्घ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा गाउँपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।
- गाउँपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी गाउँपालिकाको स्रोत वृद्धि गरिनेछ ।
- मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पूरातत्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
- स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।

- आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्याङ्कनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । गाउँपालिकाको विकास गाउँपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नअनुसारका अनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ।

**(क) सरकारी क्षेत्र**

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात् गाउँपालिकाको हो । गाउँपालिकाले नै सबै क्षेत्रसँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । गाउँपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न सङ्घीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सो अनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशिता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइ नहुने क्षेत्रमा गाउँपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**(ख) निजीक्षेत्र**

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्त्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशुविकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुनेछ । सरकारबाट भएको नीतिगत, कानुनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने, बजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्त्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ । यस क्षेत्रबाट करिब **६.१२ प्रतिशत** लगानी हुने अपेक्षा गरिएको छ ।

**(घ) सहकारी क्षेत्र**

सहकारीले संस्थामा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । ससाना बचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई सङ्गठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय श्रोत र साधनको उपयोग गर्न, सहकारीताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । गाउँपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी आर्थिक वृद्धि, गरिवी निवारण आदिमा सहकारीक्षेत्रको विशेष भूमिका अपेक्षा गरी यसक्षेत्रवाट योजना अवधिमा **२.२८ प्रतिशत** लगानी प्रक्षेपण गरिएको छ ।

**(ङ) गैह सरकारी क्षेत्र (गैसस)**

समूह परिचालन, सचेतना मूलक कार्यक्रम, ससाना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह बचत तथा ऋण परिचालन, ससाना आय मूलक कार्यक्रम सञ्चालन,

रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले गाउँपालिकासँग महत्त्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्ट्यताका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रबाट **३.८९ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

**(च) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक सङ्घ संस्था**

विकास प्रदायकले जतिसुकै प्रयास गरेता पनि यसका प्रापक अर्थात् उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकाशलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूबाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान **४.४५ प्रतिशत** हुने अनुमान गरिएको छ ।

**(छ) अन्तर स्थानीय तह साझेदारी**

गाउँपालिकासँग सिमाना जोडिएका स्थानीय ततहरूसँग मिलेर रणनैतिक महत्त्वका विकासका योजनाहरू साझेदारीमा विभिन्न विकास निर्माणका कार्यमा लगानी हुने अनुमान गरिएको छ । यस किसिमका अन्तर स्थानीय तह साझेदारीमा करिब **२.६१ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

**९.६.२ कार्यान्वयन प्रक्रिया**

आवधिक योजना कार्यान्वयनका लागि गाउँपालिकाले निम्न प्रक्रियाहरू अवलम्बन गरि अगाडी बढ्ने छ ।

**(क) सूची तयारी**

गाउँपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, सङ्घीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा सङ्घ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तरराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

**(ख) छलफल एवं अन्तरक्रिया**

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यका लागि गाउँपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजीकरण गर्नेछ । छलफल र अन्तरक्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

**(ग) मध्यकालीन खर्च संरचना तयारी**

गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम बीच अन्तरसम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी वार्षिक रूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

**(घ) नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा**

आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसँग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम

अन्तर्गत रही योजनाको प्रकृति अनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस तथा विकास साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ ।

**तालिका १०२: वार्षिक कार्यान्वयन कार्ययोजना ढाँचा**

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना / कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसङ्ख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | एकाइ | परिमाण | | एकाइ | परिमाण | | | | | |
| आर्थिक विकास | | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | | |
| वातावरण तथा विपद व्यवस्थापन | | | | | | | | | | | |
| संस्थागत र सुशासन | | | | | | | | | | | |
| अन्तर सम्बन्धित क्षेत्र | | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | | |
| जम्मा चालू खर्च | | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ—आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालू र पूँजीगत खर्च खुलाई गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

गाउँपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागितामूलक प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकता अनुसार सरोकारवालाहरू र तेस्रो पक्ष समेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी सोही अनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ । गाउँपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछः

- कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

गाउँपालिकाले देहाय अनुसार अनुगमन गर्नेछः

- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

गाउँपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछः

- गाउँपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,
- गाउँपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधन मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिका क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू,
- गाउँपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनको साथै जबाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चिततालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनु पर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिला-सुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछः

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरू सँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन्:

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उप प्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहनेछन्:

- उप प्रमुख — संयोजक
- प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरू मध्येबाट सदस्य (दुई जना)

– प्रमुख प्रशासकीय अधिकृत — सदस्य
– प्रमुख, योजना शाखा — सदस्य सचिव

*आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।*

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछः

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ,
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछः

- सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक
- वडा सदस्यहरू — सदस्य
- वडा सचिव — सदस्य सचिव

आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भए पछि कार्यपालिकाले तोकेका आयोजनाको तेस्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गरिनेछ ।

- योजनाको लक्ष्य बमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक गाउँपालिका विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछः

**तालिका १०३: अनुगमन तथा मूल्याङ्कन खाका**

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **अनुगमन प्रक्रिया** | | | | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी | आवश्यकता अनुसार, मासिक, चौमासिक र वार्षिक | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ बृहत् योजनाको कार्यान्वयन योजनाको<br>▪ वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने |

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| | | अनुगमन प्रक्रिया | | |
| | कार्यालय र गैसस | | | ▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि नपा समक्ष कार्ययोजना पेश गर्ने |
| प्रतिफल अनुगमन | गाउँपालिका कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि | ▪ स्थलगत अनुगमन<br>▪ वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>▪ सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने | |
| असर तह अनुगमन | गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>▪ योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | |
| | | मूल्याङ्कन प्रक्रिया | | |
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>▪ असर तहका सूचना सङ्कलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | ▪ अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका कार्यालयमा पेश गर्ने |
| प्रभाव तह मूल्याङ्कन | गाउँपालिका कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | ▪ लक्षित समूह तथा सहभागितामूलक छलफल<br>▪ नमुना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दिगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>▪ प्रतिवेदन तयारी र गाउँपालिकामा छलफल | ▪ गाउँपालिका कार्यालयले प्रतिवेदनका सिफारिस कार्यान्वयनका लागि नपा समक्ष कार्ययोजना पेश गर्ने |

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछः

- गाउँपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

# अनुसूचीहरू

**अनुसूची — १ः वडा गत छलफलका आधारमा सङ्कलित आगामी ५ वर्षका लागि प्रस्तावित कार्यक्रमहरू**
**वडा नं. १ — टकलाक**

## आर्थिक विकास

**क. कृषि**

१. कफी खेती प्रवर्द्धन कार्यक्रम
२. मसला (अदुवा, बेसार) प्याकेजिङ्ग, लेवलिङ्ग
३. कृषि उपज सङ्कलन केन्द्र
४. कृषि वालि सम्भाव्यता अध्ययन
५. चिस्यान केन्द्र निर्माण
६. भकारो सुधार/ गहुँत व्यवस्थापन

**ख. पशुपक्षी**

७ बाख्रा फर्म स्थापना तथा व्यवस्थापन कार्यक्रम
८ बाख्राको लागि घाँस (डाले तथा भई घाँस) को नर्सरी स्थापना तथा घाँस विस्तार कार्यक्रम

**ग. सिँचाई**

९ पिडीखोला, बर्दिलाङ बायखर्क, सिँचाई कुलो ४ कि. मि.
१० टकलाक, टार, चौर लिफ्टीङ सिँचाई योजना डिपीआर भइसकेको ५५०० मिटर उचाइ
११ टारी खेत सिँचाई टेकी बायाँखर्क
१२ वहाबी सिँचाई टेकी वायाँखर्क
१३ बहाबी माझको कुलो ४०० मिटर मर्मत सम्भार
१४ बाँध पधेरो सानो थुम्का सिँचाई ३०० मिटर
१५ रातो स्वाँरा सिँचाई कुलो ५०० मिटर
१६ पाँचमुरे सिँचाई कुलो ५०० मिटर
१७ खोलापरी सिँचाई कुलो ४०० मिटर
१८ चियाने सोत सिँचाई योजना
१९ पाँचमुरे तल्लो र उपल्लो कुलो
२० बाँध पधेरा टकलाक सिँचाई ४०० मिटर मर्मत
२१ बाय, बाटुलेखर्क, सिँचाई टेकी निर्माण
२२ लामागरा पुछारको कुलो मर्मत ४०० मिटर
२३ खाल्टे माझको कुलो मर्मत
२४ सिस्नेरी देखि माटेथुङ्गा सिँचाई कुलो
२५ खर्क सिँचाई टेकी निर्माण योजना
२६ स्याम थुम्का सिँचाई टेकी निर्माण योजना
२७ माझको थुम्कादेखि ठूलाचौर कुलो मर्मत
२८ पाँचमुरे कोप्चे कुलो ५०० मिटर मर्मत

**घ. पर्यटन संस्कृति तथा सम्पदा**

२९ अग्लो भाइरल पुल घैयाखेत ढुङ्गेखर्क देवीस्थान पैदल मार्ग निर्माण १ किलो मिटर

३० पाहुना घर ढुङ्गेखर्क
३१ वनभोज कार्यक्रम स्थल निर्माण शिवालय चौर
३२ टकलाक कालीका मन्दिर संरक्षण
३३ देवी स्थान मन्दिर निर्माण
३४ स्थानीय वेषभूषा तथा संस्कृति संरक्षण
ङ. उद्योग व्यापार व्यवसाय आपूर्ति
३५ बाँस निगालोबाट माग अनुसारका बस्तु निर्माण व्यवसाय स्थापना तथा सञ्चालन
३६ साना उद्योगी/ व्यवसाय/व्यवसाय स्थापना तथा सञ्चालन कार्यक्रम

**सामाजिक विकास**

**क. स्वास्थ्य तथा पोषण**
३७ स्वास्थ्य चौकीमा ल्याव स्थापना
३८ आमा र शिशुको स्वास्थ्यको लागि सचेतन मूलक तालिम
३९ अति गरिब परिवारका लागि पोषण सामाग्री वितरण कार्यक्रम

**ख. शिक्षा विज्ञान तथा नव प्रवर्तन**
४० बाल मैत्री स्थानीय शासन कायम गर्नका लागि कक्षा कोठा मर्मत सम्भार
४१ सिकाई सहज पहुँचको लागि अतिरिक्त कक्षा सञ्चालन
४२ दिवा खाजा कक्षा ६ देखि कक्षा १० सम्म क्रमशः बढाउँदै जाने कार्यक्रम
४३ शिक्षक दरबन्दी मिलान कार्यक्रम
४४ टकलाक मा.वि. विद्यालय संरक्षण कार्यक्रम
४५ शिक्षकलाई ५० प्रतिशत अनुदानमा ल्यापटप हस्तान्तरण कार्यक्रम
४६ नमुना सरस्वती विद्यालयमा ECD कक्षा सञ्चालन कार्यक्रम
४७ टकलाक मा.वि.मा छात्रा शौचालय निर्माण योजना
४८ सबै विद्यालयहरूमा शौचालय व्यवस्थापन योजना
४९ बाल मैत्री फर्निचरको व्यवस्थापन
५० बाल प्रतिभा विद्यालयमा छात्र छात्राको छुट्टा छुट्टै शौचालय निर्माण योजना
५१ बाल प्रतिभा प्रा वि मा वार पर्खाल निर्माण योजना

**ग खानेपानी तथा सरसफाइ**
५२ घर एक धारा कार्यक्रम (पुरै वडा)
५३ शौचालय नभएका घर धुरीहरू पक्की शौचालय निर्माण योजना
५४ भाइरल पुलको नजिक सार्वजनिक शौचालय निर्माण योजना

**घ महिला बालबालिका तथा लक्षित वर्ग**
५५ महिला समूहका लागि टेण्ट व्यवस्थापन ३ ठाउँमा
५६ महिला उद्धोषण क्षमता विकास तथा सीप मूलक तालिम सञ्चालन कार्यक्रम
५७ महिला स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन
५८ ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना तथा सञ्चालन
५९ अपाङ्गता भएका घर पारिवारिका नानी बाबुहरूका लागि स्वास्थ्य शिक्षा सहयोग कार्यक्रम
६० अपाङ्गता भएका घरमै सार्वजनिक सेवा प्रवाह कार्यक्रम

६१ ग र घ अपाङ्गता परिचय पत्र लिएका व्यक्तिलाई आय आर्जन कार्यक्रम

६२ अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगी सामाग्री हस्तान्तरण कार्यक्रम

**६३** घर, परिवार तथा विद्यालय सहित बाल मैत्री स्थानीय शासन सहितको वडा घोषणा कार्यक्रम

**ङ युवा तथा खेलकुद**

६४ वडा स्तरीय खेलकुद मैदान निर्माण गर्ने

६५ युवा सशक्तिकरण कार्यक्रम सञ्चालन

## पूर्वाधार विकास

**क. वस्ति आवास तथा सार्वजनिक निर्माण**

६६ वडा कार्यालयमा तला थप कार्यक्रम

६७ बहु उद्देश्ययी सामुदायिक भवन निर्माण

६८ हेली प्याड निर्माण योजना

६९ विपन्न एवम् जोखिम युक्त परिवार आवास निर्माण कार्यक्रम

७० तुरतुरे प्रतीक्षालय निर्माण योजना

७१ बदिलाङ प्रतीक्षालय निर्माण योजना

७२ सिस्नेरीमा प्रतीक्षालय निर्माण

७३ युवा क्लबको लागि प्रतीक्षालय तथा भवन निर्माण

**ख सडक पुल तथा यातायात**

७४ अर्थुन, टकलाक, सिगारकोश बेलासरी सडक स्तर उन्नति ६ कि.मि.

७५ ज्यामिरे गहिरा,चौर, वायखर्क, रातो छहरा, सेदी वेणी, सडक ५ कि.मि. स्तर उन्नति

७६ सिगारकोश, बर्दिलाङ, रातो छहरो सेदीबेणी सडक ३ कि.मि.

७७ टकलाक, ढुङ्गेखर्क,फलेवास, चिन्नेखर्क ३ कि.मि सडक स्तर उन्नति

७८ वडा कार्यालयदेखि चौर ग्रामीण सडक १.५ कि.मि. स्तर उन्नति

७९ वडा कार्यालयबाट बाहबी भाइरल पुल १ कि.मि.

८० सिस्नेरी समुथम्का कार्तेके १ कि.मि. स्तर उन्नति

८१ सिगारकोषबाट मगर वस्ति गोरेटो बाटो १ कि.मि.घोडेटो बाटो निर्माण

८२ माकुरे गहिरा फलेवास दिवाली जाने बाटो १ कि.मि. पैदल मार्ग

८३ बहाबी देखि मन्दिर बाँस २०० मिटर गोरेटो बाटो

८४ सिगारकोष दोबाटोबाट दलित वस्ति हुँदै वर्षमा जाने घोडेटो बाटो

८५ पिडीखोला र रातोपूल बीचमा पूल निर्माण योजना

८६ पाँचमुरे घाट कल्भट निर्माण

**ग जलस्रोत विद्युत् तथा वैकल्पिक ऊर्जा**

८७ ढुङ्गेखर्क र सिगारकोषमा ट्रान्सफरमर व्यवस्थापन

८८ तीन फेज लाइन विस्तार

८९ ठूलाचौरमा विद्युत् लाइन विस्तार

**९०** टेलीकमको गुणस्तर सुधार

**घ सूचना सञ्चार र प्रविधि**

९१ नेपाल टेली कमको गुणस्तरमा सुधार

## ५ वन वातावरण तथा विपद् व्यवस्थापन

**क वन तथा जैविक विविधता**

६ बाँदर नियन्त्रण

७ सडक पेटिकामा फलफूल लगायतका बिरुवाहरू लगाउने

८ सेदीखोला तटबन्ध

९ विपदबाट जोखिममा परेका घरहरूको उचित संरक्षण सहित स्थानान्तरण कार्यक्रम

**ख जलाधार तथा भूसंरक्षण**

१० **सेदी**खोला तटबन्ध

११ तुरतुरे सानो खानेपानीको मुहान संरक्षण तथा पँधेरो

१२ बाटुलेको कुलाको पहिरोको बाँध नियन्त्रण कार्यक्रम

१३ सातपत्रे खेतमा पहिरो नियन्त्रण

**ग वातावरण तथा फोहोर मैला व्यवस्थापन**

**घ विपद् जोखिम न्यूनीकरण जलवायु उत्थानशीलता**

## ५ संस्थागत विकास तथा सुशासन

१४ सि.सि क्यामेरा तथा ई हाजिरीको व्यवस्थापन

१५ सार्वजनिक सुनुवाइलाई व्यवस्थित र नियमित गर्ने

१६ प्रत्येक योजना तथा कार्यक्रमको सूचना बोर्ड तयार गरी निर्माणस्थलमा टाँस गर्ने कार्यक्रम

१७ डिजिटल सूचना पाटी र नागरिक वडा पत्रलाई थप व्यवस्थित गर्ने

**वडा नं. — २ त्रिवेणी**

## १ आर्थिक विकास

**च. कृषि**

१ बाँदर नियन्त्रण कार्यक्रम

२ किसानले उत्पादन गरेको मात्राको आधारमा मात्र कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

३ साबिक वडा नं.१, ३, ५, ६, ७ र ८ मा सुन्तला खेती प्रवर्द्धन कार्यक्रम

४ केरा,अलैंची, अदुवा, बेसार, कफी खेती विस्तार कार्यक्रम

५ अमिलो जातका फलफूल विस्तार कार्यक्रम

६ सहुलियत मल बीउ व्यवस्थापन कार्यक्रम

७ आलु खेती विकास कार्यक्रम

८ आलु चिस्यान केन्द्र निर्माण योजना

९ माटो परीक्षण सहित स्थानीय जातको धान खेतीको विकास र विस्तार

**छ. पशुपक्षी**

६ बाख्रा फर्म सञ्चालन कार्यक्रम

७ कुखुरा फर्म स्थापना तथा सञ्चालन स्थानीय जातका कुखुराहरुको प्रवर्द्धन र विकास

८ बंगुर सुँगुर फर्म विस्तार योजना

९ भैसीपालन व्यवसायीक कार्यक्रम

१० दुग्ध सङ्कलन केन्द्रको स्थापना र सञ्चालन

११ पशु विमा कार्यक्रम सञ्चालन योजना

**ज. सिँचाई**

१४ बौदीखोला ठूला वेशी माथिल्लो र तल्लो, चिसापानी कुलो, बलहरे बिरौटा कुलो, धर्मखोला कुलो,बोकेखोला कुलो, भर्म अल्टारी कुलो,नेगर्का टारी कुलो,भ्रमखोलादेखि अर्थुङको पुल सम्मको कुलो आपेबगर गल्छी ना कुलो, भ्रम सेल्टुरे कुलो, भर्मखोला टारी कुलो, भर्मखोलादेखि चाहरेसम्म कुलो, मसारे ठूलो बेशी कुलो मर्मत योजना

१५ धुमाउने खोला सिँचाइ टेकी, अर्नास फाँटको लागि सिँचाइ टेकी निर्माण योजना

१६ लब्सी गहिरा खेत कुलो, गुरासे आम्बोट टारी कुलो निर्माण योजना

१७ लिप्टिङ सिस्टम सिँचाइ योजना

**झ. उद्योग व्यापार व्यवसाय आपूर्ति**

१८ कृषि एम्वुलेन्स तथा चिस्यान केन्द्र मार्फत स्थानीय उत्पादनको व्यपारीकरण

१९ बाँस निगालो फर्निचर उद्योग स्थापना र सञ्चालन

२० वेसार अदुवा मकै बाबियो पराल आदिबाट विभिन्न सामग्रीहरू उत्पादन गर्ने उद्योग सञ्चालन

**ञ. पर्यटन संस्कृति तथा सम्पदा**

२१ तीसमुरेमा नागको मन्दिर निर्माण योजना

२२ राधाकृष्ण मन्दिर, आनमदेवी मन्दिर, पुन निर्माण योजना

२३ होमस्टे प्रवर्द्धन कार्यक्रम

२४ पैयुकोट भ्यू टावर निर्माण योजना

ट. श्रम रोजगार तथा सामाजिक सुरक्षा

## २ सामाजिक विकास

**ग. स्वास्थ्य तथा पोषण**

२५ स्वास्थ्य विमा सञ्चालन कार्यक्रम

२६ स्थानीय उत्पादनका फाइदाका बारेमा सचेतन अभिवृद्धि गर्दै कम्पनीबाट उत्पादित वस्तुहरूलाई निरुत्साहित गर्ने कार्यक्रम सञ्चालन योजना

२७ स्वास्थ्य चौकीमा आवश्यक औजारहरूको व्यवस्था

**घ. शिक्षा विज्ञान तथा नव प्रवर्तन**

२८ प्राविधिक शिक्षाको विकास र विस्तारमा जोड दिने

२९ श्री निर्मल जनसेवा मा.वि. को पुरानो भवनलाई पुरानै ढाँचामा निर्माण गरी सङ्ग्रहालय लगायत पठन पाठन र पर्यटन महत्त्वको क्षेत्रका रूपमा विकास गर्ने

३० सबै विद्यालयमा भवन, फर्निचर लगायत बाल मैत्री विद्यालयको निर्माण

३१ घर परिवार, समुदाय तथा विद्यालयलाई बाल मैत्री स्थानीय शासन सहितको बनाउने योजना

३२ विद्यालयमा सवारीका साधनहरूको व्यवस्था गरी आवश्यकता अनुसार विद्यालयहरू मर्जिङ्ग गर्दै जाने योजना

३३ एक वडा एक नमुना विद्यालय कार्यक्रम सञ्चालन गर्ने

३४ नयाँ अविस्कारमा लाग्ने विद्यार्थीहरूलाई प्रोत्साहन कार्यक्रम

३५ शिक्षकलाई अप ग्रेड गरी शिक्षाको गुणस्तरमा वृद्धि गर्ने कार्यक्रम

**ग खानेपानी तथा सरसफाइ**

३६ एक घर एक धारा कार्यक्रम कार्यान्वयन योजना

३७ खानेपानीका मूलहरूको संरक्षण योजना

३८ बजार उन्मुख वस्तिहरूमा एक घर २ फोहोर सङ्कलन डष्विन व्यवस्थापन

३९ पानीका मुहान, इनटेंक तथा रिजर्भ टेंकहरु सफा गर्ने कार्यक्रम

४० सार्वजनिक शौचालय निर्माण त्रिवेणी खेल मैदान नजिक

**घ महिला बालबालिका तथा लक्षित वर्ग**

४१ महिलाहरूको उद्घोषण क्षमता विकास तथा सीप मूलक तालिम

४२ लैङ्गिक हिंसा मुक्त वडा घोषणा कार्यक्रम

४३ महिलाको क्षमता विकास आय आर्जन र सहभागिता मूलक कार्यक्रम

४४ अपाङ्गता भएका व्यक्तिहरूका लागि सीप विकास तालिम सहित आय आर्जन कार्यक्रम

४५ ज्येष्ठ नागरिक भेटघाट केन्द्र निर्माण कार्यक्रम

४६ दलित तथा अति गरिब परिवारका लागि तालिम तथा आय आर्जन कार्यक्रम

**ङ युवा तथा खेलकुद**

४७ वडा स्तरीय खेल मैदान निर्माण

४८ खेलाडी प्रोत्साहन कार्यक्रम

४९ युवाहरूलाई स्व रोजगार तथा वैदेशिक रोजगार सम्बन्धी तालिम

## ३ पूर्वाधार विकास

**ख. वस्ति आवास तथा सार्वजनिक निर्माण**

**५०** विपद् तथा जोखिममा परेका घर परिवारलाई स्थान्तरण कार्यक्रम

५१ सार्वजनिक प्रतीक्षालय निर्माण (तीसमुरे, भर्म तोरिया)

५२ अर्नास, अर्थुङ्ग, ज्यामिरे आमा समूहको भवन निर्माण

५३ चिन्नेखर्क जाने बाटोको चौतारो नजिक प्रतीक्षालय निर्माण

**ख सडक पुल तथा यातायात**

**५४** तीसमुरे नागथान देखि देवीथान गल्याङ्ग सम्मको ग्रामीण सडक स्तर उन्नति

५५ नेकर्का डुम्रे भञ्ज्यायाङ्ग हुँदै बाँयाटारी ग्रामीण सडक स्तर उन्नति

५६ अर्थुङ्ग चिन्नेखर्क हुँदै गल्याङ ग्रामीण सडक स्तर उन्नति

५७ बौदीखोला कृषि सडक स्तर उन्नति

५८ भर्मखोला कृषि सडक स्तर उन्नति

५९ त्रिवेणी वजार बडा कार्यालय हुँदै अर्थुङ्ग सडक स्तर उन्नति कार्यक्रम

६० ढाँडदेखि क्याम्पस सम्मको सडक स्तर उन्नति

६१ अर्थुन बजारबाट पैयुँ बहुमुखी क्याम्पस जाने बाटो स्तर उन्नति

**ग जल विद्युत् तथा वैकल्पिक ऊर्जा**

**६२** नयाँ वस्तिमा मुख्य सडकहरूमा लाइन विस्तार योजना

६३ सबै वस्तिहरूमा थ्रिफेज लाइन विस्तार योजना

६४ ठूलो बेशी ढल निकास योजना

**घ सूचना सञ्चार र प्रविधि**

६५ वडा कार्यालय र शैक्षिक संस्था र स्वास्थ्य संस्थाहरूमा डिजिटल बोर्डको व्यवस्था

**४ वन वातावरण तथा विपद् व्यवस्थापन**

**क वन तथा जैविक विविधता**

**६६** सामुदायिक वन सफा गरी जडीबुटी खेती विस्तार गर्ने

६७ सामुदायिक वनमा पाइने जडीबुटीको पहिचान प्रवर्द्धन तथा विकास

**ख जलाधार तथा भूसंरक्षण**

**६८** पानीका मूलहरूको संरक्षण

६९ सेदीखोला मर्दीखोला बाँध तटबन्ध योजना

७० बोकेखोलाको स्कूल क्याम्पस किनारमा बाँध अर्थात् तटबन्ध योजना

७१ सडक किनारमा वृक्ष रोपण कार्यक्रम

**ग वातावरण तथा फोहोर मैला व्यवस्थापन**

**७२** एक घर २ डष्विन व्यवस्थापन

७३ सार्वजनिक शौचालय निर्माण योजना

**घ विपद् जोखिम न्यनीकरण जलवायु उत्थानशीलता**

**७४** विपद् व्यवस्थापन सम्बन्धी सचेतन अभिवृद्धि कार्यक्रम

७५ विपद् व्यवस्थापन सम्बन्धी सामाग्रीहरूको भण्डारण

## ५ संस्थागत विकास तथा सुशासन

**७६** वडा कार्यालयको भवन निर्माण योजना

७७ वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकीमा डिजिटल सेवा विस्तार

## वडा नं. ३ बेउलीबास

### आर्थिक विकास

**कृषि तथा पशुपंछि विकास**

१. कृषि औजार सहायता कार्यक्रम
   क. ह्याज ट्रिमर
   ख. छर्ने, गोड्ने तथा ड्याङ बनाउने हाते ट्याक्टर
   ग. बाली अनुसारको फरक-फरक थ्रेसर जाली
२. प्राङ्गरिक/कम्पोष्ट मल उत्पादन सहायता कार्यक्रम
३. उन्नत जातको बिउ-बिजन उत्पादन नर्सरी सञ्चालन
४. कृषि उपज सङ्कलन केन्द्र स्थापना
५. कृषि एम्बुलेन्स सञ्चालन
६. व्यावसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम (कागती, सुन्तला, केरा, उखु, कफी, एभोकाडो, जैतुन, मेवा, आँप, कटहर, अमिलो, अनार लगायत)
७. व्यावसायिक मौरीपालन सहायता कार्यक्रम
८. व्यावसायिक पशुपालन प्रवर्द्धन कार्यक्रम
९. दुग्ध सङ्कलन केन्द्र स्थापना
१०.उन्नत घाँस (डाले/भूइँ) प्रवर्द्धन कार्यक्रम
११.कृषक प्रोत्साहन कार्यक्रम

### सिँचाइ

१२.सिउँदेखोला-दुग्लुङ-गहपुक सिँचाइ कुलो मर्मत सम्भार (६ कि. मि.)
१३.सिउँदेखोला-बगाले सिँचाइ कुलो निर्माण (६ कि. मि.)
१४.चिन्नेफाँट-भञ्याङ-चालिसे सिँचाइ कुलो मर्मत सम्भार (१.५ कि. मि.)
१५.कैंडले सिँचाइ कुलो निर्माण (१ कि. मि.)
१६.सिउँदेखोला-चिलुवा सिँचाइ कुलो मर्मत सम्भार (३ कि. मि.)
१७.तल्लो कागदी सिँचाइ कुलो निर्माण (३ कि. मि.)

### पर्यटन, संस्कृति तथा सम्पदा

१८.चन्द्रेश्वर शिवालय गुठी संरक्षण
१९.पालुवास्थान पर्यटन प्रवर्द्धन कार्यक्रम
२०.राधाकृष्ण भगवती गुठी संरक्षण
२१.पालुवास्थान-पैयूँकोट पर्यटकीय पदमार्ग निर्माण

### उद्योग, व्यापार तथा व्यवसाय

२२.गार्मेन्ट तथा ढाका उद्योग व्यवस्थापन
२३.बाँस/निगालोको सामाग्री उत्पादन तथा बजारीकरण कार्यक्रम
२४.सुलभ सहकारी खाद्य पसल स्थापना तथा सञ्चालन

### श्रम तथा रोजगारी

### सामाजिक विकास

### शिक्षा, विज्ञान तथा नवप्रवर्तन

२५.पालुवास्थान मा.वि.मा प्राविधिक शिक्षा सञ्चालन

२६.दिपज्योती आ.वि. को घेरबार कार्यक्रम

२७.पालुवास्थान मा.वि. को घेरबार कार्यक्रम

२८.बालनयन आ.वि. मा शौचालय निर्माण

**स्वास्थ्य तथा पोषण**

२९.बेउलीबास स्वास्थ्य चौकी भवन निर्माण

३०.सबै विद्यालयमा प्राथमिक उपचार सहायता कक्ष व्यवस्थापन

**खानेपानी तथा सरसफाइ**

३१.सिउँदेखोला -पालुस्थान लिफ्टिङ खानेपानी योजनाको सम्भाव्यता अध्ययन

३२.बेहुलीबास खानेपानी व्यवस्थापन (मर्मत सम्भार सहित)

३३.गरिब तथा पिछडिएका परिवारका लागि शौचालय निर्माण सहायता कार्यक्रम

३४.सार्वजनिक शौचालय निर्माण कार्यक्रम

**महिला, बालबालिका तथा लक्षित वर्ग**

३५.महिला उद्यमी प्रोत्साहन कार्यक्रम

३६.महिला लक्षित कम्प्यूटर तालिम कार्यक्रम

३७.बाल उद्यान निर्माण

३८.अपाङ्गका लागि रोजगारी सहायता कार्यक्रम

३९.मगर जातीको भाषा संस्कृति प्रवर्द्धन कार्यक्रम

४०.संस्कृत शिक्षा प्रवर्द्धन कार्यक्रम

**युवा तथा खेलकुद**

४१.युवा क्लबलाई खेलकुद सामाग्री सहायता कार्यक्रम

४२.वडास्तरीय खेल मैदान निर्माण

**पूर्वाधार विकास**

**बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण**

**सडक, पुल तथा यातायात व्यवस्थापन**

४३.सेदीखोला-बेंसीथोक-डाँडाथोक-दुग्लुङ-मैदान-शिवपुरी-केलुङ-चालिसे-ढुड सडक स्तरोन्नती (११ कि.मि.)

४४.कार्यपालिका भवन-कुटी-दुग्लुङ सडक स्तरोन्नती (५ कि.मि.)

४५.कार्यपालिका भवन-कुटी-दुग्लुङ-चिलुवा-ढुड सडक स्तरोन्नती (७ कि.मि.)

४६.ढुड-मैदान-पालुस्थान-पुर्णगाउँ-पैयूकोट सडक स्तरोन्नती (५ कि.मि.)

४७.शङ्खे पिपल-गहपुक-सुनार टोल-उपल्लो गह-पुक-सिम्ले-मैदान-चिउरी डाँडा सडक स्तरोन्नती (८ कि.मि.)

४८.कल्भर्ट निर्माण

क. बौर कल्भर्ट

ख. टुहुरे कल्भर्ट

ग. शिवपुरी कल्भर्ट

घ. चन्द्रेश्वर-शिवलिङ्ग कल्भर्ट

## ऊर्जा

४९.विद्युत पोल व्यवस्थापन (१५० वटा)

५०.नाङ्गो तार व्यवस्थापन (१०००० मिटर)

## सूचना, सञ्चार तथा प्रविधि

५१.सार्वजनिक कार्यालयमा सिसिटिभी जडान (१५ स्थान)

५२.ई-हाजिरी व्यवस्थापन (७ स्थान)

५३.डिजिटल नागरिक बडापत्र स्थापना

५४.डिजिटल सूचना पाटी स्थापना

५५.डिजिटल मौसम सूचना पाटी स्थापना

५६.वडा कार्यालयलाई डिजिटल सूचना मैत्री बनाउन आवश्यक सफ्टवेयर निर्माण

## वन, वातावरण तथा विपद् व्यवस्थापन

### वन तथा जैविक विविधता

५७.बाँदर व्यवस्थापन

५८.सामुदायिक वनमा फलफूल खेती प्रवर्द्धन कार्यक्रम

५९.जडीबुटी पहिचान कार्यक्रम

६०.चन्द्रेश्वर शिवालयको तारबार तथा वृक्षारोपण कार्यक्रम

### भूसंरक्षण तथा जलाधार व्यवस्थापन

६१.खानेपानी तथा सिँचाइ आयोजनाका मूल संरक्षण (५३ वटा)

६२.पहिरो नियन्त्रण कार्यक्रम

### वातावरण तथा फोहरमैला व्यवस्थापन

६३.सार्वजनिक स्थलमा व्यवस्थित डष्टबिन व्यवस्थापन

### विपद् व्यवस्थापन

६४.वडाका सबै ठाडा खोलाका जोखिमयुक्त स्थानमा तटबन्ध निर्माण कार्यक्रम

६५.प्रकोपको जोखिममा रहेका घर पुनर्निर्माण कार्यक्रम

## सेवा प्रवाह तथा संस्थागत विकास

६६.वडा कार्यालयमा नागरिक सहायता कक्ष व्यवस्थापन

६७.वडा कार्यालयमा महिलामैत्री कक्ष व्यवस्थापन

६८.वडा कार्यालयमा उजुरी पेटी व्यवस्थापन

६९.सबै सार्वजनिक संरचना अपाङ्गमैत्री निर्माण

**वडा नं. — ४ हुवास**

**आर्थिक विकास**

**ठ. कृषि**

१ कृषिको लागि माटो परीक्षण गरी परीक्षण प्रतिवेदनका आधारमा व्यवसायीक खेती प्रवर्द्धनमा जोड दिने

२ आधुनिक प्रविधि तथा यान्त्रिकरण सहित फलफूल तरकारी नगदे बाली मसला बालीको मास स्केलमा उत्पादन सहित सङ्कलन केन्द्र र बजारी करणको व्यवस्था सम्बन्धी योजना

२ स्थानीय उत्पादन विमा कार्यक्रम

३ स्थानीय रैथाने बालीहरू जस्तै धान, मकै, कोदोको व्यवसायीक उत्पादन कार्यक्रम

४ बाँदर नियन्त्रण कार्यक्रम

७ एक घर पाँच मौरीका घार व्यवसाय कार्यक्रम

८ सेदी खोलामा माछा पालन कार्यक्रम

९ सुपथ मूल्यमा किसानहरूलाई मल बीउ व्यवस्था कार्यक्रम

**ड. पशुपक्षी कार्यक्रम**

१० बाख्रा भैसी कुखुरा बंगुर आदि जातका बस्तुहरूको व्यवसायीक तथा प्याकेजमा उत्पादन तथा वितरण कार्यक्रम

११ पाडो पाडी संरक्षण कार्यक्रम

**ग सिँचाई**

१२ कुला मर्मत चिसापानी नौविसे हट्टिया कुलो, नायसाहेव थानदेखि दङदाली बेलटारी कुलो मर्मत,स्यानो स्वामी चापसेरा सिँचाइ कुलो मर्मत,पिप्ले कुलो, मर्मत तथा स्तर उन्नती

१३ सेदीखोला धरमपानी लिफ्टिङ प्रणालीद्वारा सिँचाइ योजना

१४ पिपल भञ्याङ्ग कुलो मर्मत योजना

१५ ठूलो पँधेरादेखि केमरे खेतसम्म सिँचाइ कुलो मर्मत

१६ कालीमाटी ज्ञावदी चापसेरा भकुण्डे कुलो मर्मत सिँचाइ योजना

१७ धरादी घोप्टेखोला सिँचाइ योजना

**घ उद्योग व्यापार व्यवसाय आपूर्ति**

२१ बाँस निगालो उद्योग,मसला उद्योग, फर्निचर,

२२ आलु चिफ्स र अचार बनाउने उद्योग

**ढ. पर्यटन संस्कृति तथा सम्पदा**

२३ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्त्व बोकेका वडा भित्र रहेका ठाउँहरू जस्तै बाघखोर गुफा, टयालटुङ पिकनिक स्थल, मित बराजु मन्दिर, नायवसाहेव मन्दिर (दरबार) शब्द चिन्तन तथा शिव मन्दिर र योगा आश्रम आदिको स्तर उन्नति योजना

२४ वडा भित्र रहेका मठ मन्दिरहरूको संरक्षण, मर्मत तथा स्तर उन्नति कार्यक्रम

२५ भजन कृतन मण्डलीको प्रवर्द्धन कार्यक्रम

२६ नेवार, मगर लगायतका जात जातीहरूको भाषा लिपी सांस्कृतिक प्रवर्द्धन

२७ हालेमालो चोक पैयुँकोट सेदीबेणी केवल कारको सम्भाव्यता अध्ययन

**ण. श्रम रोजगार तथा सामाजिक सुरक्षा**

२८ युवाहरूलाई वैदेशिक तथा स्व रोजगार मूलक तालिमको व्यवस्था

## सामाजिक विकास

**ङ. स्वास्थ्य तथा पोषण**

२८ बृद्ध बृद्धाहरूको लागि बैंक मार्फत भत्ता वितरण कार्यक्रम

२९ बृद्ध बृद्धाहरूलाई घरमै घुम्ती सेवा प्रवाह कार्यक्रम

**च. शिक्षा विज्ञान तथा नव प्रवर्तन**

३० प्रविधि मैत्री कक्षा तथा प्रविधि युक्त जनशक्तिको व्यवस्था

३१ घर परिवार समुदाय र विद्यालयमा बाल मैत्री स्थानीय शासन सहितको कार्यक्रम कार्यान्वयन

३२ प्राविधिक शिक्षालयको स्थापना र सञ्चालन

३३ बाल शिक्षा सञ्चालन भएका स्थानहरूमा कक्षा कोठाको व्यवस्था

३४ सामुदायिक विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी तालिम र सामाग्रीहरूको जोह

३५ पैयुँ कालीका प्रा.वि.मा शौचालय निर्माण योजना

**ग खानेपानी तथा सरसफाइ**

**३३** धरादी ठाडोखोला खानेपानी प्रशोधन कार्यक्रम

३४ एक घर एक धारा खानेपानी योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने

**घ महिला बालबालिका तथा लक्षित वर्ग**

३६ महिला सशक्त करणको लागि नेतृत्व विकास, उद्धोषण सीप, क्षमता विकास तथा सीप मूलक तालिम कार्यक्रम

३७ बाल उद्यान केन्द्रको स्थापना तथा सञ्चालन

३८ दलित गरिब उत्थान विकास कार्यक्रम

३९ ज्येष्ठ नागरिक भेटघाट केन्द्र तथा मनोरञ्जन स्थल

**ङ युवा तथा खेलकुद**

४० वडा स्तरीय खेलकुद मैदान निर्माण योजना

४१ राष्ट्रिय तथा क्षेत्रीय स्तरका खेलाडीहरूलाई प्रोत्साहन कार्यक्रम

## पूर्वाधार विकास

**ग. वस्ति आवास तथा सार्वजनिक निर्माण**

४२ इक्रिक भुसालटोल वस्ति स्थानन्तरण

४३ प्रतीक्षालय (मदीखोला उपल्लो बजार शिवालय चोक,पैयुँकोट मार्गको अमलडाँडा, धरमपानी)

४४ सामुदायिक भवन (संवेदनशिल महिला समुहङ, नायवसाहेव मन्दिर आमा समुह, धरमपानी आमा समुह भवन )

४५ पैयुँखोला कृषि सहकारी संस्थाको भवन निर्माण योजना

**ख सडक पुल तथा यातायात**

४६ हातेमालोचोक धरमपानी पैयुँकोट सडक कालोपत्रे

४७ हालेमालोचोक सौरीकोट धरादी सडक कालोपत्रे

४८ मर्दीखोला भित्री बजार सडक कालो पत्रे

४९ स्यानो स्वामी वडा कार्यालय हुँदै मर्दीखोला सडक कालोपत्रे

५० गाउँपालिका भवन देखि नायवसाव मन्दिर देखि कुटीसम्म कालोपत्रे

५१ भुसलटारी कटुवा मोटरेवल पूल निर्माण

५२ भोटे गहिरा कल्भट निर्माण योजना

५३ दक्षिणा छेडुवा किक्रिक नयाँ बाटो ट्याक खोल्ने

५४ पैयुँ अस्पताल ठूलो चौर गहते सडक स्तर उन्नती

५५ हरिचन्डी उपल्लाथोक अग्लो झोलुङ्गे पुल

५६ नायवसाव मन्दिर देखि नेकर्कासम्म झोलुङ्गे पुल

५७ अमरडाडा धरमपानी झोलुङ्गेपुल निर्माण योजना

५८ नायवसावदेखि दङ्गदाली पिपल भन्जयाङ्ग सम्म सडक स्तर उन्नति

५९ कोखे होश्राङ्गदी सडक निर्माण योजना

**ग जलस्रविद्युत् तथा वैकल्पिक ऊर्जा**

६० सौर्य सडक बत्ति व्यवस्थापन ( आलेचोक शिलालय चोक भोटेगहिरा)

६१ सय वाटको ट्रान्सफरमरको व्यवस्था

६२ बजारभित्र टाँगिएका नाङ्गो तारको व्यवस्थापन

**घ सूचना सञ्चार र प्रविधि**

## ४ वन वातावरण तथा विपद् व्यवस्थापन

**क वन तथा जैविक विविधता**

६३ सामुदायिक वनलाई कृषि उपज उत्पादन सहित प्रवर्द्धन गर्ने

**ख जलाधार तथा भूसंरक्षण**

६४ वडा नं. ४ भित्र रहेका सम्पूर्ण पानीका मूलहरूको संरक्षण

६५ बर्दीखोला चिफ्ले ढुङ्गा कुशुण्डे ओढार दायाँ बाँया तटबन्ध

६६ सेदी खोला तटबन्ध कार्यक्रम

**ग वातावरण तथा फोहोर मैला व्यवस्थापन**

६६ बजार क्षेत्रमा ट्याक्टर मार्फत फोहोर सङ्कलन व्यवस्थापन

६७ एक घर २ डष्विनको व्यवस्थापन (कुहिने र नकुहिने)

६८ शौचालय नभएका अति गरिव घर परिवारका लागि पक्की शौचालय निर्माण योजना

**घ विपद् जोखिम न्युनीकरण जलवायु उत्थानशीलता**

६९ श्री पैयुँ कालीका प्रावि वेशीथोक चार विद्यालय भवन संरक्षणको लागि मेशनेरी वाल निर्माण

७० सार्वजनिक शौचालय निर्माण (प्रशासकीय भवन नजिक हरियाली पार्क ट्याल्टुङ्ग पिकनिक स्थान, शब्द चिन्तन शिव मन्दिर)

**वडा नं. — ५ हुवास चिसापानी**

| आर्थिक विकास |
|---|

**त. कृषि**

१ आधुनिक प्रविधि सहित यान्त्रिक रण सहित फलफूल तरकारी नगदे बाली मसला बालीको मास स्केलमा उत्पादन सहित सङ्कलन केन्द्र र बजारी करणको व्यवस्था सम्बन्धी योजना

२ स्थानीय उत्पादन विमा कार्यक्रम

३ कोदोको व्यवसायीक उत्पादन कार्यक्रम

४ बाँदर नियन्त्रण कार्यक्रम

५ गुरुङ गाउँ, बबीगाउँ,धरादी वस्तिमा सुन्तला खेती विस्तार कार्यक्रम

६ माटो परीक्षण गरी व्यवसायीक खेती विस्तार कार्यक्रम

७ एक घर पाँच मौरीका घार व्यवसाय कार्यक्रम

८ मर्दि खोलामा माछा पालन कार्यक्रम

९ सुपथ मूल्यमा किसानहरूलाई मल बीउ व्यवस्था कार्यक्रम

**थ. पशुपक्षी कार्यक्रम**

१० बाख्रा भैसी कुखुरा बंगुर आदि जातका बस्तुहरूको व्यवसायिक तथा प्याकेजमा उत्पादन तथा वितरण कार्यक्रम

१८ वस्तुगत विवरणका आधारमा उद्यम तथा व्यवसाय सञ्चालन

**ग सिँचाई**

१३ बाँझो जग्गामा सिँचाइको लागि लिफ्टिङ सिस्टमको विकास

१४ बाँध कुलो १, बाँध कुलो २ निर्माण योजना

१५ विरुवा कुलो उपल्लो थोक सिँचाइ कुलो निर्माण

१६ अर्चलेदेखि थुम्कासम्म सिँचाइ कुलो निर्माण

१७ क्यामुने मैकुटी सिँचाइ कुलो निर्माण

१८ हुल्काङ्ग सिँचाइ कुलो २ निर्माण

१९ क्यामिने पखिम्वास सिँचाइ कुलो निर्माण

७१ रिट्टेगहिरा बाध सिँचाइ कुलो १ निर्माण

२१ हुल्काङ्ग सिँचाइ कुलो २ निर्माण

७२ क्यामुने पखिम्बास सिँचाइ कुलो निर्माण योजना

७३ रिठे गहिराबाँधदेखि काफ्ले बाबाको खेतसम्म जाने सिँचाइ कुलो निर्माण

७४ धरादी घोप्टेखोला हुँदै घामथरसम्म जाने सिँचाइ कुलो निर्माण

७५ कट्टवा गएटारीसाम सम्मा सिँचाइ कुलो निर्माण योजना

७६ गोदामदेखि भोटे गहिरासम्म ठूलो सिँचाइ कुलो निर्माण

७७ झरीखेतदेखि भुसालथोक सिँचाइ कुलो निर्माण

७८ वलादी सिँचाइ कुलो निर्माण

७९ कालीमाटी बढरे कुलो निर्माण

८० विरुवा मोटर बाटो सिँचाइ कुलो निर्माण

८१ जामुने सिँचाइ कुलो निर्माण

८२ सिस्नेरी सिँचाइ कुलो निर्माण
८३ झरीखेत हुँदै पेवाखेत कुलो निर्माण
८४ वेलउते कोटे पचासे सिँचाइ योजना
८५ चिसापानी टिउरीखोला सिँचाइ कुलो निर्माण
८६ डडु स्वास्थ्यचौकी सिँचाइ कुलो निर्माण
८७ कटुवा भोटे गैरा सिँचाइ कुलो निर्माण
८८ सिस्नेरी डेडु सिँचाइ कुलो निर्माण
८९ ठाडो खोलादेखि कुलो माथि घरसम्म सिँचाइ कुलो निर्माण
९० ठाडो खोलादेखि चाउके गरो सिँचाइ योजना
९१ भुसालथोकदेखि वडा नं. २ को सिमानासम्म सिँचाइ कुलो निर्माण
९२ तल्लो बाधदेखि केटी चौरसम्म सिँचाइ कुलो निर्माण
९३ ढाडदेखि कार्तिके मोटरबाटो घुम्तीसम्म सिँचाइ कुलो
९४ उपल्लो थोक जिरोदेखि कार्तिके मोटर बाटो सम्म सिँचाइ कुलो निर्माण योजना
९५ क्यामुने भैकुटे पखरेवारी सिँचाइ योजना
९६ बासेलडाँडा पोखरी निर्माण योजना
९७ भुसालथोक, भुर्तेलथोक लिफ्टीङ योजना

**घ उद्योग व्यापार व्यवसाय आपूर्ति**

९८ मसला उद्योग, बाँस निगालो उद्योग, फर्निचर,
९९ आलु चिफ्स र अचार बनाउने उद्योग
१०० सेनीटरी प्याडको उद्योग

**द. पर्यटन संस्कृति तथा सम्पदा**

१०१ धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्त्व बोकेका वडा भित्र रहेका ठाउँहरू जस्तै छहरे झरना,बराहे मन्दिर, सातधारा धरादी, पात्ले, रानीवन, चिन्ते पोखरी, वानेडाँडा, पकेट पार्क, फिलथुम, तोरणडाँडा, पाटा पाटी वनभोज स्थल आदिको स्तर उन्नति योजना
१०२ छहरे झरना क्यानोनीङ
१०३ वडा कार्यालयद्वारा पहिचान गरी सर्वे सहित स्टिमेट समेत तयार भएका गोरेटो बाटो तथा पद मार्ग निर्माण संख्या ७५ वटा

**ध. श्रम रोजगार तथा सामाजिक सुरक्षा**

**२ सामाजिक विकास**

**छ. स्वास्थ्य तथा पोषण**

१०४ स्वास्थ्य इकाइमा स्वास्थ्य औजार लगायत साविक प्रत्येक वडामा एक एक वटा स्टेचर वितरण कार्यक्रम
१०५ सामुदायिक स्वास्थ्य भवनबाट घुम्ती सेवा प्रवाह कार्यक्रम
१०६ एक विद्यालय एक स्वास्थ्य नर्स कार्यक्रम कार्यान्वयन
१०७ स्वास्थ्य चौकीमा अक्सिजनको व्यवस्था कार्यक्रम
१०८ नियमित स्वास्थ्य परीक्षण कार्यक्रम

**ज. शिक्षा विज्ञान तथा नव प्रवर्तन**

१०९ कक्षा ८ र १० को लागि आवासीय विद्यालय व्यवस्थापन
११० प्रविधि मैत्री कक्षा तथा प्रविधि युक्त जनशक्तिको व्यवस्था
१११ घर परिवार समुदाय र विद्यालयमा बाल मैत्री स्थानीय शासन सहितको कार्यक्रम कार्यान्वयन
११२ वमीडाडा प्रा.वि. को भवन निर्माण योजना
११३ प्राविधिक शिक्षालयको स्थापना र सञ्चालन

**ग खानेपानी तथा सरसफाइ**

११४ धरादी वसेलडाँडा सौरी कोट एक घर एक धारा कार्यक्रम कार्यान्वयन तथा पुन निर्माण योजना
११५ सार्वजनिक स्थानमा सार्वजनिक खानेपानीका धारा सञ्चालन कार्यक्रम
११६ विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था
११७ जिवाखेत छहरे खोला खानेपानी योजना

**घ महिला बालबालिका तथा लक्षित वर्ग**

११८ महिला सशक्त करणको लागि नेतृत्व विकास, उद्घोषण सीप, क्षमता विकास तथा सीप मूलक तालिम कार्यक्रम

**ङ युवा तथा खेलकुद**

११९ वडा स्तरीय खेलकुद मैदान निर्माण योजना

## पूर्वाधार विकास

**घ. वस्ति आवास तथा सार्वजनिक निर्माण**

**१२० वडा स्तरीय हेली प्याड निर्माण योजना**
**१२१ फिल्थुङ पाकेट पार्क योजना**
**१२२ दलित वस्ति स्थानान्तरण कार्यक्रम**
**१२३ दलित क्रिया घर निर्माण योजना**
**१२४ प्रतीक्षालय निर्माण योजना**
**१२५ मण्डले महिला समुह,बसेलडाँडा आमा समूह पिवा खेत, भोटेखर्क,देउराली सामुदायिक भवन निर्माण योजना**

**ख सडक पुल तथा यातायात**

१२६ चिसापानी देउराली, बसीडाँडा सडक कालो पत्रे
१२७ भोटे गहिरा हरिचन्द्री, धरादी सडक कालो पत्रे
१२८ पिवाखेत कार्तिके बानीडाँडा गुरुङडाँडा, सिर्सिकोट ग्रामीण सडक कालो पत्रे
१२९ डुम्रे भञ्याङ्ग भुर्तेलथोक,निकर्क सडक कालो पत्रे
१३० हालेमालो चोक भुसालथोक भोटेखर्क कार्तिके घोसढुङ्गा डुम्रे भञ्ज्याङ्ग सडक कालो पत्रे
१३१ पिवाखेत चिसापानी झरीखेत हातेमालोचोक मर्दीखोला कोरी डोर
१३२ चिसापानी भुसालथोक पक्की पुल निर्माण

**ग जलस्रविद्युत् तथा वैकल्पिक ऊर्जा**

१३३ विद्युतको थ्रिफेज विस्तार कार्यक्रम
१३४ पर्वत स्याङजा सीमानादेखि हातेमालोचोकसम्म सडक बत्ति व्यवस्थापन
१३५ उज्यालो वडा घोषणा कार्यक्रम

घ सूचना सञ्चार र प्रविधि

| ४ वन वातावरण तथा विपद् व्यवस्थापन |
|---|

**क वन तथा जैविक विविधता**

**८६** देउराली स्कूल चौरमा वृक्षारोपण कार्यक्रम विस्तार

८७ सामुदायिक वन सफा गरी कृषि जन्य उत्पादनलाई विस्तार गर्ने

**ख जलाधार तथा भूसंरक्षण**

**८८** वडाभित्र रहेका सबै पानीका मूलहरूको संरक्षण गर्ने

८९ मर्दीखोला तटबन्ध योजना

९० भौकुरे पहिरो नियन्त्रण योजना

९१ बासीडाँडा जिरो भू-संरक्षण योजना

**ग वातावरण तथा फोहोर मैला व्यवस्थापन**

९२ सार्वजनिक शौचालय निर्माण (कम्तिमा ३ वटा)

९३ एक घर २ डष्विन कार्यक्रम

**घ विपद् जोखिम न्युनीकरण जलवायु उत्थानशीलता**

**वडा नं. —६ सरौं खोला**

## १ आर्थिक विकास समिति

**क कृषि तथा पशुपक्षी**

१. उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम
२. कृषि उपज सङ्कलन केन्द्रको स्थापना
३. बाँदर नियन्त्रण कार्यक्रम
४. वैकल्पिक खेती प्रवर्द्धन कार्यक्रम (चिया, अदुवा, किवी, ड्रागन फ्रुट बेसार कागती सुन्तला)
५. सामुदायिक तथा निजी खेती प्रवर्द्धनका लागि जग्गा लिजमा लिने/दिने प्रणालीको विकास
६. साइलेज बनाउन तालिम तथा मेशिन खरिद कार्यक्रम
७. कृषि तथा पशु उपजको न्यूनतम मूल्य निर्धारण

**ख सिँचाइ**

८. हाल प्रयोगमा आएका सबै कुलाहरूको मर्मत
९. सबै सिँचाइ कुलाहरूको स्तर उन्नति

**ग पर्यटन,सँस्कृति तथा सम्पदा संरक्षण**

१० छिन्मौदी झरना,नालालुङ गुफा, कालीका देवी मन्दिर,मुसुरवारी गोवानसिङ झरना, मर्दिखोला दानागाउँ आधारभूत पर्यटकीय पूर्वाधार निर्माण
११ नाच्नेडाँडा काहुँ पर्यटकीय पूर्वाधार निर्माण वनभोज स्थल सहित
१२ कोलकाटे पर्यटकीय पूर्वाधार निर्माण वनभोज स्थान सहित
१३ स्थानीय उत्पादन प्रवर्द्धन (बाह्य बस्तुमा प्रतिबन्ध)

**घ उद्योग व्यपार,व्यवसाय**

१४ उद्योग ग्रामको जग्गा व्यवस्थापन
१५ खाद्यान्न सङ्कलन केन्द्र स्थापना
१६ स्थानीय उत्पादक/व्यवसायीलाई उपकरण खरिदमा अनुदान कार्यक्रम

**ङ श्रम रोजगारी**

१७ सामुदायिक खेती तथा पशुपालन मार्फत रोजगारी प्रवर्द्धन कार्यक्रम

## २ सामाजिक विकास

**क स्वास्थ्य तथा पोषण**

१८ पालिका स्तरीय सुविधा सम्पन्न अस्पताल निर्माण
१९ स्वास्थ्यचौकीलाई स्वास्थ्य इकाइमा परिणत गर्ने

**ख शिक्षा विज्ञान तथा नव प्रवर्तन**

२० विद्यालय घेरावार कार्यक्रम
२१ विद्यालय मर्जिङ कार्यक्रम
२२ आवासीय विद्यालय निर्माण कार्यक्रम
२३ तार जाली घेरा बार बिनु मा. वि सरौखोला पैयूँ — ६
२४ जाली घेरा वार यज्ञस्वर आवसिय मा.वि.
२५ तार जाली तथा पूर्वाधार निर्माण श्री लक्ष्मी भवन प्रा.वि.
२६ भवन संरक्षण विनु मा.वि.

**ग ऊर्जा**

२७  थ्रिफेज लाइन विस्तार गर्ने

२८ पुराना काठे पोल विस्थापित कार्यक्रम

**३ पूर्वाधार विकास**

**क सडक पुल तथा यातायात**

२९ हुवास दर्वुडाँडा काहुँ ४.५ किमि. स्तर उन्नति

३० सरौंखोला काहुँ डाँडागाउँ ५ कि.मि. स्तर उन्नति

३१ सरौंखोला सिरवाने सिवानी हाडीखर्क बालाकोट बाटो ८ कि.मि. स्तर उन्नति

३२ हुवास झौरीखेत सौरीकोट ४ कि.मि. स्तरउन्नति

३३ सिर्वानी काहुँ आकासे पुल निर्माण योजना

३४ दर्वु सौरीकोट आकाशे पुल

३५ मोदीखोला साध्ने सित्ले बाहुनडाँडा २ कि.मि. पद मार्ग निर्माण योजना

३६ हुवास अर्चलेडाँडा उपल्लो डाँडा पदमार्ग २ कि.मी.

३७ वैथोक सिर्वानी मुसुरवारी कालीका देवी मन्दिर पद मार्ग १.५ कि.मि.

४ **वन वातावरण तथा विपद् व्यवस्थापन**

३८ नाच्नेडाँडा रिचार्ज पोखरी

३९ वैथे वस्ति संरक्षण

४० शिर्वानी पहिरो नियन्त्रण योजना

४१ धैरेनी वस्ति संरक्षण

४२ भगवती प्रा.वि. वर्षाको भल पानी नियन्त्रण योजना

**वडा नं. ७ भोर्ले**

## १ आर्थिक विकास

### क कृषि तथा पशु पन्छी

१. सुन्तला प्याकेज कार्यक्रम
२. रैथाने बाली संरक्षण कार्यक्रम
३. कृषि उपज सङ्कलन केन्द्र
४. बाँदर नियन्त्रण कार्यक्रम
५. जङ्गली जनावर नियन्त्रण कार्यक्रम
६. खेती योग्य जमिनलाई चकलाबन्दी गरी व्यवसायीक खेती कार्यक्रम
७. सहुलियत दरमा मल बीउ वितरण कार्यक्रम
८. कृषिको बजारीकरण र यान्त्रीकीकरण कार्यक्रम

**पशुपक्षी**

९. भैंसी फर्म कार्यक्रम
१० बाख्रा फर्म कार्यक्रम
११ स्थानीय जातको कुखुरो प्रवर्द्धन कार्यक्रम
१२ स्थानीय गाइ गोरु पालन कार्यक्रम
१३ स्थानीय जातको सुँगुर पालन कार्यक्रम

### ख सिँचाई

१४ काउले गैरा महतलो पखरे डाँडा चिसापानी सिँचाइ कुलो मर्मत योजना
१५ सिनुगैरा इकाङ्ग सिँचाइ कुलो मर्मत योजना
१६ भोर्लेखोला कमेरेपाखा घोप्टे ढुङ्गा सिँचाइ कुलो मर्मत योजना
१७ भोर्लेखोला खरिवोट सिँचाइ मर्मत योजना
१८ मटला सिँचाइ मर्मत योजना
१९ सेराफाँट सिँचाइ मर्मत योजना
२० फड्कने कुलो सिँचाइ मर्मत योजना
२१ काडेगारीदेखि दोभान सिँचाइ मर्मत योजना
२२ थोपा सिँचाइ पँधेरा गैरा
२३ पँधेरा गैरा सिँचाइ कुलो मर्मत योजना बीचको
२४ अर्वलङखोला भुतेदहदेखि काडेगारी ठूलोगरा सम्म कुलो मर्मत योजना
२५ अर्वलङखोला ढाडा कुलो मर्मत योजना
२६ जैबारी खोटे गहिरा सिँचाइ कुलो मर्मत योजना
२७ भोर्ले डुडे / ठूलो कुलो/ भोर्लेखोला/ खरिवोट माथिल्लो तल्लो बीचको ३ वटा मर्मत योजना
२८ रिसिलखोला चिसापानी चालालुङ/ सेराको फाँट मसारे पाखा/थुम्का उपल्लो तल्लो कुलो मर्मत योजना
२९ काउले गहिरा कोले गहिरा/ जिमिरे काडे घारी/ दाङसिङ अर्वालुङ दोवान २ वट कुलो मर्मत
३० काउले गहिरा इकाङ/ भोर्लेखोला बिरौटा/ गहते हाँडीखर्क/ धुवाँखोला/ आयखेत कुलो मर्मत योजना
३१ रिसिलखोला महिपाल तल्लो/ मरदीखोला जापटारी/ काभ्रे पँधेरा गहिरा कुलो मर्मत योजना
३२ आम्वाङखोला अदुवा गहिरा ३ वटा कुलो मर्मत योजना

३३ सोतीखोला फाँट २ वटा कुला मर्मत योजना/ घट्टेखोला दाङसिङ कुलो/ धारापानी खेत ३ वटा कुला मर्मत

३४ लामिरह चिलेहर/ अर्वालुङ चेरेरे / धरुखोला गहिराखेत भोर्ले नब्बेफाँट कुलो मर्मत योजना

३५ भोर्ले पाथीमुरे चालिसमुरे फाँट

**ग पर्यटन संस्कृति तथा सम्पदा**

२९ गोरेटो तथा घोडेटो बाटो निर्माण

३० गुरुङ्ग जातीहरूको रोदी संस्कार प्रवर्द्धन तथा संरक्षण कार्यक्रम

३१ पुराना पैयुँखोले शाले जो गीतको संरक्षण तथा प्रचार प्रसार

३२ हिले क्हेईवो धी र हिले गुम्बा निर्माण तथा मर्मत

३२ इकाङ देवी मन्दिर मर्मत

३३ शालडाँडा राधा कृष्ण मन्दिर

३४ हिले देवी मन्दिर

३५ पोखरी डाँडा दुर्गा मन्दिर

३६ दाङ सिङ मण्डली मन्दिर निर्माण

३७ पगेनीथर डाँडा शिव मन्दिर निर्माण योजना

३८ कोलखर्क मन्डली मन्दिर मर्मत

३९ हिले कामी आरनमा विश्वकर्मा मन्दिर तार वार

४० तुलसीखर्क पोखरी तथा पानी धारा मर्मत

४१ विश्वनाथ शिला संरक्षण कार्यक्रम

४२ पुराना प्रविधिहरू जस्तै ढिकी जाँतो घट्टा टुकी हलो जुवा आदिको संरक्षण

४३ गुरुङ/मगर भाषामा स्थानीय पठन पाठन कार्यक्रम

४४ मारुनी कौडाको नाचगान शिक्षकको व्यवस्था

४५ इकाङ गुरुङ समाजको क्होइम्बोधी निर्माण तथा व्यवस्थापन

४६ गुरुङ समुदायको समाधिस्थल व्यवस्थापन कार्यक्रम

**घ उद्योग व्यापार व्यवसाय आपूर्ति**

४५ मसला उद्योग स्थापना तथा सञ्चालन

४६ लुडडाँडा घुम्ती / पतेनचौपारी पौवा निर्माण योजना

**२ सामाजिक विकास**

**झ. स्वास्थ्य तथा पोषण**

४७ स्वास्थ्य चौकी भवन निर्माण योजना

४८ स्वास्थ्य इकाई प्रवर्द्धन कार्यक्रम

४९ स्वास्थ्य शिविर सञ्चालन योजना

५० आमा र शिशुको स्वास्थ्य सुधार कार्यक्रम

५१ स्वास्थ्य चौकीमा ल्यावको व्यवस्था

**ञ. शिक्षा विज्ञान तथा नव प्रवर्तन**

५२ एक शिक्षक एक ल्यापटप कार्यक्रम

५३ जनता मा.वि. मा खानेपानीको व्यवस्थापन तथा वार पर्खाल निर्माण योजना

५४ धर्मदय मा.वि.को खानेपानी तथा वार पर्खाल निर्माण योजना

५५ कन्याजित प्रा.वि. इकाङमा वार पर्खाल निर्माण योजना

५६ मातृ शिशु कल्याण प्रा.वि. मा खानेपानी सहित वार पर्खाल निर्माण योजना

५७ मण्डली आधारभूत विद्यालयको भवन र शौचालय मैदान घेरा वार निर्माण योजना

५८ बालमैत्री स्थानीय शासनलाई सबै घर परिवार, समुदाय तथा विद्यालयहरूमा थप प्रवर्द्धन गर्दै जाने कार्यक्रम

५९ विद्यालयमा आवश्यक शिक्षक दरबन्दी मिलान कार्यक्रम

**ग खानेपानी तथा सरसफाइ**

५९ एक घर एक धारा कार्यक्रम कार्यान्वयन योजना (वडा पुरा)

६० वडा नं. ७ अन्तर्गतका सबै विद्यालयहरूमा स्वच्छ खानेपानीको व्यवस्था

६१ सरसफाइको लागि एक घर एक दुइ डष्विन

६२ सार्वजनिक शौचालय निर्माण १८ वटा

**घ महिला बालबालिका तथा लक्षित वर्ग**

६४ महिला स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम

६५ महिला उद्घोषण क्षमता विकास तथा सीप मूलक तालिम

६६ ज्येष्ठ नागरिक भेटघाट स्थलको निर्माण

६७ परम्परागत पेसा व्यवसायको प्रवर्द्धन तथा विस्तार कार्यक्रम

६८ दलित वर्ग उत्थान कार्यक्रम

६९ युवा सशक्तिकरण कार्यक्रम

**ङ युवा तथा खेलकुद**

७० युवाहरूको लागि स्व रोजगार तथा वैदेशिक रोजगारको लागि तालिमको व्यवस्था

७१ वडा स्तरीय खेल मैदान निर्माण योजना

## ३ पूर्वाधार विकास

**ङ. वस्ति आवास तथा सार्वजनिक निर्माण**

७२ हिले चौपारी डाँडा दलित वस्ति कोलखर्क वस्ति संरक्षण योजना

७३ प्रतीक्षालय निर्माण योजना ८ वटा

७४ काभ्रे मगर समाज भवन निर्माण योजना खेल मैदान समेत

७५ पगेनी घर समाज घर निर्माण योजना

७६ इकाङ बुहारी समूहको भवन निर्माण योजना

७७ दाङसिङ समाज भवन निर्माण योजना

७८ हिले/ चौपारी डाँडा आमा समूह भवन निर्माण योजना

७९ हिले युवाक्लवको खेल मैदान तथा भवन निर्माण योजना

८० इकाङ/काभ्रे/ग्यामी युवा क्लव भवन तथा खेल मैदान निर्माण योजना

**ख सडक पुल तथा यातायात**

८१ वयरघारी ठूली भञ्याङ्ग चौपारी डाँडा हिले ३ भोर्ले हुवास हातेमालो चोक सडक स्तर उन्नति

८२ वयरघारी ढापुक स्यानो भञ्याङ रिपु खोला इकाङ काभ्रे सडक स्तर उन्नति

८३ भोर्ले ग्यामी हाडीखर्क लुँखुदेउराली ग्रामीण सडक स्तर उन्नति

८४ स्याङजा रिपुखोला सिरुखर्क दाङसिङ सिम्ले सडक स्तर उन्नति
८५ भोर्ले भुसालडाँडा पोखरीडाँडा नाकेडाँडा स्याङजा दारवोट नयाँ ट्र्याक सहित स्तर उन्नति
८६ पोखरीडाडाँ दाङसिङ ग्रामीण सडक स्तर उन्नति
८७ भोर्ले बजार मोटर बाटो निर्माण योजना
८८ चौपारी डाँडा चोर गौंडा आङमाङ खोला सडक स्तर उन्नति
८९ इकाङ कालीका मन्दिर समादिघाट/समिडाँडा मगरगाउँ कमलपोखरी सडक स्तर उन्नती
९० चौपारीडाडा नाच्नेडाडा दर्वु हुवास/ इकाङ चपाइथर/ भूमिचोक क्षेत्रीडाँडा सडक निर्माण योजना
९१ काभ्रे कोलडाँडा / तल्लोथर उपल्लोथर ग्रामीण सडक स्तर उन्नति
९२ इकाङ आरनथर तल माथि / भोर्ले सडक स्तर उन्नती
९३ हाडीखर्क बालकल्याण प्रा.वि.सडक/खोलाखर्क दोवान झाक्रीथान/ज्यामी खानडाँडा कोर्दी सडक
९४ सालालुङ वडा कार्यालय सडक स्तर उन्नति
९५ भोर्ले मूल सडकदेखि स्वास्थ्यचौकी सम्म ग्रामीण सडक स्तर उन्नति
९६ बसेलडाँडा डहर सडक/ हिले पोखरी भुवन गैरा काहुँ जोड्ने सडक
९७ इकाङ पोखरी दाङसिङ जोड्ने अग्लो झोलुङ्गे पुल
९८ वडा कार्यालय तर्ने झोलुङ्गे पुल
९९ भोर्ले डुड कोइराले झोलुङ्गे पुल
१०० कोलडाँडा सेरा फाँट झोलुङ्गे पुल
१०१ रिसिल खोला ट्रष्ट पुल
१०२ भुसालडाँडा चालालुङ गुफा आकासे पुल
१०३ सेदीखोला दोवान अर्वलुङघाट कोर्दीघाट झकझके घाट झो पु मर्मत
१०४ सेदीखोला स्थित भोर्ले ग्यामी मोटरेवल पुल
१०५ दाङसिङ सोतीघाट/अर्वलुङघाट कल्भट निर्माण
१०६ पतेन चौपारी घुम्टीदेखि अर्वलोङ खेत जाने मोटर बाटो निर्माण योजना

**ग जल विद्युत् तथा वैकल्पिक ऊर्जा**

१०७ सबै सडकहरूमा सडक बत्ति

**घ सूचना सञ्चार र प्रविधि**

१०८ नेपाल टेलीकमको टावर निर्माण

## ४ वन वातावरण तथा विपद् व्यवस्थापन

**क वन तथा जैविक विविधता**

१०९ बाँदर लगायत चितुवा दुम्सी खरायो हरिण नियन्त्रण योजना
११० गाँजा खेती उत्पादन कार्यक्रम
१११ जडीबुटी लगायत जैविक विविधताको वस्तुगत विवरण निर्माण
११२ वन व्यवस्थापन तथा अग्नि रेखा निर्माण योजना
११३ अग्नि नियन्त्रणको लागि आगो ग्याँस कार्यक्रम
११४ स्थानीय कच्चा पदार्थहरू जस्तैः ढुङ्गा काठ माटोको उपयोग गर्न कानुन बनाइ लागु गर्ने

**ख जलाधार तथा भूसंरक्षण**

११५ चौतारी पोखरीको निर्माण तथा संरक्षण

११६ हिले दलित वस्ति चौतारी डाडा दलित वस्ति क्षेत्रीडाँडा दाङसिङ हाडीखर्क लगायतका बस्तीहरूको संरक्षण

११७ सोती फाँट/ मसारे पाखा पहिरो व्यवस्थापन

११८ रिसर्च पोखरी निर्माण योजना

**ग वातावरण तथा फोहोर मैला व्यवस्थापन**

११९ सार्वजनिक ठाउँहरूमा डष्विनको व्यवस्था

१२० एक घर दुई डष्विन कार्यक्रम

१२१ खोला तथा सार्वजनिक स्थानहरूमा फोहोर नफ्याक्नको लागि सचेतना तालिम

**घ विपद् जोखिम न्यनीकरण जलवायु उत्थानशीलता**

**१२२** आपत्कालिन उद्धारका लागि स्वयम् सेवक उत्पादन तालिम

१२३ आपत्कालिन अवस्थाको लागि उद्धार सामाग्रीहरूको जोह गर्ने कार्यक्रम

## ५ संस्थागत विकास तथा सुशासन

१२४ वडा कार्यालयमा कर्मचारी व्यवस्थापन

१२५ जनप्रतिनिधि आमा समुह युवाक्लव, उपभोक्ता समिति, सामुदायिक संस्थाहरू, विद्यालय तथा स्वास्थ्य चौकी व्यवस्थापन समिति वन समिति आदिलाई सचेतना तथा संस्थागत विकास सम्बन्धी तालिम